# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यको इतिहसमा आयमेली अन्दोलन, लीलालेखन अन्तर्गत परम्परामुक्त कथा संरचना र रूपविन्यास स्थापित गर्ने इन्द्रबहादुर राईको जन्म वि.सं. १९८४ माघ १७ गते सोमबार भारतको दार्जिलिङको बालसिन गाँउको मजदुर परिवारमा भएको हो । इन्द्रबहादुर राईलाई नेपाली साहित्यमा सर्जक, चिन्तक एवम् समालोचकका रूपमा चिन्न सकिन्छ । २०१६ सालको शारदा पत्रिकामा **रातभरि हुरी चल्यो** शीर्षकको सामाजिक यथार्थवादी कथा प्रकाशित गराएर नेपाली साहित्यको फाँटमा देखापरेका राई वर्तमान समयसम्म साहित्य सिर्जनामा निरन्तरता दिइरहेका छन् । संवत् २०१६ देखि हालसम्म राईका तीनवटा कथा संग्रह (**विपना कतिपय, कथास्था र कठपुतलिको मन**) एउटा उपन्यास (**आज रमिता छ**) लगायत अन्य कृति प्रकाशित छन् । पाश्चात्य सहित्यमा दोस्रो विश्वयुद्धसँगै अल्वर्ट कामुद्वारा स्थापित मान्यता ग्रहण गरी **आज रमिता छ** उपन्यास आएको देखिन्छ । समाजका अनेकौं विसङ्गत पक्षलाई उपन्यासकार राईले **आज रमिता छ** उपन्यासमा छरपष्ट रूपमा प्रयोग गरेका छन् । विसङ्गत जीवनलाई यथार्थरूपमा प्रस्तुत गर्ने यस उपन्यसको प्रमुख प्राप्ति नै विसङ्गत जीवन दृष्टि हो । व्यक्तिले जीवनमा भोग्नु परेका विवशता, वाध्यता र अर्थहीनतालाई प्रस्तुत गर्नु यस उपन्यास लेखनको लक्ष्य हो । त्यसैले यस शोधमा **आज रमिता छ** उपन्यासमा रहेको विसङ्गत पक्षलाई केलाउने प्रयास गरिएको छ ।

## १.२ समस्या कथन

आयामेली लेखनका सशक्त स्तम्भ अनि लीलालेखनका प्रयोगकर्ता इन्द्रबहादुर राईले नेपाली समाजका विसङ्गत पक्षलाई आफ्ना साहित्यिक रचनामार्फत पाठक समक्ष प्रस्तुत गरेका छन् । **आज रमिता छ** उपन्यासमा पनि प्रवासी नेपाली समाजको अवस्थालाई राइले प्रस्तुत गरेका छन् । यसरी नेपाली साहित्य जगत्मा विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासको विसङ्गत पक्षलाई केलाउनु यस शोधको प्रमुख समस्या रहेको छ । यस प्रमुख समस्यासँग गासिएका अन्य समस्याहरू यस शोधकार्यमा निम्न अनुसार रहेका छन् :

(क) विसङ्गतिवादी नेपाली उपन्यास परम्परामा **आज रमिता छ** उपन्यासको स्थान के-कस्तो रहेको छ ?

(ख) **आज रमिता छ** उपन्यासमा विसङ्गतिको प्रयोग के-कसरी भएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य **आज रमिता छ** उपन्यसमा प्रयुक्त विसङ्गत पक्षको निरूपण गर्नु रहेको छ । यस प्रमुख उद्देश्यसँग गाँसिएर आएका अन्य उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) विसङ्गतिवादी नेपाली उपन्यास परम्परामा **आज रमिता छ** उपन्यासको स्थान निर्धारण गर्नु ।

(ख) **आज रमिता छ** उपन्यासमा विसङ्गतिवादको प्रयोग ठम्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा प्रयुक्त विसङ्गत पक्षको बारेमा विस्तृत अध्ययन गरिएको नपाइए तापनि पुस्तक तथा पत्र-पत्रिकाहरूमा केही समालोचक तथा अध्ययनकर्ताहरूले कलम चलाएको पाइन्छ । तिनै पुस्तक तथा पत्र-पत्रिकाहरूमा प्रकाशित सामग्रीलाई कालक्रमका आधारमा पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ ।

(१) तारानाथ शर्माले *दार्जिलिङको रमिता* (**मधुपर्क** २०२६, १:१२) शीर्षकको लेखमा **आज रमिता छ** उपन्यासको पात्रको प्रशंसा गर्नुका साथै उपन्यासको संरचनाको बारेमा पनि उल्लेख गरेका छन् । शर्माले दार्जिलिङे जीवन जति अव्यवस्थित, वि ँङ्खलित र लथालिङ्गो छ त्यसलाई **आज रमिता छ** उपन्यासले प्रस्तुत गरेको छ भनेका छन् । यस उपन्यासले जति सुकै लथालिङ्गो जीवन उदाङ्गो पारोस तर आफै चाहिँ लथालिङ्गो छैन, व्यवस्थित र सू-व्यवस्थित छ भन्दै उपन्यासको शैलीगत नवीनता तर्फ सङ्केत गर्दै उपन्यासको संरचनात्मक पक्ष विसङ्गत रहेको धारणा प्रस्तुत गरेका छन् ।

(२) शान्तिराज शर्माले *दार्जिलिङ र सेरोफेरो* (२०२९) शीर्षकको लेखमा **आज रमिता छ** यहाँ (दार्जिलिङ) का उपन्यास परिपाटिदेखि मुक्त उपन्यास हो र सामयिक सामाजिक समस्याको झलक यस उपन्यासमा पाइन्छ भनेर सरसर्ती सानो टिप्पणी गरेका छन् । शर्माले **आज रमिता छ** उपन्यासमा यस पूर्वका उपन्यासमा जस्तो कथावस्तुको कार्यकारण ँङ्खला मिलेको देखिदैंन भन्दै यसको संरचनात्मक विसङ्गतितर्फ सङ्केत गरेका छन् । शर्माले दार्जिलिङे नेपाली जीवनले भोग्न बाध्य रहेको अवस्थालाई यस उपन्यासले प्रस्तुत गरेको छ भन्ने धारणा रख्दै यस उपन्यासको शैलीगत नवीनतालाई सङ्केत गरेका छन् ।

(३) ठाकुरप्रसाद पराजुलीले *नेपाली उपन्यासको ऐतिहासिक विवेचना* (२०३१) शीर्षकको लेखमा **आज रमिता छ** उपन्यासले अव्यवस्थित जीवनको चित्रण सोही गतिमा गर्दा उपन्यासको संरचना पनि अव्यवस्थित बनाइएको छ र यसले नेपाली उपन्यास परम्परामा नयाँ औपन्यासिक

शैलीको सुरु गरेको छ भन्ने तर्कपूर्ण टिप्पणी गर्दै उपन्यासको संरचनागत विसङ्गतिलाई औंल्याएका छन् ।

(४) कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) नामक समालोचनत्मक ग्रन्थमा **आज रमिता छ** उपन्यासको चर्चा गर्ने क्रममा अनिच्छापूर्ण जिन्दगी जिउन बाध्य मानव यथार्थ यो स्थिति सकार्न सक्तैन तर यसको विरोध पनि गर्न असमर्थ मान्छे आफूले नचाहेको काममा संलग्न हुनुपर्ने विवशताले सदैव बाँधिएको छ भन्दै उपन्यासको शीर्षकको विसङ्गतिले त्यसलाई सङ्केत गर्छ भन्दछन् । मानिसमा पाईने अर्थहीनता र विवशता केवल उसको बाँचिदिने सम्मको मोह पनि परित्याग गर्न नसक्नाको कमजोरी हो भन्दै प्रधानले उपन्यासको शीर्षक हुँदै पात्रगत लगायत समग्र उपन्यासलाई विसङ्गतिको पूर्वाभाष हो भनेका छन् । जीवन मिलेको छैन यसलाई ठिक्क मिलाएर चलाउँने प्रयत्नमा अनेक विसङ्गति, विरोधहरू जन्मिन्छन् यसकारण दुवैको द्वन्द्वपूर्ण संयोगमा के हुन्छ र कता बगिन्छ त्यो ठम्मिदैन यही नठम्मिने सत्य ठम्याउने चेष्टा जन्मिदो रहेछ र **आज रमिता छ**को सृष्टि स्थिति मिलाउने क्रममा भएर उपन्यास जीवन जति नै निष्कमित भएको छ भन्दै उपन्यासले परम्परागत उपन्यास लेखनको सिद्धान्तप्रति विद्रोह गरेर नवीन शैली स्थापना गर्न अग्रसर रहेको छ भन्ने धारणा अगाडि सारेका छन ।

(५) राजेन्द्र सुवेदीले *कतिपय कोणबाट आज रमिता छ उपन्यासको अध्ययन* (**वाङ्मय**, २०३७, १:१) शीर्षकको लेखमा **आज रमिता छ** उपन्यासका माध्यमले आजको अविन्यस्त मान्छेका जीवनलाई अविन्यस्त जीवनका चरित्रलाई र अविन्यस्त चरित्रबाट जन्मिने प्रतिक्रियालाई समेत प्रस्तुत गरेको चर्चा गर्दै प्रस्तुत उपन्यास आजका जीवनको रमिता प्रदर्शन गर्न सक्षम भएको निष्कर्ष प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा अन्वितिमूलक दृष्टिले स्थान, काल र चरित्रको प्रयोग नभएकाले उपन्यासको सिङ्गै परिवेशमा सङ्गतिमूलक निर्माण देखिदैन; बरू यो परिवेश विसङ्गतिमूलक दृष्टिकोणका निमित्त परिपोषक रहेको छ भन्ने धारणा सुवेदीको रहेको छ । अन्वितिमूलक ढङ्गबाट स्थान, काल र चरित्रको प्रयोग नभएको र भाषा शैलीका असङ्गठित परिधिभित्र पाइने वस्तुविन्यासको विसङ्गतिहरूले बर्तमान जीवनलाई यस उपन्यासमा जिउँदो रूपमा उभ्याएको छ भन्दै वर्तमानको मानवीय जीवनसँग तुलना गरेका छन् ।

(६) शङ्कर सुब्बाले **साहित्यकार इन्द्रबहादुर राईको जीवनी**, **व्यक्तित्व र कृतित्व** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०३८) मा राईको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा चर्चा गरेका छन् । सुब्बाले राईको कृतित्वको चर्चा गर्ने क्रममा **आज रमिता छ** उपन्यासको चर्चा गर्दै यस उपन्यासले विसङ्गत जीवनलाई प्रस्तुत गरेको छ भन्दै उपन्यासमा प्रयुक्त विसङ्गतिको बारेमा संक्षिप्त टिप्पणी गरेका छन् ।

(७) घनश्याम उपाध्याय कँडेलले **केही अन्वेषण : केही विश्लेषण** (२०४०) नामक समालोचनात्मक कृतिको *आज रमिता छ को सङ्गठनात्मक वैशिष्ठ्य* शीर्षकमा राईको **आज रमिता छ** उपन्यासभरि ऱ्याङ ठ्याङ नमिलेको, कुरा र कार्यकारणका बीचमा सम्बन्ध नमिलेको बताउँदै समस्या समाधानको प्रयास तथा अन्त्य पनि विसङ्गतिपूर्ण देखापर्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

कँडेलले **आज रमिता छ**ले यथार्थका नाममा कुनै सिद्धान्तको पुष्टि गरेको देखिदैँन भन्दै यस उपन्यासमा सामाजिक चित्रणको नभएर व्यष्ठि चित्रणमा आधारित भएर व्यक्तिगत चित्रणबाट समाज चित्रण गर्न खोजेको देखिन्छ भनेका छन् । उपाध्यायले अगिल्ला **रूपमती**, **भ्रमर** र **मुलुकबाहिर** उपन्यासका तुलनामा **आज रमिता छ** उपन्यासको आङ्गिक सङ्गठनात्मक सुसम्वद्धता देखिदैँन र यसको कथावस्तु र घटनातत्व क्षीण छ भनेर कथावस्तुको विसङ्गति तर्फ सङ्केत गरेका छन् । त्यस्तै उपन्यासलाई कुनै परिच्छेदमा नबाढीएकाले पनि यसको संरचना विसङ्गत रहेको छ भन्ने धारणा कँडेलले प्रस्तुत गरेका छन् ।

(८) विष्णुप्रसाद पौडेलले **उपन्यासकार इन्द्रबहादुर राई (कृतिपरक अध्ययन)** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०४४) मा **आज रमिता छ** उपन्यासको कृतिपरक अध्ययन गर्ने क्रममा **आज रमिता छ** उपन्यास नेपाली उपन्यास परम्पराको उत्कृष्ट विसङ्गतिवादी उपन्यास हो भनेका छन् । पौडेलले उक्त अध्ययनमा उपन्यासको समग्र पक्षमा देखिएको विसङ्गतिको बारेमा चर्चा नगरे तापनि उपन्यासमा प्रयुक्त भाषिक विसङ्गतिको बारेमा केही चर्चा गर्दै समग्रमा उपन्यास विसङ्गत रहेको धारणा प्रस्तुत गरेका छन् ।

(९) राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०५३) नामक समालोचनात्मक कृतिमा *विसङ्गतिको मूर्तरूप आज रमिता छ* भन्ने शीर्षकमा **आज रमिता छ** उपन्यासका विविध विसङ्गत पक्षको चर्चा गर्दै **आज रमिता छ** सामाजिक यथार्थको उत्तर प्राप्ति हो र विसङ्गतिको पूर्वाभास हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । अन्वितिमूलक संरचना शिल्पका दृष्टिले **आज रमिता छ** उपन्यासमा स्थान, समय र चरित्रको अन्वितिहीनता प्रयोग भएको छ भन्दै उपन्यासको संरचनात्मक विसङ्गति तर्फ सङ्केत गर्दै सुवेदीले उपन्यासको परिवेशमा पनि कुनै सङ्गति र सम्बद्धता नरहेको बताएका छन् । विसङ्गत मानव जीवनलाई हुबहु प्रस्तुत गर्दा उपन्यास समग्रमै विसङ्गत बनेको छ भन्ने धारणा सुवेदीको रहेको छ ।

(१०) कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) नामक कृतिमा नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सूत्रपात राईको **आज रमिता छ** उपन्यासबाट भएको हो भन्ने धारणा प्रस्तुत गरे तापनि उपन्यासमा प्रयुक्त विसङ्गत पक्षको खासै चर्चा गरेको देखिदैँन ।

(११) यादवप्रकाश लामिछानेले **आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध** (२०६०) नामक अप्रकाशित विद्यावारिधि शोधप्रबन्धमा विसङ्गतिबोध भएका आधुनिक नेपाली उपन्यासको चर्चा गर्ने क्रममा **आज रमिता छ** उपन्यासको चर्चा गरेका छन् । लामिछानेले उक्त शोधप्रबन्धमा **आज रमिता छ** उपन्यासका पात्रले जीवनमा निराशा, निरर्थकता, शून्यता आदिको बोध गरेको प्रस्ट पारेका छन् । जनक, एम्.के., रवि, यमुना लगायतका पात्रले उपन्यासमा कहीँ कतै पनि सुख र खुसीको बोध गर्न नसकेको भन्दै उपन्यासका सम्पूर्ण पात्र विसङ्गत रहेका छन् र समग्रमा उपन्यास पनि विसङ्गत छ भन्ने धारणा राखेका छन् ।

(१२) टी.वी. चन्द्र सुब्वाले **श्री इन्द्रबहादुर राई व्यक्ति, कृति र कार्य** (२०६१) नामक कृतिको *आज रमिता छ (१९६४) उपन्यासमाथि मेरो अध्ययन* शीर्षकमा **आज रमिता छ** उपन्यासले बृहत् परिवेशमा वि ॅङ्खलित मानव जीवनको यथार्थतालाई स्पष्ट दर्शाएको र आजको रमिता भोलि पनि हुनेछ, हिजो पनि थियो र भविष्यसम्म पनि यथावत रहने छ भन्ने यथार्थलाई प्रस्तुत उपन्यासले व्यक्ताइदिएको निष्कर्ष प्रस्तुत गरेका छन् । राईको उपन्यासले विसङ्गत मानव जीवनलाई उपन्यासको शीर्षकदेखि नै प्रस्तुत गरेको छ भन्ने धारणा सुब्वाको रहेको छ । दार्जिलिङे जन-परिवेशलाई समेट्ने सन्दर्भमा त्यहाँको विसङ्गत मानव जीवनले उपन्यासमा ठाउँ पाएको छ र उपन्यास आफैँमा विसङ्गतिपूर्ण बनेको छ भन्दै उपन्यासको रमिता हिजो पनि थियो आज पनि छ र भोली पनि हुनेछ भनेका छन् ।

(१३) मोहनराज शर्माले **आज रमिता छ उपन्यास सम्बन्धी अप्रकाशित लेख**मा उपन्यासकारले चरित्रको नामकरणमा समेत आफ्नो कलासीपको विशिष्ट प्रयोग गरेको पाइन्छ भनेका छन् । सोझो हेराइमा चरित्रको कार्य र नाममा सङ्गति देखिदैँन व्यतिरेक ढङ्गमा चरित्रको नामकरण गरेको पाइन्छ भन्दै उपन्यासको पात्रगत विसङ्गतिको चर्चा गरेका छन् । शर्माले पात्रको नाम एकातिर र उसको कार्यव्यापार अर्कातिर भएकाले पात्रको नाम र कार्यव्यापारमा कुनै सङ्गति फेला पर्दैन भन्दै पात्रगत विसङ्गतिलाई उक्त लेख मार्फत अगाडि सारेका छन् ।

(१४) बद्रीप्रसाद कोइरालाले **आज रमिता छ मा भाषिक प्रयोग** नामक अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६७) मा **आज रमिता छ** उपन्यासको भाषिक प्रयोगको पक्षमा अध्ययन गर्ने क्रममा भाषिक विसङ्गतिको बारेमा टिप्पणी गरेका छन् । राईको **आज रमिता छ** उपन्यासमा भाषिक विचलनको प्रयोगले भाषामा विसङ्गतिको झल्को पाइन्छ भन्दै संक्षिप्त टिप्पणी कोइरालाले गरेका छन् ।

(१५) खगेन्द्रप्रसाद लुइटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) नामक कृतिमा **आज रमिता छ** उपन्यास शिल्प संरचना र कथ्य दुवै दृष्टिले नवीन ढाँचामा लेखिएको छ भन्दै निष्ठावान इमान्दार व्यक्तिको पराजय र दुष्ट व्यक्तिको विजयतर्फ सङ्केत गरिएकाले उपन्यासमा विसङ्गतिकै प्रवलता रहेको छ भनेका छन् । लुइटेलले उपन्यासमा सहभागी पात्रको नामकरण व्यतिरेक ढाँचामा गरिएको र तिनको नाम र काममा पूर्णतः व्यतिरेक सम्बन्ध रहेको छ भन्दै कतै पनि रमिता नभएको विसङ्गत घटना, परिवेश चित्रित यस उपन्यासको शीर्षकले पनि व्यतिरेक अर्थ बहन गरेको छ र उपन्यास समग्रतामा औपन्यासिक तत्वकै आधारमा विसङ्गत रहेको छ भनेका छन् । उपन्यासमा प्रयोग गरिएको भाषिक विचलनले पनि उपन्यासलाई विसङ्गत बनाएको छ भन्ने धारणा लुइटेलको रहेको छ ।

## १.५ शोधको औचित्य, उपयोगिता र महत्व

नेपाली उपन्यास परम्परा विभिन्न धारा र प्रवृत्तिगत आधारमा विकसित हुँदै अगाडि बढ्ने क्रममा २०२१ सालमा **आज रमिता छ** उपन्यासका माध्यमबाट विसङ्गतिवादी धाराको प्रारम्भ इन्द्रबहादुर राईले गरे । भारतको दार्जिलिङमा बसेर लामो समयदेखि नेपाली साहित्य साधना

गरिरहेका इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा प्रयुक्त अन्य पक्षको चर्चा भए तापनि त्यसमा प्रयुक्त विसङ्गतिको बारेमा कुनै खास अध्ययन अनुसन्धान भएको पाइँदैन । यही अध्ययनको अभावलाई पुरा गर्ने उद्देश्यतर्फ प्रस्तुत शोधकार्य लक्षित रहेको छ । यस शोधकार्यमा राईको **आज रमिता छ** उपन्यासलाई प्रवृत्तिगत आधारमा अध्ययन गर्दा त्यसमा प्रयोग गरिएको विसङ्गत पक्षलाई अध्ययन गरिएको छ र यसरी अध्ययन गर्ने क्रममा उपन्यासका संरचना, कथावस्तु, पात्र, परिवेश, विषयवस्तु, संवाद, शीर्षक र भाषिक पक्षमा देखिएका विसङ्गतिलाई अध्ययन गर्नु नै यस शोधकार्यको औचित्य हो । यसरी प्रवृत्तिगत रूपमा अध्ययन गरिएको यो शोधकार्य स्वतन्त्र अध्यता, जानकारी लिन चाहने, जिज्ञासा राख्ने पाठक, समीक्षक, अनुसन्धाता र प्राज्ञिक समस्या समाधानका लागि उपयोगी र महत्वपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा नेपाली साहित्यका सशक्त प्रतिभा इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा प्रयुक्त विसङ्गत पक्षको विवेचना गरिएको छ । यस शोधपत्रमा **आज रमिता छ** उपन्यासमा रहेको विसङ्गत पक्षमा सीमित रहेर अध्ययन गरिएको छ । उपन्यासकार राईको **आज रमिता छ** उपन्यासको संरचना, कथावस्तु, पात्र, परिवेश, विषयवस्तु, संवाद, शीर्षक, र भाषिक पक्षमा रहेको विसङ्गतिमा मात्र सीमित रहेर प्रस्तुत कृतिको विश्लेषण गर्नु नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

यस शोधकार्यलाई सम्पन्न गर्नको लागि शोधविधि अन्तर्गत निम्नलिखित विधिको प्रयोग गरिएको छ :

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्न प्राथमिक सामग्रीको रूपमा सम्बद्ध कृतिलाई र द्वितीयक सामग्रीका रूपमा सम्वद्ध कृतिका बारेमा विभिन्न व्यक्तिहरूद्वारा गरिएको समीक्षा, समालोचना, टिकाटिप्पणी आदिलाई लिइएको छ । प्रस्तुत शोधकार्यका लागि पुस्तकालयीय अध्ययनविधि अवलम्बन गरिएको छ । यसका अलावा आवश्यक्तानुसार शोधनिर्देशक, प्राध्यापक, विषय विशेषज्ञ तथा समीक्षकहरूबाट पनि जानकारी तथा परामर्श लिइएको छ ।

### (ख) सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधको प्राज्ञिक समाधानका लागि सङ्कलित सामग्रीको अध्ययन, विश्लेषणमा सैद्धान्तिक विश्लेषणात्मक आधारको उपयोग गरिएको छ साथै निगमनात्मक÷आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ । आगमनात्मक विधि अर्न्तगत उपन्यासको संरचना, कथावस्तु,

पात्र, परिवेश, विषयवस्तु, संवाद, शीर्षक र भाषिक पक्षमा प्रयुक्त विसङ्गतिका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गरिनुका साथै विसङ्गतिवादका जीवनको निस्सारता, निरर्थकता, व्यर्थता र शून्यता, निराशावादी जीवनदृष्टि र जीवनको विसङ्गतिको चित्रण र अनिच्छापूर्वक मान्छेको जन्म र मृत्यु हुन्छ भन्ने प्रमुख सैद्धान्तिक मान्यताको आधारमा पनि प्रस्तुत उपन्यासलाई विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र सुव्यवस्थित स्वरूप प्रदान गर्नका लागि निम्न अनुसार पाँच परिच्छेदमा र आवश्यक्ता अनुसार अन्य उप-शीर्षकमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद – शोध परिचय

दोस्रो परिच्छेद – विसङ्गतिवादको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद – विसङ्गतिवादी नेपाली उपन्यास परम्परा

चौथो परिच्छेद – **आज रमिता छ** उपन्यासमा विसङ्गतिवादको प्रयोग

पाँचौ परिच्छेद – उपसंहार

# दोस्रो परिच्छेद

## विसङ्गतिवादको सैद्धन्तिक परिचय

### २.१ विसङ्गतिवाद शब्दको व्युत्पादन र अर्थ

**विसङ्गति** शब्द 'वि' र 'सम' उपसर्गको योग गरी त्यसमा 'गम' धातु जोडेर पुनः 'ति' प्रत्यय जोडेपछि (**वि + सम् + गम् + ति = विसङ्गति**) विसङ्गति शब्दको व्युत्पादन हुन्छ । विसङ्गतिको अर्थ सङ्गति नभएको, नमिलेको भन्ने बुझिन्छ । कोशीय अर्थका रूपमा नमिल्दोपन, बेमेलपन भनी विसङ्गतिको अर्थ दिइएको छ ।[1] त्यसै गरी **द अक्सफोर्ड इङ्लिस डिक्सनरी** मा सुर र तालबाट बिच्छेदित अवस्थाका रूपमा विसङ्गतिलाई लिइएको प्रसङ्ग अगि सारेको पाइन्छ ।[2]

**विसङ्गति** र **वाद** दुई शब्दको योगबाट (**विसङ्गति+वाद = विसङ्गतिवाद**) विसङ्गतिवाद शब्दको व्युत्पादन गरिन्छ । विसङ्गतिवाद अङ्ग्रेजीको 'एब्सर्डिजम' को नेपाली पर्याय हो। विसङ्गतिवादले जीवनलाई निष्सार, निरर्थक र विसङ्गत रहेको पुष्टि गर्दछ । यस दर्शनमा शून्यता, व्यथा, व्याकुलता, निराशा, सन्त्रास, एक्लोपन र विसङ्गतिको भावना आदि कुरा सम्बन्धित भएर आउछन् ।

विसङ्गतिवादका तात्पर्यका सम्बन्धमा विभिन्न लेखक, समालोचकहरूले आ-आफ्नै धारणालाई अगि सारेका छन् । **अ ग्लोसरी अफ लिटेररी टर्म्स** का लेखक एम्.एच्. अब्राम्सका मतमा "साहित्यका नाटक र गद्याख्यानमा प्रयुक्त त्यस्तो साहित्य सिद्धान्त विशेषलाई सामान्य अर्थमा विसङ्गतिवाद भनिन्छ; जसले जीवन जगत्को अपरिहार्य एवम् पन्छाउनै नसकिने विसङ्गत-असङ्गत स्थितिलाई विसङ्गत साहित्यका माध्यमबाट अभिव्यक्ति दिन्छ[3] ।"

विसङ्गतिवादका सन्दर्भमा विलियम आई. ओलिभरको मान्यता निकै महŒवपूर्ण र उपयोगी मानिन्छ । ओलिभरको धारणालाई सङ्क्षेपमा यसरी लिइन्छ "हामीले स्विकार्न सक्ने एउटै मूल्य आत्मपराजयी जटिलता हो, तर यसलाई पनि हामी जान्न सक्तैनौँ त्यसैले हाम्रो अस्तिTव असङ्गत विसङ्गत छ । जीवनको यस्तो निष्सारता, व्यर्थता वा विसङ्गत स्थितिलाई जाने बुझेर पनि हामी बाँचुञ्जेल क्रियाशील नभइरहन पनि सक्तैनौँ । यही स्थिति नै बीसौँ शताब्दीको असङ्गति विसङ्गति हो र विसङ्गतिवाद भन्नु नै माथि उल्लेख गरे अनुरूपको जीवनको निष्सारता, व्यर्थता, बाध्यता वा असङ्गति विसङ्गतिलाई साहित्यमा अभिव्यक्ति दिने एक मान्यता, सिद्धान्त वा अभियान विशेष हो[4] ।"

---

1= **नेपाली बृहत् शब्दकोश**, सातौ संस्क. (काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६७), पृ. ११६७ ।

2= **द अक्सफार्ड इङ्लिस डिक्सनरी**, (वासिङ्टन : अक्सफोर्ड विश्वविद्यालय, सन् १९८९), पृ. ५७.

3= एम्.एच्. अब्राम्स, **अ ग्लोसरी अफ लिटेररी टर्म्स**, (अमेरीका : थोमसन वर्डसवर्थ, सन् २००९), पृ. १ .

4= अनलाइन विकिपेडिया http ://en. Wikipedia. Org/wiki/absurdism. March 20, 2012

इन्द्रबहादुर राईले आफ्नो समालोचनात्मक ग्रन्थ **उपन्यासका आधारहरूमा** "अस्तित्व शून्यता र रिक्तता होइन पूर्णता भित्रको शून्यताबोध चाहिँ अस्तित्व हो, यस स्वीकृतिमा भएको अस्तिTवबोध नै विसङ्गति हो"[5] भनेर विसङ्गतिवादलाई परिभाषित गरेका छन् ।

नेपाली बृहत् शब्दकोशमा "जीवन जगत्का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने तथा जीवनलाई निष्सार र निरर्थक ठान्ने एक दृष्टिकोण वा धारणा नै विसङ्गतिवाद हो"[6] भनिएको छ ।

माथिका चर्चाबाट के निष्कर्षमा पुग्न सकिन्छ भने वास्तवमा जीवन जगत् र सोसँग सम्बद्ध सबै पक्षमा प्रचलित परम्परा मूल्य-मान्यताको विरोध, बहिष्कार गर्दै जीवन जगत् प्रतिको असङ्गत-विङ्गत दृष्टिकोणलाई साहित्यमा विसङ्गत भाषा शैलीका माध्यमद्वारा अभिव्यक्त दिने बीसौँ शताब्दीको एक साहित्यिक अभियान विशेषको नाम नै विसङ्गतिवाद हो । अर्को शब्दमा भन्दा जीवन मूलतः असङ्गत वा निष्सार, निरर्थक छ; तथापि जीवनको यस्तो स्थितिलाई जानेर, बुझेर पनि हामी नबाँचिरहन सक्तैनौँ । जीवनको यही बाध्यता, विवशता, निष्सारता, निरर्थकता वा असङ्गति विसङ्गतिलाई सोही अनुरूपको भाषा शैलीका माध्यमद्वारा साहित्यमा अभिव्यक्ति दिने एक साहित्यिक अभियान नै विसङ्गतिवाद हो ।

## २.२ विसङ्गतिवादको परिभाषा

विसङ्गतिवादको व्याख्या विश्लेषण गर्ने क्रममा विभिन्न समालोचक, लेखकहरूले आ-आफ्नै तरिकाले विसङ्गतिवादलाई परिभाषित गरेका छन् । ती परिभाषाहरूलाई यसरी तल उल्लेख गरिन्छ :

फ्रान्सेली चिन्तक सार्त्रले जीवन संसार विसङ्गतिमय छ तापनि मान्छेले आफ्नो सङ्कल्प शक्तिको प्रयोगद्वारा आफ्नो जीवनलाई अस्तिTवशील बनाउनु पर्दछ भन्दै मान्छे निरपेक्ष रूपमा स्वतन्त्र हुने भएकाले यस संसारमा मान्छे बाहेक अरू कुनै पनि तŒवको उपस्थिति स्वीकार्य छैन । जीवन जगत्को असङ्गति-विसङ्गति वा निष्सारताकै बीच मान्छेले आफ्नो जीवनलाई सार्थक र मूल्यवान बनाउन सक्छ[7] भन्दै विसङ्गतिवादलाई परिभाषित गरेका छन् ।

विसङ्गतिवादका व्याख्याता एवम् दार्शनिक अल्बर्ट कामुका अनुसार मान्छेका सम्पूर्ण परिश्रम निष्सार र अन्तहीन हुन्छन्; तर पनि मानिसले बाँचुन्जेल यो परिश्रम नगरी सुखै छैन । यसरी कुनै सार्थकता वा सार नभएको परिश्रमको मानव जीवन नितान्त असङ्गगत विसङ्गत छ भन्ने कुरा स्पष्ट हुन्छ । साहित्य कलागत जीवनको यही विसङ्गत दृष्टि वा दर्शन नै विसङ्गतिवाद हो[8] ।

---

5= इन्द्रबहादुर राई, **उपन्यासका आधारहरू**, (दार्जिलीङ : नेपाली साहित्य परिषद, सन् १९७४), पृ. १९५ ।

6= **बृहत् नेपाली शब्दकोश**, पूर्ववत् ।

7= अनलाइन विकिपेडिया, *kjl{jt\.*

8= अनलाइन विकिपेडिया, पूर्ववत् ।

दार्शनिक चिन्तक एम्.एच्. अब्राम्सले विसङ्गतिवादलाई यसरी चर्चा गरेका छन् : साहित्यका नाटक र गद्याख्यानमा प्रयुक्त त्यस्तो साहित्य सिद्धान्त विशेषलाई विसङ्गतिवाद भनिन्छ; जसले जीवन जगत् को अपरिहार्य एवम् पन्छाउनै नसकिने विसङ्गत स्थितिलाई विसङ्गत साहित्यका माध्यमबाट अभिव्यक्त दिन्छ[9] ।

विसङ्गतिवादका सन्दर्भमा विलियम आई. ओलिभरको मान्यता निकै महŒवपूर्ण र उपयोगी मानिन्छ । ओलिभरको धारणालाई सङ्क्षेपमा यसरी लिइन्छ : हामीले स्विकार्न सक्ने एउटै मूल्य आत्मपराजयी जटिलता हो, तर यसलाई पनि हामी जान्न सक्तैनौँ त्यसैले हाम्रो अस्तित्व असङ्गत विसङ्गत छ । जीवनको यस्तो निष्सारता, व्यर्थता वा विसङ्गत स्थितिलाई जाने बुझ्ेर पनि हामी बाँचुञ्जेल क्रियाशील नभइरहन पनि सक्तैनौँ । यही स्थिति नै बीसौँ शताब्दीको असङ्गति विसङ्गति हो र विसङ्गतिवाद भन्नु नै माथि उल्लेख गरे अनुरूपको जीवनको निष्सारता, व्यर्थता, बाध्यता वा असङ्गति विसङ्गतिलाई साहित्यमा अभिव्यक्ति दिने एक मान्यता, सिद्धान्त वा अभियान विशेष हो[10] ।

किर्केगार्डका अनुसार जीवन सङ्गतिपूर्ण देखिदैँन । पृथ्वीमा धेरै तŒव विसङ्गत छन् र जसलाई व्यवस्थित र सङ्गति भन्दा विसङ्गति मान्नु पर्दछ । व्यक्तिले कुनै निर्णय गर्नासाथ विसङ्गति जन्मिन्छ; किनभने कुनै वस्तु वा परिस्थितिको सम्पूर्ण बोध सम्भव नभए पनि एक अज्ञय अन्धकारमा हाम फाल्नु हो, कुनै निर्णय गर्नु । व्यक्तिको स्वतन्त्र निर्णय अन्धकारमा हाम फाल्नु हो भने विसङ्गति उद्भवको कारण पनि यही हो[11] ।

मर्किन हाईडेगरले मान्छे कुनै वस्तु वा पदार्थ जस्तो छैन उसको अस्तित्व छ, उसको अस्तित्व भन्नु अप्रकट सामर्थ्य हो । मान्छे भन्नु यान्त्रिकता होइन र यस्तो जीवन बिताउनुको अर्थ अस्तित्व नहुनु हो भन्दै मान्छे प्रतिकूल संसारको बन्दी जस्तै छ र त्यो नै विसङ्गति हा[12] भन्दै विसङ्गतिवादलाई परिभाषित गरेका छन् ।

इन्द्रबहादुर राईले आफ्नो समालोचनात्मक ग्रन्थ **उपन्यासका आधारहरू**मा “अस्तित्व शून्यता र रिक्तता होइन पूर्णता भित्रको शून्यताबोध चाहिँ अस्तित्व हो, यस स्वीकृतिमा भएको अस्तित्वबोध नै विसङ्गति हो”[13] भनेर परिभाषित गरेका छन् ।

वासुदेव त्रिपाठीले विसङ्गतिवादलाई यसरी उल्लेख गरेका छन् “सङ्गतिको परम्परागत केन्द्र ईश्वरको मृत्यु घोषणा र उत्तरवर्ती सामाजिक मानवीय सङ्गति सूत्रको विच्छिन्नताको सन्दर्भमा पारस्परिक आधुनिक र शाश्वत नै पनि मानवीय कृतिको चापबाट मान्छेका ऐन्द्रिक, मनसिक र

---

9= एम्.एच्. **अब्राम्स, अ ग्लोसरी अफ लिटेररी टर्म्स**, (अमेरिका : थोमसन वर्डसवर्थ, सन् २००९), पृ. १.

10. अनलाइन विकिपेडिया, पूर्ववत् ।

11= ऐजन ।

12. ऐजन ।

13= इन्द्रबहादुर राई, **उपन्यासका आधारहरू**, पूर्ववत् ।

बौद्धिक दुर्बलता, प्रवलताको जुन द्वन्द्व अनुभूत हुन्छ त्यसैबाट विसङ्गतिको दर्शन उद्‌बुद्ध भएको छ । अस्तिTववादीहरूको पूर्व स्थापना पनि विसङ्गति हो"[14] ।"

"असङ्गति विसङ्गति नै जीवन जगत्‌को मुलभूत कुरा हो भन्ने मान्यता वा सिद्धान्तलाई विसङ्गतिवाद भनिन्छ । यो वाद ईसाको बीसौं शताब्दीको एउटा जबर्जस्त अभियान वा आन्दोलनका रूपमा साहित्य कलाका क्षेत्रमा देखापरेको छ"[15] भनेर समालोचक कुमारबहादुर जोशीले विसङ्गतिवादलाई परिभाषित गरेका छन् ।

समालोचक द्वय मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले विसङ्गतिवाद सम्बन्धी आफ्नो धारणालाई यसरी अगाडि सारेका छन् "विसङ्गतिवाद दोस्रो विश्वयुद्धको विभीषिकाबाट जन्मेको एउटा आन्दोलन हो ।"[16]

"जीवन जगत्‌का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने तथा जीवनलाई निःसार र निरर्थक ठान्ने एक दृष्टिकोण वा धारणा; विसङ्गतिमा विश्वास गर्ने एक वाद हो"[17] भनेर बृहत् नेपाली शब्दकोशमा विसङ्गतिवादलाई परिभाषित गरिएको छ ।

माथिका परिभाषाहरूलाई अध्ययन गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने दोस्रो विश्वयुद्धको विभीषिकाबाट जन्मेको साहित्य नाटक र गद्याख्यानमा प्रयुक्त त्यस्तो साहित्य सिद्धान्त विशेषलाई विसङ्गतिवाद भनिन्छ; जसले जीवन जगत्‌को विसङ्गत स्थितिलाई साहित्यका माध्यमबाट अभिव्यक्त गर्दछ । विसङ्गतिवादले जीवन जगत्‌को असङ्गति-विसङ्गति वा निष्सारताकै बीच मान्छेले आफ्नो जीवनलाई सार्थक र मूल्यवान बनाउन सक्छ भन्छ । यस प्रकार कुनै पनि सार वा सार्थकता तथा सीमा नभएको परिश्रमको यो मानव जीवन नितान्त असङ्गत-विसङ्गत छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ । असङ्गति-विसङ्गति नै जीवन जगत्‌को मूलभूत कुरा हो भन्ने मान्यता, चिन्तन् वा सिद्धान्तलाई नै विसङ्गतिवाद भनिन्छ ।

## २.३ विसङ्गतिवादको प्रारम्भ र विकास

विसङ्गतिवाद पाश्चात्य दार्शनिक विचारधारा आदर्शवाद, प्रकृतवाद, आदिका प्रतिक्रिया स्वरूप विकसित भएको हो । "पाश्चात्य जगत् १९औं शताब्दीसम्म आदर्शवादबाट प्रभाबित रहेको पाइन्छ । पश्चिमी दर्शनको मूलस्रोत सुकरात, प्लेटो, अरस्तु आदि ग्रिक दार्शनिकहरूले स्थापना गरेको मान्यतासँग सम्बन्धित रहेको मानिन्छ । देकार्त, कान्ट, स्पिनोजा, सोपेन हावर तथा हेगेलद्वारा प्रतिपादित आदर्श वा प्रकृतवादका नामबाट उठाइएको तथा उनीहरूकै प्रतिक्रिया स्वरूप नयाँ चिन्तन धाराको विकास भएको र यसै आदर्श वा परम्परासम्मत धारणाको विरोधमा विसङ्गतिवादको जन्म भएको मानिन्छ ।"[18] विसङ्गतिवादले अन्धविश्वास, धार्मिक आडम्बर, रूढिवादी

---

14= वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** , भाग-२, पाँचौं संस्क. (ललितपुर : साझा प्रकाशन, २०६५), पृ. १२० ।

15= कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका प्रमुख वाद**, पाँचौं संस्क. (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. १०४ ।

16= मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, दोस्रो संस्क. (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३) पृ. ३४७ .

17= **नेपाली बृहत् शब्दकोश**, पूर्ववत् ।

18= मस्तराम कपुर, **अस्तित्ववादसे गान्धीवादतक**, (दिल्ली : वाणी प्रकाशन, सन् १९७५), पृ. ३१ ।

प्रवृत्ति र भाग्यवादमा आस्था राख्दैन; यसले ईश्वरमा नभएर मानवीय चेतनामा तथा भौतिक संसारप्रति विश्वास राख्दछ ।

विश्वसाहित्यको इतिहासमा बीसौँ शताब्दीमा आएर विकसित भएका विभिन्न वादहरूमध्ये विसङ्गतिवाद एउटा प्रमुख वाद हो । "दोस्रो विश्वयुद्धको विभीषिकाबाट जन्मेको एउटा आन्दोलन हो विसङ्गतिवाद ।"[19] विशेषतः दोस्रो विश्वयुद्ध पश्चात परम्परागत संस्कृति र साहित्यसम्बन्धी आस्था एवम् मूल्य मान्यताको विरोधस्वरूप देखापरेको विसङ्गतिवादको प्रेरणा स्रोतको रूपमा सोपेन हावरको जीवन जगत्प्रतिको दुःखदायी दृष्टि र नित्सेको निरीश्वरवादी एवम् अतिमानव सम्बन्धी धारणाका भूमिका उल्लेख्य छन् भने अर्कातिर अतियथार्थवादको भूमिका पनि स्मरणीय छ ।

"पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा विसङ्गतिवादको प्रवर्तन सर्वप्रथम साहित्यकार जाँ पाल सार्त्रले गरेका हुन् भने यसलाई व्याख्या विवेचना गरी विस्तार गर्ने काम चाहिँ फ्रान्सेली चिन्तक अल्बर्ट कामुले गरेका हुन् । यस क्रममा उनको **द मिथ अफ सिसिफस** नामक कृति विशेष उल्लेख्य देखिन्छ[20] ।" **द मिथ अफ सिसिफस** (१९४२) कृति प्रकाशित भएपछि विसङ्गतिवादका खास सैद्धान्तिक अवधारणाहरू अगाडि आएका हुन् र यस पुस्तकमा विसङ्गतिवादको विस्तृत व्याख्या र प्रयोग छ । त्यसकारण विसङ्गतिवादको प्रवर्तन एवम् सैद्धान्तिक आधारको निर्माण पनि यसै पुस्तकबाट भएको हो । कामुले ग्रिक पुराकथालाई आधार मानेर वर्तमानको मान्छेले भोगिरहेको विसङ्गत स्थितिलाई प्रतिबिम्बन गर्ने महत्वपूर्ण दार्शनिक कृति **द मिथ अफ सिसिफस** प्रकाशन गरेपछि विसङ्गतिवादी चिन्तनको औचित्यलाई आधिकारिक रूपमा पुष्टि भएको मानियो ।

"विसङ्गतिवाद कुनै वादका रूपमा सुरु नभएर आधुनिक साहित्यको एक प्रमुख तत्वको रूपमा देखापरेको चिन्तनको विषय हो ।"[21] "प्रथम र द्वितीय विश्वयुद्धमा भएको नरसंहारसमेतको कारणले जीवनको वास्तविकता मूल्यहीन र महत्वहीन अवस्थामा परिणत भएको छ"[22] । यो प्रसङ्ग साहित्यमा आएको विसङ्गति धाराले प्रस्तुत गरेको छ । "बीसौँ शताब्दीको एउटा जबर्जस्त अभियान वा आन्दोलनका रूपमा साहित्य कलाका क्षेत्रमा देखापरेको छ । प्रचलित मान्यता, सिद्धान्त वा वादहरूको पूर्ण बहिष्कार गर्ने जुन नकारात्मक सिद्धान्तलाई निहिलिज्म भनिन्छ, त्यसको निकै नजिक देखापर्दछ यो विसङ्गतिवाद ।"[23] विसङ्गतिवादमा मानव व्यक्ति विश्वमा कार्यरत अराजक र अविवेकी शक्तिको शिकार छ भन्ने निराशापूर्ण भावना व्यक्त गरिन्छ; विसङ्गतिवादमा ईश्वरलाई स्थान नभएकाले विसङ्गतिको पहिचानद्वारा नै मानवीय गौरव गर्न सकिन्छ भन्ने ठानिन्छ । "विसङ्गतिवादी दृष्टिमा जीवन कर्मसापेक्ष छ, तर प्रत्येक व्यक्तिलाई कर्मफल प्राप्त नहुने हुनाले मनुष्यको जीवन व्यर्थताले भरिएको छ र यसले मनुष्यलाई निष्क्रिय

---

19= मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् ।

20= ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. १७६-१७८ ।

21 = अभि सुवेदी, **नेपाली साहित्यकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) पृ. ७५ ।

22= राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, (ललितपुर : साझा प्रकाशन, २०६४), पृ.२९३ ।

23= कुमारबहादुर जोशी, पूर्ववत् ।

तुल्याएको छ । विसङ्गतिवादको के मान्यता छ भने यथार्थको मूल प्रकृति अज्ञेय छ र जे ज्ञात छ त्यो यथार्थ होइन, अनि जे सार्थक लाग्छ त्यो व्यर्थ छ ।"[24] "विसङ्गतिवादी व्याख्या विश्लेषणका सन्दर्भमा सार्त्रको दार्शनिक प्रस्तावनाको सबैभन्दा महत्वपूर्ण कृति **बिइङ्ग एण्ड नोथिङ्गनेस** मा अस्तित्ववादी धारणा अगाडि आए पनि विसङ्गतिवादी दृष्टिकोणको अर्थ प्रकटीकरण भइरहेको तथ्यलाई अगि सारिन्छ । निषेध नै नोथिङ्गनेस हो; जसमा विसङ्गति सम्बन्धी दृष्टिकोण स्पष्ट रूपमा प्रकट भएको हुन्छ ।"[25]

जीवनलाई विवेक र विज्ञानद्वारा जुनसुकै ढङ्गबाट जतिसुकै परिणाममा पुनर्गठित गर्ने प्रयास गरिए पनि व्यक्तिको प्रारब्ध हो विघटन भन्ने धारणा यसमा अगि सारिन्छ । "यसमा निराशा र व्यर्थताको बोधमा बाँच्दै अनन्त प्रतीक्षा गरिरहेको मान्छे आदिम परिस्थितिमा रहिरहे पशु हुन्छ, आफ्नो बुद्धि वा विवेकले काम लिए मान्छे बन्छ र आफ्नै कर्मले दानव वा देवता बन्छ भन्ने विचार पनि व्यक्त गरिन्छ ।"[26]

"अस्तित्ववादी चिन्तन धाराको आधारभूमिका रूपमा रहेको विसङ्गतिपरक चिन्तनको पृष्ठभूमि खोतल्दै जाँदा मारालक्ससससम्म पुग्न सकिन्छ । त्यसका साथै एनटोनिन् आरटाडले प्रारम्भ गरेको विसङ्गगत नाट्य प्रयोगलाई पनि स्वीकार गरिन्छ । प्रथम विश्वयुद्धबाट भयभित र त्रसित भएको युरोपेली बौद्धिक वर्गले विसङ्गतिपूर्ण अभिव्यक्तिको मार्ग खोज्दै थियो; त्यही क्रममा फ्राञ्ज काफ्काका **द ट्रायल** र **द क्यासल** नामका कृतिले जीवनको विसङ्गत पक्षको उद्घाटन गरेको पाइन्छ । यसैको हाराहारीमा मारालक्ससले ई.स. १९२६ मा सारा युरोपीयनहरू विसङ्गतिपरक जीवन भोगिरहेको सन्दर्भलाई अगाडि ल्याएका थिए ।"[27] यसपछि जाँ पाल सार्त्र र सेमुअल वेकेटका औपन्यासिक कृतिहरू क्रमशः **नौसिया** र **मरफी** प्रकाशित भएपछि विसङ्गतिपरक लेखनको सुरुवात स्पष्ट रूपमा भयो । फ्रान्सेली बौद्धिक व्यक्तित्व अल्वेयर कामुले ग्रिक पुराकथालाई आधार मानेर वर्तमानको मान्छेले भोगिरहेको विसङ्गत स्थितिलाई प्रतिबिम्बन गर्ने महत्वपूर्ण कृति **द मिथ अफ सिसिफस** प्रकाशन गरेपछि विसङ्गतिवादी चिन्तनको औचित्य आधिकारिक रूपमा पुष्टि भएको मानियो । यो कृतिको प्रकाशन पश्चात् साहित्यिक अभिव्यक्तिमा तीव्रता आयो । मानव जीवन निष्सार, निरर्थक, मूल्यहीन, वाहियात र अविवेकपूर्ण रहेको पुष्टि भयो । "विश्व युद्धले तहसनहस पारेको जर्जर तथा मानवीय संवेदनहीन अवस्थाको प्रतिबिम्ब उतार्ने क्रममा **द ट्रायल** को नाट्य रूपान्तर आन्द्रेजीँद र लुईबरोद्वारा भएपछि र १० अक्टुवर १९४७ मा प्रदर्शन भएपश्चात् त झन् यस चिन्तनले उत्कर्ष प्राप्त गऱ्यो ।"[28] **द ट्रायल**को नाट्य रूपान्तरणपछिको प्रदर्शनबाट मानव जीवन र तत्कालीन समाजका बीचको भिन्नता खुट्याउन नसकिने स्थिति देखिएपछि यस चिन्तनले अझ व्यापकता प्राप्त गऱ्यो । "काफ्काको नाट्य रूपान्तर भएको कृति **द**

---

24= नारायणन् राय, **नाट्य विमर्श**, (दिल्ली : सन्मार्ग प्रकाशन, सन् १९८४), पृ. ११७-११८

25= मस्तराम कपुर, पूर्ववत्, पृ. ४९ ।

26= केशव उपाध्याय, **विसङ्गत नाट्यधारा : थियटर अफ एब्सर्ड** (सिद्धान्त र स्वरूपको पक्ष), प्रज्ञा (वर्ष २३, पूर्णाङ्क ८१)

27 = यादवप्रकाश लामिछाने, **आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर, २०६१) पृ. १६ ।

28= जे.ए. कडन, **द पेन्गुइन डिक्सनरी अफ लिटेररी ट्रम्स एण्ड थेउरी**, (इङ्ल्यान्ड : पेन्गुइन बुक्स, सन् १९९२), पृ. ९६८.

**ट्रयल**को महत्वका साथ **वेटिङ्ग फर गोदो** (गोदोको प्रतीक्षा) नाट्यकृति विसङ्गतिवादलाई चरोमत्कर्षमा पुऱ्याउने कृति मानिन्छ ।"[29]

"विसङ्गतिपरक लेखन प्रकाशनको प्रारम्भिक इतिहास काफ्काको **द ट्रायल**देखि लिएर सार्त्रको **नौसिया**, **मरफी** र कामुको **द मिथ अफ सिसिफस** हुँदै बेकेटको **वेटिङ्ग फर गोदो**सम्म आइपुग्दा विसङ्गतिपरक चिन्तन र लेखनले स्पष्ट गति लिइसकेको पाइन्छ तापनि ईस्वीको १९४५ देखि १९६५ सम्मको दुई दशकको यस अवधिलाई विसङ्गतिपरक लेखनको ज्यदै उर्वर अवधि मानिन्छ ।"[30] अद्यापि कामुको **द मिथ अफ सिसिफस** दार्शनिक निबन्धले विसङ्गतिको स्पष्ट चिन्तन अगिसारि कृति सिर्जनाका लागि उर्जा प्रदान गरेको मानिन्छ ।

अल्वर्ट कामुको **द मिथ अफ सिसिफस** कृति प्रकाशित भएपछि विश्व साहित्यमा विसङ्गतिवादको खास सैद्धान्तिक अवधारणा अगाडि आएको हो । बीसौँ शताब्दीको आरम्भमा नै भएका विध्वंसको मुखमा परेका प्राणीजगत् अव्यवस्थित र अपाङ्ग बनेको, विस्फोटनको अवस्था भोगेर बाच्न विवश हुनुपरेको स्थितिलाई उद्घाटन गरेको विसङ्गतिवादले प्रथम र द्वितीय विश्वयुद्धमा भएको नरसंहारसमेतका कारणले जीवनको वास्तविकतालाई मूल्यहीन र महत्वहीन अवस्थामा परिणत गरिदिएको छ । "विसङ्गतिवादी लेखकहरू विसङ्गतिलाई दार्शनिक स्तरमै अंगालेर पनि तृप्त हुँदैनन्; उनीहरू विसङ्गत दृष्टिलाई संरचना, शिल्प र भाषाशैलीको विसङ्गतद्वार पनि प्रस्तुत गर्न तम्सिन्छन्"[31] भनेर वासुदेव त्रिपाठीले उल्लेख गरेका छन् ।

सन् १९६० को दशकसम्म युरोप र अमेरिकाका नाटक र उपन्यासमा विसङ्गतिवादको सशक्त प्रयोग पाइन्छ । अस्तिTवको खोजीमा विसङ्गत जीवन भोगिरहेका आजका मान्छेको विसङ्गत जीवनलाई विसङ्गतिवादले अभिव्यक्त गर्दछ । "अरस्तुले विसङ्गतिलाई अज्ञानको स्थिति मानेका छन्"[32] भनेर वासुदेव त्रिपाठीले प्रस्ट पारेका छन् । सेक्सपियर भन्दा पूर्व सोफोक्लिजका नाटकमा समेत विसङ्गतिको भाव पाइन्थ्यो भन्ने दृष्टिकोण समालोचकहरूको रहेको छ । "विसङ्गत नाट्यधाराका समालोचक मार्टिन एस्लिनले विसङ्गत नाट्यमञ्चलाई सेक्सपियरसम्म तानेर लैजान्छन् ।"[33] उनले सेक्सपियरका कतिपय नाटकमा धेरै गम्भीरताका साथ विसङ्गतिलाई उठाएको उल्लेख गरेका छन् । मानवीय स्थिति निरर्थक, निष्सार तथा बेकम्मा भएको सन्दर्भको उल्लेख गरेबाट कृतिहरूमा यसको प्रयोगको स्थिति पहिलेदेखि नै रहेको तथ्य पुष्टि हुन्छ ।

विसङ्गत नाट्य रङ्गमञ्चका केही आधारभूत सूत्रहरू प्रवर्तन गर्ने कार्य उन्नाइसौँ शताब्दीको तीसको दशकतिर गरेका हुनाले यसले पछि बिस्तार हुने अवसर प्राप्त गर्दै एउटा सशक्त आन्दोलनको रूप लिन पुग्यो । यसै विसङ्गत नाट्य आन्दोलनको बीजरूपबाट विसङ्गतिपरक

---

29= बालटिक चेरिस, **अक्सफोर्ड कन्सिस डिक्सनरी अफ लिटेररी टर्म्स**, (लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् १९९६) पृ. १ ।
30= नारायणन् राय, पूर्ववत् पृ. १२५ ।
31= वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १०२ ।
32= पूर्ववत्, पृ. १०४ ।
33= मार्टिन एस्लिन, **द थियटर अफ एब्सर्ड**, (इङ्ल्यान्ड : पेन्गुइन बुक्स, सन् १९६८), पृ. ३२३ ।

लेखनको आरम्भ भएको मानिन्छ । त्यसैको हाराहारीमा सार्त्र र बेकेटले क्रमशः **नौसिया** र **मरफी** उपन्यास प्रकाशित गरे । त्यसपछि फ्रान्ज काफ्काको उपन्यासको नाट्य रूपान्तरणबाट पनि यसको सूत्र जोडिएको पाइन्छ । कामुद्वारा प्रदत्त विसङ्गतिवादी दर्शन सार्वजनिक भएपछि नाट्य क्षेत्रमा सफल प्रयोग गर्ने श्रेय वेकेटलाई जान्छ । यस क्रममा विसङ्गतिको सफल प्रयोग भएको **वेटिङ्ग फर गोदो** (१९४७) यस प्रवृत्तिको प्रथम र अन्तिम नाटक मानिन्छ ।[34] साथै स्यामुअल बेकेट नै आजसम्मका सफल र उत्कृष्ट विसङ्गतिवादी नाटककार मानिन्छन् ।

नाट्य क्षेत्रमा उकर्ष प्राप्त गर्दै बिस्तारै सेलाउन लागेको यस समय (१९६५) पश्चात आख्यानका क्षेत्रमा यसको प्रयोग पाइन्छ । आख्यानमा पनि उपन्यास विधामा यसको प्रयोग ज्यादा पाइन्छ । सार्त्र, बेकेट, काफ्का आदिले आफ्ना उपन्यासमा विसङ्गतिको राम्रो प्रयोग गरेका छन् । काफ्का आफ्ना उपन्यासमा सङ्गतिलाई र तर्कसम्मत कुरालाई लिएर नै विसङ्गति प्रस्तुत गर्दछन् । नाटक, आख्यान, कविता, चित्रकला आदि विविध विधामा विसङ्गतिवादले प्रभाव पार्दै एउटा सिद्धान्तको रूपमा विकसित हुने अवसर पायो । युरोपेली आधुनिक साहित्यका विभिन्न विधामा विसङ्गतिको ठूलो प्रभाव पऱ्यो ।

आरम्भमा खास गरी युरोप र क्रमशः विश्वभरि नै व्याप्त हुन पुगेको विसङ्गतिपरक चिन्तन फ्रान्स लगायत पूर्वी युरोपमा रूससम्म फैलिदै र मौलाउँदै अगि बढ्यो । वास्तवमा फ्रान्स विसङ्गतिपरक दर्शन, चिन्तन र साहित्य सिर्जनाको उर्वरभूमि नै बन्न पुग्यो । यसका लागि फ्रान्सका अस्तिTवादी दार्शनिक सार्त्र, मार्सल, पास्कल तथा कामुको उल्लेख्य योगदान रहेको पाइन्छ । यही अस्तिTवादका प्रसङ्गमा विसङ्गत स्थितिको पहिचान गरी यसको दार्शनिक गहिराइमा पुऱ्याउने श्रेय कामुलाई जान्छ । "कामुको **द मिथ अफ सिसिफस** तथा सार्त्रको **नौसिया** विश्वसाहित्यको विसङ्गतिपरक अमूल्य निधिका रूपमा रहेको पाइन्छ"[35] । ती कृतिहरूले विसङ्गत चिन्तनलाई अगि बढाउन ठूलो सहयोग पुगेको पाइन्छ ।

## २.४ विसङ्गतिवादका आधारभूत मान्यता

विश्वमा भएका दुई विश्वयुद्धले मानव जगत् त्रस्त, आहत र आतङ्कित भइरहेपछि जीवन जस्तो रूपमा र जुन रूपमा चलेको छ, त्यही रूपमा व्याख्या गर्न विसङ्गतिपरक चिन्तनको प्रारम्भ भएको हो तापनि यसको बीजाधान देकार्त (१५९६-१६५०) र त्यस भन्दा पनि पूर्व सुकरातसम्म पुग्न सकिन्छ । अस्तिTववादी चिन्तनको व्याख्याका क्रममा देखिएका सोरेन किर्केगार्डदेखि सार्त्र पूर्वका दार्शनिकहरूको मूल सार जीवनको अस्तित्व नै रहे पनि प्रकारान्तरमा विसङ्गति अनुभूति रहेको तथ्य स्वीकार्य रहेको छ । यसै ˘ङ्खलाका बीचबाट नित्सेको ईश्वर मृत्युको घोषणा (इ.स. १८८३) ले ईश्वरीय सत्ताका ठाउँमा ईश्वर नभएर मान्छे स्वयम् उपस्थित भएको र आफ्नो जीवनका लागि आफूमात्र रहेको अनुभूतिले विसङ्गतिपरक चिन्तनको जन्म भएको मानिन्छ । यसको प्राण प्रतिष्ठा चाहिँ कामुको दार्शनिक निबन्ध **द मिथ अफ सिसिफस**बाट नै भएको स्वीकार

34= वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १०७ ।

35= लालचन्द्र गुप्ता, **अस्तित्ववाद और नयी कहानी**, (दिल्ली : शोधप्रबन्ध प्रकाशन, सन् १९७५), पृ. १३२ ।

गरिन्छ ।[36] विसङ्गतिपरक दार्शनिक विचारको अभिव्यक्तीकरण गर्ने क्रममा स्पष्ट घोषणका साथ यसलाई औपचारिक आन्दोलनको रूप दिइएको थिएन तर त्यसको सारमा अन्तर्निहित भावलाई नियाल्दा यससँग सम्बन्धित मान्यताहरू फेला पार्न सकिन्छ, जसको उल्लेख तल गरिएको छ :

(१) विसङ्गतिवादीहरू ईश्वरीय सत्ता स्वीकार गर्दैनन् किनभने यस संसारमा ईश्वरीय सत्ताका केन्द्रबिन्दुमा रहेको ईश्वरको मृत्यु भइसकेका कारणले यसको औचित्य समाप्त भइसकेको छ । जीवन जगत्को मेरूदण्ड तथा सङ्गतिको केन्द्रबिन्दुमा मान्छेबाहेक यस संसारमा अरूकोही छैन । मान्छेले केवल विसङ्गतिसँग मात्र सङ्घर्ष गर्नुपर्ने भएकाले विसङ्गति नै जीवनको मूलभूत प्राप्ति ठानिन्छ ।

(२) मान्छेको जन्म-मृत्यु, वर्तमान-भविष्य कुनै पनि कुरा अनिच्छाकै परिणति हुनु । मान्छेले चाहेर जन्मन र मर्न सक्तैनन् त्यसैले मान्छेको जीवन विसङ्गत छ ।

(३) दार्शनिक रूपमा विसङ्गतिको अनुभूति गरिएको र आध्यात्मिक स्तरमा ईश्वरीय संस्थाको विघटनको प्रसङ्गमा व्यक्तिले विसङ्गतिबोधपछि अस्तित्वका लागि जुन सङ्घर्ष गर्दछ, त्यो प्रयत्न पनि केवल विसङ्गतियुक्त नै रहन्छ भन्ने निष्कर्ष यहाँ सान्दर्भिक हुन्छ ।[37]

(४) मान्छेको भविष्य अज्ञात छ । जीवनमा कहीँ पनि सङ्गति छैन बेमेल र विसङ्गति छ । मान्छेका सम्पूर्ण कार्यव्यापारहरू निरर्थक छन्; त्यसैले मान्छेको जीवन विसङ्गत छ ।

(५) मृत्यु सन्त्रासले विसङ्गतिवादमा सर्वोपरि महत्व पाउँछ । यस्तो सन्त्रास प्रत्येक मान्छेमा रहन्छ भन्ने देखाउनु नै यसको मूल उद्देश्य रहेको हुन्छ । सांसारिक कार्य गरे पनि मान्छे जीवन र मृत्युका बीचमा एक्लो र निरूपाय छ र ऊ अर्थहीन जीवन भोग्न बाध्य रहन्छ ।[38]

(६) विध्वंश, भय र त्रासबाट मान्छे आज नैतिकताहीन, एकाङ्गी, मनको पीडा भेल्न बाध्य रहेको तथा स्वयम् नै अर्थहीन जिन्दगी जिउन बाध्य हुनुपरेकोमा विसङ्गतिको रजाइ भएको मानिन्छ ।[39]

(७) विश्वयुद्धकालीन विध्वंस, विनास, भय, त्रास र आतङ्कले मान्छे घर, परिवारमा तथा समाजमा रहे पनि एक्लो, निराश तथा पृथक रहेको अनुभूति गर्दछ । उसका लागि जीवनको सार केही छैन । विसङ्गतिवादमा स्वीकृत धार्मिक, सांस्कृतिक, नैतिक मूल्य तथा सामाजिकतामा विश्वास राखिदैंन ।

(८) नित्सेको ईश्वर मृत्युको घोषणा, सार्त्रको मर्नैका लागि स्वतन्त्र छैन, दोस्तवस्कीको ईश्वर छैन भने सबथोक सम्भव हुन्छ भन्ने मान्यता विसङ्गतिवादका सम्बन्धमा त्यतिकै

---

36= यादवप्रकाश लामिछाने, पूर्ववत्, पृ. २९ ।
37= वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. ११
38= केशवप्रसाद उपाध्याय, **नाटक र रङ्गमञ्च**, (काठमाडौं : रुमु प्रकाशन, २०५२), पृ. १८३ ।
39= वीणा गौतम, **हिन्दी नाटक आजतक**, (दिल्ली : शब्दसेतु प्रकाशन, सन् २००१), पृ. ३१५ ।

महत्वपूर्ण र विचारणीय भएर आएका छन्; जसको तात्पर्य मान्छे स्वयम्ले नै यस विसङ्गत परिवेशमा विसङ्गतिको अनुभूति गर्नुपर्दछ ।

(९) विसङ्गतिवादी साहित्यकारहरू विसङ्गत जीवन जगत्को सही चित्रलाई साहित्यिक अभिव्यक्ति दिने क्रममा भाषा तथा शिल्प शैली पनि विसङ्गत नै रहे राम्रो ठान्छन् । त्यसैले विसङ्गतिवादी साहित्यकारहरू विसङ्गगत रूपमा प्रस्तुत गर्ने क्रममा भाषालाई भाँच्ने तथा व्याकरण असम्मत प्रयोगतर्फ रुचि देखाउने काम गर्दछन् ।

(१०) नित्सेको ईश्वर मृत्युको घोषणाले त्यसको विकल्पमा विसङ्गति र विकलता मात्र प्राप्त हुने कुराले जीवनको शाश्वत मान्यता कहीँ हराएको पुष्टि हुन्छ ।

(११) मान्छेको जीवन जटिल र मूल्यहीन छ, निराशाले व्याप्त छ । निराशाको चरम उत्कर्षका कारण आत्महत्या गरे पनि त्यो विसङ्गत स्थिति भएकाले मान्छेको जीवन कहीँ पनि सङ्गति छैन ।

(१२) मानव जीवन व्यथा, व्यकुलता, निराश र मृत्युबोधले आक्रान्त भएपछि यसको मुक्तिका लागि आत्महत्या वा जीवनको बिनाशबाट बाँच्न सकिदैँन, त्यसैले यसबाट बाँच्न आत्महत्यालाई पनि अङ्गाल्न सकिदैँन भन्ने कामुको बिचारबाट मान्छे जीवन र मृत्यु बीचकै भयावहताबाट बाँच्न बाध्य रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

(१३) विसङ्गतिवादको मान्यता अनुसार साहित्य भनेको जीवनको अभिव्यक्ति, अनुकरण वा प्रकृति होइन; बरू जीवन के हो ? भन्ने सम्बन्धमा व्यक्ति साहित्यकारको चिन्तन दर्शन वा धारणा, दृष्टिकोणको प्रस्तुतिको माध्यम हो ।

(१४) जीवन र जगत्मा आएका यावत विसङ्गति दार्शनिक स्तरमा मात्र सीमित छैनन्; भाषा, शैली, शब्द, अर्थ, वाक्य आदिबाट पनि साहित्यमा विसङ्गतको अभिव्यक्ति हुन्छ । भाषिक अस्तव्यस्तता, वि ॅङ्खलता र निरर्थकताले पनि जीवनकै विसङ्गतिलाई अभिव्यक्त गरेका हुन्छन् ।

(१५) विसङ्गतिको मूलतत्व मान्छेको शून्य र निष्सार जीवनसँग अन्तर्निहित भएकाले जीवन जगत् व्याख्येय छैन भन्ने कुरामा नै कामुको विसङ्गतिको मूलमर्म अन्तर्निहित रहेको तथ्य अगाडि आएको छ । यो नै जीवनको परिभाषासँग सम्बन्धित रहेको पुष्टि हुन्छ ।[५०]

(१६) विसङ्गतिवादी लेखनको आदर्श सङ्गतिका सूत्रहरूको अस्वीकर हो । उनीहरू आफ्नो सिर्जनालाई 'यो मेरो जीवन हो' भन्नु भन्दा पनि 'जीवनवारे यो मेरो कृति हो' भन्न रुचाउछन् । सामान्य रोचक सन्दर्भको प्रस्तुति गरेर पाठकलाई अलग वा पृथक्ताको

[५०] वासुदेव त्रिपाठी, पूर्ववत्, ।

पर्याप्त प्रयोग गर्नमा विसङ्गतिवादीहरू रूचि लिन्छन् ।[41] यो विसङ्गतिवदी साहित्यको विशेषता वा मान्यता हो ।

(१७) मान्छेको जीवन जगत् जटिल र दुर्बोध्य भएकाले विसङ्गतिवादी साहित्य पनि सोही अनुरूप हुनुपर्दछ भन्ने मान्यता अनुसार विभिन्न प्रतीक तथा बिम्बहरूको प्रयोग, कार्यकारण ˘ङ्खलायुक्त घटनाहरूको अनियोजित गठन प्रकृया, क्लिष्टता, दुर्बोध्यता तथा सम्प्रेषणमा सङ्कट उत्पन्न हुने गर्दछ, यो सङ्कटपूर्ण स्थिति र मानव जीवनमा एकात्म्य देखिनु विसङ्गतिवादको विशेषता मानिन्छ ।

(१८) दार्शनिक रूपमा विसङ्गतिको अनुभूति गरिएको र आध्यात्मिक स्तरमा ईश्वरीय संस्थाको विघटनको प्रसङ्गमा व्यक्तिले विसङ्गतिबोधपछि अस्तिTवका लागि जुन सङ्घर्ष गर्दछ, त्यो प्रयत्न पनि केवल विसङ्गतियुक्त नै रहन्छ भन्ने निष्कर्ष यहाँ सान्दर्भिक हुन्छ ।

निष्कर्षमा भन्नुपर्दा जीवन जगत् सङ्गति वा सारपूर्ण नभएपछि मान्छेले जीवनलाई पूर्णरूपमा खण्डित र विसङ्गत देख्छ । मानव जीवनमा देखिएको निराशा, व्यथा, व्याकूलता, शून्यता, निरर्थकता, पृथक्ता तथा मृत्युबोधले गर्दा मान्छेले आफूलाई जतातत‌ैबाट सन्त्रास र भयबाट घेरिएको पाउँछ । ईश्वरीय सृष्टि, सङ्गतिको केन्द्रबिन्दु रहेको ईश्वरीय सत्ताको विघटनको घोषणा तथा ईश्वर मृत्युको घोषणाले मान्छे बाह्यरूपमा मात्र नभएर आन्तरिक रूपमा समेत एक्लिएको छ । यही एकाङ्गीपनको खरो अभिव्यक्ति विसङ्गतिवादी साहित्यिक कृतिमा पाइन्छ; जसमा भाषा र व्याकरणलाई भाँचेर सम्प्रेषणको सङ्कट उत्पन्न गराउने काम हुन्छ । विसङ्गतिवादसँग सम्बन्धित मान्यता वा दृष्टिकोणका आधारबाट हेर्दा मान्छेको जीवन अस्तव्यस्त, अन्धकारमय, निराशायुक्त, तनावग्रस्त र मृत्युबोध तथा मृत्यु सन्त्रासका कारणले आफैमा पृथक भएको अनुभूति गर्न बाध्य रहेको निष्कर्ष निकालिन्छ ।

## २.५ विसङ्गतिवादको अस्तित्ववादसँग सम्बन्ध

विसङ्गतिवादको अस्तित्ववादसँग घनिष्ट सम्बन्ध छ । यसलाई अस्तित्ववादसँगै विकसित प्रवृत्ति मानिन्छ । विसङ्गतिवाद पनि अस्तित्ववाद झैँ दोस्रो विश्वयुद्धको विभीषिकाबाट जन्मेको एउटा आन्दोलन हो । अस्तित्वादी चिन्तक अल्बर्ट कामु यस वादका प्रमुख व्याख्याता तथा प्रवर्तक मानिन्छन् ।

अस्तित्ववादमा मानिसलाई यस उद्देश्यबिहीन र अबोधगम्य संसारमा एक्लो भनेर मानिएको छ । यस संसारमा मानिसको अस्तित्व उद्देश्यहीन, सिद्धान्तरहित, असत्य वा अर्थबिहीन देखाई पीडापूर्ण र विसङ्गत छ भनिएको छ । अस्तित्ववादमा प्रयुक्त परि विसङ्गत शब्दको धारणालाई अगि सारी अस्तित्ववादी चिन्तक जाँ पाल सार्त्रबाट प्रभावित कामुले विसङ्गतिको सूत्रपात गरेका हुन् ।

---

[41] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १०५ ।

अस्तित्वादी चिन्तकहरू आस्तिक र नास्तिक गरी दुई प्रकारका छन् । सार्त्र, कामु लगायतका दार्शनिकहरू नास्तिकवादीमा देखापर्दछन् । आपसी मतभेदका कारण कामुले सार्त्रलाई छाडेर विसङ्गतिवादी धाराको नेतृत्व संहाल्न पुग्दछन् । यसरी एउटै विचार धाराबाट आएका दार्शनिकहरू आपसी मत-मतान्तरका कारण छुट्टिए पनि अस्तित्ववाद र विसङ्गतिवादका बीचमा घनिष्ट सम्बन्ध रहेको देखिन्छ । यी दुई बीचको सम्बन्धलाई बुँदागत रूपमा यसरी उल्लेख गरिन्छ :

(१) विसङ्गतिवाद अस्तित्वादी सिद्धान्तबाट लगभग उही समयमा विकसित साहित्यिक प्रवृत्ति हो ।

(२) विसङ्गतिवाद र अस्तित्ववादका प्रवृत्तिमा समानता छ र ती परस्पर परिपूरक छन् ।

(३) विसङ्गतिवाद र अस्तित्वाद दुवै सिद्धान्तले अस्तित्वको अभिलक्षण पीडा र विसङ्गतिमा खोज्छन् ।

(४) विसङ्गतिवाद र अस्तित्ववादले जीवनलाई सङ्गतिहीन ठान्दै विसङ्गतिहरूकै बीचबाटै अस्तित्व प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्ने धारणा राख्दछन् ।

(५) पहिले सार्त्र र कामु अस्तित्ववादी चिन्तनमा सङ्गै थिए र पछि मतभेदका कारण कामुले विसङ्गतिको नेतृत्व गरे पनि यी दुवै वाद जीवनसापेक्ष छन् ।

(६) विसङ्गतिवाद र अस्तित्ववाद दुवै मानवतावादका केन्द्रमा रहेका छन् र यी दुवै मान्छेलाई केन्द्र बनाएका बीसौँ शताब्दीका गहन दार्शनिक चिन्तन हुन् ।

(७) विसङ्गतिवाद र अस्तित्ववादका प्रवर्तक, व्याख्याता, चिन्तक र शास्त्रीय सैद्धान्तिक आधारहरू समान छन् ।

(८) अस्तित्व सत्यको पूर्वगामी हो भन्दै यी दुवैले व्यक्तिको महत्वलाई सर्वोच्चता प्रदान गरेका छन् ।

(९) दुवैले जीवनलाई विसङ्गत ठान्छन् र विसङ्गतिकै माझबाट अस्तित्वको खोजी गर्दछन् ।

(१०) कुनै लेखक वा उसको कृति विसङ्गतिवादी हुन अनिवार्यतः अस्तित्ववादी हुनै पर्दछ ।

## २.६ विसङ्गतिवादको अन्यवादसँग सम्बन्ध

ईशाको बीसौँ शताब्दीमा विकसित विसङ्गतिवादको त्यसपूर्व विकसित विभिन्न वादहरूसँग सम्बन्ध रहेको छ । त्यसैले विसङ्गतिवादको अन्य विभिन्न वादहरूसँग सह-सम्बन्ध र व्यतिरेक सम्बन्ध रहेको देखिन्छ । विसङ्गतिवादसँग सम्बन्धित वादहरूलाई यसप्रकार चर्चा गरिन्छ :

### २.६.१ विसङ्गतिवादसँग सह-सम्बन्ध रहेका वादहरू

बीसौँ शताब्दीमा विकसित भएको विसङ्गतिवादको त्यसपूर्व र पछि विकसित स्वच्छन्दतावाद, यथार्थवाद, अतियथार्थवाद, शून्यवाद लगायतका अन्य केही वादसँग सह-सम्बन्ध रहेको देखिन्छ । विसङ्गतिवादसँग सह-सम्बन्ध राख्ने वादहरूलाई यसप्रकार चर्चा गरिन्छ :

#### २.६.१.१ विसङ्गतिवाद र स्वच्छन्दतावाद

पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा प्रचलित 'रोमान्टिसिज्म' शब्दका पर्यायको रूपमा नेपालीमा स्वच्छन्दतावाद, रोमान्टिक धारा, रोमान्टिक मान्यता आदि जस्ता शब्दहरू प्रयोगमा पाइन्छन् । "१८ औँ शताब्दीको अन्त्यतिर प्रारम्भ भएको साहित्यिक, कलात्मक प्रवृत्ति विशेष वा अभियान नै रोमान्टिसिज्म वा स्वच्छन्दतावाद हो"[५२] ।

स्वच्छन्दतावाद र विसङ्गतिवादका बीचमा रहेको सह-सम्बन्धलाई बुँदागत रूपमा यसप्रकार देखाईन्छ :

(१) स्वच्छन्दतावादको स्वभाव बिद्रोही किसिमको हुने भएकाले यस वादले कुनै पनि किसिमको नियम, अनुशासन एवम् मूल्यमान्यता र परम्पराको स्वीकार गर्दैन र विसङ्गतिवादले पनि नियम, अनुशासन एवम् परम्पराको बिद्रोह गर्दछ ।

(२) अतियर्थाथवाददेखि विसङ्गतिवाद र त्यसपछिको शून्यतावादसम्मको साहित्यिक अराजकताप्रति यिनका अग्रज धारा, सिद्धान्त वा वादका रूपमा रोमान्टिक धारा वा स्वच्छन्दतावादलाई नै उत्तरदायी ठहऱ्याएको छ ।

(३) स्वच्छन्दतावाद र विसङ्गतिवाद परम्परागत वा रूढ मान्यताको घोर भर्त्सना गर्दै परम्परामुक्त साहित्य सिर्जना गर्ने तर्फ आकर्षित हुन्छन् ।

यी माथि उल्लेख गरिएका बुँदाहरूलाई हेर्दा विसङ्गतिवाद स्वच्छन्दतावादकै पृष्ठभूमिमा जन्मिएकाले यी दुवै वादका बीचमा सह-सम्बन्ध रहेको प्रस्ट हुन्छ ।

#### २.६.१.२ विसङ्गतिवाद र यथार्थवाद

यथार्थवाद अङ्ग्रेजीको 'रियलिज्म'को नेपाली रूपान्तर हो । ल्याटिन भाषाको 'Res' धातुबाट व्युत्पादन 'real' शब्दमा 'ism' प्रत्यय गासिएर 'realism' शब्दको निर्माण भएको हो । यसको प्रयोग दर्शन र साहित्य दुवै क्षेत्रमा भएको पाइन्छ ।

विसङ्गतिवाद र यथार्थवादका बीचमा सह-सम्बन्ध देखिन्छ, जसलाई यसप्रकार देखाइन्छ :

(१) विसङ्गतिवाद र यथार्थवादको स्थापना आदर्शवादको विरोध स्वरूप भएको हो ।

---

[५२] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १६-१७

(२) जन-जीवन तथा समाज जीवनका सुरूपता भन्दा कुरूपता, विकृति तथा विसङ्गतितर्फ विसङ्गतिवाद र यथार्थवाद दुवैले झुकाव राख्दछन् ।

(३) विद्रुप र विसङ्गत अवस्थाको बर्णन, व्यक्तिलाई हेर्ने सामाजिक दृष्टिकोण, विकृति, कुरीति आदिको चित्रण विसङ्गतिवाद र यथार्थवाद दुवैमा पाइन्छ ।

(४) भाग्यवाद, नियतिवाद, ईश्वरीय सत्ता, आध्यात्मिकता, अदृष्य शक्ति, काल्पनिक उडान, भावुकता आदिमा यथार्थवादले पटक्कै विश्वास राख्दैन । नित्सेको ईश्वर मृत्युको घोषणासँगै विकसित भएको विसङ्गतिवादले पनि ती कुरामा विश्वास राख्दैँन ।

माथिका बुँदाहरूलाई नियाल्दा यथार्थवाद र विसङ्गतिवाद दुवै आदर्शवादको प्रतिकृया स्वरूप देखापरेकावाद हुन् र यी दुवैको मान्यता एक आपसमा सम्बन्धित रहेकाले यी दुई वादको बीचमा सह-सम्बन्ध रहेको मानिन्छ ।

### २.६.१.३ विसङ्गतिवाद र अतियथार्थवाद

पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा प्रचलित 'सर्रियालिज्म' शब्दको निमित्त नेपालीमा अतियथार्थवाद पर्यायवाची शब्द प्रतिष्ठित भएको पाइन्छ । विसङ्गतिवाद र अतियथार्थवादको बीचमा सह-सम्बन्ध देखिन्छ; जसलाई बुँदागत रूपमा यसप्रकार देखाइन्छ :

(१) अतियथार्थवादले परम्परागत रूढि, नैतिक मूल्यमान्यताको विरोध गर्दछ भने विसङ्गतिवादले पनि यिनको विरोध गर्दछ ।

(२) अतियथार्थवाद र विसङ्गतिवाद दुवैले अनिश्वरवादी जीवन दर्शनलाई अङ्गालेको पाइन्छ ।

(३) परम्परागत भाषा, शैली र व्याकरणको अतियथार्थवाद र विसङ्गतिवाद दुवैले विरोध गर्दछन् ।

(४) विसङ्गतिवाद र अतियथार्थवाद दुवैले मान्छेका जीवनको विसङ्गतिलाई अभिव्यक्त गर्न सक्षम देखिन्छन् ।

(५) अतियथार्थवाद र विसङ्गतिवाद दुवैले कुनै पनि नियम, अनुशासन र नियन्त्रणलाई स्वीकार्दैनन् ।

माथि उल्लिखित बुँदाहरूका आधारमा विसङ्गतिवाद र अतियथार्थवादको बीचमा सह-सम्बन्ध रहेको छ भन्न सकिन्छ ।

### २.६.१.४ विसङ्गतिवाद र शून्यवाद

शून्यवाद अङ्ग्रेजीको 'निहिलिज्म' को नेपाली पर्याय हो । यस वादले परम्परागत रूपमा प्रचलित मूल्य-मान्यता, सिद्धान्त वा वादहरूको पूर्ण बहिष्कार गर्नु पर्दछ भन्ने मान्यता अगि सार्दछ । यो एक किसिमको अनास्थावादी दृष्टिकोण अबलम्वन गर्ने चिन्तन हो ।

शून्यवाद र विसङ्गतिवादका बीचको सम्बन्धलाई बुँदागत रूपमा यसप्रकार चर्चा गरिन्छ :

(१) विसङ्गतिवादले जस्तै शून्यवादले पनि स्वीकृत मान्यता, परम्परित नैतिक मूल्यहरू माथि विश्वास गर्दैन ।

(२) शून्यवादले गति, उत्पत्ति, स्वभाव र धर्मको निषेध गर्दछ भने विसङ्गतिवाद पनि नित्सेको ईश्वर मृत्युको धारणालाई अगि सारेर धर्मको विरोध गर्दछ । त्यसैले यी दुईको बीचमा सह-सम्बन्ध छ ।

(३) विसङ्गतिवाद र शून्यवाद दुवैले अनास्थावादी दृष्टिकोणलाई अगि सारेका छन् ।

(४) विसङ्गतिवाद र शून्यवाद दुवैले मानव जीवन अस्तित्वपूर्ण रूपले आधारहीन, उद्देश्यहीन र उपयोगिहीन भएको पुष्टि गर्दछ ।

(५) आधुनिक जीवनको विद्रुपता तथा विसङ्गतिले व्यक्तिको रिक्तता, शून्यता तथा एकाङ्गीपनको अनुभूति गराउँदछ भन्ने दृष्टिकोण यी चिन्तनको केन्द्रीय धुरी रहेको पाइन्छ ।

## २.६.२ विसङ्गतिवादसँग व्यतिरेकी सम्बन्ध रहेका वादहरू

विसङ्गतिवादको परिष्कारवाद र उत्तरआधुनिकतावादसँग व्यतिरेकी सम्बन्ध रहेको देखिन्छ । विसङ्गतिवादको परिष्कारवाद र उत्तरआधुनिकतावादसँग रहेको व्यतिरेकी सम्बन्धलाई तल देखाइन्छ :

### २.६.२.१ विसङ्गतिवाद र परिष्कारवाद

परिष्कारवाद अङ्ग्रेजीको 'क्लासिज्म' शब्दको नेपाली पर्याय हो । ईशाको दोस्रो शताब्दी तिर विकसित भएको परिष्कारवादले परम्परागत संस्कार, धर्म, नीति, नियम, मूल्य मान्यताजस्ता कुराहरूमा आस्था राख्दछ । परिष्कारवादले परम्परा तथा नियमहरूको अनुशासनमा रहेर मूल्यवान हासिल गर्दछ ।[43] यस भनाईबाट परिष्कारवाद परम्परागत मान्यता तथा नियमहरूको बन्धन स्वीकार गर्दछ भन्ने बुझिन्छ ।

विसङ्गतिवाद र परिष्कारवादबीचको सम्बन्धलाई बुँदागत रूपमा यसप्रकार चर्चा गरिन्छ :

(१) विसङ्गतिवादले परम्परागत मूल्य मान्यता तथा नियमहरूको बन्धनको विरोध गर्दछ भने परिष्कारवादले परम्परागत संस्कार, धर्म, नीतिनियम, मूल्य मान्यताप्रति आस्था राख्दछ र नियमहरूको अनुशासनमा रहन्छ ।

(२) परिष्कारवादीहरू भावको निषेध नगरी त्यसलाई संयमित तथा व्यवस्थित रूपमा अभिव्यक्त गर्दछन् तर विसङ्गतिवादीहरू त्यसको विरोध गर्दछन् ।

(३) परिष्कारवादले परम्परालाई महत्व दिने हुँदा वास्तविकताको अतिक्रमण गर्दैन र साहित्यको प्रयोजनका रूपमा नैतिक मूल्यको स्थापना गर्दै साहित्यमा अव्यवस्था,

---

[43] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २७३ ।

अनुशासनहीनता र अमर्यादाप्रति प्रतिबन्ध लगाउँछ तर विसङ्गतिवाद यसको ठीक विपरित छ ।

यी माथिका बुँदाहरूलाई हेर्दा एउटाले परम्परा, नीतिनियम, धर्म, संस्कृति, मूल्य मान्यताप्रति अस्था राख्ने र अर्काले त्यसको विरोध गर्नुले यी दुई साहित्य सिद्धान्त वा वादका बीचमा व्यतिरेकी सम्बन्ध छ भन्न सकिन्छ ।

### २.६.२.२ विसङ्गतिवाद र उत्तरआधुनिकतावाद

उत्तरआधुनिकतावाद अङ्ग्रेजी भाषाको 'पोस्टमोडर्निजम' शब्दको नेपाली रूपान्तरण हो । 'Post' को अर्थ 'After' वा पछाडी/पछिको र 'Morden' शब्दले इतिहासको पछिल्लो समय वा वर्तमानलाई जनाउँछ भने 'पोस्टमोडर्निजम'ले पछिल्लो समयको सांस्कृतिक सन्दर्भलाई बुझाउँछ ।

विसङ्गतिवाद र उत्तरआधुनिकतावादको सम्बन्धलाई बुँदागत रूपमा तल चर्चा गरिन्छ :

(१) विसङ्गतिवाद मान्छेको जीवन जगत्सँग सम्बन्धित छ भने उत्तरआधुनिकतावाद साहित्य समालोचनासँग ।

(२) विसङ्गतिवादले परम्पराको बिद्रोह गर्दछ तर उत्तरआधुनिकतावादले पुराना परम्पराको भङ्ग गरेर नयाँ परम्पराको निर्माण गर्नु पर्दछ भन्छ ।

(३) उत्तरआधुनिकतावादले विधा मिश्रण र विधा भञ्जनको अबधारणा अगाडि सारेको छ, तर विसङ्गतिवादमा त्यसको चर्चा पाइँदैन ।

(४) उत्तरआधुनिकतावाद पछिल्लो युग र समाजको दार्शनिक एवम् साहित्यिक मान्यता हो । कृतिलाई हेर्ने र व्याख्यागर्ने नयाँ दृष्टिकोणको रूपमा यो वाद स्थापित छ तर विसङ्गतिवाद कृतिलाई हेर्ने भन्दा मान्छेको जीवन जगत्लाई चित्रण गर्ने सिद्धान्त हो ।

माथिका बुँदालाई नियाल्दा उत्तरआधुनिकतावाद र विसङ्गतिवादका बीचमा व्यतिरेकी सम्बन्ध छ भन्न सकिन्छ । यसका साथै आदर्शवाद, प्रकृतवाद लगायत अन्यवादसँग पनि विसङ्गतिवादको व्यतिरेकी सम्बन्ध रहेको छ ।

## २.७ निष्कर्ष

बीसौँ शताब्दीको एक सशक्त धाराका रूपमा विसङ्गतिवादले जति ख्याति र उपलब्धि हासिल गऱ्यो, त्यति नै विवाद ग्रस्त भइ कटु आलोचनाको थप्पड सहनु परेको पाइन्छ । विश्वमा मानवले भोग्दै आएको जीवनको यथार्थ दर्शनलाई कत्तिपनि ढाकछोप नगरी जस्तो छ त्यस्तै साहित्यमा अभिव्यञ्जित गर्न सकेकै कारणले मात्र नभएर साहित्यका वस्तु र शिल्प शैली दुवै पक्षमा क्रान्ति आह्वान गरी बौद्धिकता र वैचारिकताको प्रयोगलाई समेत चरम चुलीमा पुऱ्याउन सकेकैले गर्दा यसवादले एकातिर ख्याति कमाउन सकेको देखिन्छ । आफ्नो युगको सिङ्गो साहित्य

मुटुलाई धड्कन दिन सकेको देखिन्छ भने अर्कातिर उत्तरवर्ती अस्तित्वलाई जन्माउन हुर्काउनमा प्रभाव र प्रेरणा रहेकाले विसङ्गतिवाद उपलब्धिमूलक समेत रहेको पाइन्छ ।

माथि भनिएझैँ विसङ्गतिवादले आलोचनाको पीडा पनि सहनु परेको देखिन्छ । मानवीय जीवनका सारा गरिमा, महिमा तथा शक्ति सामर्थ्य अनि रचना सिर्जनालाई पर पन्छाएर केवल निरर्थकता, व्यर्थता र असङ्गति विसङ्गतिकै कोणबाट मात्र जीवनका सारा पक्षहरूलाई हेरी सिङ्गो पिँढीलाई नै नैराश्य, अकर्मण्यताको अँध्यारो गुफातर्फ धकेलेको आरोप विसङ्गतिवाद माथि लगाइएको पाइन्छ ।

# तेस्रो परिच्छेद

## विसङ्गतिवादी नेपाली उपन्यास परम्परा

## ३.१ पृष्ठभूमि

विश्व साहित्यको इतिहासमा बीसौँ शताब्दीमा आएर विकसित भएका विभिन्न वादहरूमध्ये विसङ्गतिवाद एउटा प्रमुख वाद हो । जसरी विश्व साहित्यमा विसङ्गतिवादले प्रभाव पार्न पुग्यो त्यसै गरी नै नेपाली साहित्य पनि विसङ्गतिवादको प्रभावबाट अछुतो रहन सकेन भन्न सकिन्छ अर्थात् नेपाली साहित्य जगत्मा पनि विसङ्गतिवादको प्रभाव पऱ्यो ।

आदर्शवाद, स्वच्छन्दतावाद, आदर्शोन्मुख यथार्थवाद र प्रगतिवाद हुँदै आएको नेपाली उपन्यास परम्पराले लैनसिंह वाङ्देलको **मुलुकबाहिर** हुँदै **लङ्गगडाको साथी**मा आइपुग्दा सामाजिक यथार्थवादको विसङ्गत अवस्था प्राप्त गर्न लाग्छ ।[55] वाङ्देलका उपन्यासले वि.स.२००४-२००८ साल सम्मको अवधिमा दार्जिलिङको परिवेशमा नेपालीहरूको जीवन जस्तो अवस्थामा गुज्रिदै थियो त्यस अवस्थालाई जस्ताको तस्तै प्रकट गरेका छन् । सामाजिक विसङ्गतिबोधको प्रयोजनको अभियानलाई उद्‌बोधन गर्ने काम डी.पी. अधिकारीका उपन्यासले प्रस्तुत गरेका छन् । विजय मल्लको **अनुराधा** उपन्यासमा आइपुग्दा पनि केही मात्रामा विसङ्गतिको आभास पाउन सकिन्छ । २०२१ मा प्रकाशित इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यास विसङ्गतिवादी नेपाली उपन्यास परम्परामा उदाहरणको रूपमा देखापरेको छ ।

वर्गगत विसङ्गतलाई सामाजिक यथार्थका फोटो ग्राफिक लैनसिंह वाङदेलले चुपचाप सहे । त्यसलाई सङ्घर्ष पूर्वक परास्त गर्ने र सामाजिक व्यवस्थाका विसङ्गतिका कारक तत्वसँग जुट्नेकाम हृदयचन्द्रसिंह प्रधानले गरे तर जीवनका सम्पूर्ण अस्मितालाई नै विसङ्गतिमा अडेको देख्ने दृष्टि भने राईको उपन्यासले विकसित गऱ्यो । राईको **आज रमिता छ** उपन्यासले जीवनको असङ्गत स्थितिलाई पाठक सामु स्थापित गरेको छ ।

## ३.२ नेपाली उपन्यासमा विसङ्गतिवादी प्रवृत्ति

नेपाली उपन्यासमा विसङ्गतिवादी चिन्तनको आरम्भ कुनै त्यस्तो सैद्धान्तिक घोषणा पत्र वा आन्दोलनको निश्चित तिथि तोकेर भएको होइन । एक प्रकारले भन्ने हो भने यसको सैद्धान्तिक पक्षहरूबारे कुनै स्पष्ट जानकारी नै नभएको अवस्थादेखि नै नेपाली सामाजिक जीवनको प्रवाहसँगै प्रवाहित हुँदै नेपाली उपन्यासमा यो चिन्तनको प्रकटीकरणको प्रकृया सुरु भइसकेको थियो । खास गरी सात सालपछि देशमा यथार्थवादी उपन्यास परम्परा झाङ्गिएर गयो, त्यहीभित्र पनि असचेततामा उपन्यासकारहरूद्वारा विसङ्गतिवादी चेतनाका झिल्काहरू फाटफुट रूपमा नदेखाइएका होइनन् ।

---

[55] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २९६ ।

नेपाली उपन्यासमा २०१८ सालमा विजयबहादुर मल्लको **अनुराधा** उपन्यास प्रकाशित भएपछि पहिलोपटक अस्तित्ववादी विसङ्गतिवादी चिन्तनको प्रयोगको परम्परा उद्घाटित भएको हो ।[45] **अनुराधा** उपन्यास आधुनिक नेपाली उपन्यासमा यस अगि गोविन्द बहादुर गोठालेको **पल्लो घरको झ्याल**ले आरम्भ गरेको मनोविश्लेषणवादी धाराको एउटा विशिष्ट कृति हो; तर मूल रूपमा मनोविश्लेषणको विशिष्ट प्रयोग भए पनि त्यसबाहेक विसङ्गतिवादी चिन्तनको पनि आंशिक रूपमा प्रयोग भएको छ । विसङ्गतिवादी नेपाली उपन्यास लेखनको परम्पराको खोजी गर्ने क्रममा यस तथ्यलाई पनि महत्व दिएर हेर्नु आवश्यक देखिन्छ ।

उपन्यासकार मल्लले **अनुराधा** उपन्यासका पात्रका माध्यमबाट ठाउँ ठाउँमा विसङ्गतिवादी अभिव्यक्ति फाटफुट रूपमा अभिव्यक्त गरेका छन् । उपन्यासको एक ठाउँमा अनुराधाले भनेकी छ "ठीक हो जीवनको अर्थ सप्रनु पनि त होइन, बिग्रनु भत्कनु पनि त हो । सुख दिनु र पाउनु मात्र पनि त होइन, कष्ट दिनु र कष्ट पाउनु पनि त हो म यसैका निमित्त जन्मेकी रहेछु किन यसैमा नहाँसु ।"[46] उपन्यासमा अनुराधा नामक पात्रले भोगी रहेको जीवन निष्सारको छ र उसको हरेक प्रयास विसङ्गतिमा परिणत भएको छ । उपन्यासकारले कोमलमानका माध्यमबाट पनि एकाध ठाउँमा आफ्नो विसङ्गतिवादी दृष्टि चेतलाई अभिव्यक्ति दिने प्रयास गरेको देखिन्छ । उपन्यासको एक ठाउँमा कोमलमानले भनेको छ "मृत्यु म यसैबाट बढ्ता आकर्षित हुन्छु... ।"[47] त्यसै गरी अर्को ठाउँमा भन्छ "मेरो जीवन किन यसरी महाशून्यतिर लक्ष्यहीन रूपले ढल्कदैँ गइरहेछ ?"[48] कोमलमानको यस प्रकारका भनाइका माध्यमबाट उपन्यासकारले मृत्यु सत्यले निस्सार प्रमाणित गरिदिएको जीवनको विसङ्गत यथार्थमाथि प्रकाश पार्न खोजेका छन् । **अनुराधा** उपन्यासभित्र ठाउँ ठाउँमा विभिन्न प्रसङ्ग सहित जोडिएर नायक-नायिकाले विसङ्गतिवादी चिन्तनको पुष्टि हुने विशिष्ट संवादहरू बोल्नुलाई आधार मानेर के भन्न सकिन्छ भने आधुनिक नेपाली उपन्यासमा **अनुराधा** उपन्यासदेखि नै विसङ्गतिवादी दृष्टिकोणको प्रयोग गर्ने अभ्यासको थालनी भएको हो ।

जहाँसम्म नेपाली उपन्यासमा विसङ्गतिवादको स्पष्ट ढङ्गले प्रयोग गर्ने कामको थालनी सबैभन्दा पहिला प्रवासबाट नै भएको देखिन्छ । स्मरणीय छ, आधुनिक नेपाली उपन्यासमा स्वच्छन्दतावाद, यथार्थवाद, अनि अतियथार्थवाद जस्तो पाश्चात्य साहित्यिक चिन्तनप्रति सचेत बन्दै त्यसको सु-स्पष्ट प्रयोग गर्ने कामको थालनी सर्वप्रथम प्रवासबाटै भएको थियो । ठीक त्यसै गरी नेपाली उपन्यासमा विसङ्गतिवादी साहित्यिक चिन्तनको सु-स्पष्ट प्रयोग गर्ने प्रथम प्रयास पनि उतैबाट भएको हो । दार्जिलिङ्का साहित्यकार इन्द्रबहादुर राईको २०२१ सालमा प्रकाशित भएको उपन्यास **आज रमिता छ** विसङ्गतिवादी नेपाली उपन्यासको परम्परा स्थापित गर्ने प्रथम

---

45= ज्ञानु पाण्डे, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि.कीर्तिपुर, (२०६०), पृ. १२६ ।

46= विजय मल्ल, **अनुराधा**, आठौं संस्क. (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. ७७ ।

47= विजय मल्ल, पूर्ववत्, पृ.२३ ।

48= पूर्ववत्, पृ.२१ ।

औपन्यासिक कृति मानिन्छ । **आज रमिता छ** भन्दा अगिका उपन्यासहरूमा केही मात्रामा विसङ्गतिवादी प्रवृत्ति भेट्न सकिन्छ ।

इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा विसङ्गतिको स्वर तिव्र ढङ्गसित आएको छ । दार्जिलिङे सामाजिक जीवनमा आधारित विषयवस्तुलाई अगाडि सारिएको प्रस्तुत उपन्यासमा शीर्षकदेखि कथा योजनासम्म अनि पात्रहरूको चरित्र चित्रणदेखि तिनका संवाद र जीवन भोगाइसम्म सर्वत्र विसङ्गतिकै स्वर टड्कारोसित ध्वनित भएको पाइन्छ । यस उपन्यासमा इन्द्रबहादुर राईले पात्रहरूका माध्यमबाट जीवन र जगत्मा व्याप्त प्रयोजन हीनताको यथार्थ र विसङ्गतिको व्याप्तिलाई छर्लङ्ग पार्न उद्यत देखिएका छन् । यस उपन्यासमा राईले जनक, सीता, रवि, भूदेव, यमुना, एम्.के. आदिजस्ता पात्रहरूका माध्यमबाट विसङ्गतिको प्रयोग गरेका छन् । वास्तवमा नेपाली उपन्यासमा प्रथम विशुद्ध विसङ्गतिवादी उपन्यासको अनुहार हो राईको **आज रमिता छ** उपन्यास ।

नेपाल भित्रबाट विसङ्गतिवादी प्रवृत्तिको प्रयोग उपन्यासकार पारिजातबाट भएको हो । वि.स. २०२२ मा **शिरीषको फूल** उपन्यास लिएर नेपाली उपन्यासका क्षेत्रमा देखा परेकी पारिजातले यस उपन्यासमा सकम्बरी र सुयोगवीरको जीवन भोगाई र कुरा गराईका माध्यमबाट विसङ्गतिवादी अभिव्यक्ति दिएकी छन् । दोस्रो विश्वयुद्धमा बर्मामा जापानीहरूसँग लड्न पुगेको भूतपूर्व सैनिक सुयोगवीर सिंह प्रस्तुत उपन्यासको मञ्चमा विसङ्गतिबोधको संवाहक भएर देखापरेको छ । उपन्यासभित्र सुयोगबीरको जीवन आफैँमा विसङ्गतिको एउटा ठूलो सङ्ग्रहालय बनेको छ । सार्त्रले भनेझैँ सुयोगवीर आफ्नै स्वतन्त्रताबाट सधै आक्रान्त भईरहेको छ तर पनि ऊ आफ्नो स्वतन्त्रताबाट विमुख हुन चाँहदैन हुन सक्दैँन । यस उपन्यासमा उपन्यासकारले पारिस्थितिक संस्कार, जीवन भोगाइ आदिमा रहेको विसङ्गतिलाई उपन्यासमा प्रस्तुत गरेकी छन् । सुयोगवीरले स्वीकारेको छ, अगिका दिनहरूमा यौन उन्मादको उत्तकट अभिलाषाबाट भाग्न विफल भई त्यसको परिपूर्तिको क्रममा उसले तीन तीनओटी आइमाईहरूलाई बलात्कार गरेर मारिसकेको हुन्छ, तर उसका लागि आफ्ना प्रत्यक कार्यको परिणामले केवल विसङ्गतिको बोधमात्र बनेको छ । सुयोगवीरको अभिव्यक्तिमा पारीजातले जीवनको निरर्थकता र व्यर्थतालाई यसरी प्रकट गरेकी छिन् "अन्धकारमा निसास्सिएर मऱ्यौ र कुन दिन म पनि मर्छु, यही हो तिम्रो र मेरो जीवनको मूल्य ।"[५९] विसङ्गति बोधको यो भन्दा सशक्त अभिव्यक्ति अरू के हुन सक्छ ?

पारीजातको दोस्रो उपन्यास **महत्ताहीन** (२०२५) मा स्वास्नीलाई अतिक्रमण गर्नेजस्ता विपरित अर्थवहन गर्ने शब्दको प्रयोगले जीवनको सम्भावित निरर्थक र विसङ्गतिप्रति लक्ष्य गरिएको पाइन्छ । यस उपन्यासमा पनि प्रेम, घृणा, विवाह, यौन, सुख-दुःख, जीवन-मृत्यु, आदिको कहीँ कुनै सङ्गति र मूल्य भेटिदैँन । उपन्यासले परम्परागत सामाजिक मूल्यमान्यतालाई ध्वस्त पारेको छ । उपन्यासको मुख्य पात्र 'म' आफ्नी पत्नीसँग सधै असम्पृक्त बन्दछ, जसको कारण पत्नीले आत्महत्या गर्न पुग्छे तर पत्नीको निधनसँगै ऊ दिनहु भट्टीतिर धाउँछ र नगरवधु शियासँग सम्पृक्त बन्न पुग्दछ । उता शिया कथित गोज्याङ्ग्रो लोग्नेकै सम्मुख अनेकौं भोगेच्छुक भेला पारेर

---

[५९] पारिजात, **शिरीषको फूल**, एघारौँ संस्क. (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ६४ ।

पालैपालो सम्भोग गराउँछे । जीवन जगत्को यस भन्दा महाविसङ्गति अर्को के नै हुन सक्छ र ? यस उपन्यासमा संवाद र कथामा विसङ्गति भेट्न सकिन्छ । त्यस्तै २०४३ सालमा पुस्तकाकार कृतिको रूपमा प्रकाशित **बैंसको मान्छे** उपन्यासमा पनि विसङ्गतिवादी चिन्तन प्रस्ट रूपमा देख्न सकिन्छ । यी उपन्यास भित्रका पात्रहरूले जीवनमा शून्यता, निष्सारता, निरूपाय सिवाय कहीँ कतै सङ्गति भेटाउदैँनन् । उनीहरूले जीवन जगत्, प्रेम आदिलाई निष्सार ठान्छन्; प्रेम, यौन, र विवाह बीच कुनै साइनो देख्दैँनन् ।

विसङ्गतिवादी नेपाली उपन्यास जगत्मा पारिजातपछि यस प्रवृत्ति अँगाल्दै ध्रुवचन्द्र गौतमको आगमान हुन्छ । गौतमका उपन्यासमा धर्म, संस्कृति, राजनीतिक र आर्थिक क्षेत्रमा देखिएका विसङ्गतिलाई विषयवस्तु बनाइएको पाइन्छ । २०२४ सालमा **अन्त्यपछि** उपन्यास प्रकाशित गरेका गौतमले उक्त उपन्यासमा मान्छेको जीवन निष्सार र निरर्थक भएको तथ्य बुझेर पनि मान्छेसित बाँच्नुबाहेक अर्को कुनै विकल्प नभएको देखाउँदै प्रत्येक व्यक्तिले जीवनको परिधिभित्र रहेर आफ्नो अस्तिTवको खोज गर्नु पर्दछ भन्दै मान्छेको जीवनको विसङ्गत पक्षलाई देखाएका छन् । **बालुवामाथि** (२०२८) उपन्यासमा गौतमले 'म' पात्रको केन्द्रीयतामा बालुवामाथिको जीवन बालुवामाथि नै रहेको पुष्टि गरेका छन् । यस उपन्यासमा 'म' पात्र र उसकी पत्नी कमलाले भोगेको जीवनलाई वर्तमानका मान्छेले भागेको विसङ्गतिपूर्ण स्थितिलाई साधारणीकरण गरेर प्रस्तुत गरिएको छ । 'म' पात्र र कमलाले भोगेको जिन्दगी निरस र शुष्क रहेको तथा बालुवाकै किनाराबाटै एक अर्कालाई हेरिरहेको अभिव्यक्तिले जीवनको विसङ्गतिलाई प्रस्टाएको पाइन्छ । पति र पत्नीका बीचमा जुन प्रणय रसको खोला बग्नुपर्नेमा शुष्क बालुवाको नियति भोग्नु जीवनको विसङ्गत पक्ष मानिन्छ । २०३३ सालमा प्रकाशित गौतमको अर्को उपन्यास **डापी**मा विसङ्गतिको आतङ्कपूर्ण कला प्रस्तुत गरेका छन् । यस उपन्यासमा पात्रहरूको जीवन जगत्को विसङ्गत पक्षलाई गौतमले प्रस्तुत गरेका छन् । गौतमका **कट्टेल सरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) लगायत अन्य उपन्यासमा पनि विसङ्गतिवादको यथोचित प्रयोग पाउन सकिन्छ ।

विसङ्गतिवादी प्रवृत्तिको प्रयोगको ˘ङ्खलामा २०२५ सालमा विश्वेश्वरप्रसाद कोइरालाको आगमन हुन्छ । कोइरालाका सबै उपन्यासमा कहीँ न कहीँ विसङ्गतिको आभास पाउन सकिन्छ । **तीन घुम्ति** उपन्यासमा नायिका इन्द्रमायाको अहम्को परिपुष्टि रमेशसँगको यौनिक कार्यबाट प्राप्त गरे पनि सामाजिक मर्यादाको सीमा नाघेर समाजमै मर्यादित जीवनयापनको चाहना रखाइँमा नै विसङ्गति देखिन्छ । आफ्नो लोग्ने हुँदा हुँदै परपुरुषसँगको यौन सहवासबाट शारीरिक र मानसिक सन्तुष्टिको आकाङ्क्षा राख्नु नै सङ्गतिपूर्ण छैन । **नरेन्द्र दाई** उपन्यासमा नरेन्द्र, गौरी र मुनरियाका जीवन भोगाई, निरशा, निरर्थकता र विसङ्गतियुक्त रहेको पाइन्छ । यथार्थमा नरेन्द्र+गौरी र नरेन्द्र+मुनरियाको त्रिकोणात्मक प्रेमको जीवन्तता प्रस्तुत भएको **नरेन्द्र दाई** उपन्यासमा विसङ्गत मानव जीवनलाई देखाउने प्रयास भएको छ[५०] । **सुम्निमा** उपन्यासमा पनि कोइरालाले केही मात्रमा

[५०] भूपति ढकाल, **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण**, पाँचौं संस्क. (काठमाडौं : एबीसी पब्लिसर्स एन्ड डिस्ट्रिब्युट्स प्रा.लि., ३०६७,) पृ. २२५ ।

विसङ्गतिको आभास दिएका छन् । पुलोमा र सोमदत्त दुवै आफ्नो अस्तित्व राख्न विभिन्न यज्ञ अनुष्ठान गरेर समागममा सहभागी भए पनि गर्भाधानका लागि असफल हुनु, निरन्तरको प्रयासमा उनीहरूलाई असफलता मात्रै हात लाग्नुले उनीहरूमा समागमप्रति वितृष्णा पैदा भएको छ । जसका कारण उनीहरूमा निराशा र निरर्थकताले स्थान पाएको छ । एकले अर्कालाई शङ्का गर्नु, आरोप लगाउनु, दुई जनाको बीचमा बोलचाल बन्द हुनु, दुवै छटपटिमा जिउनु र उनीहरूमा व्याप्त निराशा, निरर्थकता र एकाङ्गीपनले गर्दा विसङ्गतिको सिर्जना गरेको छ **सुम्निमा** उपन्यासमा ।

**हिट्लर र यहुदी** उपन्यासमा उपन्यासका थियोडरा, फर्डिनन्ड र इल्जेले भोगेको दुःखद् स्थितिलाई विसङ्गतिबोधको ॅङ्खलामा राखेर हेर्न सकिन्छ । **बाबु, आमा र छोरा** उपन्यासमा मानव जीवन तारतम्य विहीन, असङ्गत र विॅङ्खलित छ भन्ने देखाइएको छ । **बाबु, आमा र छोरा** उपन्यासमा जसरी पनि जीउनु नै नारीको बाध्यात्मक परिस्थितिको यथार्थ प्रस्तुति देखाउँदै सामाजिक विसङ्गतिको चरम रूप देखाइएको छ ।[51] **बाबु, आमा र छोरा** उपन्यासमा छोराकी प्रेमिका बाबुसँग वैवाहिक सम्बन्धमा गाँसिएको नितान्त विसङ्गति भएर सामाजिक कु-संस्कार अगाडि आएको छ । विसङ्गतिमूलक जीवनको चित्रण **मोदिआइन** उपन्यासमा पाइन्छ । युद्ध गरेर धर्मको रक्षागर्ने पाखण्डी प्रवृत्ति विसङ्गतिको चरम नमुना हा[52] भन्न सकिन्छ । कोइरालाका उपन्यासमा कहीँ न कहीँ विसङ्गतिको आभास पाउन सकिन्छ ।

विसङ्गतिवादी उपन्यासको ॅङ्खलामा **चपाईएका अनुहार** (२०३०) उपन्यास लिएर उपन्यासकार दौलतविक्रम बिष्ट देखापरे । **चपाईएका अनुहार**मा मान्छे अर्काका लागि लड्न भनेर जन्मन्छ भने त्यसभन्दा ठूलो श्राप केही हुँदैन भन्दै विसङ्गतिवादी स्वर प्रस्तुत गरेका छन् । पिटर जे. कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे**, सरूभक्तको **पागल वस्ती** (२०४८), **समय त्रासदी** (२०५९), **चुली** (२०६०), **तरूनीको खेती** (२०५३), ध्रुव सापकोटाको **बिखण्डित** लगायतका उपन्यासमा पनि विसङ्गतिवादी प्रवृत्ति भेट्न सकिन्छ ।

विश्व साहित्यमा दोस्रो विश्वयुद्धपछि देखापरेको विसङ्गतिवादी प्रवृत्ति नेपाली उपन्यास जगत्मा वि.स. २०२१ पूर्वका उपन्यासमा छिटफुट रूपमा पाउन सकिन्छ । लैनसिंह वाङ्देलका **मुलुकबाहिर**, **लङ्गडाको साथी** विजय मल्लको **अनुराधा** लगायत अन्य उपन्यासकारका उपन्यासमा विसङ्गतिवादी चिन्तनको प्रयोग समग्र उपन्यासमा नभई कहीँ कतै पाउन सकिन्छ । २०२१ सालमा **आज रमिता छ** उपन्यास प्रकाशित गरेका इन्द्रबहादुर राईले नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी उपन्यास लेखनको प्रवृत्तिलाई स्थापित गर्ने काम गरे । राईको **आज रमिता छ** उपन्यासमा कथ्य र शैली दुवैमा विसङ्गतिको स्वर व्यापक रूपमा घन्केको छ ।

इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासले विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको आधारशीलाको रूपमा आफूलाई स्थापित गरेको छ । यसैको बाटो पच्छाउँदै अन्य उपन्यासकारहरू

---

51= भूपति ढकाल, **वी.पी. कोइरालाका उपन्यासहरूको विचार पक्ष**, (स्याङ्जा : अछरादेवी ढकाल, २०५६), पृ. ३०७ ।

52= कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, तेस्रो संस्क (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. २११ ।

पनि विसङ्गतिवादी उपन्यास लेखनतर्फ अग्रसर भएका छन् । **आज रमिता छ** उपन्यासले नेपाली विसङ्गतिवादी उपन्यास परम्पराको जग बसाल्ने काम गऱ्यो भन्न सकिन्छ । अर्थात **आज रमिता छ** उपन्यास प्रथम विसङ्गतीवादी नेपाली उपन्यास हो भन्नु अनुपयुक्त देखिदैँन ।

परम्परित सिद्धान्त अनुसार उपन्यासमा एउटा सङ्गठित कथा हुन्छ; एउटा केन्द्रीय चरित्र हुन्छ । त्यसभित्र कथा र सहायक पात्र हुन्छन् । सिङ्गो संरचना सकारात्मक अथवा नकारात्मक तत्वलाई भरणपोषण गर्ने रूपमा स्थापित भएको हुन्छ तर यस उपन्यासमा पात्रगत केन्द्रीयता खण्डित छ । दार्जिलिङको चोक बजारमा चलिरहेको जनक र सीताको जीवनलाई मूलकथा बनाएर लेखिएको यस उपन्यासमा पात्रहरूको विसङ्गत जीवनलाई प्रस्तुत गरिएको छ । यस उपन्यासका सम्पूर्ण पात्रहरू विसङ्गतिको भुग्रोमा परेका छन् । समय र परिस्थितिका प्रताडनाबाट पीडित अवस्थाको जीवनचर्यालाई उपन्यासले विषयवस्तुको रूपमा प्रस्तुत गरेको छ । राईले परम्परागत उपन्यास लेखनको मान्यतालाई पूर्णरूपमा बहिष्कृत गरेर यस उपन्यासको लेखनकार्य सम्पन्न गरेका छन् ।

भत्कोषहरूले भरिपूर्ण जीवन आफूले सोचे जस्तो, भने जस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ । यही सङ्गतिहीनताको अवस्थालाई लेखकले शीर्षकदेखि नै देखाउँन सुरु गरेका छन् । धेरैका सङ्गत, असङ्गत धारणा, भोगाई, व्यवहार र चिन्तनको थलो भएर दार्जिलिङे जीवनले देखाएको त्रासद रमिता उपन्यासमा गम्भीर प्रकृतिले आएको छ । परम्परित उपन्यासका तुलनामा भन्दा भिन्न तरिकाले पृथक जीवन मूल्यलाई बोकेर आएको यो उपन्यास कार्यकारण ˘ङ्खलामा व्यवस्थित छैन । अघिल्ला उपन्यासको जस्तो यस उपन्यासको कथानकमा सङ्गति पाइँदैन । **आज रमिता छ** उपन्यास धेरैवटा जीवनको कथा हो । त्यसैले यसको कथानक परम्परागत उपन्यासको जस्तै ˘ङ्खलाबद्ध भएर एउटै नायक/नयिकाको विषयवस्तुमा उनिएको छैन तर सबै जीवनकथाको समुच्चय ˘ङ्खलाबद्धताले एउटा समाजको एउटा परिवेशको र एउटा समयको कथा भन्ने सामर्थ्य यस उपन्यासले बोकेको छ ।

सामाजिक यथार्थताको उत्तर प्राप्ति र आयामिक विसङ्गतिको पूर्वाभासको रूपमा रहेको छ **आज रमिता छ** उपन्यास । सङ्गतिहीन जीवनलाई सङ्गतिमा बाध्ने तथा भूत र भविताका बीचमा बाँधिएको जीवनलाई मूल्य दिने प्रयासमा एउटा जीवनवृत्त तयार भएको छ । प्रस्तुत उपन्यासमा कथानक र घटनाको सुव्यवस्थित भाव र प्रविधिको आधारमा साहित्य सिर्जना नगरी सृजित जीवनको वि˘ङ्खलता आदि समेतको अवस्थालाई समिकरण गर्ने प्रयत्न गरेको देखिन्छ ।

विसङ्गतिवादी उपन्यास परम्पराको श्री गणेश गर्ने **आज रमिता छ** उपन्यासमा शीर्षकदेखि कथा योजनासम्म अनि पात्रहरूको चरित्र चित्रणदेखि तिनका संवाद र जीवन भोगाइ सम्म सर्वत्र विसङ्गतिकै स्वर टङ्कारोसित ध्वनित भएको छ । उपन्यास लेखनको परम्परागत सिद्धान्तका विरूद्ध लेखिएको यो उपन्यास विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको उत्कृष्ट र सफल उपन्यास हो । **आज रमिता छ** उपन्यासको उपस्थितिले नै नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी उपन्यास परम्पराको स्थापना गऱ्यो भन्न सकिन्छ ।

समग्रमा आधुनिक नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी प्रवृत्तिको पहिलो उपन्यास हो **आज रमिता छ** उपन्यास । **आज रमिता छ** उपन्यासका माध्यमबाट विसङ्गत मानव जीवन र त्यसका सम्पर्कमा रहेका अनेकानेक प्रतिक्रिया समेतको अर्थ उद्‌बोधन गर्न चाहेका छन् उपन्यासकार इन्द्रबहादुर राईले । भाषा र शिल्पको असैद्धान्तिक सङ्गठनमा निर्मित प्रस्तुत उपन्यास आफैँमा एउटा विसङ्गति बनेको छ । विसङ्गतिपूर्ण जीवन बाँचेका यस उपन्यासका पात्रको चरित्र चित्रण उपन्यासद्वारा प्रवाहित दर्शनका आधारमा विसङ्गत पाराले गरिएको छ । पात्रको स्वभावमा गतिशिलता भए पनि उपन्यासकारका चिन्तनमा गतिशिलता उम्रिन सकेका छैनन् । चेतन प्रवाहको सन्दर्भ आभास हुने **आज रमिता छ** उपन्यास प्रस्तुतिका दृष्टिले एउटा रमिताको आयोजना ठहरेको छ र विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको पहिलो विसङ्गत उपन्याको स्थान प्राप्त गर्न सफल भएको छ ।

## ३.३ निष्कर्ष

विश्व साहित्यको इतिहासमा देखापरेको विसङ्गतिवादी नेपाली उपन्यास परम्परामा २०२१ सालमा इन्द्रबहादुर राईद्वारा प्रकाशित **आज रमिता छ** उपन्यासबाट आरम्भ भएको हो । राईले एउटमात्र उपन्यास लेखे पनि नेपाली सहित्य जगत्‌मा एउटा चिन्तन वा मान्यता धाराको स्थिापित गराउँन सफल भएका छन् । इन्द्रबहादुर राईले आरम्भ गरेको मान्छेको जीवन जगत्‌मा रहेका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक आदि क्षेत्रमा देखापरेका विसङ्गत पक्षलाई साहित्यकामाध्यमद्वारा प्रस्तुत गर्ने शैली अङ्गाल्दै विश्वेश्वरप्रसाद कोइराला, दौलतबिक्रम विष्ट, पारिजात, ध्रुवचन्द्र गौतम, पिटर जे कर्थक, ध्रुव सापकोटा, सरूभक्त लगायतका उपन्यासकारहरू देखा परेका छन् । **आज रमिता छ** उपन्यासले नेपाली उपन्यास जगत्‌मा पहिलो विसङ्गतिवादी उपन्यासको रूपमा आफ्नो उपस्थिति देखाएको छ । यस उपन्यासमा इन्द्रबहादुर राइले दार्जिलिङे जनजीवनले भोगेको जीवनको विसङ्गत पक्षलाई प्रस्ट रूपमा देखाएका छन् । राईको **आज रमिता छ** उपन्यास विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको प्रथम र उत्कृष्ट उपन्यास हो । त्यसैले नेपाली उपन्यासका क्षेत्रमा **आज रमिता छ** उपन्यासले उच्च स्थान प्राप्त गरेको छ र नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी उपन्यास लेखनको मान्यतालाई अनुशरण गरेर लेखिएको हुनाले प्रथम विसङ्गतिवादी उपन्यासको स्थान प्राप्त गर्न सफल भएको छ ।

# परिच्छेद चार

## 'आज रमिता छ' उपन्यासमा विसङ्गतिवादको प्रयोग

### ४.१ विषय परिचय

नेपाली साहित्यको इतिहासमा आयामेली आन्दोलन, लीला लेखन अन्तर्गत परम्परामुक्त कथाको संरचना र रूपविन्यास स्थापित गर्ने इन्द्रबहादुर राईको जन्म वि.स. १९८४ माघ १७ गते सोमबार तदअनुसार ३ फरवरी १९२७ मा भारतको पश्चिम बङ्गाल राज्य अन्तर्गत पर्ने दार्जिलिङ् जिल्लाको बालसिन भन्ने ठाउँमा मजदुर परिवारमा भएको हो । इन्द्रबहादुर राईको जन्म मितिका बारेमा विविध मत मतान्तरहरू पाइन्छन् । उत्तम कुँवरले वि.सं. १९८४ माघ १७ गते,[53] राजनारायण प्रधानले वि.सं. १९८५,[54] दयाराम श्रेष्ठले वि.सं. १९८६ (इ.सं. १९२९),[55] तारानाथ शर्माले वि.सं. १९८७,[56] राजेन्द्र सुवेदीले वि.सं. १९८६,[57] शंकर सुब्बाले वि.सं. १९८७,[58] विष्णुप्रसाद पौडेलले वि.सं. १९८६ तद्अनुसार २ मार्च १९२९,[59] टी.वी. चन्द्र सुब्बाले वि.सं. १९८४ माघ १७ गते (३ फरवरी १९२७),[60] सुजातारानी राईले वि.सं. १९८४ (इ.सं. १९२७),[61] सन्ध्या पहाडीले वि.सं. १९८४ माघ १७,[62] अविनाश श्रेष्ठले वि.सं. १९८४ माघ १७,[63] उपन्यासकार स्वयम्ले आफ्नो जन्मका बारेमा निम्नकुरा लेखेका छन्-"म ता रूखदेखि खसेको थिए बाबुले भन्नु भएको...त्यसै र म माघको सगरमा थोरै बादल हेर्दै एक नाभबाट झरे र त्यो रात बालसिनको हिउँदे बगरमा उभिएको एक अग्लो टूनिको वृक्षमा बास बसी, जस्तो अघि नै बताइयो, भोलिपल्ट बिहान रूखबाट खसे ।" राईको जन्मको बारेमा १९८४, १९८५, १९८६ र १९८७ जस्ता मिति उल्लेख गरेको पाइन्छ तर स्वयम् इन्द्रबहादुर राईले विभिन्न समयमा दिएका अन्तर्वार्तामा १९८४ माघ १७ गते बताएका छन् ।[64] राईको जन्मको बारेमा विभिन्न व्यक्तिहरूले विभिन्न मिति उल्लेख गरे तापनि धेरैजसो नेपाली साहित्यमा वि.सं. १९८४ माघ १७ गते नै प्रचलित रहेको र स्वयम् राईले पनि बिभिन्न अन्तर्वार्ताहरूमा १९८४ माघ १७ गते भनी उल्लेख

---

53= उत्तम कुँवर, **स्रष्टा साहित्य**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३७), पृ. ३५३ ।

54= राजनारायण प्रधान, **केही कृति केही स्मृति**, (दार्जिलिङ : नेपाली साहित्य परिषद, २०३०), पृ. २०६ ।

55= दयाराम श्रेष्ठ, **नेपाली साहित्यका केही पृष्ठ**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४१), पृ. १९१ ।

56= तारानाथ शर्मा, **नेपाली साहित्यको ऐतिहासकि परिचय**, (काठमाडौँ : सहयोगी प्रकाशन, २०२९), पृ. ८१ ।

57= राजेन्द्र सुवेदी, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, (वाराणसी : भूमिका प्रकाशन, २०६१), पृ. १६९ ।

58= शंकर सुब्बा, **साहित्यकार इन्द्रबहादुर राईको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ( काठामाडौँ : त्रिभुवन विश्वविद्यालय, २०३८) पृ. ५० ।

59= विष्णुप्रसाद पौडेल, **उपन्यासकार इन्द्रबहादुर राई**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, २०४४), पृ. परिशिष्ट क ।

60= टी.बी. चन्द्र सुब्बा, **इन्द्रबहादुर राई, व्यक्ति कृति र कार्य**, (गान्तोक : किनार प्रकाशन, २०६१), पृ. १३ ।

61= सुजातारानी राई, **इन्द्र सम्पूर्ण** ग्रन्थ १, (सिक्किम : निर्माण प्रकाशन, सन् २००४), पृ. प्रस्तावना ।

62= सन्ध्या पहाडी, *इन्द्रबहादुर राईसँग वार्ता*, **गरिमा**, (वर्ष २३ अङ्क ११ पूर्णाङ्क २७५, कार्तिक २०६२), पृ. १२९ ।

63= अविनाश श्रेष्ठ, *भेटवार्ता इन्द्रबहादुर राईसँग*, **गरिमा**, (वर्ष ४ अङ्क ३ फागुन २०४२), पृ. ६ ।

64= इन्द्रबहादुर राई, **टिपेका टिप्पणीहरू**, (दार्जिलिङ : नेपाली साहित्य परिषद्, सन् १९६६), पृ. ३०-३२ ।

गरेकाले इन्द्रबहादुर राईको जन्म वि.सं. १९८४ माघ १७ (तद्अनुरूप ३ फरवरी सन् १९२७) गते भएको हो भनेर ठोकुवा गर्न सकिन्छ ।

सन् १९४६ मा प्रथम श्रेणीमा म्याट्रिकुलेसन गरेर भारतको जोसेफ महाविद्यालयबाट सन् १९४८ मा आई.ए. प्रथम श्रेणीमा उत्तीर्ण गरेका राई सन् १९५० मा त्यसै महाविद्यालयबाट स्नातक तहमा विशिष्ट श्रेणी ल्याउन सफल भए । सन् १९७० (वि.सं. २०२७) सालमा उत्तरबङ्गाल विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. र कानुनमा स्नातक (वि.एल.) हासिल गरेका राई दीर्घजीवी साहित्यकार हुन् ।'[65] वस्तुपरक यथार्थ जगत्बाट अन्तःयथार्थको जगत्भित्र प्रवेश गर्दै मुख्यतः जीवनको सत्यसन्धान गर्ने अमूर्त शैलीका प्रबुद्ध कथाकार हुन् इन्द्रबहादुर राई । तेस्रो आयाम र लीलालेखन अन्तर्गत उनले परम्परामुक्त कथाको संरचना र रूपविन्यास स्थापित गरी वर्तमान सन्दर्भमा मान्छे भित्रको भावना र विचारको व्यापक परिधिलाई समेटेर नयाँ मान्यतालाई प्रस्तुत गरेका छन् । बीसौँ शताब्दीको विसङ्गति र मानव जातिका सन्त्रास, अर्थहीनता तथा पराजित नियतिलाई कथामा चित्रात्मक रूपमा उतार्न सक्नु उनको उच्च कथा प्रतिभाको द्योत्तक हो ।

२०१६ सालमा **रातभरि हुरी चल्यो** शीर्षकको सामाजिक यथार्थवादी कथा लिएर नेपाली साहित्यमा देखापरेका राईले वर्तमान समयसम्म पनि साहित्य सिर्जनामा निरन्तरता दिइरहेका छन् । कथा लेखनमा सामाजिक यथार्थवादबाट थालनी गरेर प्रयोगवादी लेखन हुँदै लीलालेखन सम्मको नवीन प्रयोगमा उनी सफल कथाकार मानिन्छन् भने एकमात्र उपन्यास **आज रमिता छ** लेखेर नेपाली उपन्यास परम्परामा नवीन शैलीको स्थापना गर्न सफल देखिन्छन् । विश्व साहित्यमा दोस्रो विश्वयुद्धपछि देखापरेको विसङ्गतिवादी साहित्य लेखनको प्रभावमा परेर राईले **आज रमिता छ** उपन्यास लेखेका छन् ।

कथा, उपन्यास र समालोचनाका क्षेत्रमा उत्कृष्टता हासिल गरेका राई नेपाली साहित्यमा सिद्धान्त निर्माताका रूपमा पनि चिनिन्छन् । वि.सं. २००२ देखि साहित्य लेखनमा कलम चलाएका राई तेस्रो आयाम आन्दोलनका प्रवर्तकमध्ये एक प्रवर्तक हुन् । इन्द्रबहादुर राईले कथाक्षेत्रमा तेस्रो आयामको प्रयोग गरेर सार्थक कथा लेखनमा विनिर्माणवादी नेपाली आन्दोलन, लीला लेखनको समेत प्रवर्तन र प्रयोग गर्ने काम गरे । **आज रमिता छ** शीर्षकको एउटामात्र उपन्यास लेखेर नेपाली उपन्यास लेखन मान्यताप्रति विद्रोह गर्दै विसङ्गतिवादी उपन्यास लेखनको स्पष्ट रूपमा आरम्भ गरे । यसका साथै **आज रमिता छ** उपन्यासमा तेस्रो आयाम आन्दोलनको आयामिक प्रयोगलाई प्रयोग गरेर प्रयोगवादी उपन्यासको थालनी गरेका छन् । **आज रमिता छ** उपन्यासमा विसङ्गतिबाट अस्तित्व खोज्ने काम भएको छ । यस उपन्यासमा दार्जिलिङे सिङ्गो चित्र उतारिएको छ, भाषा शैलीमा नवीनता छ, कथानक विशृङ्खलित छ । राईले एउटा मात्र उपन्यास लेखे पनि त्यसले नेपाली साहित्यमा कोशे ढुङ्गोको काम गरेको छ ।

---

65 टी.वी. चन्द्र सुब्बा, पूर्ववत्, पृ. ६१ ।

इन्द्रबहादुर राईद्वारा लिखित **आज रमिता छ** उपन्यास विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको उत्कृष्ट उपन्यास हो । पाँचौ संस्करण (२०६२) मा आइपुग्दा १४५ पृष्ठमा संरचित यस उपन्यासको लेखन ई.सं. १९५९ मा र प्रकाशन १९६४ मा भएको हो ।[66] यस उपन्यासमा दार्जिलिङको मध्यम वर्गीय नेपाली जीवन प्रस्तुत भएको छ । उपन्यासको विकासक्रमको सापेक्षतामा विसङ्गतिवादी उपन्यासकारका रूपमा यसको महत्व स्थापित छ । नेपाली साहित्य जगत्मा विसङ्गतिपूर्ण स्थितिलाई उपन्यासभित्र देखाउने प्रथम जमर्को यस उपन्यासमा भएको अनुभव हुन्छ । कृष्णहरि बराल र नेत्र एटमले नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) बाट भएको मानिन्छ[67] भनेका छन् । **आज रमिता छ** यस्तो औपन्यासिक कृति हो, जसमा राईले मूल कथ्य र पात्र विधानका बीच सङ्गतिलाई प्रस्तुत गरेका छन् । उपन्यासको शीर्षक **आज रमिता छ** र प्रत्येक पात्रहरूको क्रियाकलाप ठीक उल्टो छ । यस उपन्यासले मानवीय जीवनका विसङ्गत पक्षको यथार्थजन्य चित्रण गरेको छ ।

**आज रमिता छ**को विशिष्टता केही मात्रामा विसङ्गतिको स्थापना गर्नमा छ । भत्कोषहरूले भरिपूर्ण जीवन आफूले सोचे जस्तो, भने जस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ । यही सङ्गतिहीनताको अवस्थालाई लेखकले नामकरणदेखि देखाउन सुरु गरेका छन् । अभिधात्मक अर्थमा औपन्यासिक शीर्षकले रमिता देखाउन सफल छैन, यसले वि ॅङ्खलताको प्रतिनिधित्व गरेको छ । विसङ्गतिवादी जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्ने यस उपन्यासको प्रमुख प्राप्ति नै विसङ्गत जीवनदृष्टि हो । व्यक्तिले जीवनमा भोग्नुपर्ने विवशता, वाध्यता र अर्थहीनतालाई प्रस्तुत गर्नु यस उपन्यास लेखनको लक्ष्य हो । यस उपन्यासमा जीवनको विसङ्गतिलाई विवशता, वाध्यता, अर्थहीनता, विकृति र वेमेल जस्ता विविध सन्दर्भ अनुरूप परिपुष्ट पारेर प्रस्तुत गरिएको छ ।

सामाजिक यथार्थताको उत्तर प्राप्ति र आयामिक विसङ्गतिको पूर्वाभ्यासको रूपमा रहेको **आज रमिता छ** उपन्यास सङ्गतिहीन जीवनलाई सङ्गतिमा बाँध्ने तथा भूत र भविताका बीचमा बाँधिएको जीवनलाई मूल्य दिने प्रयासमा एउटा जीवनवृत्त तयार भएको छ । प्रस्तुत उपन्यासमा कथानक र घटनाको सुव्यवस्थित भाव र प्रविधिको आधारमा साहित्य सिर्जना नगरी सृजित जीवनको वि ॅङ्खलता आदि समेतको अवस्थालाई समीकरण गर्ने प्रयत्न गरेको देखिन्छ । कथ्य र शैली दुवैका स्तरमा विसङ्गतिलाई प्रस्तुत गरिएको यस उपन्यासमा जीवनका बाटाहरूमा देखिने, भेटिने यथार्थमा आधारित पात्रहरू समावेश गरिएका छन् । **आज रमिता छ** उपन्यास शिल्प संरचना र कथ्य दुवै दृष्टिले नवीन ढाँचामा लेखिएको छ भन्दै निष्ठावान इमान्दार व्यक्तिको पराजय र दुष्ट व्यक्तिको विजयतर्फ सङ्केत गरिएकाले उपन्यासमा विसङ्गतिकै प्रवलता रहेको छ ।[68] जीवनलाई पानीमा बग्ने हरियो पातका रूपमा हेरेर दार्जिलिङको पर्यावरण र अधिसूक्ष्म विश्लेषणका रूपमा देखापरेको छ **आज रमिता छ** उपन्यास । परिवेशमा सङ्गति र सम्बद्धता

---

66= पूर्ववत्, ।

67= कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १३५ ।

68= खगेन्द्रप्रसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास**, (काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६९), पृ. १७१ ।

नरहेको यस उपन्यासमा अन्वितिमूलक संरचना शिल्पका दृष्टिले स्थान, समय र चरित्रको अन्वितिहीनताको प्रयोग भएको छ । बाँच्ने क्रममा जुट्ने एउटा समय र त्यसका भोगका बिन्दुमा जुट्न आउने पुञ्ज नै जीवन हो । आफ्नो जीवनलाई यसरी बाँच्छु भन्ने योजना नबनीकन पनि योजनावद्ध जीवन बनिदिन्छ । अनि यस जीवनलाई यसरी भोगिदिन्छु भन्ने योजना बनाए पनि त्यसरी बाँच्ने अवस्था प्राप्त गर्न सकिन्न ।

**आज रमिता छ** उपन्यासमा परम्परित सिद्धान्त अनुसारको सङ्गठित कथानक, केन्द्रीय चरित्र, निश्चित समय प्रवाह आदि रहेका छैनन् । यसमा पात्रगत केन्द्रीयता खण्डित रहेको छ । समय र परिस्थितिका प्रताडनाबाट पीडित अवस्थाको जीवनचर्चा उपन्यासले विषयवस्तुको रूपमा ग्रहण गरेको छ । जनकको पिताको सुनौलो सपना बोकेको जनकको स्कुलको जीवनबाट उपन्यास आरम्भ भएको छ । छोरा जनक र पालित नाति रविको जीवनको मूलभूत उपलब्धि प्रस्तुत गरिसकेपछि उपन्यास समाप्त गर्ने राईको अन्त स्वीकृतबाट जीवन अनुकूल छैन भन्ने कुरा स्पष्ट हुन्छ । जीवन सलक्क मिलेर चलेको छैन, सङ्केतात्मक अभिव्यञ्जनाको आलोकबाट पर्यवेक्षण गरेपछि मात्र जीवन जसोतसो चलिरहेको छ भन्ने बोध उपन्यासको अध्यनबाट हुन्छ ।

**आज रमिता छ** उपन्यास समग्रमै विसङ्गतिवादी मान्यतामा आधारित छ । उपन्यासको मूलकथ्य नै विसङ्गत छ । उपन्यासमा वर्णित घटनाको व्यतिरेकमा यसको नामकरण गरिएको छ । उपन्यासका सबै पात्रहरू असन्तोष, निराशा, चिन्ता आदिबाट ग्रसित छन् । उनीहरूको जीवन कत्ति पनि रमाइलो छैन । यसमा घटित हरेक घटनामा विसङ्गतिको बोध हुन्छ । व्यक्ति चित्रणमा आधारित समाज चित्रण यस उपन्यासको नवीन उपलब्धि हो । यस उपन्यासका सम्पूर्ण पात्रहरू व्यक्ति चरित्रमा आधारित छन् । व्यक्ति चरित्रका माध्यमबाट समाजको चित्रण गर्ने वा समाजको तस्बिर उतार्ने प्रयास यसमा गरिएको छ । उपन्यासकार इन्द्रबहादुर राईले भनेका छन्-*सामाजिक जीवनको यथार्थ देखाउन रूपमती लेखियो, जातीय जीवनको यथार्थ देखाउँन भ्रमर र मुलुकबाहिर लेखियो; यथार्थ देखाउन **आज रमिता छ,** मैले लेखेको हु ...।* मैले दिन खोजेको यथार्थ अलि भिन्नै जीवनको पर्याय हो ।

विसङ्गतिवादी जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्ने यस उपन्यासको प्रमुख प्राप्ति नै विसङ्गत जीवनदृष्टि हो । व्यक्तिले जीवनमा भोग्नुपर्ने विवशता, वाध्यता र अर्थहीनतालाई प्रस्तुत गर्नु यस उपन्यास लेखनको लक्ष्य हो । उपन्यास लेखनको उद्देश्यबारे राई लेख्छन् "मैले देखें जीवन चलिरहेछ तर सु-व्यवस्थित भई यो ठिक्क ठिक्क मिलेर चलेको छैन । यो उपन्यासलाई मैले त्यसरी नै नमिलाएको छु ।"(भूमिका) सैद्धान्तिक प्रयोगको तीव्र उपेक्षा भएको प्रस्तुत उपन्यासमा अविन्यस्त र खण्डित वस्तुको समीकृत परिणति र प्राप्त विसङ्गतिबोधको मूर्तरूप मानेका छन् जीवनलाई, यी तत्वहरूलाई तीव्र रूपमा जीवनले बोध गरेपछि व्यापक परिवृत्तिभित्र देखापर्नेजीवनका कणहरूले प्रस्तुत उपन्यासभित्र खण्डित र विकीर्ण तत्वहरूमा एउटा ठोस अनुभूति बोधको वस्तुतत्व ग्रहण भएको देखिन्छ जीवनमा । उपन्यासकारको स्वीकारोक्तिमा जीवन गतिशील नदीको प्रवाहमा बग्ने पात हो; जीवन रहेसम्म सो पात हरियो पात र जीवन पर्यन्त सुख्खा पात मात्र ।

**आज रमिता छ** उपन्यास परिच्छेद वा अध्यायमा बाँडिएको छैन । दार्जिलिङको सिङ्गो जीवनको चित्रण गर्ने उद्देश्यले लेखिएको यस उपन्यासमा जीवनलाई अनेक परिच्छेदमा बाँढ्न सकिदैँन भन्ने लेखकको ठमाइ छ । परिच्छेदमा नबाँड्दा यसले जीवनको बढी यथार्थ अभिव्यक्त गर्न सकेको छ; यो यस उपन्यासको नवीन प्रयोग हो । यस उपन्यासमा परम्परित उपन्यासहरूमा जस्तो सु-सङ्गठित र ˘ङ्खलित कथावस्तु छैन । यस उपन्यासमा अनावश्यक वा असम्बद्ध पात्रहरूको समावेश भएको छ । यसरी उपन्यासको सम्पूर्णतासँग सम्वद्ध नभएका पात्रहरू यस उपन्यासमा छन् । स्वयम् उपन्यासकारले उक्त कुरालाई स्वीकारेका छन्-*नचाहिने पात्र उपन्यासमा हुनु हुँदैन भन्छन् तर यस उपन्यासमा त्यस्ता पात्रहरू छन् उपन्यासमा तिनीहरूको आवश्यकता नै नभए पनि, कारण मैले देखेको संसारमा चाहिने मान्छेहरू मात्रै छैनन्* (भूमिका) । उपन्यासकारकै आत्मस्वीकृतिबाट प्रस्ट हुन्छ कि यस उपन्यासमा अनावश्यक पात्रहरू पनि छन् ।

पात्र वा चरित्रको चयनमा पनि यस उपन्यासमा यथार्थलाई अपनाइएको छ । उपन्यासमा सहभागी पात्रको नामकरण व्यतिरेक ढाँचामा गरिएको र तिनको नाम र काममा पूर्णतः व्यतिरेक सम्बन्ध रहेको छ भन्दै कतै पनि रमिता नभएको विसङ्गत घटना, परिवेश चित्रित यस उपन्यासको शीर्षकले पनि व्यतिरेक अर्थ बहन गरेको छ र उपन्यास समग्रतामा औपन्यासिक तŒवकै आधारमा विसङ्गत रहेको छ । उपन्यासमा प्रयोग गरिएको विचलनले पनि उपन्यासलाई विसङ्गत बनाएको छ ।[७९] तत्कालीन समयको सामाजिक, आर्थिक, राजनैतिक आदि सम्पूर्ण पक्षको प्रतिनिधिTव हुने गरी यस उपन्यासमा पात्रको चयन गरिएको छ । यथार्थको अङ्कन लेखकको अभिप्राय भएकाले **आज रमिता छ** मा त्यसै अनुरूपको भाषाको प्रयोग पाइन्छ । स्थानीय वस्तु विशेषक वा संस्कृत टीकाद्योत्तक शब्दको प्रयोग, व्यक्ति बोलीको विशेषता, विज्ञान र व्यावसायका क्षेत्रमा प्रयुक्त शब्दावली, दार्जिलिङे नेपाली भाषिका, विभिन्न जातिको भाषामा रहेका शब्दावलीको प्रयोगले यस उपन्यासलाई बढी यथार्थ रूपमा प्रस्तुत गरेको छ ।

उपन्यासकार प्रवासी हुन् तापनि उपन्यासमा नेपालप्रति उनको ममता व्यापक भएको छ । नेपालप्रतिको ममतालाई जनकका माध्यमद्वारा उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् : *हामी त पस्यौँ पस्यौँ स्वदेश छोडेर, त्यो मुजुर पनि हामी जस्तै मुग्लान पस्न लागेको...देखेरै पनि फेरि नेपाल भित्रै हालि राखेको छु* (पृ. १०) । यसरी प्रवासी नेपालीहरूको नेपालप्रतिको माया छ भन्ने यथार्थ कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ । उपन्यासमा उपन्यासकार राईले समसामयिक घटना र परिस्थितिको चर्चा गरेका छन् । यस दृष्टिले द्वितीय विश्वयुद्ध, भारतीय स्वतन्त्रता सङ्ग्राम, स्थानीय कमानका मजदुरको समस्या र तिनीहरूको प्रतिक्रियालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी व्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना र परिवेशको चित्रण गरेर तत्कालीन दार्जिलिङको यथार्थ चित्र उतार्ने प्रयास यस उपन्यासमा भएको छ । दार्जिलिङको जीवन कष्टप्रद छ भन्ने देखाउनु नै यस उपन्यासको उद्देश्य रहेको छ ।

---

[७९] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत, पृ. १७१-१७२ ।

अन्तमा **आज रमिता छ** उपन्यास मनोविश्लेषणात्मक शैलीमा उतारिएको स्वच्छन्दतावादी, यथार्थवादी अर्थात् विशुद्ध सामाजिक यथार्थवादी उपन्यास बन्न सफल भएको छ । यस उपन्यासले बृहत् परिवेशमा वि ॅङ्खलित, विसङ्गत मानव जीवनको यथार्थलाई स्पष्ट दर्साएको पाइन्छ । नेपाली सहित्यका सर्वश्रेष्ठ पुरुष इन्द्रबहादुर राईले केवल एउटा मात्र उपन्यास लेखे तापनि अन्य विभिन्न औपन्यासिक परिवेशमा **आज रमिता छ**ले हलचल नै मच्चाइ दिएको छ । मान्छेका विसङ्गत पक्षलाई चित्रण गर्दै यस उपन्यासले आजको रमिता भोलि पनि हुनेछ, हिजो पनि थियो र भविष्यसम्म पनि यथावत रहने छ भन्ने यथार्थलाई व्यक्ताइ दिएको छ । यस उपन्यासका माध्यमबाट उपन्यासकार राईले विसङ्गत मानवजीवन र त्यसका सम्पर्कमा रहेका अनेकानेक प्रतिक्रिया समेतको अर्थ उद्बोदन गर्न चाहेका छन् । भाषा र शिल्पको असैद्धान्तिक सङ्गठनमा निर्मित प्रस्तुत उपन्यास आफैँमा एउटा विसङ्गति बनेको छ ।

## ४.२ 'आज रमिता छ' उपन्यासको विसङ्गतिपरक अध्ययन

प्रथम र दोस्रो विश्वयुद्धको मानवविरोधी युद्ध विभीषिकाको पृष्ठभूमिमा जन्मिएको आस्थाको केन्द्रहरू प्रतिको मान्छेको अविश्वास एवम् त्यस अविश्वासको परिणति स्वरूपका निराशाबोध, पीडाबोध, निष्सारता र विसङ्गतिबोधको उद्बोधन गर्ने आन्दोलनकै रूपमा दोस्रो विश्वयुद्धपछि विसङ्गतिवाद व्यापक रूपमा देखापरेको हो । फ्रान्सेली चिन्तक, साहित्यकार अल्वर्ट कामुको **द मिथ अफ सिसिफस** (१९४२) ले विसङ्गतिवादी चिन्तनलाई प्रथम पटक घोषित रूपमा उल्लेख तथा व्याख्या गरिएको मानिन्छ ।

दोस्रो विश्वयुद्धपछि युरोपबाट अमेरिका हुँदै विश्वभरका साहित्यमा छाएको विसङ्गतिवादलाई स्पष्ट रूपमा नेपाली साहित्यमा भित्राउने काम मोहन कोइरालाले गरेको पाइन्छ । २०१३ सालमा **इन्द्रेणी** पत्रिकामा प्रकाशित कविताहरूमा विसङ्गतिवादी जीवनदृष्टि पाइन्छ । आख्यानका क्षेत्रमा विसङ्गतिवादको स्पष्ट प्रयोग वि.सं. २०२१ मा प्रकाशित इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा पाउन सकिन्छ । यही परम्परामा प्रथम विसङ्गतिवादी नेपाली उपन्यासका रूपमा देखापरेको इन्द्रबहादुर राईद्वारा लिखित **आज रमिता छ** (२०२१) उपन्यासलाई विसङ्गतिवादी चिन्तन दृष्टिबाट अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ ।

### ४.२.१ संरचनात्मक पक्षमा विसङ्गति

नेपाली उपन्यास परम्परामा नयाँ प्रयोग बोकेर झुल्किएको **आज रमिता छ** उपन्यासको संरचना नितान्त नौलो छ । त्यसैले यसको संरचना पक्षमै नवीनता पाइन्छ । उपन्यासकार राईको उपन्यास लेखनको अभीष्ट पनि नवीन प्रयोगको ढोका उघार्नु नै देखिन्छ । जस्तो कि उपन्यासको भूमिकामा राईले भनेका छन्- *साहित्यले जीवन र जगत्को अनुकरण गर्छ तर परिष्कृत अनुकरण ठेलीहरूमा लेखिएको सिद्धान्त यही छ । त्यस सिद्धान्तसँग क्रोध छ यस उपन्यासमा* (भूमिका) । यसबाट उपन्यास लेखनमा नवीन प्रयोगको थालनी राईको पूर्वयोजना नै थियो भन्ने स्पष्ट हुन्छ र यो प्रयोगको चिन्तन मार्ग चाहिँ उनले विसङ्गतिवादी चिन्तनलाई नै बनाए । उपन्यासमा उपन्यासलाई जीवन जस्तै देखाउन अथवा भाव वा कथ्यमा नयाँपन ल्याउन नवीन शैलीको खोजी

गर्नु थियो उपन्यासकार राईलाई । यसकारण नवीन मूल्यको सम्प्रेषण परम्परा भिन्न शैली मार्फत् गर्नु आवस्यक देखेका राईले खोजी गरेको युगीन मूल्यहरूको स्थापना विसङ्गतिवादी औपन्यासिक प्रस्तुतीकरणबाट मात्र सम्भव थियो । **आज रमिता छ** दार्जिलिङका उपन्यास परिपाटिदेखि मुक्त उपन्यास हो र सामयिक सामाजिक समस्याको झलक यस उपन्यासमा पाइन्छ[70] भन्ने टिप्पणी गर्दै **आज रमिता छ** उपन्यासको शैलीगत नवीनतालाई शान्तिराज शर्माले सङ्केत गरेको देखिन्छ ।

परम्परा भिन्न यो प्रस्तुतिमा वर्तमानका वि`ङ्खलित एवम् विसङ्गतिका पक्षहरूलाई प्रतिनिधिTव गर्दै उपन्यासमा घटित घटनाहरूको घटना योजना प्रकृया अत्यन्तै अव्यवस्थित रूपमा राखिएको छ । यस उपन्यासमा वि`ङ्खलित संरचनाहीन संरचना प्रस्तुत गरिएको छ । १४५ (पाँचौ संस्करण) पृष्ठमा संरचित यस उपन्यासको कथावस्तु अव्यवस्थित रुपमा विन्यस्त छ । उपन्यासलाई औपचारिक रूपमा खण्ड विभाजन नगरी सुरुदेखि अन्तसम्म कथावस्तु वर्णन र चरित्रको चित्रण भए पनि प्रायः नयाँ प्रसङ्गमा परिच्छेद मिलाइएको छ । यस आधारमा ६२ वटा लामा छोटा परिच्छेदहरू छन् **आज रमिता छ** उपन्यासमा । यस उपन्यासमा कुनै घटनाक्रम क्रमबद्ध छैनन् । '**आज रमिता छ** उपन्यासभन्दा पूर्वका उपन्यास सङ्घटनात्मक दृष्टिले सुगठित र सु-सम्बद्धत छन्, ती उपन्यासका घटना र पात्रहरूमा सु-सम्बद्धता र आङ्गिक एकता पाइन्छ तर **आज रमिता छ** सङ्घटनात्मक दृष्टिले सुगठित र सु-सम्बद्ध भन्न मिल्ने खालको उपन्यास देखिदैंन ।'[71] जीवन बँचाइको अव्यवस्था जस्तै उपन्यासको घटनाक्रम अव्यवस्थित छ । एउटै परिच्छेदमा पनि दुईवटा भन्दा बढी पात्रका प्रसङ्ग छन् । पहिलो घटनाको कारण दोस्रो घटना घट्नुपर्ने हो तर शैलीको नवीनताले गर्दा त्यसो हुन सकेको छैन । उपन्यासका मूलपात्र र घटनालाई किनारै किनार हिँडाएर बीचबाट प्रासङ्गिक घटनालाई अघि बढाइएको छ । उपन्यासको आरम्भ अन्त्यबाट भएको छ र बीचमै उपन्यासको कथावस्तु अलपत्र रूपमा बिसाएको छ । यति वि`ङ्खल प्रस्तुति हुंदा हुँदै पनि प्रत्येक वि`ङ्खलतामा, प्रत्येक खण्डमा जीवनको दर्शन उपस्थिति भएको अनुभव हुन्छ ।

"**आज रमिता छ** उपन्यासले अव्यवस्थित जीवनको चित्रण सोही गतिमा गर्दा उपन्यासको संरचना पनि अव्यवस्थित र विसङ्गत बनाएको छ ।"[72] परम्परागत उपन्यास लेखनको मान्यतामा विद्रोह गरेर विसङ्गतिवादी उपन्यास लेखनको लक्ष्य अनुरूप लेखेर यस उपन्यासको संरचनालाई विसङ्गत बनाइएको छ अर्थात् विसङ्गतिवादी उपन्यास लेखनको लक्ष्य अनुरूप नै यस उपन्यासको संरचना विसङ्गत बनाइएको छ । यस उपन्यासको कथानक दार्जिलिङे नेपालीहरूको वि`ङ्खलित दैनिकीको संयोजन बन्न पुगेको छ, यसकारण दिक्काल र परिवेशका सङ्गतिमा मानव चरित्रको अन्वितिको धर्म यस उपन्यासमा भएको छैन । तैपनि सूक्ष्म रूपले उपन्यासका कतिपय चरित्रहरू अर्काको चरित्रलाई प्रभाव पार्न पुगेका पनि देखिन्छन् तर यसका प्रायः चरित्रहरूका आ-आफ्नै

---

70= शान्तिराज शर्मा, **दार्जिलिङ र सेरोफेरो**, (दार्जिलिङ : श्री उमेश गौतम, २०२९) पृ. ६८ ।

71= घनश्याम उपाध्याय कँडेल, *आज रमिता छ : यथार्थ अङ्कनको विशिष्ट प्रयत्न*, **जूही** (वर्ष १ अङ्क ३, पुस-फागुन २०३८), पृ. ८७-८९ ।

72= ठाकुरप्रसाद पराजुली, **नेपाली उपन्यासको ऐतिहासीक विवेचना**, (वराणसी : श्रीमती दुर्गा तिमसिना, २०३२), पृ. ३०-३१ ।

स्वभाव, व्यवहार एवम् चिन्तन् छन् ; झट्ट हेर्दा यिनबाट घटित घटनाहरूमा अन्विति नदेखिन सक्छ तर उपन्यास उत्कर्षमा पुगेपछि पाठकलाई उपन्यासका वि ङ्खल घटनाहरूको यही सूक्ष्म अन्वितिले उपन्यासलाई उत्कर्षसम्म पुऱ्याएको छ भन्ने लाग्छ । त्यसैले गर्दा वि ङ्खलताभित्र यो उपन्यास ङ्खलित छ अनि फेरि ङ्खलताभित्र वि ङ्खल देखिन पुग्छ ।

माथि नै भनियो यो उपन्यास संरचना र रूपविन्यास दुवैका दृष्टिले परम्परा भिन्न छ । नवीनताको यो प्रयोग विसङ्गतिवादी औपन्यासिक दृष्टिअन्तर्गत नै भएको छ । उपन्यासको बनौट-बुनोट, लेखनशैली अथवा अन्वितिगत संरचनात्मक स्वरूप हेर्दा पनि यो स्पष्ट हुन्छ । उपन्यासको आयाम वर्तमान वा तत्कालिकतालाई बढी प्राथमिकता दिइएको छ । यसै उपन्यासको आयाम वर्तमानको कुनै एक बिन्दुबाट प्रारम्भ भएर वर्तमानकै कुनै अर्को बिन्दुमा पुगे जस्तो देखिन्छ तर पाठकलाई यो आभास हुँदा हुँदै पनि चरित्रहरूले विगतको फेरो मारेर आगतमा पनि आयु छोट्याइ सकेका हुन्छन् ।

ठिक्क ठिक्क मिलेर नचलेको जीवन भएकैले त्यसको अनुकरण स्वरूप उपन्यास वि ङ्खल भएको हो भन्ने उपन्यासको भूमिकाले नै स्पष्ट पार्दछ । *मैले देखें जीवन चलिरहेछ तर सुव्यवस्थित भई यो ठिक्क ठिक्क मिलेर चलेको छैन । यो उपन्यासलाई मैले त्यसरी नै नमिलाएको छु* (भूमिका) । अर्थात् जीवन भोगाई जस्तै विसङ्गत मात्रै होइन वि ङ्खल पनि छ यो उपन्यास । परम्परागत उपन्यास लेखनको मान्यताका विरूद्ध लेखिएको यो उपन्यासको संरचनात्मक पक्ष विसङ्गत रहेको छ । ङ्खलित रूपमा संरचित नभएको यस उपन्यासको संरचना वि ङ्खलित र विसङ्गत रहेको छ ।

## ४.२.२ कथावस्तुमा विसङ्गति

दार्जिलिङे नेपाली जन-परिवेशलाई लिएर लेखिएको **आज रमिता छ** उपन्यासको सन्दर्भमा दार्जिलिङे चोक बजारमा चलिरहेको जनक र सीताको जीवनलाई मूलकथा बनाएर लेखिएको यस उपन्यासमा रवि, एम्.के., बाबुनी, नामग्येल, यमुना, वीरमान, धर्मप्रसाद आदि पात्रहरूद्वारा मसिनु सूत्र खडा गरी मूलसँग जोडिएको छ । यस उपन्यासको अन्य तत्वमा जसरी विसङ्गतिको प्रयोग पाइन्छ, त्यसै गरी यसको कथावस्तुमा पनि विसङ्गति देखिन्छ । सरल कथानक भएको यस उपन्यास प्रभावोत्पादक खालको उपन्यासको प्रमुख पात्र जनककै कथासँग सम्बन्धित भएर एम्.के. वा रवि जस्ता पात्रहरूको कथा आएको छ ।

यस उपन्यासमा घटनालाई भन्दा चरित्रलाई बढी महत्व दिइएको छ । तसर्थ यसको सारवस्तु वि ङ्खलित छ र स्वयम् लेखकले उपन्यासको भूमिकामा भनेको भनाइबाट पनि यसको पुष्टि हुन्छ । उपन्यासको कथावस्तुमा आदि, मध्य र अन्त्यको क्रमिक विकास भएकै छ तर परम्परित उपन्यासमा भन्दा भिन्न तरिकाले । पृथक जीवन मूल्यलाई बोकेर आएको यो उपन्यास कार्यकारण ङ्खलामा व्यवस्थित छैन । **आज रमिता छ** उपन्यासका पात्रको आगमन र बहिर्गमन

कसरी हुन्छ केही थाहा हुँदैन । अघिल्ला उपन्यासको जस्तो यस उपन्यासको कथानकमा सङ्गति पाइँदैन । यथार्थ अङ्कनको विशिष्ट प्रयत्न यस उपन्यासमा भएकाले आङ्गिक एकता पाइँदैन ।

यो उपन्यास धेरैवटा जीवनको कथा हो । त्यसैले यसको कथानक परम्परागत उपन्यासको जस्तै ˇङ्खलाबद्ध र एउटै मूल नायक/नायिकाको विषयवस्तुमा उनिएको छैन तर सबै जीवन कथाको समुच्चय ˇङ्खलाबद्धताले एउटा समाजको, एउटा परिवेशको र एउटा समयको कथा भन्ने सामर्थ्य भने यस उपन्यासमा बनेको पाइन्छ । **आज रमिता छ** उपन्यास दार्जिलिङे नेपाली जीवनको सिङ्गो चित्र हो । दार्जिलिङे नेपाली समाजका आर्थीक, राजनैतिक, सामाजिक र मनोवैज्ञानिक बनोटको समेत उपन्यासमा राम्रै तस्विर खिचिएको छ । विशेष गरी भारतीय स्वतन्त्रता सङ्ग्रामउत्तरको भारतीय नेपाली सामाजिक परिवेशको प्रतिबिम्ब यस उपन्यासमा छ । यसकारण यो उपन्यास यथार्थवादी धरातलमा उभिएको छ; तर यो यथार्थ पूर्णतः विसङ्गत छ ।

भारतको एउटा प्रान्त पश्चिम वङ्गाल अन्तर्गत रहेको र बहुजातीय प्रतिनिधित्व भएको दार्जिलिङ जिल्लामा आफ्नो अस्तित्वको खोजी गर्दै गरेको नेपाली जातिको आर्थिक, राजनैतिक विकासको प्रयत्नलाई यस उपन्यासमा देखाइएको छ । तर यो विकासक्रम क्रमशः उल्टोतिर भई रहेको छ । अर्काको उन्नति देख्न नचाहने परम्परा नै बसेको आह्रिसे प्रवृत्तिको कोपभाजनमा परेर चरित्रहरूको अपेक्षाकृत उन्नति हुन सकेको छैन । उपन्यासमा धेरै चरित्रका धेरै घटनाका सन्दर्भहरू गाँसिएर आए तापनि नायकको रूपमा रहेको जनकको विवशताको उत्कर्ष नै केन्द्रीय कथ्य रहेको अवस्थामा उपन्यासको कथागत विसङ्गत चिन्तन प्रस्ट हुन्छ ।

**आज रमिता छ** उपन्यासले परम्परागत उपन्यास लेखनको पद्धतिलाई आत्मसाथ गरेको देखिदैँन, त्यसकारण यो उपन्यास आदि, मध्य र अन्त्यको ˇङ्खलित विन्यासमा नभएर विˇङ्खलित विन्यासमा संरचित छ । यसको कथावस्तु एउटै मूल नायक/नायिकाको विषयवस्तुमा नउनिएकाले यस उपन्यासलाई आदि, मध्य र अन्त्यको ˇङ्खलामा बाड्ने गरिएको पाइँदैन । उपन्यासकार राईले एउटा प्रयोग देखाउने रूपमा यो उपन्यासको सिर्जना गरेकाले पनि आदि, मध्य र अन्त्यको ˇङ्खलामा यसको कथावस्तु बाँडिएको पाइँदैन । **आज रमिता छ** उपन्यास कुनै परिच्छेद पनि नछुट्टाएर लेखिएको, एउटा अनुच्छेदमा एउटाको कथा र अर्को अनुच्छेदमा अर्को पात्रको कथा भएको र मुख्य नायक/नायिकाको कथावस्तु ˇङ्खलित रूपमा नरहेकाले पनि यस उपन्यासमा कथावस्तुलाई प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको ˇङ्खलामा बाड्न सजिलो देखिदैँन । जसरी अन्य उपन्यासको कथावस्तुलाई मुख्य नायक/नायिकालाई आधार मानेर सरसर्ती भन्न सकिन्छ त्यस्तो अवस्था यस उपन्यासमा देखिदैँन । त्यसैले यस्तो विˇङ्खलित कथा भएकाले यो उपन्यासलाई विश्लेषण गर्न सजिलोका लागि जनकको केन्द्रीयतामा रहेर र उसकै जीवनमा घटेका घटनाहरूलाई हेरेर प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको ˇङ्खलामा विभाजन गरिएको छ । मोहनराज शर्माले **फ्रेटागको पिरामिड र आगतको कथानक** लेखमा यस उपन्यासको कथानकको आङ्गिक विकास क्रमका आधारमा पृष्ठ १ देखि पृष्ठ ३६ को आरम्भको दुईवटा लाइनसम्म आदि, पृष्ठ ३६ को दोस्रो अनुच्छेदबाट पृष्ठ १४५ को जनक भूदेवको निर्देशन अनुसार धारा १४४ को

विरूद्ध भाषण गर्न मञ्चमा जानुसम्म मध्य र पृष्ठ १४५ को तेस्रो अनुच्छेददेखि अन्त्यसम्म[73] अन्त्यको रूपमा उल्लेख गरेका छन् ।

**आज रमिता छ** उपन्यासको प्रारम्भ "धुलाले धुस्रिएर कोलाहालमय सिलगडी बजारलाई उत्तरान्त लेबोङ गोलटारको टाटोसँग वृष्टिपछि कालो भई चम्कने कार्टरोडले अनेक भीर, पहरा, घुमाउरा डाँडा छिचोल्दै गएर जोडेको छ" (पृ. १) भन्ने वाक्यबाट भएको छ भने उपन्यासको कथानकको विकास "बेचिखाइनस् भने तलाई यसले पाल्छ" (पृ. २) भन्ने जनकका बाबुको भनाइबाट भएको देखिन्छ र चियाकमानका कामदारहरूले म्यानेजरलाई कुट्नु अगिसम्मको घटना क्रमसम्म यो प्रकृया रहन्छ । चियाको दोकान खोलेर बसेका जनकका बाबु आमाको दिनचर्या त्यही पसलमा आलु, चना, भटमास दिउँसोमा बेच्ने र रातिमा ड्राइभरहरूलाई रक्सी बेच्ने, तास खेलाउदै र बत्तीको पैसा उठाउने कामबाट चलिरहेको थियो । बूढाले त्यसैको आम्दानीबाट नै जनकलाई पढ्न पठाएका थिए । यस्तै घटनाक्रमको आधारमा नै उपन्यासको कथानकको विकास क्रमैसँग भएको छ । म्याट्रिक पढ्न गएको जनक पढाइकै समयमा सीतासँग नजिकिन पुग्दछ; जसलाई सीताले जनकलाई लेखेको पत्रको यी वाक्यका आधारमा प्रस्ट पार्न सकिन्छ र यी दुवैको बीचमा प्रेमाङ्कुरित हुन थालेको देखिन्छ ।

सीताले जनकलाई लेखेको पत्रमा "मेरोभन्दा हजार गुणा प्यारो मलाई हजुरको प्राण लाग्छ" (पृ.४) । यसै एक पङ्क्तिमा समस्त विश्वको साहित्य र समर्पण जनकले पाएको अनुभव गरेर प्रत्युत्तरमा यस्तो लेख्छ "पनि होइन । अङ्कमालमा बाँधिएर एक अर्काको मुहारमा हेरिरहनु प्रेम होइन, सीता । दूरूस्त उभिएर पनि एकै दिशातिर फर्की एउटै लक्ष्य राख्नु पो प्रेम हो । आजको मेरो" (पृ.४) त्यसै हिउँदोदेखि सीता जनकको घरमा बस्न थालेबाट कथावस्तुमा विसङ्गति भेटिन्छ । यहाँ उपन्यासकारले जनक र सीता बाबु छोरीको सङ्गतिपूर्ण मान्यतालाई पति पत्नीको विसङ्गत मान्यता स्थापित पारिदिएका छन् र उपन्यासको कथावस्तुलाई विसङ्गत तुल्याई दिएका छन् ।

मासिक १७३ रुपैयाँ तलब आउँने ब्याङ्कको नोकरी छाडेर व्यापार गर्न थालेको जनक सबैसँग मैत्रिपूर्ण व्यवहार गर्दछ । "हैदरावाद भारतीय सङ्घमा समाविष्ट भएकै सप्तादेखि जनकले कन्ट्रोल दोकान चलाएको थियो । सबैलाई समान व्यवहार गर्ने जनकको समता श्रेष्ठ नीति रहेको छ । बस्ताका बस्ता आतप चामल बेपत्ता हुन्थे । चिनी, आँटा, मट्टीतेल, माचिस, सावुन दोब्बर तेब्बर दाममा खुसीसाथ लगिहाल्न पाए जनता आफ्नो शुभ भाग्य मान्थे" (पृ.५) । सुरुमा गान्धीवादी देखिएको जनकपछि सङ्कटावस्थामा खाद्यान्नको कालो बजारी गरेर कमाउने गरेको देखिन्छ जसले गर्दा जनकको व्यवहार नै विसङ्गत देखिन्छ । मुसोलिनिका फासिस्टहरूले ग्रिसमा आक्रमण गरेको विरोध गर्ने जनक युद्धकालीन समयमा दोब्बर तेब्बर मूल्यमा सामान बेच्नपछि पर्दैन ।

कान्छी श्रीमती ल्याएर धनकुटादेखि मधेश झरेको जनकको ससुरा धर्मप्रसाद नाम अनुसारको धर्म नगरेर पापकर्म मात्र गरेको छ । तराईका धिमाल बस्ती उठिबास लगाउने

---

73= मोहनराज शर्मा, **फ्रेटागको पिरापिड र आगतको कथानक**, अप्रकाशित लेख ।

धर्मप्रसाद कसैको खेत राम्रो देख्यो भने मुद्दा लगाएर रातारात लखेट्ने गर्दथ्यो । न्याय हराए गोर्खा जानु तर न्याय नपाउनु हो भने गोर्खा राजमै बसिरहनु भन्ने भनाइबाट नै उसको विसङ्गत चरित्रलाई प्रस्ट पारेको छ र कथानक विसङ्गत देखिन्छ । जनकको घरमा काम गर्न बसेको वीरमान घरजाने कुरा गर्दा तीनवटी श्रीमती ल्याएको बाबु भनाउँदोलाई के मरिमेटेर भेट्न जान्छस् भन्दै वीरमानलाई घर नजान आग्रह गर्ने जनकले दुईवटी श्रीमती ल्याएको धर्मप्रसादको छोरीलाई आफैँले विवाह गरेको छ । जयविलास र शमशेरसँग मिलेर जनक बस्त्र पसल खोलेको जनकलाई व्यापारमा घाटा लागेर उपन्यासमा सङ्कटावस्थाको सिर्जना भएको छ । जनकले पसलको प्रचारको लागि पर्चा छपाएको छ । तौलिया, मोजा, कमेज, सुटको पिस, सारीहरू आदिको विशेषता सहित छापिएको उक्त पर्चामा प्रयुक्त शब्दहरू, वाक्यहरू नै विसङ्गत देखिन्छन् । जनक स्वयम्ले पनि जिन्दगीलाई वास्तविक रूपमा अनुभूति गर्दा सङ्गतिका सूत्र कतै पनि फेला पार्न नसकेको धारणा व्यक्त गर्छ । दुईवटा छोरा छोरीको बाबु बन्ने, एउटा पुस्तक लेख्ने, र विल्डिङ बनाउने सपना उसको पहुँच बाहिरका वस्तु बनेका छन् । ज्ञानभन्दा बिल्डिङ जस्तो अचल सम्पति ठूलो हो भन्ने जनक नाटककार आयनेस्कोको **एमेडी** नाटकको नायक एमेडी जस्तै विसङ्गतिपरक जीवन व्यतित गर्दै जीवनलाई छामिरहेको अभिव्यक्ति पाइन्छ ।

"जनकको कोठामा केही चित्रहरू टाँगिएका छन् । चित्रमा एउटा घायल मृग टाढामा देखिएको उसको हुलबाट बेग्लै एक्लै छुट्टिएर आई निरास मृत्यु पर्खिरहेको छ । साथै अर्को चित्रमा परदेशबाट बिमार भएर घर फर्केका बाबुलाई दैलोमा आमा छोरा लिन गएका छन्; सानी छोरी खान बिर्सी हेरिरहेकी छे" (पृ.१६-१७) । यी दुईवटा चित्रका आधारमा पशुजगत् र मानव जगत्को भेद देखाउने र मान्छेको सभ्यताप्रति गर्व गर्ने जनक धेरै कामगर्ने चाहना हुँदा हुँदै पनि र काम गर्दा गर्दै पनि खेलाँची लाग्ने अवस्थामा पुग्छ । यो हुँदा हुँदै पनि नहुनुको बोधले उसमा जन्मिएको विसङ्गतिले कथावस्तुमा पनि विसङ्गति ल्याएको छ ।

एम्.के. को व्यवहार र उसको अवस्थाबाट पनि उपन्यासको कथानकमा विसङ्गतिको उचाई अझमाथि पुगेको छ र उपन्यासलाई झन् विसङ्गत बनाउन अग्रसर भएको छ । एम्.के. यस उपन्यासमा विसङ्गतिको चरम नमुनाको रूपमा देखिएको छ । "मरिसकेकी आमालाई सिकिस्त बिरामी पारेर दरखास्त गऱ्यो सफल भएन" (पृ.१७) भन्ने भनाइबाट एम्.के. को विसङ्गतिको रूप देखिन्छ । मरिसकेकी आमालाई पुनः बिरामी बनाउँदै, डाक्टरहरूको प्रमाण पत्र, गण्यमान्य व्यक्तिहरूको सिफारिस पत्र राखेर आफूलाई दार्जिलिङ झिकाइमाग्न दरखास्त हालेको एम.के. पुनः एकपटक असफल देखिन्छ । उसले चाहेअनुरूप उसको कुनै चाहना पूर्ण हुँदैन र उसको जीवन विसङ्गत देखिन्छ । कुल्लीहरूको व्यवहारबाट पनि कथावस्तुको विसङ्गतिले मौलाउने अवसर पाएको छ । विपत्तिपूर्वक बाँच भन्ने नित्सेको दार्शनिक नाराको विकृत अर्थ एम्.के. को चरित्रमा लागेको छ । घरमा खाने एकमुठी चामल नभएको अवस्थामा एम्.के. रक्सीले मातेर आउँछ । बाबुनीले तपाई यसरी नमात्नोस भन्दै गर्दा एम्.के. भन्छ "छोरा मान्छेका तीन दोष हुन्छ-जुवा खेल्नु, स्त्रैण हुनु, मद खानु । यी तीनमा एक न एक दोष हरेक पुरुषहरूमा हुन्छ, हुनुपर्छ । नत्र त्यो लोग्नेमान्छे होइन, त्यो ईश्वर हो कि हिजँडा ! म जुवातास खेल्दिन, स्त्री लम्पट छुइँन..."(पृ.२४) "तपाई जाँड खानुहुन्छ" (पृ.२४) भन्ने बाबुनीको प्रश्नमा एम्.के. "भन्छ म जाँड खादिन म वाइन खान्छु वाइन

नखानेले जनकको जस्तो अर्काकी स्वास्नीको चुम्मा खान्छ" (पृ.२४) भन्दै जनकप्रति व्यङ्ग्य गर्दछ । रक्सी खाएर पुरुषार्थ देखाउने एम्.के. बिदाबाट फर्केर अफिस जाने समयमा रुपैयाँ नभएर त्यसै बसेको अवस्थामा बाबुनीले मागेर दश रुपैयाँ ल्याएर दिनुबाट नै उसको पुरुषार्थ प्रस्ट देखिन्छ । गोजीमा एक सुक्का नभएको हुतिहाराले रक्सी सेबनवाट पुरुषार्थ झल्कन्छ भन्दै जनकप्रति व्यङ्ग्य गरेर फोस्रो आदर्श छाँटेको प्रस्ट हुन्छ । एम्.के. को पुरुषार्थले उपन्यासको कथावस्तु विकसित हुने क्रममा विसङ्गतिको रापमा सेकिन पुगेको छ र विसङ्गतिमय बनेको छ ।

जनकको घरमा धर्मप्रसाद (जनकको ससुरा) आएको प्रसङ्गले कथालाई अझ विकसित हुने अवसर प्रदान गरेको छ । धर्मप्रसादले "जुवाई साहेव ! दोकान कस्तो चल्दै छ ?" (पृ.२६) भनेर प्रश्न गर्दा प्रत्युत्तरमा जनकले "नोक्सानी लाग्यो तर अझै बल गरिदैं छ" (पृ.२६) भन्नुबाट जनकमा पसलको अवस्थाले गर्दा निराशाको बोध भएको पाइएको छ । जनकलाई पसलबाट फाइदा हुनुपर्ने तर त्यसको ठीक विपरीत घाटा लागेको कथनबाट नै जे हुनुपर्ने हो त्यो नभएर कथाको विकास क्रममा कथावस्तुमा विसङ्गतिको आभास पाइन्छ । दिव्या र रविलाई आफ्नो संस्कार सिकाउने धर्मप्रसाद आफैँले घरमा श्रीमती हुँदा हुँदै नेपाली संस्कारको विरूद्धमा गएर कान्छी श्रीमती ल्याएर कथानकलाई अझ विसङ्गत बनाएको छ ।

चियाकमानका कामदारहरूबाट कमानको म्यानेजर कुटिएपछि उपन्यासको कथावस्तु ह्वात्तै उत्कर्षमा पुगेको देखिन्छ । "मेरो न्यायमा सबलाई 'बराबरी' पार्नु एकदम अन्याए हो । काङ्ग्रेसको स्वराजे 'बराबरी' पनि भोग्यौ; कम्युनिष्टको 'बराबरी' पनि देख्यौ । रूसमा र पूर्व युरोपमा" (पृ.३७) भन्दै जिलासको पुस्तक **नयाँवर्ग** जनतालाई देखाउँदै सबैलाई न्यायको विपरीत मान्यतामा अङ्गाल्ने भूदेव जातीय राजनीतिमा अग्रणी देखिन्छ । भूदेवले "एकै ठाउँमा मिलेर सह-अस्तिTवको आधारमा बनेको जग्गा त चिडियाखाना मात्रै हो" (पृ.४३) भन्दै जस्तो दुःख परे पनि एउटै पार्टीमा दुगुर्ने कमानेहरू र दुःख हेरीहेरी पार्टी छान्दै दुगुर्ने बजारेहरूको नेता भूदेव 'बेलिस्टिक' मिसाइल जस्तो बोलीले अराजक शैलीमा जनतालाई गाली गर्छ, "दार्जिलिङका नेतामात्र होइन जनता पनि मौकाबाज छौ । म तिमीहरूलाई घृणा गर्छु" (पृ.३७) । भोटको योगदान दिएर आफ्नो स्वार्थ पुरा गर्ने आकांक्षा राख्ने जनताको धर्म बन्दै गइरहेको परिप्रेक्ष्यमा भूदेवको आरोप यथार्थिक छ; यति हुँदा हुँदै पनि यो विसङ्गतिपूर्ण छ । बराबरीको राजनीति पनि नगर्ने, जनतालाई आदर पनि नगर्ने बलमिचाईमा लाग्ने तर्कको आड लिनु, हठी र स्वकीयतामा चल्ने नेता भूदेवको विसङ्गति यसरी बोल्छ-"स्वार्थी पनि महान नेता हुन सक्छ ।" (पृ.३८) । भूदेवको चरित्र अनुत्तरदायी र व्यक्तिगत महत्वाकांक्षाको प्रतीक त हो नै तर उपन्यासमा भूदेवको सृष्टि चाहिँ मुख्य चरित्र जनकको जीवनलाई अर्थहीन, निरूपाय, बाध्यातित र विसङ्गत बनाउन भएको हो । जनकको अनुपस्थितिमा भएको सभामा पञ्चशील र सह-अस्तित्वको शान्ति नीतिले रणकूशल गोर्खालीहरूको कामै नभएको जस्ता धारणा रख्ने, मजदुरबाट पैसा उठाएर मजदुरलाई फसाउँने र उठाएको रकम आफै कुम्ल्याउँने व्यवहारमा पल्केको भूदेवको व्यवहारबाट उपन्यासको कथावस्तुलाई विसङ्गत बनाउँदै उत्कर्ष प्राप्त गर्न मद्दत पुगेको छ । भूदेवहरूले जनकलाई पार्टीबाट निष्काशन गरेपछि बजारतिर उक्त खबर फैलनासाथ ठाउँ ठाउँमा उपद्र हुनथालेको देखिन्छ ।

केटाहरूले पसल, गाडी आदिमा ढुङ्गा मुडा हान्दै उपद्रो मच्चाएको प्रसङ्गले कथानकलाई एकातर्फ उत्कर्षतिर लागि रहेको छ भने अर्कातर्फ विसङ्गत पनि बनाएको छ ।

अजोयदास कोठा सरेपछि खाली भएको कोठामा यमुना बसेकी छ । टी.वी. रोगले ग्रस्त पति नामग्येललाई उपचार गराउँन आएकी यमुनाको आगमनबाट उपन्यासको कथावस्तुमा प्रयुक्त विसङ्गतिको अर्को अध्याय आरम्भ भएको छ । यमुना र जनकको अनैतिक सम्बन्ध रविले देखेपछि उपन्यासको कथावस्तुमा विसङ्गति प्रस्ट भेट्न सकिन्छ । रविले आफ्नो बाबुको यमुनासँगको विकृतिजन्य व्यवहार प्रत्यक्षतः देखेपछि एक्कासि ऊ विसङ्गत बन्दछ र यही धुनमा उसले ईशावेलसँगको प्रेम सम्बन्धलाई तोड्ने निर्णय गर्छ ।

“मैले धेरै हेरेँ, गुनेँ, विचारेँ, खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहेछौं । जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ । तिमी एउटा पात, म एउटा पात । एउटा विशिष्ट अन्धबाध्यता । जीवनमा बाँचिन्छ, यसलाई बाँचिईन्छ, यति नै अर्थहीन अर्थ जीवनको !” (पृ.६८) । यसरी जनकले जीवनलाई जीवन खोलाले बगाएझैँ परिस्थितिले बगाउँने खोलाको पात जस्तै थाहा नभएको यात्रा र त्यो यात्रा बाध्यता हो र अर्थ नभएको अर्थ नै जीवन हो भन्ने जीवनको विसङ्गत यथार्थलाई खोलाको भेल र त्यही भेलभित्र बग्ने एउटै हरियो पात मात्रै ठानेको छ । पानीको बेगले जतालग्यो उतै जानुपर्ने एउटा अन्धबाध्यतामा अर्थहीन जीवन व्यतित गर्नुपर्ने वर्तमानको मान्छेको नियतिलाई जनकले प्रस्तुत गरेको छ । जीवन बाँचिन्छ तर त्यसको कुनै सार्थकता नै छैन भन्ने विसङ्गतिपूर्ण अभिव्यक्ति जनकको उक्त उद्धरणबाट पाइन्छ ।

एम्.के. को शून्यताबोधी भावनालाई उसले बाबुनीसँग गरेको संवादात्मक अभिव्यक्तिका माध्यमबाट अगि सारिएको छ । उपन्यासकारले त्यस प्रसङ्गलाई यसरी प्रस्तुत गरेका छन् “हाम्रो यो कान्छी छोरी जन्मेपछि... त्यही मेरो ठूलो बाकसमा हालेर उधै उधो नालीदेखि बगाइदिन्छु” (पृ.६९) । जीवन भोगाइका क्रममा शून्यताबोध भएपछि पत्नीको गर्भमा रहेको बच्चालाई बाकसमा हालेर नालीदेखि बगाउने कुरा गर्ने नामर्दी बाबुको प्रतिनिधि पात्रका रूपमा एम्.के. देखिएको छ ।

परीक्षा सकिएको केही समयपछि रवि कहिले नेपाल जाने, कहिले कलकत्ता जाने, त कहिले धनकुटा गएर हजुरबा धर्मप्रसादलाई सघाउँने विचार गर्दछ तर सबै निरर्थक लाग्छ । यमुना र जनकको बीचको क्रियाकलापबाट चिन्तित भएको रवि घरप्रति वितृष्णा व्यक्त गर्दै बाबुकै विरूद्धमा गएर चियाकमानका कामदारको केटाकेटी पढाउने मास्टरी पेशा अंगाल्न पुग्दछ र इशावेललाई प्रेम गर्नु पाप ठान्दै इशावेलको घरमा नजाने प्रण गर्दछ । जनकको प्रतिकूल र भूदेवको अनुकूलतामा रहेर रविले कार्य गरेपछि उपन्यासको कथावस्तु अपकर्षतिर लाग्न थालेको देखिन्छ । इशावेलकी आमाको मृत्युबाट उपन्यासमा रहेको कथावस्तु विसङ्गत हुनपुगेको छ । पत्नीको मृत्युबाट डानियलबाबु र आमाको मृत्युबाट इशावेलमा शून्यताको बोध भएको पाइन्छ । विधुरताको पीडा खेपेर एकाङ्गी जीवन विताई रहेको डानियलले विसङ्गतिको बोध र आमाको मृत्युबाट इशावेलले शून्यताको बोध गरेको पाइन्छ ।

रत्नबहादुरसँगको मुद्दा प्रसङ्गले जनकलाई क्रोधित बनाएको छ । रत्नबहादुरले लगेको पैसा नफर्काउदा मुद्दा हालेको जनकले उक्त प्रकृयाबाट पनि पैसा उठ्न नसकेको र कसैले ल्याइदिएको

पत्र पढेपछि उसको क्रोधले ठूलो रूप लिएको देखिन्छ । "मेरो मासु नै लुछेर खा अब" (पृ. ८३) भन्नुबाट पनि उसको क्रोधको बारेमा प्रस्ट थाहा हुन्छ । एउटा सामान्य सङ्कट आइपर्दा यति क्रोधित बन्ने जनकले व्यापार गरेको छ र व्यापार पनि निरन्तर अधोगतितिर गइरहेको छ, जसले गर्दा जनक संयमित हुनुपर्नेमा त्यसो नगरेर क्रोधित हुनुमा उसमा रहेको विसङ्गतिले बाहिर देखिने अवसर पाएको छ; जसकारण उपन्यासको कथानक विसङ्गत बनेको छ । जनकले यमुनालाई चोक बजारको एउटा रेष्टुरामा जाँडले मातेको अवस्थामा देखेको प्रसङ्गले लोग्नेको उपचारमा गाम्भीर्य नदेखिएकी यमुना यौन व्यभिचारको मार्ग अवलम्बन गर्दै दाम्पत्य जीवन निरर्थक रहेको प्रमाणित गर्न उद्यत रहेकी देखिन्छ ।

रवि जनकको इच्छा विपरीत शिक्षक बनेर कहिले कतै कहिले कतै बस्छ; घर आउन छाडेर । उता जनकले आफूलाई पार्टीबाट निष्काशित गरिनुको कारण सोधेको प्रसङ्ग, रविलाई नबिगारिदिन गरेको आग्रहमा भूदेवले "रविलाई मैले पठाएको होइन । आफैँ आउनेलाई मैले रोक्नु हुँदैन" (पृ.९०) भन्ने ठाडो जवाफले भूदेवको फुटाउ र राज गर भन्ने स्वभाव प्रस्ट देखिन्छ । भूदेवले रवि तपाइको छोरा होइन भन्नु र जनक घर फर्केपछि आइतबारको दिन चोकमा जनकलाई बोल्न लगाउने निश्चय गर्नुले गर्दा भूदेव परपीडक, अवसरवादी, छद्मभेषी चरित्रको रूपमा देखापर्दछ ।

क्षयरोगी नामग्येल आफ्नो रोगबाट त पीडित नै छ; साथै आफ्नी उमेरदार स्वास्नीको स्वच्छन्दताले पनि पिल्सिएको छ । पियक्कड ऊ हेवार्डका बोतलहरूलाई आफूले जितेको कप सम्झन्छ । आफ्नै श्रीमती यमुनाको आफूप्रतिको अनुत्तरदायी व्यवहारबाट विरक्तिएर श्रीमतीलाई दार्जिलिङमै त्यसै छाडेर आफू सिक्किम फर्कन्छ ।

"कहाँ जाँदै हुनुहुन्छ ?"
"जाँदैछु"
"एक्लै"
"एक्लै"
"तपाईको स्वास्थ्य यस्तो ! जानु हुँदैन, नामग्याल बाबु ! आइमाई केटाकेटीहरू त्यस्तै हुन्छ । बैनीलाई म सम्झाउँछु ।"
"भयो अब म बस्दिन ।" (पृ. ९३)

यस प्रकारको निराशाजनक नामग्येलको प्रत्युत्तरले उसमा देखिएको निराशाले चरम रूप लिन पुगेको छ र कथावस्तुलाई विसङ्गत बनाउन सहयोग पुऱ्याएको छ ।

पारिवारिक जिम्वेवारीदेखि टाढा भएको एम्.के. अरुसँग मागेर जसो तसो साँझ बिहानको छाक टारिरहेकी स्वास्नीलाई गालि गर्न छाड्दैन । स्वास्नीले खान आग्रह गर्दा रक्सीले मातेको एम्.के. भन्छ :

"कसको बाट ल्याएको यो भात"
"कसले चैं तलाई सीधा कुरा गर्छ ? ..."
"भात खानोस्"

"भात ? कसको देखि ल्याएस् यो भात ?..." (पृ.९८)
घरायसी काममा जिम्वेवारी बोध नगर्ने, जाँड खाएर सधै पत्नीसँग रडाँको मच्चाउने एम्.के. को जीवन निरर्थक, निष्सार र विसङ्गत रहेको उसको क्रियाकलापले पुष्टि गर्छ । "म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानू है..." (पृ.९९) जस्ता शब्द आफ्नै श्रीमतीलाई भन्नुले एम्.के. लाई मृत्युन्मूखि प्रवृत्तिले गाँजेको देखिन्छ । एम्.के. मा मृत्युन्मुखी प्रवृत्ति पलाएकाले उसको दिनचर्यासँगै अगि बढिरहेको कथावस्तु पनि विसङ्गत देखिन्छ ।

जनक गान्तोकबाट फर्केर आउँदा एम्.के. लाई नोकरीको व्यवस्था गरेर आएको खबरले एम्.के. को परिवारमा खुसीका किरण छरिएको देखिन्छ भने उता रवि र इशावेल दुवैले परीक्षा उत्तीर्ण गरेको खबरले जनकको घरमा पनि खुसी छाएको देखिन्छ । उता वीरमानको धेरै वर्ष पछिको आगमनले जनक अस्वस्थ भएको सबैले बिर्सिसकेको देखिन्छ ।

"लेख्नुस् बाबू, मेरो कथा लेख्नुहोस् । लेखेर छापिदिनोस् । म सबै बताइदिन्छु । किताब लेख्नुहोस् । म उसैका नाममा यो जनम काटिदिन्छु । नरोई, नमरी बाँचेर उसैलाई सम्झिरहनेछु । मरदको वचन । यो एक मुठी सास छन्जेल मनमा उसैलाई राखिछोड्नेछु, ..." (पृ.१०९) । वीरमानको यस्तो कथनबाट आफ्नी पत्नीको मृत्युपश्चात् आजीवन बिहे नगरी पत्नीको संस्मरणमा बाँकी जीवन बिताउने कसम खाएको वीरमानले आफ्नै भाञ्जीलाई भगाएर हिँड्छ । आफ्नै भाञ्जीलाई श्रीमतीको रूपमा स्वीकार्ने वीरमानको प्रसङ्गले उपन्यासलाई नै विसङ्गत बनाएको छ ।

"मसँग ताजमहल बनाइदिने पैसा पो छैन, प्रेम त म तिमीलाई शाहजहाँले भन्दा ज्यादा गर्छु" (पृ.११३) भन्ने एम्.के. को भनाइबाट उसले जीवन जे जस्तो ठानेको छ त्यसको ठीक उल्टो उसले भोग्नु परेको छ । उसले चिट्ठा किनेर चिट्ठा पर्ने कल्पनामा डुब्छ तर उसको कल्पनाको ठीक विपरीत उसले वास्तविकतालाई पाउँछ । एम्.के. ले सुखको कल्पना गर्दछ तर दुःख भोग्न विवश एवम् निष्कृय पात्रको रूपमा उपन्यासमा देखापरेको छ । विसङ्गत जीवन भोगाइका क्रममा तादात्म्य कायम गर्ने अनिवार्य तत्व भएकाले यसले प्रत्येक कदममा शून्यताको अनुभूति गराउँछ । शून्यबोध गरे पश्चात मृत्युवरण गर्न पुगेको एम्.के. ले जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुगेको हुनाले शून्यतालाई मान्छेको जीवनमा गम्भीर रूपमा आक्रमण गर्ने सिकारीका रूपमा लिइन्छ र यसबाट बच्न नसकिने जाँ पाल सार्त्रको धारणा एम्.के. को मृत्युबाट सिद्ध भएको छ ।

"पशुहरूमा सबभन्दा बलियो बच्दछ, अरू सबै मर्छ । मनिसहरूमा सब बच्दछन् तर सबभन्दा अयोग्य चाहिँ मर्छ-अकालमा मर्छ" (पृ.११५) । जनकको यस भनाइबाट एम्.के. कमजोर र अयोग्य भएकाले मृत्युवरण गर्न पुगेको छ भन्ने भान झल्किन्छ । एम्.के. ले आफूलाई कमजोर ठान्यो र बाँच्नको लागि आफूलाई योग्य नभएकाले नै मृत्युवरण गर्न पुग्यो भन्ने जनकको उक्त कथनबाट पुष्टि हुन्छ । "आखिर आत्महत्या गरेर मर्नु नै थियो भने त्यसले ठूलो कुनै डकैती गरेर मरेको भए हुन्थ्यो वा ज्यान छाडेर राजनीतिमा काम गरेर मरेको भए हुने थियो । व्यर्थैमा मर्‍यो । आफूलाई माया गर्नुको साटो माया मारेपछि त कुनै यस्तो काम जुन साधारण मान्छेले साधारण अवस्थामा गर्ने आट गर्दैन त्यो गरिराखेर मर्नु पर्ने थियो । व्यर्थैमा मर्‍यो । संसारमा जन्मेर मान्छेले गर्ने सबभन्दा असफल काम आत्महत्या ..." (पृ.११७) । रविको यस प्रकारको सोचाइबाट एम्.के.

को मृत्यु निरर्थक देखिन्छ । यदि ठूलो डकैति गरेर मरेको भए पनि त त्यसले मृत्यु सम्मानजनक हुने थियो तर एम्.के. को मृत्यु निरर्थक र विसङ्गत मात्र रहेको देखिन्छ; जसले गर्दा उपन्यासको विषयवस्तु र सिङ्गै उपन्यासलाई विसङ्गत तुल्याईदिएको छ ।

व्यापारको साझेदार जयविलासले जनकलाई मुद्दा हालेको प्रसङ्ग र जनकलाई मुद्दा हाल्नुले अनुकूलता नदेखेपछि जयविलासको जीवन पनि विसङ्गत रहेको देखिन्छ । भूदेव र यशराज चुनावमा उमेदवार बन्नु, जनकले यशराजलाई सघाउनु र भूदेवले चुनाव हारेको प्रसङ्गले भूदेवको जनताप्रति उत्तरदायी राजनीति नगरेर स्वार्थी राजनीति गरेको प्रस्ट हुन्छ र उसको विसङ्गत चरित्र प्रस्ट देखिएको छ । त्यस्तै जयविलासका बाबु-बाजेलाई आफ्नो बाबुले सहयोग पुऱ्याएको पुरानो प्रसङ्ग कोट्याएर आफ्नो परिवारको महानता देखाउन खोज्ने सीताको चरित्रबाट पनि उपन्यासको कथावस्तुमा विसङ्गति भेटिन्छ ।


घरको आर्थिक अवस्था बिग्रदै गएको र व्यापारमा पनि घाटा लागेको प्रसङ्ग उल्लेख गरेर सीताले आफ्नो बाबु धर्मप्रसादसँग आर्थिक सहयोगको लागि चिठ्ठी लेखेको तर बाबुबाट त्यसको कुनै प्रत्युत्तर नआउनु, जनकको "गाडी र खेत दिइहाल्छु, झगडा पनि सकिन्छ" (पृ. १२२ ) भन्ने भनाइबाट पनि जनकले सोचे जस्तो उसको जीवन नचलेर ठीक उल्टो भएको छ । "एउटा बाससम्म बनाएका छौं त्यति भए अब सन्तोकै छ" (पृ. १२२) भन्ने सीताको भनाइ छ । "कहाँ म अब यहाँ घर रूङेर बस्छु ?" भने जनकले, त्यति भएपछि दार्जिलिङमा कुन मुख लिएर हामी बसिरहने ? जानुपर्छ काठमाडौँ, कलकत्ता, आसाम, सिक्किम कता हुन्छ जानुपर्छ ! अर्को ठाउँ गएर फेरी जोडजाड सुरु गर्छु..." (पृ.१२२) ।
"बासै उठाइदियो भनोस् अरूले" (पृ.१२२) ।
"अन्त के गर्ने त ?"(पृ.१२२) भने जनकले
"म गिदीमा गोली पड्काएर मर्न सक्तिनँ । त्यसो गर्दा ऋणले तिमीहरूलाई नखेद्ने भए सायद म त्यसो गर्थें । जेल गएर वर्ष काट्नु पनि म सक्तिनँ । इज्जत र प्रतिष्ठा मलाई प्राणभन्दा प्यारो छ; परिवारभन्दा पनि प्यारो छ । म ऋण तिरेर छाड्छु, चाहे मलाई नाङ्गा फकिर नै हुनु परोस... म यसमा कसैको उपदेश लिन्न; कसैको सहायता लिन्न"(पृ.१२२) । जनकको यसप्रकारको भनाइबाट उसको जीवन उसको सोचाइभन्दा ठीक विपरीत चलेको प्रस्ट देखिन्छ । ऋणमा डुबेको व्यक्तिले कसैको सहायता चाँहदैन भन्नुले यहाँ उपन्यासमा जनकलाई श्याम व्यङ्ग्य गरिरहेको छ । आफ्नो सिरिखुरी सम्पति बेचेर ऋण तिरेर आफ्नो इज्जत प्रतिष्ठा जोगाउन खोज्ने जनकले फुस्रा र आडम्बरयुक्त धारणा राखेको छ । सम्पति बेचेर ऋण तिरेर इज्जत जोगाउँदा बस्ने घरबास र खाने गाँस नभएको अवस्थामा जनकको इज्जत र प्रतिष्ठाले कस्तो मोड लिन्छ जनकले सोच्नुपर्ने तर त्यसतर्फ उसले सोचेको देखिदैन र उपन्यासको कथावस्तुलाई विसङ्गत बनाउदैँ अगाडि बढेको छ र उपन्यास अन्त्यतिर अग्रसर हुँदै गएको देखिन्छ ।


एम्.के. को मृत्युपछि उसकी श्रीमती बाबुनी अस्पतालमा नर्सको काम गर्दछे । कमानको सहायक म्यानेजर प्रेमकृष्णसँग लहसिनु, कम्पनीले कोर्ट अफ इन्क्वायरी बनाएर सातजना कामदारलाई इन्डिसिप्लिन र इन्सवोर्डिनेसनको दोषमा ट्रायल गर्नु, चारजना कामदारले काम छोड्नुपर्छ भनेर प्रेमकृष्णले भन्नु, भूदेवले आफ्नो भनाइ नखाने भनेर जनकले भन्नु र हरिलाई

भूदेवलाई भन्न आग्रह गर्नु, हरिले पनि भूदेवसित आफ्नो कुरा मिल्दैन भन्नु आदि घटनाक्रममा कहीँ कतै सङ्गतिका सूत्र फेला पर्दैनन् । सहरका विभिन्न क्षेत्रवाट जुलुस निक्लनु, कोर्ट अफ इन्क्वायरीको विरूद्धमा नारा घन्कनु, भूदेवले माइकमा बोल्नु, पुलिसले जुलुसलाई पछि हट्न आग्रह गर्नु, पछाडि हट्न नमानेपछि पुलिसले १ देखि १० गन्दा पनि कोही नहटेपछि गोली चल्छ, सनमतीको मृत्यु हुन्छ भने रवि सहित ३/४ जना मानिस घाइते हुन पुग्छन् र उपन्यासको कथावस्तु अपकर्षतिर लाग्छ । रविको घाइते अवस्थाले पुनः जनकलाई सङ्गति सूत्र फेला पर्दैन ।

छोरालाई अस्पतालमा भर्ना गरेको समयमा भूदेवले फोन गरेर जनकलाई अब पालो तपाईको छ, भोलि भाषण गरेर तपाईले धारा १४४ भङ्ग गरिदिनु पर्छ भन्छ । जनक आफू मानसिक र शारीरिक दुवै किसिमले रोगी भएको र भाषण गर्न असमर्थ रहेको स्पष्ट जानकारी दिँदा दिँदै पनि भाषण गर्न दबाब दिने भूदेवको व्यवहारबाट उपन्यास विसङ्गत देखिन्छ । विसङ्गतिको छेलोखेलो भेटिने **आज रमिता छ** उपन्यासमा जनक आफूलाई निष्काशित गर्ने व्यक्तिकै इशारामा नाचेर मञ्चमा गएर धारा १४४ को विरूद्धमा माइक समाएर “आजको सभा अब सुरु हुन्छ (पृ.१४५)” भन्ने भनाइबाट उपन्यासको अन्त्य हुनपुग्छ र उपन्यासको कथावस्तुमा प्रयुक्त विसङ्गतिको पनि अन्त्य हुन्छ । प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष, र अन्त्यको ˇङ्खलामा उपन्यासको घटनाक्रमले कहीँ कतै पनि सङ्गतिको सूत्र फेला पार्न नसक्नुले पनि उपन्यासको सम्पूर्ण कथावस्तु विसङ्गत छ र विसङ्गत देखिन्छ ।

**आज रमिता छ** उपन्यासको कथावस्तु शृङ्खलित रूपमा अगाडि बढेको देखिदैँन । धेरैवटा जीवनको कथाको प्रतिनिधित्व यस उपन्यासले गरेकाले उपन्यासको कथानक ˇङ्खलावद्ध र एउटै मूल नायक/नायिकाको विषयवस्तुमा उनिएको छैन; त्यसकारण यस उपन्यासको कथावस्तुमा विसङ्गतिको प्रयोग पाउन सकिन्छ । फ्रेटागको सिद्धान्त अनुरूप कथानकको विकासक्रम क्रमिक रूपमा आदि, मध्य र अन्त्यको ˇङ्खलामा हुनुपर्दछ । फ्रेटागको सिद्धान्तले पिरामिड आकारमा कथानकको विकास हुनुपर्दछ भन्ने मान्यता राखेको छ । फ्रेटागको सिद्धान्त पिरामिड आकारको हुन्छ र पिरामिडकै शैलीमा कथानकको विकासक्रम आदि, मध्य र अन्त्यको क्रमिक रूपमा हुने गर्दछ । फ्रेटागको उक्त पिरामिडलाई यसप्रकार देखाइन्छ :




यस पिरामिडलाई अध्ययन गर्दा कथानकको प्रारम्भ तल्लो तहबाट भएर क्रमिक रूपमा विकसित हुँदै जाँदा जसरी पिरामिडको उच्च बिन्दु फेला पर्दछ, त्यसै गरी नै कथानकले उत्कर्ष हासिल गर्दछ । जसरी पिरामिडको उच्च बिन्दु सानो रहेको हुन्छ त्यसरी नै कथानकको उत्कर्ष समय सानो अर्थात् छोटो समयको लागि हुन्छ । जब कथावस्तुले चरम अवस्थामा पुगेपछि उत्कर्ष


हासिल गर्न पुग्दछ र त्यहीनेरबाट कथानक अपकर्षतिर आफ्नो पाइला अगाडि बढाउँछ, जसकारण उत्कर्षको समय केही क्षणिक अवस्थासम्म मात्र रहन्छ । उत्कर्ष प्राप्त गरिसकेको कथानक अपकर्ष हुँदै अन्त्यतिर आफ्नो यात्रा आरम्भ गर्छ र केही अन्तरालमा कथानकले विश्राम लिन्छ, अर्थात् कथानकको अन्त्य हुन्छ । कथावस्तुलाई जुन उद्देश्यका लागि लेखकले प्रस्तुत गरेको हुन्छ त्यो उद्देश्य कथानकले उत्कर्ष प्राप्त गरेपछि मात्र प्रस्ट हुन्छ । **आज रमिता छ** उपन्यासमा जब चियाकमानका कामदारले कमानको म्यानेजरलाई कुट्छन् तब उपन्यासको कथानकले उत्कर्ष प्राप्त गरेको देखिन्छ । राईले समाज जस्तो छ, त्यस्तै देखाउनलाई यस उपन्यास लेखेको बताएका छन्, जो कुरा उपन्यासले उत्कर्ष प्राप्त गरेको घटनाबाट प्रस्ट हुन्छ । समाजको विसङ्गतिलाई प्रस्तुत गर्न लेखेको यस उपन्यासमा आफ्नै हाकिमलाई कुट्ने कर्मचारीहरूको विसङ्गत पक्ष देखाइएको छ जसले गर्दा उपन्यास उत्कर्षमा पुग्न सफल भएको छ ।

उपन्यासकार इन्द्रबहादुर राईले **आज रमिता छ** उपन्यासको कथावस्तुको विकासक्रमलाई क्रमिक रूपमा प्रस्तुत नगरेर व्यतिक्रमिक रूपमा प्रस्तुत गरेका छन् । यो उपन्यासको संरचना व्यतिक्रमिक रूपमा रहेको छ जसले गर्दा फ्रेटागको पिरामिड सिद्धान्त यस उपन्यासमा लागु हुँदैन । जनकको केन्द्रीयतामा उपन्यासको कथावस्तुलाई हेर्ने प्रयास गरिएकाले म्यानेजर कुटिएको प्रसङ्गलाई उपन्यासको चरम बिन्दु मानिएको छ । अर्थात् उपन्यासको कथानकले उत्कर्ष प्राप्त गरेको स्थानको रूपमा चर्चा गरिएको छ ।

सामान्यतया कथानकको विकासक्रम आदि, मध्य र अन्त्यको क्रमिक ˇङ्खलामा हुनुपर्ने तर यस उपन्यासमा त्यस प्रकारको ˇङ्खला देखिदैंन । कथानकको विकास सधैँ क्रमिक रूपमा हुन्छ भन्न सकिदैंन व्यतिक्रमिक रूपमा पनि हुने गर्दछ । व्यतिक्रमिक रूपमा कथानकको विकास यसप्रकार हुने गर्दछ :

आदि, मध्य र अन्त्य
आदि, अन्त्य र मध्य
मध्य, अन्त्य र आदि
मध्य, आदि र अन्त्य
अन्त्य, आदि र मध्य
अन्त्य, मध्य र आदि

आदि व्यतिक्रमिक आधारमा कथानकको विकास हुने गर्दछ । रैखिक र वृत्ताकारीय कथानक ढाँचामा कथावस्तु संरचित हुने गर्दछन् । **आज रमिता छ** उपन्यासको कथावस्तु वृत्ताकरीय कथानक ढाँचामा संरचित रहेको छ । वृत्ताकारीय ढाँचामा पनि आदि, मध्य र अन्त्यको ˇङ्खलामा नभएर अन्त्य, आदि र मध्यको ˇङ्खलामा व्यतिक्रमिक रूपमा संरचित छ । जसलाई पिरामिडमा यसरी देखाईन्छ ।



आदि अन्त्य

यस पिरामिडमा देखाइएको जस्तै गरी **आज रमिता छ** उपन्यासको कथानक अन्त्यबाट प्रारम्भ हुँदै मध्यमा आएर कथानक हराउँदै उपन्यास टुङ्गिएको छ । कथावस्तु विकसित हुने क्रममा उपन्यासमा समस्याको थुप्रो लागेको छ तर उपन्यासकारले एउटा पनि समस्याको समाधान उपन्यासमा कहीँ कतै पनि गरेको पाइँदैन । उपन्यासको कथानक क्रमिक (⟶) रूपमा अगाडि नबढेर व्यतिक्रमिक (⟷) रूपमा कहिले अगाडि र कहिले पछाडि गरेर बढेको देखिन्छ । परम्परागत उपन्यासमा कर्यकारण ॅङ्खलाको संरचना हुन्छ । पहिलो घटनाको कारण दोस्रो घटना घट्छ तर यस उपन्यासमा त्यो ॅङ्खला पाइँदैन र कार्यकारण ॅङ्खला यस उपन्यासमा छैन । जनकको बाबुको मृत्युको खबर पाएर घर गएको जनकको अवस्थादेखि कथानक विकास भएको छ; जुन पहिलो घटनाको रूपमा देखापर्दछ र यसै घटनाको कारण उपन्यासको दोस्रो घटना घट्नु पर्ने हो तर यहाँ अङ्ग्रेज विरूद्ध भारतीय आन्दोलन, सीता र जनकको प्रेम प्रसङ्ग आदि घटनाहरू दोस्रो घटनाको रूपमा आएका छन् । पहिलो र दोस्रो घटनाको कुनै सम्बन्ध रहेको देखिदैँन त्यस कारण पनि **आज रमिता छ** उपन्यासको कथावस्तु विसङ्गत रहेको देखिन्छ ।

उपन्यासमा सीताको बिहेपछि जनक र सीताहरू धनकुटा आएको प्रसङ्ग देखाउँदै त्यसमा जनकको ससुराको चर्चा गरिएको छ । यसरी एउटा पात्रको चर्चा नसकिदै पुनः बीचमा अर्को पात्रको बारेमा उल्लेख गर्ने लेखकले उपन्यासलाई विसङ्गतिको एउटा नमुनाको रूपमा प्रयोग गरेका छन् ।

अन्त्यबाट आरम्भ भएको यस उपन्यासको कथावस्तु मध्यमा आएर हराएको छ । उपन्यासमा विविध समस्या उब्जिएका छन् तर समाधान एउटाको पनि देखिँदैन । उपन्यासलाई व्याख्या गर्न सजिलोको लागि यस उपन्यासलाई तीस परिच्छेदमा विभाजन गरिएको छ । प्रथम परिच्छेदमा जनकको बाबुको मृत्यु, जनकको र सीताको विवाह प्रसङ्ग, जनकले जागिर छोडेर पसल खोलेको प्रसङ्ग आएको छ र यिनै घटनाका कारण दोस्रो परिच्छेदका घटना घट्नुपर्ने र जनककै कथाले निरन्तरता पाउनुपर्ने देखिन्छ तर यहाँ दोस्रो परिच्छेदमा वीरमानको प्रसङ्ग प्रमुख भएर आएको छ । दोस्रो परिच्छेद र तेस्रो परिच्छेदको बीचमा कुनै तारतम्य देखिदैँन । दोस्रोमा वीरमानको प्रसङ्ग आएको छ तर तेस्रोमा जनकको पसल र उसको पसलको पर्चाको नक्कल आदि प्रमुख देखिन्छन् भने जनकको प्रसङ्ग गौण देखिन्छ । चौथो परिच्छेदमा आइपुग्दा एम्.के. र अजोयदासलाई प्रमुख रूपमा देखाइएको छ र एम्.के. की श्रीमती बाबुनीको जीवनचर्या चर्चा गरिएको छ । पाँचौंमा पनु: जनकको ससुरा धर्मप्रसादकै बारेमा उल्लेख गरिएको छ । छैठौंमा रवि, ईशावेलको, सातौंमा भूदेवको, आठौंमा यमुना र नामग्येलको, नवौंमा पान पसलको, दसौंमा पुनः भूदेवको, एघारौंमा पुष्पाको बिहेको प्रसङ्ग, बाह्रौमा रवि र ईशावेलको, तेह्रौंमा जनक, एम्.के., बाबुनी र सीता आदिको प्रसङ्ग आएका छन् ।

पहिलो घटनाको कारणले दोस्रो, दोस्रोको कारणले तेस्रो हुदैं क्रमशः एउटा घटनाक्रमको कारणले अर्को घटना घट्नु पर्ने तर यहाँ त्यस्तो क्रमिक ॅङ्खला भेटिदैन र कथानक व्यतिक्रमिक रूपमा अगाडि बढेको छ । पहिलो परिच्छेददेखि तेह्रौ परिच्छेदसम्म जसरी कथानक व्यतिक्रमिक रूपमा अगाडि बढेको छ, त्यसै गरी चौधौँदेखि तीसौँ परिच्छेदसम्म पनि कथानकको विकासको ॅङ्खला व्यतिक्रमिक रूपमै पाइन्छ । यो व्यतिक्रमिक ॅङ्खला उपन्यासकारले नजानेर नभई जानाजान गरेको देखिन्छ ।

उपन्यासकारले जनकको केन्द्रीयतामा रहेर यस उपन्यासको कथानकको विकास गरेका भए ॅङ्खलित रूपमा अगि बढ्ने थियो तर उपन्यासकारले उपन्यासमा कुनै पनि पात्रको केन्द्रीयतामा कथाको ॅङ्खलालाई उनेको देखिदैन बरू कथालाई व्यतिक्रमिक रूपमा विन्यास गरेका छन् । जनकको जीवनमा घटेका घटनालाई कथा बनाएर अन्य पात्रका कथाहरूलाई मुख्य कथामा उन्ने धागोको रूपमा प्रयोग गर्नुपर्ने देखिन्छ जसले गर्दा उपन्यासको कथानक आदि, मध्य र अन्त्यको ॅङ्खलामा अगाडि बढ्ने थियो तर उपन्यासकारले मान्छेको जीवन जस्तो छ, त्यस्तै देखाउनलाई जानाजान उपन्यासलाई व्यतिक्रमिक संरचनामा संरचित गरेको देखिन्छ । एउटै पात्रको जीवनको कथा नभएर यस उपन्यासमा टुक्रा टुक्री कथानकलाई जोडिएको छ, जसकारण उपन्यासको कथावस्तु विसङ्गत छ ।

जनकको जीवनमा जुन घटना घटेका छन्, ती घटना मुख्य कथा र अन्य पात्रका जीवन भोगाइका कथाहरूलाई सहायक कथाको रूपमा प्रयोग गरिएको भए यस उपन्याको कथानक आदि, मध्य र अन्त्यको ॅङ्खलामा अगाडि बढ्ने थियो तर उपन्यासकारले सबै पात्रका जीवन भोगाइलाई समान रूपमा चर्चा गरेकाले उपन्यासको कथावस्तु अन्त्यबाट प्रारम्भ हुदै मध्यमा आएर समस्याका थुप्राकै बीचमा हराउन पुगेको छ र कुनै पनि समस्याको समाधान हुन सकेको देखिदैंन ।

समग्रमा भन्दा उपन्यासका सबै पात्रका कथाहरू प्रत्येक परिच्छेदमा मुख्य घटनाका रूपमा रहेकाले उपन्यासको कथावस्तु विसङ्गत रहेको छ । कथानक ढाँचामा विषयवस्तुको विन्यास नभएको यस उपन्यासमा कहीँ पनि कार्यकारण एकता देखिदैन र सबै प्रसङ्ग छरपष्ट छन् । एउटा पात्रको अर्को पात्रसँग र एउटा घटनाको अर्को घटनासँ कुनै तारतम्य पाउन सकिदैन । मुख्य नायक/नायिकाको कथावस्तु ॅङ्खलित रूपमा अगाडि नबढेकाले उपन्यासको कथावस्तु विसङ्गत छ ।

दार्जिलिङे नेपाली समाजका छरपस्ट गतिविधिहरू विषयवस्तुका रूपमा यस उपन्यासमा आएका छन् र त्यही स्थितिको चित्रण यसमा भएको छ । दार्जिलिङ समाजका पात्रहरूको क्रियाकलापमा सङ्गति देख्न सकिदैन अर्थात् सबै विषय प्रसङ्ग छरपस्ट छन् । एउटा पात्रको आर्को पात्र र एउटा घटनाको अर्को घटनासँग कुनै तादात्म्य छैन; त्यसैले कुनै पनि पात्र एक अर्कासँग नजिक नरही छरपस्ट छन् । समय चक्रमा भोगिने अभाव, पीडा, प्रत्याडना आदि जस्ता विसङ्गत भोगाइको समुच्चय नै यस उपन्यासको कथावस्तु हो ।

जनकले जागिर छाडेर घरमै व्यापार गर्नु यस उपन्यासको प्रथम सङ्कटावस्था हो । जनकलाई व्यापारमा घाटा लाग्नु, भूदेवसँग फाटो पर्नु, इशाबेलकी आमाको मृत्यु हुनु, एम्.के. ले आत्महत्या गर्नु, जनकको इच्छा विपरीत रवि शिक्षक बन्नु आदि अन्य सङ्कटावस्था हुन् । जनक पार्टीबाट निष्काशित भएर भूदेवकै आग्रहमा प्रतिबन्धित धारा १४४ को उलङ्घन गर्नु आदि घटनाबाट सङ्घर्षको ह्रास हुन्छ र समस्याको टुङ्गो नलागेरै समस्यामै उपन्यासको अन्त्य हुन्छ । यसरी जीवन जस्तो छ त्यसलाई त्यस्तै देखाउन खोजिएकाले यो उपन्यासमा पात्र र घटनाको बीचमा कार्यकारण सम्बन्ध मिलेको छैन । तसर्थ उपन्यास विसङ्गतिपूर्ण छ ।

मजदुरको आन्दोलनले उपलब्धि प्राप्त गर्दैन र नाम मात्रको आन्दोलन हुन्छ । उनीहरूको आन्दोलन गन्तव्यमा पुग्न सकेको छैन । पात्रको उपस्थिति र क्रियाकलापमा पनि कहीँ कतै सङ्गति छैन । उपन्यास भरिका कुनै पनि पात्रका समस्याहरू समाधन भएका छैनन् । उनीहरूमा छिन छिनमा समस्याहरू जन्मिन्छन् र योजनाहरू धेरै बन्छन् तर समाधान कहीँ कतै भएको छैन । यस उपन्यासमा कहीँ कतै पनि सङ्गति छैन जताततै विसङ्गति भेट्न सकिन्छ । विषयवस्तु अनगिन्ति रहेका छन् । दार्जिलिङ, झापा, ओलाङ्चुङगोला आदिको प्रसङ्ग आएको छ, तर जीवन कतै समेटिएको छैन र पात्रको गति र गन्तव्य छैन । पात्र र विषयवस्तु कुहिराको काग भएका छन् । बेताल र बेढङ्गबाट जीवन चलेको छ; जे हुनुपर्ने त्यो नभएर नहुनुपर्ने भएको छ जसले गर्दा यस उपन्यासको कथावस्तु विसङ्गत छ । सङ्गति कतै नभेटिएका टुक्राटुक्री कथावस्तुलाई जोडिएको र प्रस्तुत गरिएको छ । अन्त्यबाट आरम्भ भएर यस उपन्यासको कथावस्तु बीचैमा हराएको छ र झनै विसङ्गत रहेको छ ।

## ४.२.३ पात्रमा विसङ्गति

इन्द्रबहादुर राईद्वारा लिखित **आज रमिता छ** यस्तो औपन्यासिक कृति हो, जसले कथ्य र शैली दुवैको स्तरमा विसङ्गतिलाई प्रस्तुत गरेको छ । यस उपन्यासमा पात्रका नाममा पनि विपर्यासमूलक सम्बन्धका आधारमा कार्य विभाजन गरिएको छ, जसले गर्दा यो कृत्रिम विसङ्गतिको पराकाष्ठा बनेको छ । "उपन्यासकारले चरित्रको नामकरणमा समेत आफ्नो कलासीपको विशिष्ट प्रयोग गरेको पाइन्छ । साझो हेराइमा चरित्रको कार्य र नाममा सङ्गति देखिदैन व्यतिरेक ढङ्गमा चरित्रको नामकरण गरेको पाइन्छ ।"[74] यस उपन्यासका अधिकांश पात्रहरूको नामकरण र क्रियाकलाप सबै असङ्गत छन् । **आज रमिता छ** उपन्यासमा धेरै किसिमका चरित्रको उपस्थिति छ । यी कतिपय मूल रूपमा आएका छन्, कतिपय गौण रूपमा तर गौण पात्र मार्फत् पनि एउटा न एउटा प्रभाव छाड्ने काम भने उपन्यासकारले गरेका छन् ।

उपन्यासको प्रमुख चरित्र जनक हो; यद्यपि उपन्यासको सम्पूर्ण कार्यव्यापार उसबाट मात्रै सञ्चालित छैन तर उसको लागि जीवनको आरोह अवरोहसँग उपन्यासमा घटित धेरै घटनाहरूले सम्बन्ध राख्दछन् । वास्तवमा यो उपन्यास नै जनकको केन्द्रीयतामा समग्र कार्यव्यापारलाई सम्पादन गर्न उद्यत देखिन्छ । दार्जिलिङे नेपाली समाजको प्रतिनिधित्व गर्ने पात्र जनकको विद्यार्थी

---

74= मोहनराज शर्मा, **आज रमिता छ** उपन्यास सम्बन्धी अप्रकाशित लेख ।

जीवनदेखि लगभग प्रौढावस्थासम्मको आयाम उपन्यासमा समेटिएको सन्दर्भमा उपन्यासकारले जनकलाई केन्द्रीय चरित्र बनाउन खोजेको आभास हुन्छ । ओलिभरले भनेका छन् हामीले निश्चित रूपमा स्विकार्न सक्ने मूल्य आत्मपराजयी जटिलता हो; जसलाई हामी जान्न सक्दैनौँ । परिस्थिति सचेत जनक उत्तरार्धमा गएर सबै मूल्यहरूमा कमजोर हुन पुग्नु ओलिभरको आत्मपराजयबोध जनकले गर्नु हो अर्थात् उसले स्विकार्न सक्ने एक मात्र सत्य आत्मपराजय हो । जनकको अस्तित्वपूर्ण जीवनमा यसरी विसङ्गतिको जन्म कहाँनिर भएको छ त्यो हेरौँ-जनकको कोठामा दुईवटा चित्र टाँगिएका छन् । चित्रमा एउटा घायल मृग टाढामा देखिएको उसको हूलबाट बेग्लै एक्लै छुट्टिएर आई निरास मृत्यु पर्खिरहेको छ । साथैको अर्को चित्रमा प्रदेशबाट बिमार भएर फर्केका बाबुलाई दैलोमा आमा छोरा लिन गएका छन्; सानी छोरी खान बिर्सी हेरिरहेकी छे । यी दुईवटा चित्रका आधारमा पशुजगत् र मानवजगत्को भेद देखाउने र मान्छेको सभ्यताप्रति गर्व गर्ने सक्रिय जनक धेरै काम गर्ने चाहना हुँदा हुँदै पनि र काम गर्दा गर्दै पनि खेलाँची लाग्ने अवस्थामा पुग्छ । यो हुदाँ हुदैं पनि नहुनुको बोधले उसमा विसङ्गति जन्माउछ ।

बाँच्नु नै जीवनको अर्थको ज्ञान जनकलाई त्यतिकै भएको होइन । यसमा ती तमाम उत्तरहरू छन्, जसले उसको वैशिष्ठ्य र स्थायित्व प्राप्त गर्ने व्यर्थैको प्रयत्नलाई निष्फल बनाइदिएका छन् । उपन्यासको उत्तरार्द्धतिर जनकको निराशाले विसङ्गतिबोधको उत्कर्षतालाई यति छुन्छ कि ऊ दुःखित हुनुको कारण समेत नकेलाउने अवस्थामा पुग्छ । फेरि त्यही नै आफ्ना दुःखहरूप्रति एक्लै रोइसकेपछि ऊ दृढता बोकेर उठ्छ तर त्यो दृढताको उपयोगमा भने उसले उपन्यासको अन्त्यसम्मै गर्दैन बरू सबै कुराहरूलाई सहजै स्वीकार्दै जान्छ । यहाँनिर उसको जीवनको विसङ्गत विरोधाभाष भेटिन्छ ।

सबैलाई न्यायको विपरीत मान्यता अँगाल्ने भूदेव जातीय राजनीतिमा अग्रणी देखिन्छ । एकै ठाउँमा मिलेर सह-अस्तित्वको आधारमा बनेको जग्गा त चिडियाखाना मात्रै हो भन्दै समाजमा विखण्डन चाहने भूदेव स्वार्थी पनि महान नेता हुनसक्छ भन्ने विसङ्गत धारणा राख्छ । भूदेवको अर्थ धर्तीको देवता हो तर उपन्यासमा उसको व्यवहार राक्षसको भन्दा कम देखिदैंन । भूदेव उपन्यासको खलपात्रका रूपमा देखापर्दछ जसले राजनीतिलाई एउटा रमिता मात्रै बनाएको छ भने राजनीतिको आसा पासमा रहेका सबैलाई रमिताका एक एक पात्र बनाएको छ ।

अभावमा गुज्रिरहेको जनसामान्यको प्रतिनिधि पात्र एम्.के. हीनत्व मनोविकारको सिकार भएको छ । उपन्यासभरि शून्यताको बोध गरेको छ एम्.के.ले । जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुगेको एम्.के. विसङ्गतिको नमुनाको रूपमा उपन्यासमा देखापरेको छ । जनकको पालित पुत्र रविसँग छुट्टै सपनाहरू छन् । इशावेलसँगको प्रेम सम्बन्धको सपना बोकेको रवि बाबु र यमुनाको विकृतिजन्य व्यवहार प्रत्यक्ष देखेर विसङ्गत भएको छ । क्षयरोगी नामग्येल रोगबाट ग्रस्त भएको अवस्थामा आफ्नी तरूणी स्वास्नी यमुनाले गरेको यौन व्यवहारबाट विसङ्गत भएको देखिन्छ । उता यमुना यौन अतृप्तिले पिल्सिएकी छ र बिरामी लोग्नेलाई त्यसै छाडेर यौनको हाडबजार खोज्दै हिडेकी छ र विसङ्गत पात्रका रूपमा आफूलाई प्रस्तुत गरेकी छ ।

सीता उपन्यासको नाम र कार्यकारण ँङ्खला नमिलेको पात्रको रूपमा देखिने अर्की पात्र हो, जसको नाम र कार्यमा विसङ्गति देखिन्छ । त्यस्तै बाबुनी पनि उपन्यासकी विसङ्गत पात्र हो । लोग्नेको मृत्यु भएपछि नर्सको जागिर थालेकी बाबुनी आफ्ना छाराछोरी हुँदा हुँदै पनि चियाकमानको सहायक म्यनेजर प्रेमकृष्णसँग लहसिन पुगेकी छ । यी पात्रका अतिरिक्त उपन्यासमा देखिएका धर्मप्रसाद, वीरमान, जयविलास, लगायतका विभिन्न पात्रहरूमा पनि विसङ्गति भेट्न सकिन्छ । पात्रको नामकरणको शब्दार्थ र कृतिगत अर्थमा कुनै प्रकारको सङ्गति छैन; यसलाई यसरी तालीकाका माध्यमद्वारा प्रस्ट पारिन्छ :

| पात्र | शब्दार्थ | कृतिगत अर्थ | तथ्याङ्क |
|---|---|---|---|
| जनक | उत्पादक | अनुत्पादक | दुईवटा छोराछोरीको बाबु हुने इच्छा, तर छोरा रवि पालित र छोरी मात्र आफ्नो, एउटा पुस्तक लेख्ने इच्छा तर लेख्न नसकेको, एउटा बिल्डिङ बनाउने इच्छा तर बनाउँन नसकेको । |
| रवि | सूर्य, प्रकाशस्रोत | अन्धकार | भावुकतामा अल्झेर यथार्थलाई ठीकसँग देख्न नसक्ने, इशावेलसँग प्रेमको प्रकाश गर्न नसकेको, आदर्शवादी । |
| भूदेव | पृथ्वीको देवता | पृथ्वीको दैत्य | स्वार्थी, अवसरवादी, समता विरोधी |
| यमुना | एउट चोखो नदी | अत्ताउलो नदी जस्तै स्त्री | बिरामी लोग्नेको हेरचाह गर्न आएकी तर उसको वास्ता नराख्ने , आफै रसरङ्गमा डुब्ने, होटेल चाहार्ने र चर्तिकला देखाउँने । |
| सीता | जनककी छोरी | जनककी स्वास्नी | सीता झै जुम्ल्याहा त के एउटा पनि छोरा पाउन नसकेको, दोकानमा कराउन गएकीले उसमा सीताको गाम्भीर्य नदेखिएको । |

माथिका केही नामहरूको विश्लेषण गर्दा यस कृतिमा पात्रको नामकरण प्रयोजनपरक रहेको देखिन्छ । नामकरणको प्रयोग चाहिँ नाम र पात्रका माझ विरोधको स्थापना हो भन्ने कुरा माथिका तालिकाको शब्दार्थ र कृतिगत अर्थ, महल एवम् तथ्याङ्कले स्पष्ट पार्छन् ।[75] यसरी यस उपन्यासमा चरित्रहरूको नामकरणमा र उनीहरूको कार्यमा कुनै सङ्गति फेला पर्दैन । यस उपन्यासमा बहुल पात्रका माध्यमद्वारा विसङ्गत जीवनको प्रतिबिम्बन गर्न खोजिएको छ । रूढिगत

[75] मोहनराज शर्मा, **शैलीविज्ञान**, (काठमाडौं : नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान, २०५९), पृ. १८७ ।

मान्यताअनुसारको पात्रको नाम एकातिर छ र उनीहरूको कार्यव्यापार अर्कोतिर छ । जनक र सीताको विवाह हुनु, जनकले छोरा पाउन नसक्नु, रवि भावुकतामा हराउनु, भूदेव स्वार्थी र समाज विरोधी हुनु, यमुना उत्ताउली बेश्या भएर हिँड्नु, बाबुनी श्रीमानको मृत्युपछि परपुरुषसँग लहसिनु आदि विसङ्गतिले उपन्यासका पात्रका नाम र कामको व्यङ्ग्यमूलक र बिपरीत संयोजन भएको देखाउँछ । एम्.के. विसङ्गति बोकेर हिड्ने पात्र हो; हीनताबोधले ग्रस्त उसमा मृत्युन्मूखी प्रवृत्ति पलाएको छ । त्यसैले जागिरको खोजी गरिरहेको समयमा त्यही चीज प्राप्त हुँदा पनि एम्.के.ले आत्महत्या गर्छ । भाञ्जीलाई विवाह गरेर वीरमानले पुरुषार्थ देखाउँछ । यसरी यस उपन्यासमा नामअनुसारको कार्यव्यापार छैन । त्यसैले गर्दा यस उपन्यासको पात्रविधानमा विसङ्गति देखिन्छ । यस उपन्यासको पात्रहरूमा देखिएको विसङ्गतिलाई तल चर्चा गरिन्छ :

### ४.२.३.१ जनक पात्रमा विसङ्गति

**आज रमिता छ** उपन्यासको मञ्चमा देखिने जनक उपन्यासको प्रमुख पात्र हो भन्न सकिन्छ । झट्ट हेर्दा जनक उपन्यासको प्रमुख पात्र जस्तो लाग्छ तर त्यसो होइन; किनभने जनककै केन्द्रमा अन्य पात्र जोडिएका छन् तर सबै पात्र जनकको रेखदेखमा छैनन् । जनकले उपन्यासमा सूत्रधारको काम गर्न सकेको छैन । जनकको नामअनुसारको कार्य तथा व्यवहार छैन । यसको नाम कार्यका आधारमा विपरीत छ । विसङ्गतिवादी उपन्यास लेखनको उद्देश्यका आधारमा जनक अनुकूल चरित्र हो । जनकको अर्थ पिता वा जन्मदाता हो तर उपन्यासकार सीतालाई यहाँ जनककी पत्नी बनाइदिन्छन् । यहाँ बाबु छोरीको सङ्गतिपूर्ण मान्यतालाई पति-पत्नीको विसङ्गत मान्यता स्थापित गरिएको छ ।

जनकका जीवनका तीनवटा आकङ्क्षा देखिन्छन् : दुईवटा छोरा छोरीको बाबु हुने, एउटा पुस्तक लेख्ने र एउटा आफ्नो बिल्डिङ बनाउने । रक्सीले धन र स्वास्थ्य बिगार्ने भएकाले उसलाई रक्सीको लत बसेको छैन, तर वाइनले ठूला मानिसको सङ्गत र समानता दिने, ठूला व्यापार र निर्णयहरू वाइन टेबुलमा सम्पन्न हुने हुनाले कहिलेकाहीँ वाइन खान्छ । नामग्येलकी स्वास्नी यमुनासँगको उसको चर्तिकलाले उसमा रहेको मानवसुलभ कमजोरीलाई देखाउँछ । दुईवटा छोरा छोरीको बाबु बन्ने आकाङ्क्षा राखेको जनक रविलाई पालित पुत्रको रूपमा स्वीकार्न बाध्य भएको छ । उसको उपन्यास लेख्ने इच्छा अपूरै रहेको छ । उसको उपन्यास लेख्ने प्रसङ्गलाई कोट्याउँदै सीताले गरेको प्रश्नको प्रत्युत्तरमा भन्छ : “मैले धेरै हेरेँ, गुनेँ, विचारेँ, खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहैछौँ । जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ । तिमी एउटा पात म एउटा पात । एउटा विराट अन्ध वाध्यता । जीवन बाँचिन्छ यसलाई बाँचिइन्छ, यति नै अर्थहीन अर्थ जीवनको ।” (पृ. ६८) यसरी जनकले जीवनलाई जीवन खोलाले बगाएझैं परिस्थितिले बगाउने खोलाको पात जस्तै थाहा नभएको यात्रा र त्यो यात्रा बाध्यता हो र अर्थ नभएको अर्थ नै जीवन हो भन्ने जीवनको विसङ्गत यथार्थलाई आफूसँग जोडेको छ र जीवनलाई निरर्थक र निस्सार ठानेको छ ।

सुरुमा आदर्श प्रेरित जनक स्कुलहरू खोलेर, पढाएर जीवन बिताउने मनोरम कल्पना गर्थ्यो, पछि राजनीति गर्नु नै देश सेवा भन्ने उसलाई लाग्यो तर धेरै धेरै कुरा देखिभोगि सकेपछि

ऊ एक किसिमको मोहभङ्गको स्थितिमा पुग्छ र देश सेवाको कुरा सुन्दा हाँस्न लाग्छ । जनकको जीवन उत्थान र पतनको गोरेटोमा हिँडडुल गरेको देखिन्छ । मान्छे जीवनमा नचाहेको काम गर्न परिस्थितिवश कसरी विवश हुन्छ भने कुरा पार्टी छाडिसकेको जनक प्रतिबन्धात्मक धारा १४४ तोड्न भाषण दिन विवश बनेबाट देखिन्छ । कसैलाई उसको इच्छा विपरीत काम गर्न बाध्य गराउने परिस्थितिका निर्माता भूदेव जस्ताबाट शोषित हुने कमजोरी भएको पात्रका रूपमा जनक देखापर्छ । जनकले व्यापार गर्छ तर व्यापार कै कारणले ऋणमा डुब्छ, राजनीति गर्दछ तर खास अपराधबिना नै पार्टीबाट निष्काशित हुन्छ । जनकको उपर्युक्त वर्णनपछि असफलताले उसभित्र एक किसिमको नैराश्यले ढाकेको प्रस्ट हुन्छ । आरम्भमा गान्धीवादी देखिएको जनकपछि सङ्कटावस्थामा खाद्यान्नको कालो बजारी गरेर कमाउँछ । सुरुमा समाज सेवा गर्ने उद्देश्ले गाउँमा स्कुल खोलेर मास्टरी पेशा अँगालेको जनक पालित पुत्र रविले मास्टरी पेशा अँगालेको देखेर रिसाउँछ ।

जयविलास र शमशेरसँग मिलेर व्यापार गर्दा कुनै उपलब्धि हात लागेको देखिदैंन । मुसोलेनिले ग्रिसमा हमला गर्दा विरोध गर्छ तर युद्धकालीन समयमा दोब्बर मूल्यमा सामान बेच्नपछि पर्दैन र आफ्नो विसङ्गत चरित्र पनि देखाउन पछि परेको देखिदैंन । ससुराले दुईवटी पत्नी ल्याएकोमा व्यङ्ग्य गर्छ, वीरमानलाई तीन तीन वटी स्वास्नी ल्याएको बाबु भनाउदोलाई भेट्नको लागि के मरिमेट्छस् भन्छ तर आफू घरमै श्रीमती र हुर्किएका छोराछोरी हुँदा पनि नामग्येलकी पत्नी यमुनासँग छिल्लिएर बसेको छ । बहुविवाहको विरोध गर्ने जनक आफूमा भएको मानवीय कमजोरी यमुनासामु प्रकट गर्दछ । जनक आदर्श, स्वार्थ र वासना सबै थोक भएको विसङ्गत पात्र हो । जनकले मानव जीवनलाई खोलाको पानीमा बगेको पात मात्र ठान्छ त्यसैले ऊ विसङ्गत छ ।

जनक स्वयम्ले पनि जिन्दगीलाई वास्तविक रूपमा अनुभूति गर्दा सङ्गति सूत्र कतै पनि फेला पार्न नसकेको धारणा व्यक्त गर्दछ । दुईवटा छोराछोरीको बाबु बन्ने, एउटा पुस्तक लेख्ने र बिल्डिङ बनाउने सपना उसको पँहुच बाहिरका बस्तु बनेक छन् । विसङ्गतिवादी नाटककार आयनेस्कोको **एमेडी** (१९५३) नाटकको नायक एमेडीले लेखक भएर पनि पन्ध्र वर्षदेखि केही पङ्ति पनि लेख्न नसक्नु र जनकको एउटा किताव लेख्ने धोको रहँदा रहँदै लेख्न नसक्नुमा दुवैमा तादात्म्य रहेको पाइन्छ । दुवै जना नायक विसङ्गतिपरक जीवन व्यतित गर्दै जीवनलाई छामिरहेको अभिव्यक्ति पाइन्छ । प्रजनन् क्षमताको अपूर्णतालाई बोकेको जनक सन्तान प्राप्तिमा असफलता बोध गर्नुमा **पञ्चतन्त्र** कथाको सोम शर्मा बन्न पुगेको छ ।

जनकले जिन्दगीलाई खोलाको भेल र त्यही भेलभित्र बग्ने एउटा हरियो पात मात्रै ठानेको छ । पानीको बेगले जता लग्यो उतै जानुपर्ने एउटा विराट अन्धबाध्यतामा अर्थहीन जीवन व्यतित गर्नुपर्ने वर्तमानको मान्छेको नियतिलाई जनकले प्रस्तुत गरेको छ । जीवन बाँचिन्छ तर त्यसको कुनै सार्थकता नै छैन भन्ने विसङ्गतिपूर्ण अभिव्यक्ति उक्त भनाइबाट पाइन्छ ।

यस उपन्यासमा जनक अनुत्पादक पात्रका रूपमा उपस्थित छ । उसका कुनै पनि उद्देश्य पूरा हुँदैनन् । जनकको छेउमा बस्ने एम्.के. ले पनि उसको ईर्ष्या गर्दछ । पौराणिक पात्र जनकमा भएका जस्ता गुणहरू यस उपन्यासको जनकमा छैनन् किनभने जनक विसङ्गत पात्र हो । जनक

यस उपन्यासभरि निष्सारता, निरर्थकता, शून्यता, आदिको अनुभूति गरेको छ जसले गर्दा यसमा विसङ्गत पात्रमा हुनुपर्ने गुण छ ।

### ४.२.३.२ भूदेव पात्रमा विसङ्गति

भूदेव **आज रमिता छ** उपन्यासमा देखिने दोस्रो प्रमुख पात्र हो र परम्परागत रूपमा यस उपन्यासमा खल नायकका रूपमा लिन सकिन्छ । भूदेव साहसी, स्वार्थी र अवसरवादी पेसेवर राजनैतिक व्यक्तिको रूपमा यस उपन्यासमा देखिएको छ । भूदेवको नाम र कार्यमा व्यतिरेक पाइन्छ । भूदेवको नाम एकातिर छ र व्यवहारमा भ्रष्ट र षड्यन्त्रकारी छ । कुरामा उग्र राष्ट्रवादी र काममा राष्ट्रघाती छ । उपन्यासमा भूदेवले असत् अर्थात् प्रतिकूल पक्षको नेतृTव गरेको छ । भूदेवको अर्थ धर्तीको देवता हो र जगत्को संरक्षण गर्नु उसको कर्तव्य हो तर ऊ जनघाती छ । भूदेव समानता पञ्चशीलको सिद्धान्त मान्न अस्वीकार गर्दछ र भ्रष्ट पनि नेता बन्छ भन्छ । प्रतिस्पर्धीहरूलाई सखाप पारेर एकछत्र राजनीति गर्ने भूदेव चुनावमा हारेर पनि आफ्नो चरित्र सुधार्दैन । भूदेव मजदुरबाट पैसा असुलेर उल्टै मजदुरलाई फसाउँछ र आफ्नो स्वार्थको लागि जस्तोसुकै कुकर्म गर्न पनिपछि परेको देखिदैँन ।

भूदेव पार्टीको नेता हो तर जनतालाई समानता दिने कुरामा विमति जनाउँछ । स्वार्थी व्यक्ति पनि महान नेता हुन सक्छ भन्ने धारणाको पक्षपाती देखिन्छ । भूदेव स्वार्थी र अवसरवादी थियो भन्ने कुरा जनकप्रतिको उसको व्यवहारबाट थाहा पाइन्छ । समानताका तर्कका क्रममा भूदेवबाट प्रकट भएका अभिव्यक्तिबाट भूदेव जनताका नाममा राजनीति गर्ने अवसरवादी नेताका रूपमा चित्रित भएको छ । उसको भनाइलाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् : *"मेरो न्यायमा सबलाई बराबरी पार्नु एकदम अन्याय हो "*(पृ.३७) । भूदेवको यस धारणाबाट ऊ अवसरवादी नेता हो भन्ने पुष्टि हुन्छ । पञ्चशीलको सिद्धान्त मान्न अस्वीकार गर्ने, मजदुरबाट पैसा उठाएर मजदुरलाई फसाउने भ्रष्ट नेता हो भूदेव । आफ्नो स्वार्थ पूर्तीका लागि जस्तोसुकै काम गर्न पनि पछि नपर्ने भूदेव आफ्नो नामअनुरूप रहेर जगत्को संरक्षण गर्नुमा देशघाती, जनघाती कार्य गर्न पनिपछि पर्दैन तसर्थ नाम विपरीत काम गर्ने प्रवृत्ति उसमा छ ।

कृष्णचन्द्रसिंह प्रधानका भनाइमा जनकको लाचारी अथवा विफलता, वाध्य जीवन अथवा अर्थहीनता उद्घाटित गर्न भूदेवको रचना भएको हो ।[76] भूदेव पार्टीमा हुकुमी शासन चलाउन खोज्ने व्यक्तिका रूपमा प्रकट हुन्छ । मजदुरहरूको जुलुसपछिको निशेधाज्ञा तोड्ने भाषणमा जनकको शारीरिक र मानसिक रूपमा अस्वीकृत रहँदा रहँदै जबर्जस्ती भाषण गर्न दबाब दिनु तथा तपाइँको आँट छ वा छैन वास्ता छैन भनेर नेतृत्व तहको मान्छेले भन्नु गैह्र जिम्वेवारीपन हो । उसका यी दुर्बलजन्य दबाबी व्यवहारबाट विसङ्गतिको चर्को अनुभूतिको बोध गर्नमा केन्द्रित रहेको छ । सबलाई बराबरी गर्नु अन्याय हो भन्दै समता मूलक समाज सिर्जनाको सिद्धान्तको प्रतिकूल देखिने भूदेव जनतालाई स्वार्थी ठान्दै आफ्नो प्रतिबिम्ब जनतामा देख्ने गर्दछ । जनताको पक्षपोषक भएर काम गर्न नसक्ने भूदेव आफै स्वार्थको चङ्गुलमा फसेको छ ।

---

[76] कृष्णचन्द्रसिहँ प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, (ललितपुर : साझा प्रकाशन, २०३७) पृ. ३३७ ।

भूदेव पार्टीको नेता भएर पनि अवसरवादी, परपीडक, छद्मभेषी तथा सन्दिग्ध चरित्र भएको व्यक्तिको रूपमा उपन्यासमा देखिएको छ । परपीडनमा रमाइलो मान्ने भूदेव सरकारले लागु गरेको प्रतिवन्धात्मक धारा १४४ का विरोधमा भाषण गर्न जनकलाई दवाव दिन्छ । पार्टी नेतृTवले उसको आदेश ठीक बेठीक जे भए पनि शारीरिक र मानसिक दुवै किसिमले रोगी भएको र भाषण गर्न असमर्थ रहेको स्पष्ट जाानकारी दिँदा दिदैँ पनि दबाब दिने, जनताको पिरमर्का र व्यथा, वेदनालाई नबुझ्ने, स्वार्थी, अविवेकी व्यक्ति मानिन्छ । जनकलाई १४४ धाराका विरूद्धमा भाषण गर्न दबाब दिएको अभिव्यक्तिबाट ऊ परपीडक नेता हो भन्न सकिन्छ ।

आफ्नो स्वार्थका लागि जनकलाई धारा १४४ का विरूद्ध बोल्न लगाएर राजनीतिक मोड बदल्न चाहने भूदेव नितान्त स्वार्थी पात्रका रूपमा प्रस्तुत भएको छ । भूदेवको तात्पर्य पृथ्वीको देवता हुन्छ तर यस उपन्यासमा भूदेव दैत्यका रूपमा आएको छ । भूदेव आफ्नो नामअनुसार सबैको रक्षा गर्नुपर्नेमा आफ्नो स्वार्थको लागि अरूलाई उपयोग गरेको देखिन्छ; जसले गर्दा भूदेवको नाम र कार्यव्यवहारमा सङ्गति भेट्न सकिदैंन ।

### ४.२.३.३ रवि पात्रमा विसङ्गति

रवि यस उपन्यासको मञ्चमा देखिने सहनायक हो र जनकको पालित पुत्र । रवि पनि यस उपन्यासका अरू पात्र जस्तै नामअनुसारको कार्यव्यापार नभएको विसङ्गत पात्र हो । रवि सूर्य हो, यसले अन्धकार हटाएर समाजमा प्रकाश दिनु पर्नेमा ऊ आफै अन्तर्द्वन्द्वमा फसेको छ । उसका कुनै पनि उद्धेश्य पूरा भएका छैनन् । सुरुमा रवि जस्तै फूर्तिलो र आकर्षक व्यक्ति रवि आफ्नो बाबु र यमुनाको अमर्यादित कार्य देखेपछि जीवनदेखि नै निराश बनेको छ । पाइला पाइलामा अनिर्णयको बन्दी बन्छ । जीवनभर चेतनाको ज्योति सल्काएर रवि किरण प्रदान गर्न उद्यत् जनकपुत्र रवि भावी अन्धकारमय भविष्यलाई आत्मसात् गर्न वाध्य भएको छ ।

जनकमान योञ्जनको पालित पुत्र रविमा एक्लोपनको गहिरो अनुभूति पाइन्छ । बाबुको नैतिकतामा प्रश्न चिह्न उठाउने रविका आफ्नै आँखाले बाबु जनक यमुनासँग रसरङ्गमा लागेको देखेपछि आफूलाई एकङ्गी भएको महसुस गर्न थालेको उदाहरण पाइन्छ । डानियल बाबुकी छोरी इशावेलसँग प्रेममा आबद्ध हुनथालेको रवि आफ्नो बाबुको त्यस किसिमको क्रियाकलाप अनैतिक ठान्छ र उक्त क्रियाकलाप देखेपछि रविमा एक किसिमको विरक्ति देखिन्छ जसकारण इशावेलकहाँ जान पनि छाड्छ ।

रवि किरण भएर उज्यालो बनाउनतिर भन्दा जीवनलाई अन्धकारमय बनाएर जीवन भोग्न बाध्य रहेको छ । इशावेलसँग हल्का प्रेमाङ्कुरित भएको अनुभूति गर्ने रवि आफ्नो बाबु र यमुनाका बीचको रासलीला देखेर झन् शून्यमय हृदय लिएर बाँच्न विवश भएको छ । घरपरिवारमा शून्यताको अनुभूति गर्नु शून्यबोधी धारणा हो । यमुना र जनकका बीचको क्रियाकलपबाट चिन्तित भएको रवि घरप्रति वितृष्णा व्यक्त गर्छ । मानसिक रूपमा पारिवारिक सम्बन्धबाट विच्छिन्न भएको बोध गर्दै पृथक्ताको अनुभूति गरेको छ । रवि नामको सूर्य भएर पनि मनमनै बादल जस्तै मडारिन्छ । रवि अरूलाई प्रकाश दिन त सक्दैंन, आफैं पनि अँध्यारोमा बाँचेको छ ।

### ४.२.३. एम्.के. पात्रमा विसङ्गति

**आज रमिता छ** उपन्यासको सहायक पुरुष पात्रको रूपमा एम्.के. ले उपन्यासभरि शून्यताको बोध गरेको छ । मानव जीवनमा अस्तित्वको अस्वीकृतिमूलक तΤवका रूपमा रहेको शून्यताले चरम विसङ्गतिको सङ्केत गर्दछ । विसङ्गत जीवन भोगाइको क्रममा तादात्म्य कायम गर्ने अनिवार्य तΤव भएकाले यसले प्रत्येक कदममा शून्यताको अनुभूति गराउँछ । **आज रमिता छ** उपन्यासमा शून्यतालाई मान्छेको जीवनमा गम्भीर रूपमा आक्रमण गर्ने सिकारीका रूपमा लिइन्छ । यसबाट बाच्न नसकिने धारणा जाँ पाल सार्त्रको रहेको छ । यस उपन्यासमा एम्.के. ले शून्यताको बोध गरेपश्चात् मृत्युवरण गरेको छ । जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुग्दछ । शून्यता तथा रिक्तताको बोध भएपछि आत्महत्याको सहारा लिनु एम्.के.को वाध्यता थियो । सधै विपत्तिपूर्वक बाँच भन्ने नित्सेको दार्शनिक नाराका विकृत अर्थ एम्.के.को चरित्रमा लागेको छ ।

एम्.के.को शून्यताबोधी भावनालाई उसले बाबुनीसँग गरेको साम्वादात्मक अभिव्यक्तिका माध्यमबाट अगि सारिएको छ । उपन्यासकारले त्यस प्रसङ्गलाई यसरी प्रस्तुत गरेका छन्-"*हाम्रो यो कान्छी छोरी जन्मे पछि ... त्यही मेरो ठूलो बाकसमा हालेर उधै उधो नालीदेखि बगाइदिन्छु* ( पृ.६९) ।" जीवन भोगाइका क्रममा शून्यताबोध भएपछि पत्नीको गर्भमा रहेको बच्चालाई बाकसमा हालेर नालीदेखि बगाउने कुरा गर्ने नामर्दी बाबुको प्रतिनिधि पात्रका रूपमा एम्.के.मा शून्यताले चरम रूप धारण गरेको प्रस्ट भएको छ । एम्.के.ले जेजस्तो जीवन ठान्छ तर ठीक उल्टो उसले भोग्नु परेको छ । सुखको कल्पना गरे पनि दुःख भोग्न विवश एवम् निष्कृय पात्रको रूपमा उपन्यासमा आएको छ एम्.के.। जीवनको अर्थहीनतालाई आत्मसात् गरेर आत्महत्या गर्न बाध्य र विवश रहेको एम्.के. मूलतः आर्थिक विपन्नताबाट जीवनको निरर्थकताको बोध गर्न पुगेको छ ।

एम्.के.सँग केही सीमित शब्दहरू छन् जसले ऊ कविता लेख्ने गर्दछ । ती शब्दहरूमा पर्णकुटी, नयन जल, हृदय वीणाको तार, नीलगगन, मन्द पवन, चन्द्र किरण आदि । बाहिरबाट हेर्दा उसको जीवन अत्यन्त कष्टप्रद, दुःखद र विसङ्गत छ । नित्सेको विपत्तिपूर्वक बाँच भन्ने विसङ्गतिवादी दर्शनको सार्थक तस्बिर एम्.के. मा देख्न सकिन्छ । नित्सेको विसङ्गतिवादी दर्शनको सारका रूपमा देखिएको एम्.के. आफूलाई स्वच्छ, पवित्र ठान्छ । आफ्नी श्रीमतीलाई ताजमहल बनाइदिन नसके तापनि प्रेम चाहिँ शाहजाँहको भन्दा कम गर्दैन भन्ने एम्.के. आदर्शवादी, कल्पनाशील र महत्वाकाक्षी छ । उपन्यासमा निष्कृय भूमिका पाएको एम्.के. मान्छे हो तर सामाजिक प्राणी होइन । ऊ जनकको आश्रयमा बस्छ र त्यही जनकको विरोध गर्छ । जागिरको कामको अलावा रक्सी खाने, मातेको समयमा कम्युनिष्ट बन्छु भन्ने आदि उसको दिनचर्या हो । हरेक दिन ५ वा १० रूपैयाँको खाचो पर्छ एम्.के. लाई तर त्यही पनि उसले पाउदैंन । आर्थिक विपन्नताबाट जीवनको निरर्थकताको बोध गर्न पुगेको एम्.के. आफ्नो जीवनदेखि वाक्क भएर यस्तो धारणा प्रस्तुत गरेको छ "*यो जुनीमा त म मान्छे हुनै पाइन । केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनु पऱ्यो, कचल्टिएँ । जहिले पनि मलाई ५ रूपियाँ र १० रुपियाँकै खाँचो पऱ्यो; हजार*

*हजार रुपियाँ चाहिने हुनै सकिँन तर अर्को जुनीमा हामी पनि धनी हौँला । दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिँन* (पृ. ६८) ।" यो उसको आत्मस्वीकारोक्ति हो । उसमा हुतिहारापन्, हीनत्वबोध, मृत्युन्मूखी प्रवृत्ति छ । मलाई मेरो मुख्य पात्र आबिस्कार गर्न धेरै समय लाग्यो एम्.के. बनाउँदा तीन जना गाल्नु पऱ्यो (भूमिका)भन्ने उपन्यासकारको भनाइबाट पनि एम्.के. विसङ्गतियुक्त पात्र हो भन्ने प्रस्ट हुन्छ । ऊ जागिरको लागि भौतारिन्छ र जागिर पाएकै दिनमा आत्महत्या गदर्छ । त्यसैले उसले भोगेको यथार्थ जीवन उसले अवलम्बन गरेको चिन्तन र उसको क्रियाशीलता बीच कुनै सङ्गति देखिदैन । यस उपन्यासलाई बढीभन्दा बढी विसङ्गत बनाउने सन्दर्भ एम्.के. को प्रस्तुति उपन्यासमा भएको हो ।

पारिवारिक जिम्मेवारीदेखि टाढा भएको एम्.के. अर्काको देखि मागेर परिवार पालेकी स्वास्नीलाई गाली गर्न छाड्दैन । श्रीमतीले खाना खान आग्रह गर्दा रक्सीले मातेको एम्.के. भन्छ-

"कसकोबाट ल्याइस यो भात"

"भात ? कसको देखि ल्याइस यो भात ? ..."(पृ. ९८)

घरायसी काममा जिम्बेवारीबोध नगर्ने जाँड-रक्सीमात्र खाएर स्वास्नीसँग रडाको मच्चाउने एम् . के.को जीवन निष्सारपूर्ण र विसङ्गततिपूर्ण रहेको तथ्यलाई उसको उक्त क्रियाकलापले पुष्टि गरेको छ । *"म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानु है ..."* (पृ. ९९) यस्ता शब्दले एम्.के.मा मृत्युन्मूखी प्रवृत्ति पलाएको देखिन्छ । एम्.के. विसङ्गति बोकेर हिड्ने पात्र हो । हीनताबोधले ग्रस्त उसमा मृत्युन्मूखी प्रवृत्ति पलाएकाले जागिरको खोजी गरिरहेको समयमा त्यही चिज प्राप्त हुँदा पनि ऊ आत्महत्या गर्दछ ।

यसरी समग्रमा एम्.के.को जीवन निरर्थक छ । उसले खोजेको केही पाएको छैन । विसङ्गतिको नमुनाको रूपमा उपन्यासमा एम्.के. देखिएको छ । ताना शर्माका शब्दमा एम्.के. दार्जिलिङ्को आलस्य अँध्यारो भविष्यको प्रतिनिधिTव गर्ने पात्र हो ।[77] यस भनाइबाट पनि एम्.के. को जीवन समग्रमै विसङ्गत थियो भन्ने प्रस्ट हुन्छ ।

## ४.२.३.५ सीता पात्रमा विसङ्गति

यस उपन्यासकी प्रमुख स्त्री पात्र सीता जनककी पत्नी हो । यस उपन्यासमा सीताको नाम र कार्यमा सङ्गति देखिदैन । आफ्नो लोग्ने जनकको व्यापारिक साझेदारी साथी जयविलासले जनकलाई मुद्दा हालेपछि रिसको आवेगमा जयविलासलई हप्काउन पुगेकी सीताले पनि बौद्धिक सहयोगी र सहृदयी परिवारको मर्यादालाई कायम गर्न सकेको पाइँदैन । जयविलासले पुलिस लगाएर ट्रेसपास केश मुद्दा चलाउने कुरा गर्नुमा जयविलासको भन्दा सीताको व्यवहारमा निर्भर रहेको छ । जयविलासका बाबु बाजेलाई सहयोग पुऱ्याएको पुरानो कुरा कोट्याएर जनकको परिवारको महानता झल्काउन खोज्ने सीता उपन्यासका अन्य पात्र जस्तै विसङ्गत पात्र हो ।

[77] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, (काठमाडौं : सहयोगी प्रकाशन, २०२७), पृ. २१९ ।

पुरानाकुरा कोट्याएर महानता झल्कदैँन त्यो त अरूले भनिदिने कुरा मात्र हुन् । आफू कृतज्ञ बन्नुपर्छ भन्ने धारणा राख्नु मपाइTवको बोध हो र यसले सीताको दौर्बल्य प्रस्तुत गराएको छ ।

**आज रमिता छ** उपन्यासकी सीता त्रेता युगीन सीता जस्ती छैन । जयविलासको दोकानमा कराउन गएकीले उसमा सीतामा जस्तो गाम्भीर्यता देखिदैँन । घर गृहस्थि राम्रैसँग गर्ने आदर्श नारी पात्र भए पनि श्रीमान यमुनासँग लहसिनु, घर आर्थिक रूपले टाट पल्टिनुजस्ता घटनाले विसङ्गत पात्र हो । दार्जिलिङलाई आफ्नो पेवा ठान्ने सीता अर्काको ठाउँमा आएर रगत चुस्ने भन्दै चुसाहको दर्जामा जयविलासलाई राखेकी छ । सीताको नाम र क्रियाकलापमा सङ्गति देख्न सकिदैन । जनक र सीता बाबु छोरी हुनुपर्नेमा यस उपन्यासमा पति-पत्नीको रूपमा देखाइनु यो भन्दा विसङ्गतिको नमुना के हुन सक्छ ?

### ४.२.३.६ बाबुनी पात्रमा विसङ्गति

**आज रमिता छ** उपन्यासकी सहायक स्त्री पात्र हो बाबुनी । एम्.के.की पत्नी बाबुनीको जीवन कष्टपूर्ण रहेको छ । एम्.के.मा आर्थिक विपन्नताले जरो गाडेको हुनाले त्यसबाट छुट्कारा पाउन अनेक प्रयत्न गरे पनि जीवनमा आशाको सङ्केत कहीँ कतै नपाएपछि बाबुनीले यस जुनीको दुःख सम्झदा अर्को जुनी नहोस् भन्ने धारणा यसरी राख्छे "मलाई त यो जुनीको दुःख सम्झदा अर्को जुनी नहोस् जस्तो लाग्छ" (पृ. ६८) । बाबुनीको यस धारणाबाट आफ्नो दुःखदायी जीवनबाट निराश भएर अर्को जुनी नहोस् भन्दै निराशाबोध गरेकी छ ।

बाबुनी एम्.के.को अभिभावक भएर सेवा गर्दछे । पुष्पा र अमृता दुई छोरीकी आमा बाबुनीले पतिले जागिर छाडेपछि दुःखजिलो गर्दै मागेर भए पनि आफ्नो परिवार पालेकी छ । दोजिया अवस्थामा रहेकी बाबुनीलाई एम्.के.ले उक्त बच्चा जन्मेपछि बाकसमा हालेर नालीदेखि उँधै उँधो बगाउने कुरा गरेको छ; जसका कारण बाबुनी अझ विसङ्गत देखिएकी छ । पतिले आत्महत्या गरे पनि जसोतसो परिवार पालेकी बाबुनी अस्पतालमा नर्सको काम गर्दछे र परिवार पालेकी छ । आफ्नो जीवनमा सुख र खुसीको अनुभव नगरेकी बाबुनी नर्सको काम गर्दा गर्दै चियाकमानको सहायक म्यानेजर प्रेमकृष्णसँग लहसिन थालेको देखिन्छ । हाम्रो समाजमा महिलाले परपरुषसँग लहसिएर हिँड्नुलाई सङ्गतिपूर्ण मानिदैँन । त्यसकारण पनि बाबुनीमा विसङ्गति देखिन्छ र बाबुनी विसङ्गत पात्र हो भन्न सकिन्छ ।

### ४.२.३.७ यमुना पात्रमा विसङ्गति

यमुना उपन्यासकी बाइफाला चरित्र हो । दा नामग्येलकी कान्छी श्रीमती यमुना आफ्नो बिरामी पतिलाई स्याहार नगरी रातभरि मात्र नभएर कहिलेकाहीं हप्तौं हराउँछे । केटा फेर्दै हिँड्नु र रक्सीले मातेर डिस्कोमा नाच्नु उसको दिनचर्या हो । बिरामी लोग्नेको उपचारमा गाम्भीर्य नदेखिएकी यमुना यौन व्यभिचारको मार्ग अवलम्बन गर्दै दाम्पत्य जीवन निरर्थक रहेको प्रमाणित गर्न उद्यत रहेकी देखिन्छे । एउटै घरमा बस्ने जनकसँग रासलीला गर्ने काम यमुनाले गरेकी छ । लोग्नेको उपचार र सेवा सुश्रूषा गर्नुभन्दा आफ्नै जीवनको रमाइलोमा भुल्न खोज्ने जीवन सुलभ स्वभावकी विसङ्गत पात्र हो यमुना ।

**आज रमिता छ** उपन्यासका अन्य पात्र जस्तै यमुनाको नाम र कार्य व्यवहारमा सङ्गति देखिदैंन । 'यमुना' नदीजस्तै पवित्र हुनुपर्ने यमुना अत्यन्तै पतीत छे र रोगी लोग्नेको स्वास्थ्य अवस्थाको चिन्ता छाडेर वेश्याको स्तरमा गिरेकी छ । घरमा बस्दा सधैं फोनमा भुण्डिरहने यमुना हरेक लोग्ने मानिसलाई आफ्नो सिकार ठान्छे । समाजको लाज, घीन केही पनि वास्ता नभएकी यमुना आफूभन्दा दोब्बर कान्छो रविलाई दाजु भन्छे र रविकै बाबु जनकसँग रासलीला गर्दछे । यमुनाका यी विभिन्न क्रियाकलापले उसको नामसँग उसको कार्यव्यवहारमा कुनै सङ्गति नदेखिएकाले यमुना विसङ्गत पात्र हो भन्न सकिन्छ ।

लोग्ने पारिवारिक जीवनको असङ्गतिले पिल्सिएको छ, स्वास्नी यमुना चाँहि यौन अतृप्तिले पिल्सिएकी छ । बिरामी लोग्नेभन्दा सिनेमाहलको अन्धकार, होटेलको सेतो उज्यालो ज्योति, क्लबमा भेटिने अनेक अनुहार र तिनीहरूले सधैं गर्ने फुल र कुखुराहरूको बातसँग मोह र प्रेम भएकी यमुनाको यो चरित्रले यौन अतृप्तिको क्षतिपूर्ति खोजिरहेको छ । उसको चरित्र बडो विरोधाभाष पूर्ण छ । ऊ नानीहरूलाई माया गर्छे तर रूवाउन उद्यत छे । घरि ऊ बिरामी लोग्नेप्रति माया देखाएर लोग्नेको ओच्छ्यानमा बसेर मध्यरात सम्मै रुन्छे । सहनाई बजेको कतै सुनी भने पनि रुन्छे (सायद उसमा आफ्नो विवाहप्रति गुनासो छ) । फेरि रक्सीले मातेर रेष्टुरा, क्लबतिर घुमी हिँड्छे । लोग्नेले एक्लै छाडेर घर फर्किसकेपछि पनि लोग्नेप्रति कुनै अनुरती नै नदेखाउने ऊ अन्त्यमा भने घर जान्छे तर उसमा पूर्णतः परिवर्तन भने आएको छैन । उसको यस्तो विरोधाभाष यौन अतृप्तिले पैदा गरेको विसङ्गति हो ।

### ४.२.३.८ दा, नामग्येल पात्रमा विसङ्गति

खासाको व्यापारी नामग्येल दुई छोराछोरी भएर जेठी श्रीमतीको मृत्युपछि कान्छी श्रीमतीको रूपमा यमुनालाई विवाह गरेको छ । बिरामी भएर स्वस्थ जीवनको कामना गर्दै उपचारको लागि दार्जिलिङ आएको नामग्येल पत्नी यमुनाको कार्यव्यवहारबाट विरक्तिएको छ । उपचारमा सहयोगी बन्नु भन्दा यौन व्यभिचारको पसल थापेर हाट बजारको खोजीमा निस्केकी यमुनालाई छाडेर एक्लै गान्तोक फर्किनु जीवनमा उज्याले प्राप्त हुन नसकेको निचोड निकाली सकेपछिको अवस्थालाई पीडादायी स्थिति मानिन्छ । निराशाको चरमबोध भएपछि एक्लै घर फर्केको नामग्येल आफ्नो रोगबाट त पीडित नै छ झन् आफ्नी उमेरदार स्वस्नीको स्वच्छन्दताले पिल्सिएको छ । पत्नीले यौन तुष्टिका लागि बजार चाहर्दै जाने व्यवहारले गर्दा नामग्येलले विसङ्गतिको बोध गरेको छ ।

### ४.२.३.९ जयविलास पात्रमा विसङ्गति

जनकसँगै व्यापार साझेदारीमा संलग्न भएको जयविलासले जनकमाथि मुद्दा हाल्नुले आफ्नो अनुकूलता नदेखेपछि जयविलासको जीवनमा पनि सङ्गति छैन । सीताले आफ्नो लोग्नेको विरूद्ध नालिस हालेको जयविलासलाई हप्काउँदा पुलिसलाई खबर गरी ट्रेसपास केश लगाइदिने धम्की दिनुजस्ता कुराले जयविलासले पनि सङ्गति फेला पार्न नसकेको स्पष्ट देखिन्छ । त्यसका अतिरिक्त जनकमाथि अविश्वास प्रकट गर्नुले पनि उसमा विसङ्गतिको बोध भएको पाइन्छ ।

### ४.२.३.१० वीरमान पात्रमा विसङ्गति

जनकको घरमा काम गर्ने नोकरको रूपमा बसेको वीरमान पनि विसङ्गत पात्र हो । नाम वीरमान भए पनि कातर स्वभावको वीरमान सिधा स्वभावको भन्दा पनि झूठो बोल्ने पात्र हो । उपन्यासमा विसङ्गतिबोध गर्ने पात्रहरूमा वीरमान बुढाथोकी पनि परेको छ । जनक र सीतासँग बिदा भएर घर फर्केको वीरमान पत्नीको मृत्युपश्चात आजीवन बिहे नगरी पत्नीको संस्मरणमा जिन्दगी बिताउँने किरिया खान्छ तर पछि आफ्नै साखै भाञ्जीलाई भगाएर हिँड्छ । यसलाई सामाजिक नैतिक पक्षसँग सम्बन्धित विसङ्गति मानिन्छ । अमर्यादित वैवाहिक जीवन प्रक्रियाको अवलम्बन गर्नु विसङ्गतिबोधको पेचिलो पक्ष हो ।

उपन्यासमा वीरमानकै माध्यमबाट बहुविवाह प्रथा, रूढिवादी कथन प्रस्ट पारिएको छ । परम्परामा वीरमान देब्रेहात चलाउने भएकाले जुम्ल्याहा छोरा पाउनुपर्ने, त्यस्तै उसका हातका चक्रका आधारमा कि साधु कि राजा हुन्छन् भन्ने सीता र बाबुनीले भनेबाट रूढिबादी कथन प्रस्ट पारिएको छ । श्रीमतीको मृत्युपछि उसकै सम्झनामा जीवन बिताउने कसम खाएको वीरमानले आफ्नै भाञ्जीलाई पत्नीको रूपमा स्वीकारेको छ । विसङ्गतिको नमुना यो भन्दा अरू के हुन सक्छ र ? त्यसकारण पनि वीरमान विसङ्गत पात्र हो भन्नु अनुपयुक्त मानिदैंन ।

### ४.२.३.११ धर्मप्रसाद पात्रमा विसङ्गति

नाम अनुसारको कार्यव्यापार नभएको पात्रको ˘ङ्खलामा धर्मप्रसाद पनि पर्दछ । धर्मप्रसाद उपन्यासको विसङ्गतिवादी सिद्धान्त स्थापनाको उल्लेख्य चरित्र हो । पहाडबाट मधेश झर्नु परेको अवस्थालाई पहाडका जम्मै आत्मीयहरूले मृत्युदण्ड दिएको अभिव्यक्ति दिने धर्मप्रसाद व्यवहारमा तराईका धिमाल बस्ती उठीबास लगाउँछ । नाम धर्मप्रसाद भए पनि उसको व्यवहार पापै पापले भरिएको छ । सामन्ती सोच र हैकमवादी प्रवृत्ति रहेको धर्मप्रसाद कसैको राम्रो खेत देख्यो भने मुद्दा लगाएर रातारात लखेट्ने गर्छ । नाम अनुरूपको कार्यव्यवहारमा सङ्गति नभएको धर्मप्रसाद विसङ्गत पात्र हो ।

### ४.२.३.१२ अन्य पात्रमा विसङ्गति

यस उपन्यासका सानातिना चरित्रहरू समेत विसङ्गत बनाइएका छन् । उनीहरू मध्येका कतिपयका अभिव्यक्तिमा मात्रै र कतिपयका भने अभिव्यक्तिका साथसाथै व्यवहारमा समेत विसङ्गति देखिन पुगेको आभास हुन्छ । अरूको आलोचना नगरी सन्तुष्ट नहुने अजोयदास, आफ्नो नर्तकीको भेष आफैंले नियालेर मोहीत हुने रतन, ५६ वर्षको हुँदा बिहा गर्छु, त्यसकारण म ४० वर्षको पुग्दाखेरी दुलहीको पृथ्वीमा अवतरण हुन्छ भन्ने पार्थीव; अगाडि नमस्कार गरेको मान्छेलाई पछाडिबाट धारेहात लगाउने क्लर्क, गाउँघरमा कसैको विवाह भयो कि खल्लो मान्ने रत्नबहादुर बूढा, मास्टर खोज्न आएको तर मास्टर भर्ना गर्न आएको हो कि भर्ना हुनेलाई बिच्काउन आएको हो प्रस्ट नदेखिएको र विरोधाभाष हुने गरी नेपालमा देश सेवा गर्न जानेहरूको यहाँ परिवार शहीद

हुन्छन् ! भन्ने मास्टर, अर्काको खुट्टा तान्ने प्रवृत्तिको कृष्णलाल, पत्नीको मृत्युपश्चात् विधूरताको पीडा बोकेर शोकाकूल बन्दै एकाङ्गी जीवन बिताइरहेको डानियल बाबु, आमाको मृत्युपश्चात् शून्यताको बोध गरेकी इशावेल आदि जस्ता चरित्रहरूलाई एउटा न एउटा विसङ्गतिको पोको भ्रुण्डायाइ दिएका छन् उपन्यासकारले ।

त्यस्तै किसनराम, शमशेर, पासोला, रसुला, हरि, दिव्या, अमृता, सी.बी. राई, पुष्पा, सुकनाथ, प्रेमकृष्ण, यसराज, खगप्रसाद, जुलुसमा सहभागी सबै मानिस र गोलीको सिकार भएकी सनमती लगायतका उपन्यासका अधिकांश पात्रमा विसङ्गतिकोबोध भएको छ । सबै पात्रले स्व-अस्तित्वको लागि सङ्घर्ष गरेका छन् तर सबैलाई विसङ्गति हात लागेको छ । त्यसकारण यी सबै पात्रमा विसङ्गति पाउन सकिन्छ ।

**आज रमिता छ** उपन्यासमा प्रयुक्त पात्रहरूको नामका आधारमा उनीहरूको कार्यव्यवहारमा मेल खादैन अर्थात् नाम अनुसारको काम छैन । प्रत्येक पात्रका नामले एकातर्फ अर्थ प्रदान गरेको छ भने उनीहरूको कार्यव्यवहार अर्कोतर्फ रहेको छ । यस उपन्यासको पात्र विधानमा व्यापक विसङ्गतिको प्रयोग गरिएको छ । यस उपन्यासले मान्छेको जीवन उपन्यासका पात्रले भोगेको जस्तै निष्सार, निरर्थक, शून्य, मृत्युन्मूखी प्रवृत्ति आदिले ग्रसित भएर विसङ्गत हुन पुग्छ भन्ने सन्देश दिएको छ ।

उपन्यासको मूलपक्ष भन्नु नै विसङ्गतिलाई देखाउनु हो । पात्रका सबैजसो क्रियाकलाप विसङ्गतिको आहालमा डुबुल्की मार्न पुगेको छ ।

## ४.२.४ परिवेशमा विसङ्गति

उपन्यासको स्थान, समय र परिस्थितिलाई परिवेश शब्दले बोध गर्दछ । **आज रमिता छ** उपन्यासले दाजिलिङ्को रीतिथिति, रहनसहन र बानी व्यहोरालाई आफ्नो परिवेश बनाएको छ । परिवेशमा सङ्गति र सम्बद्धता नरहेको यस उपन्यासमा अन्वितिमूलक संरचना शिल्पका दृष्टिले स्थान, समय र चरित्रको अन्वितिहीनताको प्रयोग भएको छ । पूर्वी नेपालको धनकुटादेखि इलामसम्मको स्थानको साथै मूख्य रूपमा भारतको दार्जिलिङ् र यस वरपरको क्षेत्र स्थानका रूपमा आएको छ । भारत अङ्ग्रेजको उपनिवेश रहँदैदेखि स्वतन्त्र भएको लामो काल खण्डको समयलाई यस उपन्यासमा उपन्यासकारले समेटेका छन् । वि.सं. १९९७ देखि २०१४ सम्मको समयावधि र त्यस समयमा दार्जिलिङ्हरूले जीवनमा भोगेको विसङ्गत जीवन भोगाइको परिस्थति जन्य घटनालाई राईले प्रस्तुत गरेका छन् । राजनैतिक रूपले भारत स्वतन्त्र भए पनि आर्थिक रूपले विकास हुन नसकेको र अवसरवादीहरू रातारात मालामाल भएको तर दार्जिलिङ्े जनताहरू खान लाउन र हिड्न समेत मुश्कि भएको परिस्थतिलाई उपन्यासमा देखाईएको छ । यस उपन्यासमा उपन्यासकारले १९९७ देखि २०१४ सालसम्मको समयमा दार्जिलिङका जन जीवनले उनीहरूको जीवनमा भोगेका निस्सारता, निरर्थकता, शून्यता, व्यर्थता आदि विसङ्गत पस्थिति जन्य जीवन भोगाईलाई परिवेशका रूपमा प्रयोग गरेका छन् । धर्मप्रसादको जमिन्दारीदेखि, मध्ययमवर्गीय र एम.के. जस्ता नीम्न वर्गका आर्थिक परिवेश, बाबुनी सीता र वीरमान मार्फत

नेपाली रूढिवादी परम्पर, आफ्नै भाञ्जी विहे गरेर सांस्कृतिक विसङ्गति प्रस्तुत गर्ने वीरमानका माध्ययमबाट सामाजिक परिवेशको चर्चा उपन्यासकार राईले गरेका छन् । यसरी विविध परिवेशको चर्चा गर्दा त्यसमा देखापरेका विसङ्गत घटनाक्रमले उपन्यासको परिवेशलाई विसङ्गत बनाएको छ ।

राइले यस उपन्यासमा नेपालको इलाम, धनकुटा, ओलाङ्चुङगोला लगायत भारतका सिलगडी, कलकत्ता, सिक्किम र दार्जिलिङ्को परिवेशमा घटेका घटनालाई कथावस्तुको रूपमा प्रस्तुत गरेका छन् । १९९७ देखि २०१४ सम्मको समयमा देखिएका घटनालाई राइले उपन्यासमा समेटेका छन् । चियाकमानका कामदारले म्यानेजर कुट्नु, एम्.के. जागिर पाएको दिन आत्महत्यागर्नु, जनकलाई व्यापारको साजेदारले मुद्दा हाल्नु, भूदेवले धारा १४४ को विरूद्धमा भाषण गर्न लगाउनु जस्ता पारिस्थितिक घटनाले गर्दा उपन्यासको परिवेश विसङ्गत देखिन्छ । नेपालीहरू जहाँ गए पनि मजदुरी गर्नमै विवश छन् भन्ने परिस्थितिलाइ राईले देखाइएका छन् वर्मा गए कर्मसँगै नेपाल आए कपालसँगै भन्ने उखानलाई निम्न वर्गिय नेपालीका माध्यमबाट राईले प्रस्ट पारेका छन् यसरी विभिन्न परिवेश र त्यस परिवेशमा घटेका घटनाको चर्चा गर्दा त्यसमा देखापरेका विसङ्गत घटनाक्रमले उपन्यासको परिवेशलाई विसङ्गत बनाएको छ ।

## ४.२.५ कथ्य वा भाव (विषय वस्तु) मा विसङ्गति

विषयवस्तुका दृष्टिले सामाजिक यथार्थवादी र चिन्तनका दृष्टिले विसङ्गतिवादी उपन्यासकारद्वारा लिखित **आज रमिता छ** उपन्यासको केन्द्रीय कथ्य वा भाव श्रमजीवी जीवनको समस्याहरू रहेको छ । दार्जिलिङमा रहेका प्रवासी नेपालीहरूको जीवन चरित्रलाई यस उपन्यासमा विषयवस्तु बनाइएको छ । मूलभूत रूपमा मजदुर वर्गको चित्रण रहेको यस उपन्यासमा आजको दार्जिलिङ प्रतिबिम्बित भएझैँ लाग्छ । दार्जिलिङ गएदेखि त्यहाँ रहुञ्जेलसम्म तिनीहरूले भोग्नुपरेका दु:खपूर्ण अवस्थाको चित्रण यस उपन्यासमा गरिएको छ । दार्जिलिङको इतिहास एक पुस्ताको मात्र नभएर पुस्तौं पुस्ताको हो । प्रवासी नेपालीहरूले पुस्तौं पुस्तादेखि भोगिआएको दु:खपूर्ण जीवन स्थितिको जीवन्त चित्रण यस उपन्यासको विषयवस्तुका रूपमा आएको देखिन्छ । विशेषगरी यहाँका मजदुर वर्गले चियाबगानमा काम गर्दछन्; उनीहरूको जीवन निरर्थक, निष्सार, र विसङ्गत देखिन्छ, जसलाई उपन्यासकार राईले यस उपन्यासको विषयवस्तु बनाएका छन् ।

उपन्यासकार इन्द्रबहादुर राईले दार्जिलिङे समाजको कुना काप्चा सबैको यथार्थलाई उतार्नका लागि थुप्रै पात्रहरूको सहयोग लिएका छन् । ती पात्रहरूले भोगेको विसङ्गत जीवनलाई नै उपन्यासमा मूल कथ्यका रूपमा प्रस्तुत गरिएको छ । **आज रमिता छ** ले दार्जिलिङका नेपालीहरूको विवश जीवनको औधि चित्त बुझ्दो चित्र उभ्याएको छ । आफूलाई अरूबाट स्वीकार गराउने प्रयत्नको लङ्गुर भएर हल्लेको मध्यमवर्गीय नेपाली जीवनले आज रमिता छ मा साह्रै राम्रो अभिव्यक्ति पाएको छ ।"[78]

[78]= तारानाथ शर्मा, *तेस्रो आयामका तीन व्यक्तित्व*, **नेपाली** (पूर्णाङ्क) (वर्ष २३ पूर्णङ्क ५६, साउन-असोज २०३०), पृ. ११-२० ।

विसङ्गतिवादी जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्ने यस उपन्यासको प्रमुख प्राप्ति नै विसङ्गत जीवनदृष्टि हो । यो उपन्यास समग्रमै विसङ्गतिवादी मान्यतामा आधारित रहेकाले उपन्यासको मूल कथ्य नै विसङ्गत छ । उपन्यासमा वर्णित घटनाको व्यतिरेकमा यसको नामकरण गरिएको छ । यस उपन्यासका पात्रहरू असन्तोष, निराशा, चिन्ता, निरर्थकता, शून्यता आदिबाट ग्रसित रहेकाले यिनीहरूको जीवनमा नरमाइला तथा विभत्स घटनाहरू घटेका छन् । उपन्यासमा आएका जनक, सीता, रवि, भूदेव, यमुना, धर्मप्रसाद आदिका नाम र काममा विसङ्गति देख्न सकिन्छ । उपन्यासमा नाम अनुरूपको कार्यव्यापार छैन; त्यसैले गर्दा उपन्यासको कथ्यमा विसङ्गतिको प्रयोग गरिएको छ । उपन्यासको कथ्य र पात्र विधानमा सार्थकता नभएकाले उपन्यासको कथ्य वा भाव (विषयवस्तु) विसङ्गत छ ।

## ४.२.६ संवादमा विसङ्गति

**आज रमिता छ** उपन्यासको संवाद पक्ष ज्यादै सबल छ । पात्रहरू बीचको आपसी संवादले उपन्यासको घटनालाई गति प्रदान गरेको छ । उपन्यासमा पात्रको मनोविश्लेषण गर्न सफल संवाद र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवाद प्रयोग भएका छन् । विसङ्गतिवादी मान्यता अनुसार यस उपन्यासको संवादमा विसङ्गतिको बोध गर्न सकिन्छ; अर्थात् पात्रहरूका बीचको संवादमा विसङ्गति देख्न सकिन्छ । यहाँ केही प्रासाङ्गिक संवादका दृष्टान्त प्रस्तुत गर्नु उपयुक्त देखिन्छ :

"मैले धेरै हेरेँ, विचारेँ, गुनेँ खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यही पुग्दा रहेछौँ । जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ । तिमी एउटा पात, म एउटा पात । एउटा विराट अन्धवाध्यता । जीवन बाँचिन्छ, यसलाई बाँचिइन्छ, यति नै अर्थहीन अर्थ जीवनको" (पृ.६८) ।

यसरी जनकले जीवनलाई खोलाले बगाएझैं परिस्थितिले बगाउँने खोलाको पात जस्तै थाहा नभएको यात्रा र त्यो यात्रा बाध्यता हो र अर्थ नभएको अर्थ नै जीवन हो भन्ने जीवनको विसङ्गत यथार्थलाई दार्शनिक तवरमा उक्त संवाद मार्फत प्रस्तुत गरेको छ ।

"यो जुनीमा त म मान्छे हुनै पाइनँ । केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनु पऱ्यो, कचल्टिएँ । जहिले पनि मलाई ५ रुपियाँ र १० रुपियाँकै खाँचो पऱ्यो; हजार हजार रुपियाँ चाहिने हुनै सकिनँ तर अर्को जुनीमा हामी पनि धनी हौँला । दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिनँ" (पृ.६८) ।

यस भनाइका आधारबाट एम्.के.मा एक प्रकारको हीनत्व बोधका साथै जीवनप्रति निराशाबोध गरेको छ ।

"म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानू है ..." (पृ.९९) ।

यस संवादका आधारमा एम्.के. मा मृत्युन्मूखी प्रवृत्ति पलाएको छ । उसलाई मृत्यु प्यारो लाग्छ र उसले आफ्नी श्रीमतीलाई उक्त कथन भनेको छ ।

"मलाई त यो जूनीको दुःख सम्झदा अर्को जुनी नहोस् जस्तो लाग्छ" (पृ.६८) ।

एम्.के. र उसकी पत्नी बाबुनीका बीचको यस संवादले उनीहरू जीवनदेखि वाक्क भएको भान हुन्छ । यस संवादका माध्यमबाट उनीहरूले निराशाबोध गरेको देखिन्छ ।

"पुष्पाकी आमा" बोलायो एम्.के. ले

"हजुर"

"त्यो मेरो ठूलो कालो बाकसमा के राखेकी छौ ?"

"केई हैन ... किन ?"

"हाम्रो यो कान्छी छोरी जन्मेपछि त्यही मेरो ठूलो बाकसमा हालेर त्यसलाई उधैं उधौं नालीदेखि बगाइदिन्छु" (पृ.६९) ।

उपर्युक्त संवादात्मक अभिव्यक्तिमा एम्.के. अभिभावक भएर पनि अभिभावकŒवको जीम्मेवारी बहन गर्न नसकेको स्थितिमा निराशावादी जीवनदृष्टि अभिव्यक्त भएको छ ।

"यस्तो सब दाग हराउने क्रिम चार रूपैंमा पाउँछ, म किन्छु ।"

"किन्नु पर्छ किन ।"

"मसँग ताजमहल बनाइदिने पैसा पो छैन, प्रेम त म तिमीलाई शाहजाहाँले भन्दा ज्यादा गर्छु" (पृ.११२-११३) ।

यी दुई बीचको संवादबाट घरमा खाने केही नभएको अवस्थामा बाबुनीलाई क्रिम किनेर मुखको दाग, चाया हटाएर तरूनी बन्नु पर्ने र शाहजहाँ भन्दा ज्यादा प्रेम गर्छु भन्ने एम्.के.ले आदर्श प्रस्तुत गरेको छ । विपत्तिपूर्वक बाँच भन्ने नित्सेको मान्यताले एम्.के.को जीवनमा सार्थकता पाएको छ ।

"रक्सीले धन र स्वास्थ्य मानिसको विगार्छ, त्यसकारण नखानू । तर वाइनले ठूला मानिसहरूको सङ्गत र समानता दिन्छ । ठूलो व्यापार र निर्णयहरू वाइन टेबलमा तय हुन्छन्, दैलो कुरेर हुँदैन" (पृ.२४) ।

जनकको यस प्रकारको भनाइबाट उसको फोस्रो आदर्शता झल्कन्छ । व्यापारमा घाटा लागेर टाट पल्टन पुगेको व्यक्ति जो रक्सी खाने औकातमा छैन त्यसैले अझ वाइन खाएर ठूलाठूला व्यापारिक निर्णय गर्न सकिन्छ भन्छ ।

"तपाई जाँड खानु हुन्छ ।"

“म जाँड खादिनँ ! म वाइन खान्छु ।”

“वैनसैन तपाई केई नखानोस न, सक्नुहुन्छ ?”

“म वाइन नै खान्छु । वाइन नखानेले जनकले जस्तै अर्काकी स्वास्नीलाई चुम्मा खान्छ” (पृ.२४) ।

एम्.के. र उसकी स्वास्नी बीचको यस संवादले जँड्याहा पोइबाट वाक्क भएकी बाबुनीले जाँड नखान आग्रह गर्दा आफूले वाइन खाएको र वाइन नखानेले जनकको जस्तो अर्काकी श्रीमतीको चुम्मा खान्छ तर आफू त्यसो नभएको फूर्ति लगाउँदै पुरुषार्थ देखाउँछ । घरमा साझ बिहानको छाकटार्न गाह्रो हुने एम्.के. वाइन खान्छु भन्दै आफ्नो पुरुषार्थ प्रदर्शन गर्दछ । एम्.के. को उक्त संवाद विसङ्गति युक्त छ ।

“मेरा न्यायमा सबलाई बराबरी पार्नु एकदम अन्याय हो” (पृ.३७) ।

भूदेवको यस प्रकारको भनाईबाट ऊ अवसरबादी नेता भएको पुष्टि हुन्छ र उसमा रहेको विसङ्गति देखापर्दछ ।

“एउटा कथाको किताब पढ्न देऊन दाजु”

“आफैँ छान्नुहोस्” (पृ.३९) ।

यमुना र रविको बीचको यो संवादमा आफूभन्दा दोब्बर कान्छो रविलाई दाजु भन्ने यमुना रविकै बाबु जनकसँग लहसिएकी छ र छोरालाई दाजु सम्बोधन गर्दछे ।

“कति छ तपाईंको ?”

“मेरो त ... बल्ल बल्ल...३३-१८-२९ पुग्छ”

“म बताऊँ तपाईंको ब्युटी केमा छ ? ...”

“पर्दैन बाजे !”

“म जान्द छु र पो बताउँछु त ...”

“पर्दैन ज्यू; तपाईं जस्तो चार सौ बीसले !”

“म ४२० ?”

“तपाईंको एट्रेक्सन केमा छ भने नी , कम्मरदेखि मुनि खुट्टातक यो भाग तपाईंको लामो सुलुक्क परेको साह्रो सुहाउने छ । मलाई सारै मन पर्छ” (पृ.५५-५६) ।

जनक र यमुनाका बीचमा भएको यस संवादले बिरामी श्रीमान उपचार गर्न आएकी यमुना र घरमै श्रीमती भएको जनक बीचको सम्बन्धमा प्रश्न चिह्न लगाएको छ । अर्काको

श्रीमतीको बखान गर्दै कम्मर मुनिका पिडुँला, तिघ्रा, र साप्रा सुलुक्क परेको छ; मलाई मन पऱ्यो भन्दै उसलाई आफूप्रति आकर्षित गर्न अग्रसर देखिन्छ र सामाजिक संस्कारको सीमा नाघ्न थालेका जनक र यमुना बीचको यो संवाद विसङ्गत देखिन्छ ।

"पुष्पाको बाबु ... झुण्डिएर मरेछ ।"

"के ?"

"तल ग्यारेजमा गएर राति नै झिुण्डएर मरेछ ।"

"त्यल्लाई किन मर्नु परेछ जहान छोराछोरी छाडेर ? पापी साला ..." (पृ.११५)।

रवि र जनकका बीचको यस संवादमा क्लर्कको काम पाएको लगत्तै आत्महत्या गर्ने एम्.के. समाजमा ५ रूपैयाँ खाँचो पर्दा रन्थनिनु परेको र हजार हजार रूपैयाँ चाहिने हुनै नसकेको दु:खेसो पोख्दै एक्लोपनको अनुभव गर्दै मृत्युन्मुखी प्रवृत्तितर्फ अग्रसर भएर आफूलाई समाप्त गरेको छ ।

"तलव चाहिँ उहाँ कहिले पाइन्छ ? महिना मरेर कति दिनमा पाइन्छ ?"

"हँ..."

"भन्नोस् न महिना मरेको कति दिनपछि पाइन्छ ?"

"महिना मरेको पाँच महिना पछि पाइन्छ ।"

"केही बेला बर्ष दिन पछि । मास्टर मरेपछि त पाइँदैन" (पृ.६०) ।

के.वी. मास्टर र एम्.के. बीचको यो संवाद पनि विसङ्गत छ ।

यसरी माथि दृष्टान्तका रूपमा उल्लिखित संवादहरूमा निराशा, निष्सारता, शून्यता, जस्ता विसङ्गतिवादी मान्यताहरूको टड्कारो रूप देखिन्छ जसले, गर्दा यस उपन्यासमा प्रयुक्त संवादहरू विसङ्गत छन् भन्न सकिन्छ । माथि उल्लिखित बाहेक उपन्यासमा विसङ्गतियुक्त संवादहरू प्रशस्त भेट्न सकिन्छ ।

## ४.२.७ शीर्षकमा विसङ्गति

यस उपन्यासको शीर्षक अनौचित्यपूर्ण वा विसङ्गत छ । यहाँ प्रयुक्त तीन वटा शब्द **आज रमिता छ** मा 'आज' ले नवीनताको सङ्केत गर्दछ । 'रमिता' ले हर्ष उल्लास आदिको सङ्केत र 'छ' ले सामान्य वर्तमान कालीक क्रियाको अर्थ बोकेको छ । समान्य अर्थमा हेर्दा वर्तमान रमाइलो छ भन्ने अर्थ बुझिन्छ । तर यस उपन्यासमा अनिच्छापूर्ण जीवन बिताउँन बाध्य मान्छेको जीवनको यथार्थ चित्रण प्रस्तुत छ, जसले गर्दा वास्तविक रूपमा आज रमिता छैन भन्ने पुष्टि

गर्दछ । भाषा वैज्ञानिक दृष्टिले विश्लेषण गर्दा 'छ' भन्नु (+ वर्तमान + निश्चय - निषेधात्मक) हो भने 'छैन' ले (+ वर्तमान + निश्चय + निषेधात्मकता) लाई बुझाउँछ । यसरी **आज रमिता छ** शीर्षक र रचनाको बीचको पूर्ण: विपरीत सम्बन्ध राख्छ । यहाँ रमिताको अर्थ रमाइलो नभएर विजोग हो भन्न सकिन्छ । यसरी यस उपन्यासको शीर्षक विसङ्गत रहेको छ ।

**आज रमिता छ** उपन्यास समग्रमै विसङ्गतिवादी मान्यतामा आधारित छ । उपन्यासलाई समग्रमा पढि सक्दा उपन्यासमा घटित घटनाहरू रमिताको अर्थबोधी छैनन; यिनले जीवनको आन्तरिक तथा बाह्य जटिलतालाई नै ओगटेका छन् । त्यसकारण शीर्षकले व्यञ्जना अर्थ दिन्छ । यस दृष्टिले **आज रमिता छ** शीर्षक नै विसङ्गतिबोधक छ । उपन्यासमा यो रमिता चरित्रहरूका हरेक कार्यव्यापारहरूसँग गएर जोडिन्छ र हरेक चरित्रहरूले जीवनलाई, यसको जटिलतालाई युगीन यन्त्रणलाई एउटा रमिता बनाइरहेका छन् । विसङ्गत जीवनमा नरमाइकनै पनि रमिता हुनसक्छ । उपन्यासका चरित्रहरूले यसैको बोध गराउँदछन् ।

यस उपन्यासका हरेक चरित्रहरू अर्थ खोज्दा खोज्दै पनि निरर्थकताको वरिपरि घुमिरहेका छन् । ती चरित्र ग्रिसेली मिथक सिसिफसको आधुनिक संस्करण जस्तै लाग्छन् । सिसिफस त ढुङ्गो बोक्ने नियमितताको निरर्थक नियति मात्रै भोग्न अभिसप्त थियो तर यस उपन्यासका चरित्रहरू जीवन चर्यालाई बदल्दा बदल्दै र पृथक रूपले जीवन बाँच्दा बाँच्दै पनि विसङ्गतिबोधले ग्रस्त छन् किनकि आफ्नो अहम् र अस्मिता खोज्ने क्रममा यिनीहरूले निरर्थकता मात्र हासिल गरेका छन् । यो सन्दर्भ उपन्यास पढ्दै जाँदा उपन्यासको शीर्षकले नै यस्तो अर्थ ध्वनित गरिदिन्छ कि पाठकलाई लाग्छ उपन्यासका सबैजसो चरित्रहरू जिन्दगी बाँचेका होइनन् एउटा न एउटा रमिता गरिरहेछन्, नजानिदोसँग रमिता गर्न अभिशप्त छन् । यहाँनिर महान नाटककार सेक्सपियरले संसारलाई एउटा रङ्गमञ्च, जीवनलाई नाटक र मान्छेलाई नाटकका कलाकार मानेको प्रसङ्गलाई यस उपन्यासको सारसँग तुलना गरिदिने हो भने विसङ्गगतिवादी चिन्तनको झल्को यस उपन्यासको शीर्षकसँग सामञ्जस्य पूर्ण प्रतीत हुन्छ ।

विसङ्गतिवादी मान्यतालाई आत्मसाथ गरेर लेखेको यस उपन्यासको शीर्षक नै विसङ्गत छ । उपन्यासमा वर्णित घटनाको व्यतिरेकमा यसको नामकरण गरिएको छ । उपन्यासका सम्पूर्ण पात्रहरू असन्तोष, चिन्ता, निराशा आदिबाट ग्रसित छन् । उनीहरूको जीवनमा कत्ति पनि रमाइलो छैन । यसमा घटित हरेक घटनामा विसङ्गति पाइन्छ । उपन्यासको मुख्य मुख्य घटना करूणामा पुगेर टुङ्गिएका छन् र केही वीभत्स पनि छन् तर उपन्यासकार उपन्यासको नाम **आज रमिता छ** राख्दछन् । यस उपन्यासमा जनक, सीता, भूदेव, रवि, यमुना, धर्मप्रसाद, वीरमान आदि सबैका नाम र कार्य व्यवहारमा नितान्त विपरीत सम्बन्ध देखिन्छ । उपन्यासलाई विजोग अवस्थामा लगेर टुङ्ग्याएपछि पनि उपन्यासकार आज रमिता र रमाइलो देख्छन् । उपन्यासकारले उपन्यासको जुन तथ्य देखे त्यो सत्य नभएकाले यसको शीर्षक विसङ्गत छ ।

उपन्यासभरि विसङ्गति नै विसङ्गति, दुःखै दुःख, निराशा छ तर यसका विपरीत उपन्यासको शीर्षक **आज रमिता छ** राखिएको छ; जुन विसङ्गतिमूलक भएको तथ्य प्रस्ट हुन्छ । उपन्यासमा विसङ्गत जीवनको यथार्थलाई प्रस्तुत गर्ने क्रममा मानव जीवनका निराशा, कुण्ठा, विवशता, तथा

बाध्यता, असफलता जस्ता यावत कुराहरूलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको शीर्षक अनुरूप विषयवस्तु रहेको छैन । उपन्यासभित्र कुनै त्यस्तो रमाइलो क्षणको व्याख्या छैन । जीवन भोगाइका अफठ्यारा, विसङ्गति, विकृति जस्ता कुराहरूलाई उपन्यासले विषयवस्तुका रूपमा समेटेको छ । यस्ता विषयवस्तु ग्रहण गरेर यस उपन्यासको कथानक र शीर्षाकबीचको सम्बन्ध सार्थकता नै नभएकाले उपन्यासको शीर्षक नै विसङ्गत रहेको छ ।

## ४.२.८ विसङ्गतिवादका प्रमुख सैद्धान्तिक मान्यताका आधारमा 'आज रमिता छ' उपन्यासको विश्लेषण

प्रथम र दोस्रो विश्वयुद्धको मानवविरोधी युद्ध विभीषिकाको पृष्ठभूमिमा जन्मिएको आस्थाको केन्द्रहरू प्रतिको मान्छेको अविश्वास एवम् त्यस अविश्वासको परिणति स्वरूपका निराशाबोध, पीडाबोध, निष्सारता र विसङ्गतिबोधको उद्‌बोधन गर्ने आन्दोलनकै रूपमा दोस्रो विश्वयुद्धपछि विसङ्गतिवाद व्यापक रूपमा देखापरेको हो । फ्रान्सेली चिन्तक अल्बर्ट कामुको **द मिथ अफ सिसिफस** (१९४२) ले विसङ्गतिवादी चिन्तनलाई प्रथम पटक घोषित रूपमा उल्लेख तथा व्याख्या गरिएको मानिन्छ ।

दोस्रो विश्वयुद्धपछि युरोपबाट अमेरिका हुँदै विश्वभरका साहित्यमा छाएको विसङ्गतिवादको प्रयोग नेपाली उपन्यास परम्परामा स्पष्ट रूपमा वि.सं. २०२१ मा प्रकाशित इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा पाउन सकिन्छ । यही परम्परामा प्रथम विसङ्गतिवादी नेपाली उपन्यासका रूपमा देखापरेको इन्द्रबहादुर राईद्वारा लिखित **आज रमिता छ** (२०२१) उपन्यासलाई विसङ्गतिवादका प्रमुख मान्यताका आधारमा विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ :

### ४.२.८.१ जीवनको निस्सारता, निरर्थकता, व्यर्थता र शून्यता

विसङ्गतिवादले जसरी जीवनको निस्सारता, निरर्थकता, व्यर्थता र शून्यतालाई महŒव दिन्छ त्यसैगरी यस उपन्यासका लेखक इन्द्रबहादुर राईले पनि दार्जिलिङे समाजमा व्याप्त जीवनप्रतिको निस्सारता, निरर्थकता, व्यर्थता र शून्यतालाई महत्त्वदिएर उपन्यासमा प्रस्तुत गरेका छन् जसले उपन्यासलाई विसङ्गगत बनाउन सहयोग पुऱ्याएको छ । **आज रमिता छ** उपन्यासमा जीवनको निरर्थकतबोध गराउन सफल देखिन्छ । नायक जनक लगायतका सम्पूर्ण पात्रहरूमा निरर्थकताको स्थिति देखिन्छ । पात्रगत चरित्रका अतिरिक्त उपन्यासको कथानकले बहन गरेको विषय नै निरर्थक रहेको प्रमाणित भएको छ । आर्थिक समस्याले जेलिएका पात्रहरूका अतिरिक्त आर्थिक स्थिति बलियो भएको नामग्येलले पनि जीवनको अर्थ प्राप्त गर्न सकेको देखिदैँन । चिया कमानका मजदुरहरू, नेता आदि सबैमा मानवीय कमजोरी, चारित्रिक दोष देखिएको र जीवनको अर्थ फेलापार्न नसकेको स्थितिको अभिव्यक्ति भएको छ ।

**आज रमिता छ** उपन्यासमा मान्छेको जीवनको निरर्थकतालाई सहज र स्वाभाविक ढङ्गबाट प्रस्तुत गरिएको छ । जनकको केन्द्रीय वृत्तमा उनिएर अगाडि बढेको औपन्यासकि कथानकले प्रारम्भदेखि अन्त्यसम्म अर्थहीनतालाई द्योतन गरेको छ । उपन्यासकारले उपन्यासको

भूमिकामा उल्लेख गरेजस्तै मान्छेको जीवन सुव्यवस्थित र ठिक्क मिलेर चलेको छैन यसलाई त्यसरी नै प्रस्तुत गरेर जीवनको अर्थहीनतालाई छर्लङ्ग्याइएको पाइन्छ । जीवनमा एउटा पुस्तक लेख्ने, एउटा आफ्नो विल्डिङ् बनाउने र दुईवटा मात्र छोराछोरीको बाबा हुने आकाङ्क्षा बोकेको जनक जीवनको सार निरर्थक रहेको पुष्टि गर्न पुग्दछ । जीवनको निचोड प्रस्तुत गर्ने क्रममा उपन्यासकार राईले जनकका माध्यमबाट यस प्रकारले अर्थहीनताको सन्दर्भलाई अगाडि सारेका छन् : "मैले धेरै हेरेँ, गुनेँ, विचारेँ, खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहैछौँ । जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ । तिमी एउटा पात म एउटा पात । एउटा विराट अन्ध वाध्यता । जीवन बाँचिन्छ यसलाई बाचिँइन्छ, यति नै अर्थहीन अर्थ जीवनको" (पृ. ६८) । यसरी जनकले जीवनलाई जीवन खोलाले बगाएझैं परिस्थितिले बगाउने खोलाको पात जस्तै थाह नभएको यात्रा र त्यो यात्रा बाध्यता हो र अर्थ नभएको अर्थ नै जीवन हो भन्ने जीवनको विसङ्गत यथार्थलाई आफूसँग जोडेको छ र जीवनलाई निरर्थक र निस्सार ठानेको छ ।

उपर्युक्त अभिव्यक्तिमा जनकको जीवनको सार त छ नै त्यसका अतिरिक्त समस्त व्यक्तिद्वारा भोगिएको निष्कर्ष पनि मानिन्छ । जनकले जीवनको निष्कर्ष निकाल्दा उसले सबैतिर सीमाबद्ध भएको अवस्थिति, बाँच्नु प्रतिको निरर्थकता, आर्थिक विपन्नता, मानवीय कमजोरी आदि सबै पक्षलाई केन्द्रित बनाएर प्रस्तुत गरेको छ । जनकले जीवनलाई 'एउटा विराट् अन्धबाध्यता' ठानेको छ र जीवनप्रतिको उसको ठनाइ, उपन्यासका अधिकतम पात्रहरूको जीवन भोगाइसँग सम्बन्धित रहेको छ । जीवनको निरर्थकताको बोध गर्न बाध्य र विवश पात्रहरूको टीठलाग्दो भोगाइले निरर्थकताको प्रस्तुतिमा सघाउ पुऱ्याएको मानिन्छ । यसै अर्थहीनताभित्र रूमल्लिएर एम्.के. बाच्न बाध्य रहेको छ । उसको जीवन अर्थहीन जीवन हो । यही निष्कर्षमा पुगेर होला "यो जुनीमा त म 'मान्छे' हुनै पाइनँ । केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनुपऱ्यो, कचल्टिएँ । जहिले पनि मलाई ५ रुपियाँ र १० रुपियाँकै खाँचो पऱ्यो; हजार हजार रूपियाँ चाहिने हुनै सकिनँ तर अर्को जुनीमा हामी पनि धनी हौँला । दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिनँ" (पृ.६८) । भन्न पुग्छ र आफ्नो जीवनलाई निरर्थक र निस्सार ठानेको छ ।

बाबुनीको जीवनको अर्थहीनता एम्.के.सँगै गाँसिएर आए पनि एम्.के.को आत्महत्या पछिको निरर्थकतबोधले झन् स्पातिलो बनाएको छ । जीवनको अर्थहीनतालाई आत्मसात गरेर आत्महत्या गर्न बाध्य र विवश रहेको एम्. के. मूलतः आर्थिका विपन्नताबाट जीवनको नीरर्थाकताकोबोध गर्न पुगेको छ । लोग्नेको मृत्युपश्चात् परिवारको गहन जीम्वेवारीको वहन गर्न वाध्य रहेकी बाबुनी "मलाई त यो जुनीको दुःख सम्झँदा अर्को जुनी नहोस् जस्तो लाग्छ" (पृ.६८) । भन्न पुग्नुमा पनि गम्भीर रूपमा अर्थहीनताको पीडा अभिव्यक्त भएको मानिन्छ ।

जनक, एम.के.ले जीवनको सार्थकता खोजे पनि प्राप्त गर्न नसकेको तथ्य टड्कारो रूपमा अघिसरेको छ । त्यसै गरी आर्थिक सम्पन्नताको प्रतिनिधित्व गर्ने दा, नामग्येल र उसकी पत्नी यमुनाका दाम्पत्य जीवनमा देखिएको उतारचढाव तथा चिसोपनले जीवनको तमतम्याइलोपनको अनुभूति गरेको पाइन्छ । बिरामी लोग्नेको उपचारमा गाम्भीर्य नदेखिएकी यमुना यौनव्यभिचारको मार्ग अवलम्ब गर्दै दाम्पत्य जीवन निरर्थक रहेको प्रमाणित गर्न उद्यत् रहेकी देखिन्छे भने उच्छृङ्खल

यौनकामनाले अतृप्त बन्दै हिँडेकी पत्नीलाई त्याग्दै जीवनको पट्यारलाग्दो स्थितिको बोधले थलिएर अर्थहीन जीवन भोग्न बाध्य भएर उपचारलाई बीचैमा छाडेर नामग्येल घर फर्कनु यसको ज्वलन्त उदाहरण मानिन्छ ।

मान्छेका बिडम्बनापूर्ण भोगाइ, द्वन्द्व, असहमति, अन्तर्विरोधभित्र निरर्थकताबोध गर्न अभिशप्त रहेको वर्तमान सिङ्गो रूपमा मान्छेका समस्या र अर्थहीनतालाई अगाडि लगाएर हिँड्न बाध्य भएको छ । यसको उदारण हो पार्टीबाट निष्कासित जनक करकाप र पार्टीको अधिनायकत्व लादिएपछि निरर्थकरूपमा आन्दोलनमा संलग्नता जाहेर गर्दछ । समाज जीवनको माध्यमबाट व्यक्तिको चारित्रिक विशेषता छर्लङ्ग नभई व्यक्ति जीवनको चारित्रिक विशेषताबाट तात्कालीन दार्जीलिङे नेपाली समाजलाई विश्लेषण गर्ने क्रममा व्यक्ति जीवनका अर्थहीनतालाई केलाइने काम भएकोबाट जीवनको निरर्थकताको पक्ष समीचीन भएको मानिन्छ । "स्वार्थी पनि महान् नेता हुन सक्छ" (पृ.३८) भन्ने भूदेवको राजनीतिक सिद्धान्तको प्राप्ति मान्छेले निरर्थकताको बोध गर्नुमा केन्द्रित रहेको मानिन्छ । उसका विचारमा "सबलाई बराबरी पार्नु एकदम अन्याय हो ।" (पृ.३७) समतामूलक समाज सिर्जनाको सिद्धान्त नबोकेको नेता भूदेव स्वार्थी व्यक्ति महान् हुनसक्ने सिद्धान्तले दार्जिलिङको तत्कालीन स्थिति विडम्बनापूर्ण र अर्थहीन रहेको पुष्टि गर्न उद्यत रहेको मानिन्छ ।

**आज रमिता छ** उपन्यास जीवनको निरर्थकतबोध गराउन सफल देखिन्छ । नायक जनक लगायतका सम्पूर्ण पात्रहरूमा निरर्थकताको स्थिति देखिन्छ । पात्रगत चरित्रका अतिरिक्त उपन्यासको कथानकले बहन गरेको विषय नै निरर्थक रहेको प्रमाणित भएको छ । आर्थिक समस्याले जेलिएका पात्रहरूका अतिरिक्त आर्थिक स्थिति बलियो भएको नामग्येलले पनि जीवनको अर्थ प्राप्त गर्न सकेको देखिदैँन । चिया कमानका मजदुरहरू, नेता आदि सबैमा मानवीय कमजोरी, चारित्रिक दोष देखिएको र जीवनको अर्थ फेला पार्न नसकेको स्थितिको अभिव्यक्ति भएको छ ।

जनकका जीवनका दुईवटा छोरा छोरीको बाबु हुने, एउटा पुस्तक लेख्ने र एउटा आफ्नो बिल्डिङ बनाउने तीनवटा आकङ्क्षा देखिन्छन् । दुईवटा छोरा छोरीको बाबु बन्ने आकाङ्क्षा राखेको जनक रविलाई पालित पुत्रको रूपमा स्विकार्न बाध्य भएको छ । उसको उपन्यास लेख्ने इच्छा अपूरै रहेको छ जसलाई उपन्यासकारले उपन्यासमा यसरी प्रस्तुत गरेका छन् : "मैले धेरै हेरेँ, गुनेँ, विचारेँ, खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहैछौँ । जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ । तिमी एउटा पात म एउटा पात । एउटा विराट अन्ध बाध्यता । जीवन बाँचिन्छ यसलाई बाचिँइन्छ , यति नै अर्थहीन अर्थ जीवनको" (पृ. ६८) । यसरी जनकले जीवनलाई जीवन खोलाले बगाएझैं परिस्थितिले बगाउने खोलाको पात जस्तै थाहा नभएको यात्रा र त्यो यात्रा बाध्यता हो र अर्थ नभएको अर्थ नै जीवन हो भन्ने जीवनको विसङ्गत यथार्थलाई आफूसँग जोडेको छ र जीवनलाई निरर्थक र निस्सार ठानेको छ ।

एम्.के.को शून्यताबोधी भावनालाई उसले बाबुनीसँग गरेको सम्वादात्मक अभिव्यक्तिका माध्यमबाट अगि सारिएको छ । उपन्यासकारले त्यस प्रसङ्गलाई यसरी प्रस्तुत गरेका छन् : "हाम्रो यो कान्छी छोरी जन्मे पछि ... त्यही मेरो ठूलो बाकसमा हालेर उँधै उँधो नालीदेखि बगाइदिन्छु" (

पृ.६९) । जीवन भोगाइका क्रममा शून्यताबोध भएपछि पत्नीको गर्भमा रहेको बच्चालाई बाकसमा हालेर नालीदेखि बगाउने कुरा गर्ने नामर्दी बाबुको प्रतिनिधि पात्रका रूपमा एम्.के.मा शून्यताले चरमरूप धारण गरेको प्रस्ट भएको छ । एम्.के.ले जेजस्तो जीवन ठान्छ तर ठीक उल्टो उसले भोग्नु परेको छ । सुखको कल्पना गरे पनि दुःख भोग्न विवश एवम् निष्कृय पात्रको रूपमा उपन्यासमा एम्. के.आएको छ । जीवनको अर्थहीनतालाई आत्मसात् गरेर आत्महत्या गर्न बाध्य र विवश रहेको एम्.के. मूलतः आर्थिक विपन्नताबाट जीवनको निरर्थकताको बोध गर्न पुगेको छ ।

यस उपन्यासमा एम्.के.ले शून्यताको बोध गरेपश्चात् मृत्युवरण गरेको छ । जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुग्दछ । शून्यता तथा रिक्तताको बोध भएपछि आत्महत्याको सहारालिनु एम्.के.को वाध्यता थियो । विपत्तिपूर्वक बाँच भन्ने नित्सेको दार्शनिक नाराका विकृत अर्थ सधैं एम्.के.को चरित्रमा लागेको छ । जीवनको अर्थहीनतालाई आत्मसात् गरेर आत्महत्या गर्न बाध्य र विवश रहेको एम्.के. मूलतः आर्थिक विपन्नताबाट जीवनको निरर्थकताको बोध गर्न पुगेको छ ।

नित्सेको विपत्तिपूर्वक बाँच भन्ने विसङ्गतिवादी दर्शनको सार्थक तस्बिर एम्.के.मा देख्न सकिन्छ । नित्सेको विसङ्गतिवादी दर्शनको सारका रूपमा देखिएको एम्.के. आफूलाई स्वच्छ, पवित्र ठान्छ । जागिरको कामको अलावा रक्सी खाने, मातेको समयमा कम्युनिष्ट बन्छु भन्ने आदि उसको दिनचर्या हो । हरेक दिन ५ वा १० रूपैयाँको खाचो पर्छ एम्.के.लाई तर त्यही पनि उसले पाउदैंन । आर्थिक विपन्नताबाट जीवनको निरर्थकताको बोध गर्न पुगेको एम्.के. आफ्नो जीवनदेखि वाक्क भएर यस्तो धारणा प्रस्तुत गरेको छ "यो जुनीमा त म मान्छे हुँनै पाइनँ । केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनु पर्‍यो, कचल्टिएँ । जहिले पनि मलाई ५ रूपियाँ र १० रुपियाँकै खाँचो पर्‍यो; हजार हजार रूपियाँ चाहिने हुनै सकिनँ तर अर्को जुनीमा हामी पनि धनी हौँला । दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिनँ" (पृ.६८) । यो उसको आत्मस्वीकारोक्ति हो । उसमा हुतिहारापन्, हीनत्वबोध, मृत्युन्मुखी प्रवृत्ति छ । घरायसी काममा जिम्बेवारीबोध नगर्ने जाँड-रक्सीमात्र खाएर स्वास्नीसँग रडाको मच्चाउने एम्.के.को जीवन निष्सारपूर्ण र विसङ्गततिपूर्ण रहेको तथ्यलाई उसको उक्त क्रियाकलापले पुष्टि गरेको छ । ऊ जागिरको लागि भौतारिन्छ र जागिर पाएकै दिनमा आत्महत्या गदर्छ । त्यसैले उसले भोगेको यथार्थ जीवन उसले अवलम्बन गरेको चिन्तन र उसको क्रियाशीलताबीच कुनै सङ्गति देखिदैंन । यस उपन्यासलाई बढीभन्दा बढी विसङ्गत बनाउने सन्दर्भ एम्.के.को प्रस्तुति उपन्यासमा भएको हो । जसरी मान्छे जन्मनको लागि इच्छा जाहेर नगरेर जन्मन्छ त्यसरी नै बिना इच्छा मर्दछ भन्ने कुरा एम्.के.को मृत्युबाट प्रस्ट भएको छ ।

डानिएल बाबु आफ्नी पत्नीको मृत्युमा पत्नीको रिक्तताको अनुभुति गर्छ भने इशाबेल आमा नहुनुको बोधलाई आफूभित्रै थिचेर राखेकी छ । आमा तथा पत्नीको मृत्युको पीडालाई सहेर बसे पनि उनीहरूले शून्यताको तीतो अनुभूति गरेका छन् । यस घटनालाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् । "बाबु छोरी दुवैले कसैलाई भनेनन् कसैसँग रोएनन् तापनि मरणको पाँच छ दिनदेखि एउटा रिक्तता अनुभव गर्न लागेका छन्" (पृ.९६) । पत्नीको मृत्युबाट डानियलबाबु र आमाको मृत्युबाट इशावेलमा शून्यताको बोध भएको पाइन्छ । विधुरताको पीडा खेपेर एकाङ्गी

जीवन बिताई रहेको डानियलले विसङ्गतिको बोध र आमाको मृत्युबाट इशावेलले शून्यताको बोध गरेको पाइन्छ ।

"म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानू है..." (पृ. ९९) जस्ता शब्द आफ्नै श्रीमतीलाई भन्नुले एम्.के.लाई मृत्युन्मुखि प्रवृत्तिले गाँजेको देखिन्छ । एम्.के.मा मृत्युन्मुखी प्रवृत्ति प्रस्टसँग देखिन्छ । शून्यबोध गरेपश्चात् मृत्युवरण गर्न पुगेको एम्.के.ले जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुगेको हुनाले शून्यतालाई मान्छेको जीवनमा गम्भीर रूपमा आक्रमण गर्ने सिकारीका रूपमा लिइन्छ र यसबाट बच्न नसकिने जाँ पाल सार्त्रको धारणा एम्.के.को मृत्युबाट सिद्ध भएको छ ।

यस उपन्यासमा एम्.के.ले शून्यताको बोध गरेपश्चात् मृत्युवरण गरेको छ । जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुग्दछ । शून्यता तथा रिक्तताको बोध भएपछि आत्महत्याको सहारा लिनु एम्.के.को बाध्यता थियो । सधैं विपत्तिपूर्वक बाँच भन्ने नित्सेको दार्शनिक नाराका विकृत अर्थ एम्.के.को चरित्रमा लागेको छ । यसरी समग्रमा एम्.के.को जीवन निरर्थक छ । उसले खोजेको केही पाएको छैन । विसङ्गतिको नमुनाको रूपमा उपन्यासमा एम्.के. देखिएको छ । एम्.के. दार्जिलिङ्को आलस्य अँध्यारो भविष्यको प्रतिनिधित्व गर्ने पात्र हो । यस भनाइबाट पनि एम्.के.को जीवन समग्रमै विसङ्गत थियो भन्ने प्रस्ट हुन्छ ।

शून्यताको बोधगर्ने अर्को पात्र रवि हो, जो रवि किरण फैलाएर उज्यालो बनाउनतिर भन्दा जीवनलाई अन्धकारमय बनाएर जीवन भोग्न बाध्य रहेको छ । इशावेलसँग हल्का प्रेम अङ्कुरीत भएको अनुभूति गर्ने रवि आफ्नो बाबु जनक र दा, नामग्येलकी पत्नी यमुनाका बीचको लीला आफ्नै आँखाले देखेपछि भने झन् शून्यमय हृदय लिएर बाच्न विवश भएको छ । घरपरिवारका बीचमा पनि शून्यताको अनुभूति गर्नु शून्यबोधी धारणा हो ।

## ४.२.८.२ निराशावादी जीवनदृष्टि र जीवनको विसङ्गतिको चित्रण

**आज रमिता छ** मा जीवनलाई नमिलेको स्वीकृति दिने उपन्यासकार राई नियमित हुनुलाई जीवनको यथार्थ हो भन्छन् । मान्छेको जीवन आशा गरेअनुसार चल्दैन सामाजिक जीवनप्रवाहमा प्रतिकूलता तथा अवरोध सिर्जना हुनु आशाको विपरित निराशामात्र हात पार्ने तथ्य स्पष्ट छ । **आज रमिता छ** उपन्यासका पात्रहरूले पनि उपन्यासमा अनुकूल आशाको आशमा निराशामात्र हात पारेका छन् । **आज रमिता छ** उपन्यासका पात्रहरूले उपन्यासमा जसरी निरर्थकताको बोध गरेका छन् त्यसैगरी नीस्सारता र निराशाको बोध गरेका छन् । "मैले धेरै हेरैं, गुनैं, विचारैं, खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहैछौं । जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ । तिमी एउटा पात म एउटा पात । एउटा विराट अन्ध वाध्यता । जीवन बाँचिन्छ यसलाई बाचिँइन्छ, यति नै अर्थहीन अर्थ जीवनको" (पृ.६८) । उपर्युक्त उद्धरणले निराशाजनक स्थितिको अभिव्यक्ति दिएको छ । उपन्यासको कथावस्तु जनकसँग सम्बद्ध भएर अगाडि बढेको छ । जनकसँग सम्बद्ध कथानक नै उपन्यासको मूल कथानक भएकाले उसका

जीवनमा घटेका घटनाले निराशाको अभिव्यक्ति दिँदै अन्य पात्रहरूमा पनि त्यो नैराश्यको भाव क्रमशः सर्दै गएको पाइन्छ ।

उपन्यासमा निराशाको चरम स्थिति भोग्ने पात्रका रूपमा एम्.के.को उपस्थिति त्यतिकै पीडादायी रहेको छ । उसलाई परिवार पाल्ने समस्याले पिरोलेको छ । आर्थिक स्थिति कमजोर रहेको र आम्दानीको स्थायी स्रोत केही नभएपछिको कहाली लाग्दो जीवनदेखि वाक्क भएको अनुभूति साँचेर बसेको छ । "यो जुनीमा त म मान्छे हुँनै पाइनँ । केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनु पऱ्यो, कचल्टिएँ । जहिले पनि मलाई ५ रूपियाँ र १० रूपियाँकै खाँचो पऱ्यो; हजार हजार रूपियाँ चाहिने हुनै सकिनँ तर अर्को जुनीमा हामी पनि धनी हौँला । दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिनँ" (पृ.६८) । जस्ता निराशाका स्वरहरू ओकल्ने एम्.के. अब त आफ्नै श्रीमतीदेखि पनि विरक्तिएको छ, छोराछोरीदेखि टाढै रहने इच्छा राख्दछ, अझ अर्को जुनीमा उससँग भेट नहोस् भन्ठान्छ । यस जुनीमा करैले बस्नुपरेको अभिव्यक्ति दिने एम्.के. आफ्नी स्वस्नीको पेटमा रहेको सन्तानको जन्म हुनासाथ नालीमा फ्याँकिदिने आशय व्यक्त गर्दछ । बच्चा जन्मनासाथ बाकसमा हालेर बगाइदिनु भन्ने एम्.के. मा जीवनप्रतिको उग्र निराशाको भाव उत्पन्न हुन्छ भने बाबुनीको आत्मा खिन्नताले अमिलो हुन्छ । यस समयमा यी दुवैले आ-आफ्नै तरिकाले निराशाको अनुभव गरेका छन् तापनि बाबुनीमा अन्तर्निहित निराशा बढी पेचिलो भएको देखिन्छ जस्तै :

"पुष्पाको आमा !"

"हजुर"

"त्या मेरो ठूलो कालो टिनको बाकसमा तिमीले के राखेकी छौ ?"

"केइ छैन ...किन?"

"हाम्रो यो कान्छी छोरी जन्मेपछि त्यही मेरो ठूलो बाकसमा हालेर त्यसलाई उँधैउँधो नालीदेखि बगाइदिन्छु (पृ.६९) ।"

उपर्युक्त संवादात्मक अभिव्यक्तिमा एम्.के. अभिभावक भएर पनि अभिभावकŒवको जीम्बेवारी बहन गर्न नसकेको स्थितिमा निराशावादी जीवनदृष्टि अभिव्यक्त भएको छ । एम्.के.को नैराश्यपूर्ण अभिव्यक्तिमा उसको निराशा जुनरूपमा पोखिएको छ त्यसबेला त्यसभन्दा बढी बाबुनीको मातृहृदय छियाछिया भएर टुक्रिएको छ । जीवनदेखि बिरक्तिएर वा निराशाको बोधपश्चात् एम्.के. ले आत्महत्या गरेको छ । जसलाई नैराश्यको स्थिति भनिन्छ । एम्.के. मा आर्थिक विपन्नताले जरा गाडेको हुनाले त्यसबाट छुट्कारा पाउन अनेक प्रयत्न गरे पनि जीवनमा आशाको सङ्केत कहीँकतै नपाएपछि बाबुनीले यस जुनीको दुःखलाई सम्झदा अर्को जुनी नहोस् भन्ने धारणा अगि सारेकी छ । जीवनदेखिको निराशालाई बाबुनीले यसरी व्यक्त गरेकी छ "मलाई त यो जुनीको दुःख सम्झदा अर्को जुनी नहोस् जस्तो लाग्छ" (पृ.६८) । बाबुनीको यस धारणाबाट आफ्नो दुःख दायी जीवनबाट निराश भएर अर्को जुनी नहोस भन्दै निराशाबोध गरेकी छ ।

निराशाजनक जीवन भोग्न बाध्य रहेका स्थितिमा दा, नामग्येल पनि एक रहेको छ आफ्नी पत्नी यमुनाका साथ दार्जिलिङ आएको नामग्येल बिरामी परेको छ । लोग्नेको उपचारका क्रममा

ध्यान दिनुभन्दा उत्तरदायित्वबाट टाढा रहेर उच्छृङ्खलताको पराकाष्ठामा पुगी रसरङ्गमा भुलिन रमाउने यमुनाका क्रियाकलापले नामग्येललाई निराश बनाएको छ । औषधोपचारलाई बीचमै छाडेर आफूमात्र एक्लै सिक्किमतिर लाग्नु यसको प्रत्यक्ष उदाहरण हो ।

"कहाँ जाँदै हुनुहुन्छ ?"

"जाँदैछु"

"तपाईको स्वास्थ्य यस्तो ! जानु हुँदैन, नामग्याल बाबु ! आइमाई केटाकेटीहरू त्यस्तै हुन्छ । बैनीलाई म सम्झाउँछु ।"

"भयो अब म बस्दिन" (पृ.९३) ।

कमानका श्रमिकहरूबाट म्यानेजर कुटिएपछि 'इन्डिसिप्लिन र एन्सबोर्डिनेसनको दोषमा' तीन जनालाई पाँचपाँच वर्षको कैद र सात जनालाई 'इन्डिसिप्लिन र एन्सबोर्डिनेसन' कै दोषमा ट्रायल गर्दै गरेको अवस्थामा चिया कमानका मजदुरहरूमा एककिसिमको निराशा छाएको देखिन्छ । पहिले नै पार्टिबाट निकालिएको जनकलाई दोष केलाउने इन्क्वायरीको विरोधमा जुलुस निकालिने र १४४ धाराको विरूद्धमा भाषण गर्न उभिएको जनकमा निराश मनस्थिति रहेको पाइन्छ । पार्टिबाट पहिले नै निष्कासित भइसकेको जनकमा कामको जिम्मेवारी लादिनुले उसको जीवनमा निराशाले दह्रो गरी पक्रेको मानिन्छ ।

भूदेवले जनकलाई पार्टीको आदेस लादेको उदाहरण यस्तो छ "तपाइले भोली नै भाषण गरेर १४४ धारा भङ्ग गरिदिनुपर्छ तपाई पक्रा पर्नुहुनेछ हामीलाई त्यही चाहिएको छ । कारण सबैको आँखा ऐले तपाईंमाथि छ जेल खेप्नु परे..."

"म दुवै शरीर र मनको रोगी छु म बाट हुँदैन । मेरो आँट छैन ।"

"तपाईको आँट छ छैन हामीलाई वास्ता छैन । तर आँट गर्ने आवश्यकता छ कि छैन त्यो आफैले विचार गर्नु"

"मेरो आट छैन भने मैले के गर्नु"

"आँट छैन भने भएको जस्तो भएर काम गर्नु पर्छ ।"

"जीवन त्यसै पनि अव्यवस्थित छ मानिसले आफ्नो हातले यसलाई अझ अव्यवस्थित बनाउँछ" (१४५) अव्यवस्थित जीवन बिताउन बाध्य मानिसले वर्तमानमा अर्काको दबाबमा परेर भए पनि सरकारले लागु गरेको १४४ धारा भङ्ग गर्न अगि सर्नुपर्दछ भन्दा उत्पन्न नैराश्यजनक स्थितिको सामना गर्न पुग्नु यसको टड्कारो उदाहरण हो ।

**आज रमिता छ** उपन्यासको कथानकमा केही अंश निराशाका तन्तुहरू यत्रतत्र छरिएका पाइन्छन् । उपन्यासको नायक जनकदेखि लिएर उसको पुत्र रवि, एम्.के., बाबुनी, दा, नामग्येल र उसकी पत्नी यमुना आदि पात्र तथा चरित्र, कमानका श्रमजीवि कामदारहरूको अवस्था निराशाजनक रहेको तथ्य प्रस्ट हुन्छ । उपन्यासमा वर्णित घटना र पात्रहरूले फरक फरक ढङ्गले निराशाको बोध गरेका भए पनि आखिर त्यस्तो नैराश्यले उपन्यासमा विसङ्गतिपरक अभिव्यक्तिलाई सहयोग पुऱ्याएको छ ।

### ४.२.८.३ अनिच्छापूर्वक नै मान्छेको जन्म र मृत्यु हुन्छ भन्ने धारणा

मान्छे यस संसारमा चाहेर जन्मदैन र जन्मेपछि मर्न पनि चाहदैँन भन्ने विसङ्गतिवादको मान्यतालाई यस उपन्यासमा उपन्यासकार राईले प्रस्तुत गरेका छन् । एम्.के.ले जागिर नपाउँदा सम्म जागिरकै खोजीमा रूमल्लिन्छ तर जागिर पाएकै राति उसले आत्महत्या गर्न पुग्छ उसको यसप्र कारको क्रियाकलापबाट अनिक्षापूर्वक नै मान्छेको जन्म र मृत्यु हुन्छ भन्ने धारणा प्रस्ट भएको छ । जसरी मान्छे जन्मनको लागि इच्छा जाहेर नगरेर जन्मन्छ त्यसरी नै बिना इच्छा मर्दछ भन्ने कुरा एम्.के. को मृत्युबाट प्रस्ट भएको छ

**आज रमिता छ** मा मृत्युबोध तथा मृत्यु सन्दर्भको प्रस्तुतिका कुरा आएका छन् । शारीरिक वा भौतिक अन्त्य हुनु एक किसिमको मृत्यु स्वरूप हो भने आन्तरिक रूपमा मृत्युबोध तथा मृत्यु सन्दर्भको जुन प्रसङ्गहरू आएका छन् ती दुवैले मानवीय अस्तित्व नामेट गराउने भन्ने अर्थ प्रकट गर्दछन् । जीवनभरको संघर्ष पश्चात् पनि मान्छेले आत्महत्याका माध्यमबाट मृत्युवरण गर्दछ भने जीवनका खुड्किलामा असफलताको बोध भएर उठ्नै नसक्ने स्थितिमा पुगेपछि मृत्यु सन्दर्भका कुरा आउँछन् । यहाँ एम्.के. को त्यही स्थिति देखिएको छ । उसको जीवनले मृत्यु सन्दर्भ र मृत्यवरण दुवै गरेको देखिन्छ भने मजदुरहरूको हक अधिकार प्राप्तिका आन्दोलनमा प्रहरिको गोलीबाट मृत्युवरण गर्न पुगेकी सनमती राईको प्रसङ्ग पनि मृत्युबोध वा मृत्यु सन्दर्भसँगै आएको देखिन्छ ।

यसरी समग्रमा एम्.के. को जीवन निरर्थक छ । उसले खोजेको केही पाएको छैन । विसङ्गतिको नमुनाको रूपमा उपन्यासमा एम्.के. देखिएको छ । एम्.के. दार्जिलिङ्को आलस्य अँध्यारो भविष्यको प्रतिनिधित्व गर्ने पात्र हो । यस भनाइबाट पनि एम्.के. को जीवन समग्रमै विसङ्गत थियो भन्ने प्रस्ट हुन्छ ।

**आज रमिता छ** उपन्यासमा जीवन खण्डित र अव्यवस्थित रहेको, जीवन भोगाइका क्रममा देखिएका जटिलता, संवेदना, शून्य, वर्तमानका मान्छेमा देखिएका स्वार्थी र षड्यन्त्रकारी प्रवृत्तिबाट आक्रान्त बनेर बाच्नु परेको स्थितिलाई व्यथा व्याकुलता र दुःखलाई नचाहेरै पनि वरण गर्नु परेको बाध्यात्मक स्थितिको अभिव्यक्ति भएको छ । विसङ्गतिको रमिता प्रदर्शन गर्न बाध्य दार्जिलिङे नेपालीका व्यथा व्याकुलता र दुःखबोधबाट आम मान्छे व्यथित, थकित र दुःखित बनेको अर्थ द्योतन भएको छ ।

**आज रमिता छ** मा मान्छेले आफ्नो घरपरिवार, समाज, राष्ट्रबाट नै एक्लो पनको बोध गरेको छ । मान्छे मान्छेबीच नै आत्मियताको भाव उत्पन्न हुँन सकेको छैन । एम्.के., जनकको पालित पुत्र रवि, नामग्येल आदि सबैले एक्लोपनको बोध गरेका छन् । **आज रमिता छ** मा पृथक्ताको बोध गर्ने पात्रका रूपमा जनकको पालित पुत्र रवि रहेको छ । यमुना र आफ्नै बाबु जनकको बीचको क्रियाकलापबाट चिन्तित भएको रवि घरप्रति वितृष्णा भाव व्यक्त गर्दछ । रवि मानसिक रूपमा पारिवारिक सम्बन्धबाट बिच्छिन्न भएको बोध गर्दै पृथक्ताको अनुभूति गर्ने पात्र हो ।

चिया कमानका कामगर्ने निम्न वर्गीय मजदुरमाथी गरिएको शोषण, अन्याय अत्याचारले यस उपन्यासमा त्रासद स्थितिलाई अनुभूत गर्न बाध्य दार्जिलिङे नेपालीहरूको जीवन अभाव, सङ्कटपूर्ण र भयग्रस्त रहेको छ । आफ्नो अधिकार प्राप्तिका क्रममा लागेका मजदुरमाथी गरिएको दमन, प्रहरी हस्तक्षेप, गोली प्रहार र त्यसबाट मजदुरहरूको मृत्युमा त्रासपूर्ण स्थिति रहेको पाइन्छ । मजदुरमाथी गरिएको निकृष्ट र वीभत्स किसिमको हत्याले उनीहरू सन्त्रास पालेर बाच्न बाध्य रहेका छन् ।

जनकको साझेदारी व्यावसायी जयविलासले मुद्दा हालेको प्रसङ्ग उपन्यासमा तनाव उत्पन्न गराउने घटनाका रूपमा आएको छ । सामाजिक मर्यादामा रहेको जनकमाथि मुद्दा परेपछि तनाव उत्पन्न हुनुलाई स्वाभाविक मानिन्छ । त्यस्तै जीवनदेखि पलायन एम्.के. को आत्महत्यापछि उसकी पत्नीमा तनाव उत्पन्न भएको छ । सिक्किमदेखि औषधोपचारका लागि दार्जिलिङ आएको नामग्येलकी पत्नी यमुनाको यौन व्यभिचारी प्रवृत्तिबाट नामग्येल तनाव ग्रस्त भएको छ । म्यानेजर कुटेको आरोप लगाएर मजदुरमाथि गरिएको कानुनी कारबाही तथा भौतिक आक्रमणबाट ज्यान जोखिम भएको सन्दर्भको प्रस्तुतिले प्रत्येकलाई तनाव ग्रस्त बनाएको छ । बढी मानसिक रूपमा र कम भौतिक रूपमा तनाव ग्रस्त भएको स्थितिको अभिव्यक्तिले मान्छेमा वितृष्णा र विराग उत्पन्न भएको छ ।

**आज रमिता छ** उपन्यास विसङ्गतिबोधको थुप्राको रूपमा रहेको छ । यसको कथानक देखि लिएर उद्देश्य, सारवस्तु नै विसङ्गतिपूर्ण रहेको छ । दार्जिलिङे नेपालीहरूले भोग्नुपरेको जीवनको यथार्थलाई उपन्यासको माध्यमबाट प्रस्तुत गरिएको छ र मान्छेका हरेक कुरा सङ्गति सूत्रमा आवद्ध भएका छैनन् भन्ने निष्कर्ष निकालिएको छ । उपन्यासमा बर्णित घटनाले मान्छेको जीवनसँग तादात्म्य सम्बन्धलाई कायम गरेको छ । जीवन नै व्यवस्थित नभएपछि उपन्यास पनि व्यवस्थित हुँदैन भन्ने अर्थ द्योतनका लागि उपन्यास सफल भएको छ । जनक, भूदेव, रवि, नामग्येल, एम्.के., बाबुनी यमुना, वीरमान, जयविलास, कमानका मजदुरहरू तथा उनीहरूसँग सम्बन्धित घटनाले जीवनको सुव्यवस्थितपनको अभिव्यक्ति दिएको पाइँदैन । आर्थिक चपेटामा परेका दार्जिलिङे नेपालीको चित्र एकातिर उतारिएको छ भने आर्थिक रूपले सवल भएका नामग्येल जस्ता व्यक्तिको जीवन पनि सङ्गतिपूर्ण छैन भन्ने निष्कर्ष रहेको छ । यहाँ आर्थिक, सामाजिक, सांस्कृतिक, नैतिक, राजनीतिक आदि सबै क्षेत्रमा विसङ्गति रहेको र त्यही कारणले मान्छे विसङ्गतिबोध गर्दै निरीह जीवन जिउन बाध्य भएको उल्लेख भएको छ ।

घरायसी काममा जिम्बेवारीबोध नगर्ने जाँड-रक्सीमात्र खाएर स्वास्नीसँग रडाको मच्चाउने एम्.के.को जीवन निष्सारपूर्ण र विसङ्गततिपूर्ण रहेको तथ्यलाई उसको उक्त क्रियाकलापले पुष्टि गरेको छ । “म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानू है...” ( पृ.९९) । जस्ता शब्द आफ्नै श्रीमतीलाई भन्नुले एम्.के. लाई मृत्युन्मुखि प्रवृत्तिले गाँजेको देखिन्छ । एम्.के.मा मृत्युन्मुखी प्रवृत्ति प्रस्टसँग देखिन्छ । शून्यबोध गरेपश्चात मृत्युवरण गर्न पुगेको एम्.के. ले जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुगेको हुनाले शून्यतालाई मान्छेको जीवनमा गम्भीर रूपमा आक्रमण गर्ने सिकारीका रूपमा लिइन्छ र यसबाट बच्न नसकिने जाँ पाल सार्त्रको धारणा एम्.के. को मृत्युबाट सिद्ध भएको छ ।

## ४.२.९ भाषिक प्रयोगमा विसङ्गगति

**आज रमिता छ** उपन्यास नेपाली उपन्यास परम्परामा नयाँ प्रयोग लिएर आएको देखिन्छ। मान्छेको जीवन जस्तो चलेको छ त्यस्तै देखाउँनलाई **आज रमिता छ** उपन्यास लेखेको बताउँने इन्द्रबदहादुर राईले भाषिक प्रयोगका माध्यमबाट पनि यस उपन्यासमा विसङ्गतिको बिस्कुन छरपस्ट रूपमा प्रस्तुत गरेका छन्। राईको उपन्यास लेखनको अभीष्ट पनि नवीन प्रयोगको ढोका उघार्नु नै देखिन्छ। त्यसैले यो उपन्यास परम्परित नेपाली उपन्यास लेखनको शैलीमा विद्रोह गरेर नवीन शैली निर्माणका लागि अगाडि बढेको देखिन्छ। इन्द्रबहादुर राईले उपन्यास लेखनका क्रममा भाषिक व्याकरणको उलङ्घन गर्दै जाँदा भाषागत दुरूहता र जटिलता थपिदैं गएको छ। यो उपन्यास आयामेली चिन्तनमा रहेर लेखिएको हुनाले भाषिक प्रयोगका दृष्टिले पनि विशृङ्खलता वा विसङ्गतता पाइन्छ। भाषाका माध्यमबाट जीवनको गहिऱ्याइलाई खोज्ने चेष्टा राईले गरेका छन् र जीवनको गहिऱ्याइलाई खोज्नका लागि भाषा भाँचभुँच पारिएको हो।

**आज रमिता छ** उपन्यासको भाषिक विन्यासमा पनि विसङ्गति भेट्न सकिन्छ। यस उपन्यासमा आयामेली चिन्तनको छाप परेकोले उपन्यासको भाषिक प्रयोगमा पनि आयामेली चिन्तनको छाप परेको पाइन्छ। यस उपन्यासमा व्याकरणका नियमको कहीँ कतै पनि अनुसरण नभएकाले भाषिक विसङ्गति प्रशस्तै भेट्न सकिन्छ। राईले यस उपन्यासमा व्याकरणिक नियमको उलङ्घन गर्दै विचलनयुक्त शब्दहरूको प्रयोग गरेका छन् र उपन्यासलाई विसङ्गत बनाएका छन्। त्यसैगरी उपन्यासमा समानान्तरताको प्रयोग गरेर पनि उपन्यासलाई विसङ्गत बनाएका छन्।

### ४.२.९.१ विचलन

कुनै पनि भाषाका निश्चित नियमहरू हुन्छन् र भाषाको आफ्नै व्यवस्था पनि हुन्छ। भाषाको यहीँ नियम र व्यवस्थामा बाँधिएको रूपलाई मानक वा प्रचलित रूप मानिन्छ। उपन्यासकारले उपन्यास सिर्जनाका क्षणमा कुनै विशिष्ट अभिव्यक्तिका लागि भाषाको प्रचलित वा मानक रूपको अतिक्रमण गर्दा उपन्यासमा विचलन आउँछ; यस आधारमा "भाषाको मानक प्रयोगको उलङ्घन, अतिक्रमण वा व्यतिक्रमलाई विचलन भनिन्छ। निरर्थक होइन सार्थक विचलनले अग्रभूमिको निर्माण र शैलीको निष्पादन गर्दछ।"[79] यो एक किसिमको विशिष्ट ढङ्गले गरिने भाषिक प्रयोग हो। विचलन भाषाका धेरै एकाइहरूमा विभिन्न प्रकारले हुनसक्छ। **आज रमिता छ** उपन्यासमा प्रयोग गरिएको भाषामा केही विचलनको प्रयोग नपाइने होइन तर विचलन विशिष्ट अर्थ छवि प्रस्तुत गर्न गरिएको देखिन्छ।[८०] यस उपन्यासमा कोशीय विचलन, व्याकरणिक विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन र लेखिम विचलनको प्रयोग देखिन्छ। **आज रमिता छ** उपन्यासमा प्रयुक्त विचलनका प्रकार र तिनका केही उदाहरणहरूलाई यसप्रकार देखाइन्छ :

---

79= मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, (काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०५५), पृ. ५५२।

८०= तारानाथ शर्मा, दार्जिलिङको रमिता **मधुपर्क**, (१:१२ ,२०२६, वैशाख ), पृ. ४५।

### ४.२.९.१.१ कोशीय विचलन

शब्दकोशमा समाविष्ट शब्दलाई कोशीय शब्द भनिन्छ । "भाषा विशेषमा प्रचलित अथवा शब्दकोशमा समाविष्ट शब्दभन्दा भिन्न शब्दको निर्माण र प्रयोगलाई कोशीय विचलन भनिन्छ[81]।" उपन्यासकारले उपन्यास लेख्ने क्रममा भावाभिव्यक्तिका लागि कोशीय शब्दहरू असमर्थ हुँदा प्रचलित शब्दहरूमा परिवर्तन गरी त्यसलाई नयाँ रूपबाट प्रयोग गर्दछ । यसरी नयाँ निर्मित शब्दको प्रयोग गर्दा शब्दकोशीय रूप अतिक्रमित हुन्छ र यसबाट शब्दको कोशीय रूपमा विचलन आई कोशीय विचलन हुन्छ । उपन्यासमा आउने यस्तो कोशीय विचलनले सार्थकता प्राप्त गर्नुपर्दछ । **आज रमिता छ** उपन्यासमा कोशीय विचलनयुक्त शब्दको प्रशस्त प्रयोग भएको पइन्छ र ती प्रायः उद्देश्यपूर्ण र सार्थक पनि देखिन्छन् । **आज रमिता छ** उपन्यासमा पाइने कोशीय विचलनका केही दृष्टान्तहरू यस प्रकार छन् :

(क) "**पार्वत्य** जिल्लामा जीवन सञ्चारित गर्ने यो रक्तमय ।" (पृ.१)

(ख) "... जनक **शोकित** आमालाई आधार दिन दार्जिलिङ आए ।" (पृ.२)

(ग) "**महवाकाङ्क्षीय** इच्छा मरणक्षणमा मनमा लिन सक्नु योग्य वीरले मात्र सक्छन् ।" (पृ.३८)

(घ) "रविलाई अब उसले प्रेमको कल्पना गर्नु नै मात्र पनि उसलाई पापपूर्ण, कलूषित र **दुषाक्त** लाग्यो ।" (पृ.५८)

(ङ) "**गफालु** छ यो मदिसे ।" (पृ.१९)

(च) "सधैँ सफा दारी, जुँघा खौरेका भए पनि सेतो अनुहारमा दुवैतिरका खतनामुन्तिर देखि स्पष्ट कालो छायाँ **चापटिलो** हुँदै बाक्लो चिउँडाको मुनि पुगेर ओठ सम्म आएको देखिन्छ ।" (पृ.३०)

(छ) "**खुशिली** भएर सीताले हात हल्लाउँदै भनिन् ।" (पृ.१२१)

(ज) "... उसले **विचारेको** थिएन ।" (पृ.७७)

(झ) "खगप्रसादले भन्यो औ अकस्मात् **आतुरियो** ।" (पृ.१२३)

(ञ) "उनीहरू पात्ला फिलफिले बलाउज लाएर पनि **हिँडिहिँड्न** सक्छन् भन्ने जनकले पढेका थिए ।" (पृ.१९)

(ट) "अघि नै कैले एकखेप आएको **थिएछु** ।" (पृ.५४)

(ठ) "निश्चय नै आएका **थिएछौँ** ।" (पृ.५४)

(ड) "सिनेमा असाध्य लामो **थिएछ** ।" (पृ.८६)

---

81= खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ६३ ।

(ढ) "विश्वास एकाातिर र काम एकातिर **हुनुपर्दैछ**।" (पृ.६१)

उपर्युक्त उदाहरणमा आएका गाढा सबै शब्द नेपाली भाषाको प्रचलनमा नआएका नौला शब्द हुन् । 'पार्वत्य', 'शोकित', 'महत्वाकाङ्क्षीय' जस्ता शब्द संस्कृत मूलका हुन् तर संस्कृतमा पनि यी शब्दको यस्तो रूपमा प्रयोग भेटिदैंन । विभिन्न शब्दको सादृश्यमा उपन्यासकार राईले यस्ता शब्दको निर्माण गरी विशिष्ट अर्थमा प्रयोग गरेको देखिन्छ । 'पूर्व' बाट 'पूर्वीय' शब्दको सट्टा कसै कसैले 'पौर्वात्य' शब्द बनाएको सादृश्यमा उपन्यासकार राईले यहाँ (उदाहरण (क) मा) 'पर्वत' बाट 'पर्वतीय' शब्द बनाउनुको सट्टा 'पार्वत्य' शब्द बनाएका छन् । 'पार्वत्य' शब्दले दार्जिलिङका भीर-पहरा, डाँडा-काँडाको बढी कठोर भाव आउने हुँदा यस्तो शब्द निर्माण गरेको देखिन्छ । 'पार्वत्य' शब्दले दार्जिलिङका भीर-पहरा, डाँडा-काँडाले भरिएको भूबनोटमा निर्मित अफ्ठ्यारो बाटो र त्यस्तो क्षेत्रमा कठिन रूपमा जीवननिर्बाह गरेर बसेका बसिन्दालाई समेत बुझाउँछ ।

उदाहरण (ख) मा विचलनयुक्त 'शोकित' शब्द आएको छ । 'शोक' शब्दमा 'इत' प्रत्यय लगाउने नियम संस्कृत व्याकरणमा देखिदैंन तर उपन्यासकारले 'दुःखित', 'हर्षित', 'शोषित' जस्ता शब्दहरूको सादृश्यमा 'शोकित' शब्द निर्माण गरेका छन् । यसको सट्टा 'शोकाकूल', 'शोकसन्तप्त' शब्द मानक भाषामा उपलब्ध छन् तर यी शब्दले लेखकले प्रकट गर्न खोजेको भाव प्रकट हुदैंन, किनभने यहाँ 'शोकित' शब्द लोग्ने मरेर शोकमा परेकी जनककी आमाको विशेषणका रूपमा प्रयोग भएको छ । लोग्ने मरेर शोकमा परेकी भए पनि जनककी आमाको अवस्था यस्तो छ 'अविचलित मुद्रा र शान्त मूर्ति' (पृ.२) । यो अवस्था जनाउँन 'शोकाकूल' र 'शोकसन्तप्त' शब्द असमर्थ छन् किनभने 'शोकाकूल' भन्दा शोकले छट्पटिएकी भन्ने बुझिन्छ जुन 'अविचलित मुद्रा' भन्दा विपरीत कुरा हो । यस्तै शोकसन्तप्त भन्दा शोकमा व्याकुल भएकी या डुबेकी बुझिन्छ, जुन 'शान्ति मूर्ति' भन्दा विपरीत कुरा हो । तर 'शोकित' शब्दमा त्यस्तो विपरीत भाव पाइँदैन । 'शोकित' भन्दा शोकमा परेकी या शोक भाव भएकी भन्ने बुझिन्छ । शोकले गर्दा नै जनककी आमालाई गम्भीर र चिन्तनशील बनाएको छ । त्यसैले उनको स्वरूप 'अविचलित मुद्रा र शान्तमूर्ति' बनेको छ । यसबाट उनी अन्य सामान्य नारीभन्दा जीवनको नखरतालाई बुझेकी ज्ञानी र धैर्यवती भएकी बुझिन्छ । अतः विचलनयुक्त 'शोकित' शब्द जनककी आमामा रहेको विशिष्ट चारित्रिक भाव व्यक्त गर्न सफल देखिन्छ ।

उदाहरण (ग) मा विचलनयुक्त 'महत्वाकाङ्क्षीय' शब्द आएको छ । चलनको शब्द 'महत्वाकाङ्क्षा' हो तर उपन्यासकारले 'आत्मा'बाट बनेको 'आत्मीय' शब्दको सादृश्यमा 'महत्वाकाङ्क्षा'बाट विचलनयुक्त 'महत्वाकाङ्क्षीय' शब्द बनाएका छन् । यो शब्द इच्छाको विशेषणका रूपमा आएको छ ।

उदाहरण (घ) मा आएको 'दुषाक्त' शब्द विचलन हो । चलनको शब्द 'बिषाक्त' हो तर बिषाक्त शब्दको राम्रो मेल मूर्त बस्तुसँग हुन्छ; अमूर्त बस्तुसँग हुन्न । त्यसैले यहाँ अमूर्त प्रेमभाव प्रकट गर्नुपर्दा उपन्यासकारले 'विषाक्त' शब्द प्रयोग नगरी त्यसको सादृश्यमा 'दुषाक्त' शब्द निर्माण गरी प्रयोग गरेका छन् ।

उदहरण (ङ) मा आएको 'गफालु' शब्द विचलन हो । चलनका शब्द 'गफी', 'गफाडी' हुन् तर उपन्यासकारले 'लजालु', 'खर्चालु' जस्ता शब्दको सादृश्यमा 'गफालु' शब्द निर्माण गरेको देखिन्छ । 'गफी' र 'गफाडी' शब्दले भए नभएको कुरा गर्ने जनउँछ तर 'गफालु' शब्दलाई यहाँ केटीहरूसँग ख्याल ठट्टा गर्ने, बतुरो भन्ने भिन्न अर्थ बुझाउँन प्रयोग गरिएको छ ।

उदाहरण (च) मा आएको 'चपाटिलो' शब्द विचलन हो । 'उब्जिलो', 'लाम्चिलो' जस्ता शब्दहरूको सादृश्यमा उपन्यासकारले यो शब्द निर्माण गरेको देखिन्छ । चेप्टो भएर फराकिलो हुँदै गएको भन्ने अर्थ यसले बुझाएको छ । यस्तो भाव बुझाउने एउटै शब्द नेपाली भाषामा भेटिन्न; यसैले यो शब्द नौलो र विशिष्ट छ ।

उदाहरण (छ) मा आएको 'खुसिली' शब्द विचलन हो । चलनको शब्द 'खुसी भएकी' हो तर 'हसिली', 'रसिली' जस्ता शब्दहरूका सादृश्यमा उपन्यासकारले 'खुसिली' शब्दको निर्माण गरेका छन् । त्यस्तै उदाहरण (ज) र (झ) मा आएका 'विचारेको' र 'आतुरियो' शब्द क्रमशः 'विचार गरेको' र 'आतुरि गऱ्यो' का सङ्क्षिप्त रूप हुन् । उदाहरण (ञ) मा आएको 'हिँडिहिँड्न' शब्द विचलन हो । 'हिँडाई हिँड्न' या 'हिँडिरहन' भन्ने अर्थमा यसको प्रयोग भएको छ । यसले भाषामा मितव्ययिता र शब्दमा लयात्मकताको सृष्टि गरेको छ ।

उदाहरण (ट), (ठ), (ड) मा आएका 'थिएछु', 'थिएछौँ' र 'थिएछ' क्रिया मानक नेपाली भाषामा प्रयोग हुँदैनन् यी विचलनयुक्त नौला भूत र वर्तमान काल बुझाउँने क्रियाले एकै वाक्यमा दुई कालका दुई वाक्यको भाव समेटेको देखिन्छ । जस्तैः

(क) आएको थिए । (भूत)

(ख) आएको छु । (वर्तमान)

आएको थिए छु । (उदाहरण (ट) को वाक्य)

(क) आएका थियौ । (भूत)

(ख) आएका छौं । (वर्तमान)

अएका थिए छौँ । (उदाहरण (ठ) को वाक्य)

(क) सिनेमा असाध्य लामो थियो । (भूत)

(ख) सिनेमा असाध्य लामो छ । (वर्तमान)

सिनेमा असाध्य लामो थिएछ । (उदाहरण (ड) को वाक्य)

उदाहरण (ढ) मा आएको 'हुनुपर्दैछ' शब्द विचलन हो । 'हुनुपर्दैन' अकरणको सादृश्यमा करण 'हुनुपर्दैछ' शब्द निर्माण गरिएको देखिन्छ । 'गर्नुपर्दैछ' शब्दको सट्टा यहाँ 'हुनुपर्दैछ' शब्द प्रयोग गरिएको छ ।

यसरी उपन्यासकारले कोशीय विचलनको प्रयोग गरेर आफैं नयाँ नयाँ शब्दको निर्माण गर्दै उपन्यासमा प्रयोग गरेका छन् ।

### ४.२.९.१.२ व्याकरणिक विचलन

"व्याकरणिक कोटि, भाषिक एकाइ, शब्दवर्ग, पदक्रम, आदरार्थी आदिमा देखापर्ने विचलनलाई व्याकरणिक विचलन भनिन्छ ।"[८२] प्रत्येक भाषामा वाक्य व्यवस्थाका आ-आफ्नै नियम हुन्छन् । साहित्यमा ती नियमहरूलाई कहिलेकाहीँ साहित्यकारले अतिक्रमण गरेर भाषाको विशिष्ट प्रयोग गर्ने गरेको पाइन्छ । यस्ता अतिक्रमणलाई व्याकरणिक विचलन भनिन्छ । **आज रमिता छ** उपन्यासमा पनि उपन्यासकार इन्द्रबहादुर राईले व्याकरणिक नियमको उलङ्घन गरेर व्याकरणिक विचलनयुक्त शब्दको प्रयोग प्रशस्त मात्रामा गरेको पाइन्छ । यस उपन्यासमा पाइने व्याकरणिक विचलनका केही दृष्टान्त यस प्रकार छन् :

**(क) लिङ्ग विचलन**

पुलिङ्गी शब्दहरूलाई स्त्रीलिङ्गी रूपमा, स्त्रीलिङ्गी शब्दहरूलाई पुलिङ्गी रूपमा अथवा नपुंसक लिङ्गी शब्दहरूलाई पुलिङ्गी वा स्त्रीलिङ्गी रूपमा प्रयोग गरेर व्याकरणिक नियमको उलङ्घन गर्नुलाई लिङ्ग विचलन भनिन्छ । अभिव्यक्तिगत विशिष्टतालाई प्रस्तुत गर्ने एउटा पद्धतिको रूपमा रहेको लिङ्ग विचलनको प्रयोग **आज रमिता छ** उपन्यासमा गरिएको छ । जसका केही दृष्टान्तहरू यस प्रकार छन् :

(क) "कति घरानकी लाग्छ !" (पृ.४)

(ख) "घरमा पो भाउज्यूले ल्याउन दिदैँन ।" (पृ.१०)

(ग) "बैनिले बडा दुःख गर्दै छ : ... ।" (पृ.६७)

(घ) "ऊः त्यो यता हामीलाई हेरीरहेकी केटीले तिमीलाई पर्खेकी होला ।" (पृ.७६)

(ङ) "माइली चाहिँ अस्पतालमा धाई काम गर्छ ।" (पृ.८३)

(च) "त्यसले नोकरी नपाएर कति बर्षदेखि त्यसलाई स्वास्नीले आया काम गरेर पालिराखेको छ अरे ।" (पृ.९८)

(छ) "जाँचमा राम्रै गरेको छ यसपल्ट इशावेलले ।" (पृ.८१)

माथिको उदाहरण (क) मा 'घरानकी' पदले स्त्रीलिङ्ग भन्ने जनाएको छ तर 'लाग्छ' क्रियापद पुलिङ्गको छ । नेपाली व्याकरण अनुसार मानवीय नाम जुन लिङ्गको हुन्छ क्रिया पनि सोही लिङ्ग अनुसारको हुनुपर्दछ तर यहाँ स्त्रीलिङ्गी मानवीय नामसँग पुलिङ्गी क्रिया आएको हुँदा लिङ्ग विचलन भएको छ । त्यस्तै उदाहरण (ख) मा 'भाउज्यू' स्त्रीलिङ्गी मानवीय नामसँग 'दिदैन' पुलिङ्गी क्रिया आएको छ । उदाहरण (ग) मा 'बैनी' स्त्रीलिङ्गी मानवीय नामसँग 'गर्दैछ' पुलिङ्गी क्रिया आएको छ । त्यस्तै उदाहरण (घ), (ङ), (च) र (छ) सम्मका वाक्यमा मानवीय स्त्रीलिङ्गी नाम भए पनि क्रिया पुलिङ्गी प्रयोग गरिएको छ । नाम र क्रियामा लिङ्गगत मेल नभएकाले यी सबै

---

८२= खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ६५ ।

वाक्यमा लिङ्ग विचलन भएको देखिन्छ । विचलन हुँदा सबै मानवीय नाममा पुलिङ्गी क्रिया प्रयोग गरिएको देखिन्छ तर कतै पनि पुलिङ्गी मानवीय नाममा स्त्रीलिङ्गी क्रिया भने प्रयोग गरिएको भेटिदैन । दार्जिलिङको कथ्य भाषामा मानव तथा मानवेत्तर सबैका लागि पुलिङ्गी क्रिया प्रयोग गरिन्छ । उपन्यासकारले त्यहाँको कथ्य भाषा उपन्यासमा प्रयोग गर्दा यसरी उपन्यासको भाषामा विचलन भएको देखिन्छ ।

**(ख) वचन विचलन**

व्याकरणिक व्यवस्थाका प्रचलित परिधिहरूलाई अतिक्रमण गरेर एकवचन र बहुवचनको प्रायोगिक अनियमितताद्वारा वचन विचलन हुन्छ । नामपद जुन वचनको हुन्छ क्रियापद पनि त्यही वचनको हुनुपर्दछ तर **आज रमिता छ** उपन्यासमा त्यस प्रकारको व्याकरणिक नियमको उलङ्घन गरेर उपन्यासकारले वचनमा विचलन ल्याएका छन् जसको केही उदाहरण यस प्रकार प्रस्तुत गरन्छि :

(क) “छ कोठा छ ।” (पृ.१६)

(ख) “चराहरूले एकसाथ बसेर सिक्रो रूखको कालो हाँगालाई जम्मै छोप्यो ।” (पृ.४५)

(ग) “यो सब मैले जितेका कपहरू हो ।” (पृ.५१)

(घ) “उहाँ दह दुईवटा छ, सानो र ठूलो ...घरहरू पनि छ, ...चिमलका रूखहरू पनि छन् ...” ( पृ.५३)

(ङ) “पढाईका कुराहरूभन्दा धेरै गरी घरी-घरी र जोडसँग यही विचारहरू रविको मनमा आइरह्यो ।” (पृ.५७)

(च) “सवले मलाई अझै माया गर्छ ।” (पृ.७३)

(छ) “अरू साथिहरू पनि जान्छ ।” (पृ.७५)

(ज) “कन्ट्राक्टरी पनि सब पन्जाबीहरूले लगि सक्यो ।” (पृ.८२)

(झ) “टाढोमा उज्यालोका रेखाहरू निस्किसकेको रहेछ ।” (पृ.८७)

(ञ) “हाम्रो पनि त्यही हौं ।” (पृ.९०)

(ट) “मैले गर्नुपर्ने मेरा कामहरू छन्, उसलाई किन ल्याउनु पर्ने ? जनकले सोधे ।” (पृ.९५)

(ठ) “मान्छेका धेरैवटा आदत हुन्छ ...।” (पृ.१००)

(ड) “तिमीभन्दा कस्तो कस्तोहरू छ ।” (पृ.११८)

(ढ) “इनेर्ले त्यो पनि गर्नु सक्दैन ।” (पृ.१२४)

माथि आएको उदाहरण (क) मा ‘छ’ सङ्ख्याले बहुवचनलाई जनाएको छ भने ‘छ’ ले एकवचनलाई जनाएको छ । उदाहरण (ख) मा आएको ‘चराहरू’ कर्तापद बहुवचन छ तर ‘छोप्यो’ क्रियापद एकवचन छ । त्यस्तै उदाहरण (ग) मा कर्मपद ‘कपहरू’ बहुवचन भए पनि दर्शकवाचक सर्वनाम ‘यो’ र क्रियापद ‘हो’ एकवचन छन् । उदाहरण (घ) मा आएका ‘दह दुईवटा’, ‘घरहरू’ र

'रूखहरू' ले बहुवचनलाई र 'छ' ले एकवचनलाई जनाएको छ । उदाहरण (ङ) मा कर्मपद 'कुराहरू', 'विचारहरू' ले बहुवचन र 'आइरह्यो' क्रियापदले एकवचन जनाएको छ । त्यस्तै उदाहरण (च) मा 'सबले' बहुवचन र 'गर्छ' क्रियापदले एकवचन जनाएको छ । उदाहरण (छ) मा 'साथीहरू' नामपद बहुवचन र 'जान्छ' क्रियापदले एकवचन जनाएको छ । त्यसैगरी उदाहरण (ज) मा 'पन्जाबीहरूले' बहुवचन र 'लगि सक्यो' ले एकवचन जनाएको छ । त्यस्तै उदाहरण (झ) मा 'रेखाहरू' बहुवचन र 'निस्किसकेको रहेछ' एकवचन आएको छ । त्यस्तै उदाहरण (ञ), (ट), (ठ), (ड) र (ढ) सम्मका सबै नामपद बहुवचन र क्रियापद एकवचनका देखिन्छन् । नेपाली व्याकरणको नियमअनुसार नामपद जुन वचनको हुन्छ क्रियापद पनि सोही वचनको हुनु पर्छ । माथिका सबै उदाहरणमा यो मेल नहुँदा वचन विचलन भएको देखिन्छ । यस्तो विचलनबाट भाषमा कतै कतै काव्यात्मकताको सृष्टि भएको पाइन्छ । उदाहरण (क) मा अगि र पछि 'छ' ध्वनी आवृत्ति भएको छ । यस्तो अनुप्रासीयताले भाषा काव्यमय बन्छ तर माथिका सबै वचन विचलनमा नामपद बहुवचन र क्रियापद एकवचन छन् । दार्जिलिङमा यस प्रकारको भाषा बोलिन्छ र उपन्यासकार पनि दार्जिलिङे भएकाले यस्तो भाषाको प्रभाव उपन्यासकारमा पनि परेको छ, जसले गर्दा **आज रमिता छ** उपन्यासमा यस प्रकारको भाषाको विशेषता पाइन्छ ।

### (ग) पदक्रम विचलन

व्याकरणिक विचलनका विविध र बहुआयामिक रूपहरूमध्ये पदक्रम (word order) मा भएको विचलन शैलीगत विशिष्टताको दृष्टिकोणबाट निकै प्रभावकारी र उल्लेखनीय अवस्थामा रहेको पाइन्छ । पद विन्यासको प्रचलित अनुक्रम (कर्ता+कर्म+क्रियापदको अनुक्रम) लाई उलङ्घन गर्दै भग्न क्रम राख्नुलाई पदक्रम विचलन भनिन्छ । साहित्यमा व्याकरणिक क्रमको विचलनले लयात्मक प्रभाव र अभिव्यक्तिगत वैशिष्ट्यको एउटा छुट्टै निजत्व निर्माण गरेको देखिन्छ । अभिव्यक्तिको कुनै खास पदलाई विशेष जोड दिनको लागि पनि वाक्यात्मक संरचनालाई भग्न रूपमा प्रस्तुत गर्ने प्रचलन रहेको पाइन्छ । अभिव्यक्तिको विशिष्ट अवस्थामा गरिएको पदक्रमको विचलनलाई व्याकरणिक अनुक्रममा रूपान्तरित गर्दा यसको शैलीगत सौन्दर्य सुरक्षित रहन सक्दैन । प्रायः साहित्यका सबै विधामा प्रयुक्त हुने पदक्रम विचलनको प्रयोग **आज रमिता छ** उपन्यासमा प्रसस्त पाउँन सकिन्छ । पदक्रम विचलनको केही दृष्टान्तहरू यस प्रकार छन् :

(क) "दास हो यो, दस हजारमा किनेको ।" (पृ.२)

(ख) "म जान्छु घर अब ।" (पृ.३५)

(ग) "भोलि म आउँदिनँ ।" (पृ.३५)

(घ) "दुब्लाउनुको सट्टा एम्.के. एकदम मोटाएको देखिन्थ्यो ।" (पृ.६३)

(ङ) "खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहेछौँ ।" (पृ.६८)

(च) "जाँचमा राम्रै गरेको छ यसपल्ट इशावेलले ।" (पृ.८१)

(छ) "ल्याउनुस् गाडी जाऊँ ।" (पृ.९७)

नेपाली व्याकरण अनुसार वाक्यको पदक्रममा कर्ता, कर्म र क्रिया र तीसँग सम्वद्ध विशेषण आदि पद पनि क्रमशः मिलेर आउनु पर्छ तर माथि प्रस्तुत गरिएका सबै उदाहरणमा सो अनुसारको पदक्रम व्यवस्था पाइँदैन । कतै कर्म अगाडि, कतै क्रिया अगाडि कतै कर्ता पछाडि कतै कर्म पछाडि, कतै क्रिया बीचमा, कतै कर्ता बीचमा आएको पाइन्छ ।

उदाहरण (क) को वाक्य 'यो दस हजारमा किनेको दास हो' । हुनु पर्ने हो तर घरबासको कुनै ठेगान नभएको तर निरन्तर श्रम गरी समाज र सभ्यतालाई बचाइ राख्ने ट्रकको क्रय-मुल्य भन्दा दासत्व भाव बढी महत्वपूर्ण भएको हुँदा त्यसलाई जोड दिन वाक्यको सुरुमा दास शव्द आएको छ ।

उदाहरण (ख) र (ग) उपन्यासमा सँगै आएका छन् । यी वाक्यको पदक्रम क्रमशः 'अब म घर जान्छु ।' 'म भोलि आउँदिन ।' हुनुपर्ने हो तर पहिलोमा ठाउँ र समयलाई भन्दा क्रियालाई बढी महत्व दिन 'म जान्छु' पद वाक्यको अगाडि ल्याइएको छ । दोस्रो मा समयलाई बढी महत्व दिन 'भोलि' पद अगाडि ल्याइएको छ । पहिलो वाक्यको 'म जान्छु' र दोस्रो वाक्यको 'म आउँदिन' पदमा समान किसिमका व्याकरणिक पद (कर्ता र कर्म) को आवृति भएको र दुवैमा वाक्यमा समान अक्षर हुँदा लयात्मकताको सृष्टि भएको छ ।

उदाहरण (घ) मा कर्ता एम्.के. वाक्यको सुरुमा हुनुपर्नेमा बीचमा आएको छ । दिनानुदिन आर्थिक सङ्कट र मानसिक पीडा भोग्नु परेको एम्.के. दुब्लाउनु पर्ने हो । यही कुरालाई जोड दिन वाक्यमा पहिला 'दुब्लाउनुको सट्टा' पद आएको छ । 'यसपछि एम्.के. एकदम मोटाउँदै गएको देखिन्थ्यो' भनिएको छ । यहाँ दुई विपरित गुणका बीचमा एम्.के. लाई राखेर उसको चरित्र चित्रण गरिएको छ । अगाडि हुनुपर्ने गुण प्रस्तुत गरिएको छ भने पछाडि भएको गुण देखाईएको छ । एम्.के. मा हुनुपर्ने गुण नभई नहुनुपर्ने गुण छ । हुनु पर्ने दुब्लो हो तर भएको छ मोटो । यो स्थितिलाई देखाउन उपन्यासकारले वाक्यको पदक्रम विचलन गरेका छन् । कर्तालाई वाक्यको बीचमा लगेर राखेका छन् ।

उदाहरण (ङ) मा कर्तापद 'हामी' वाक्यको सुरुमा आउनु पर्ने हो तर बीचमा आएको छ । यहाँ खोलाको भललाई बढी महत्व दिन कर्तापछाडि ल्याइएको हो । वाक्यको अर्थले पनि खोलाको भललाई बढी महत्व दिईएको छ । यसबाट के स्पष्ट हुन्छ भने वाक्यको पदक्रम व्याकरणको नियमअनुसार नमिलाई अर्थको प्रधानताअनुसार मिलाईएको छ ।

उदाहरण (च) मा आएको वाक्यको पदक्रम 'इशावेलले यसपल्ट जाचँमा राम्रै गरेको छ ।' हुनुपर्ने हो तर व्यक्ति र समयमा भन्दा कार्यमा जोडदिन वाक्यको पदक्रममा विचलन गरिएको छ । इशावेलसँग अकारण टाढिएको रविलाई उसको साथी पार्थिवले फेरि नजिक्याउनका लागि इशावेलको महत्वपूर्ण कार्यमाथि प्रकाश पार्न यस्तो वाक्य प्रयोग गरेको हो ।

उदाहरण (छ) मा आएको पदक्रम 'गाडी ल्याउनोस जाऊँ' हुनुपर्ने हो तर क्रियालाई बढी जोडदिन 'ल्याउनोस' पद वाक्यको अगाडि आएको छ । यो वाक्य यमुनाले जनकसँग भनेकी हो ।

एकछिन पहिलासम्म जान नमानेकी यमुना आफैले दृढ भएर उक्त वाक्य भनेकी हुँदा उसमा तुरून्तै भएको भाव परिवर्तनलाई सो क्रियाले जनाउँछ ।

यसरी पदको अर्थमा विशेष जोडदिन वाक्यमा भएका पदक्रम विचलन यस उपन्यासमा प्रशस्तै पाउन सकिन्छ । पदक्रम विचलनका अरू दृष्टान्त यहाँ प्रस्तुत गरिन्छ :

(क) 'नीलो खाम (बाहिर पट्टि चराले चुच्चोमा चिठी च्यापेर उडाउँदै लगेको चित्र भएको) मा हालेर **जनकले त्यो पत्र पठाए** ।' (पृ.४)

(ख) 'आमा र बैनीलाई हेऱ्यो **रविले** ।' (पृ.५६)

(ग) 'जहिले पनि **मलाई ५** रुपियाँ र १० रुपियाँकै खाँचो पऱ्यो ...।' (पृ.६८)

(घ) 'स्वच्छ हिमालयलाई देखिने पार्दै **बादलहरू** केही उँभो, केही उँधो चढ्दै-झर्दै गरिरहेका छन् ।' (पृ.७१)

(ङ) 'सुख-दुःख बराबर नभए पनि बराबर मान्ने हुन्छ **शिक्षक** ।' (पृ.७३)

(च) 'थोरै सुख र धेरै दुःखले **उसलाई** अत्यन्त संशयालु पनि बनाईसकेको हुन्छ ।' (पृ.७३)

(छ) 'जुरूक्क उठेर झ्याल ह्वाङ्ग खोल्यो **रविले** ।' (पृ.७६)

माथि देखाइएका सबै उदाहरणमा गाढा अक्षरका पद वाक्यको सुरुमा आउनु पर्ने भए पनि आएका छैनन् । त्यसैले उक्त सबै उदाहरणमा पदक्रमको विचलन भएको छ । यी सबै वाक्यमा पदक्रम विचलन गरी अगाडि ल्याइएका पदबाट त्यो पदको अर्थमा विशेष जोड दिएको देखिन्छ ।

**(घ) क्रिया विचलन**

वाक्यको पूर्णता र अर्थको स्पष्टताका लागि क्रियापद व्याकरणको अति महत्वपूर्ण र संवेदनशील कोटि हो । यसलाई वाक्य समापक पदको रूपमा लिइन्छ र वाक्य व्यवस्थामा यसको केन्द्रीय भूमिका रहन्छ । नेपाली भाषाको आन्तरीक संरचना अनुसार क्रियापदहरू काल, पक्ष, भाव, लिङ्ग, वचन, पुरुष, वाच्य आदिका दृष्टिले रूपायित हुन्छन् । क्रियापदको वर्गिकरण पनि विभिन्न आधारमा गरिएको पाइन्छ । व्याकरणको परिधिभित्र यी विभिन्न प्रकारका क्रियाहरूले आ-आफ्नै भूमिकालाई स्पष्ट र इमान्दारीपूर्वक संवहन गरिरहेका हुन्छन् । यही नै यिनिहरूको मानक भूमिका पनि हो । परन्तु काव्य भाषामा यी क्रियाहरू सबै ठाउँमा नियमित ढङ्गबाट प्रयोग भएका देखिदैनन् । क्रियापदको अनियमित र विशेष प्रयोगबाट काव्यकर्मीहरूले अभिव्यक्तिको स्थुलतालाई अतिक्रमण गरेर अग्रभूमि निर्माणको असामान्य स्वरूपलाई प्रस्तुत गरिरहेको पाइन्छ । यहाँ यही पद्धतिलाई क्रिया विचलनको संज्ञा दिइएको हो । व्याकरणात्मक विचलनका विविध पक्षहरूमध्ये यो पक्ष पनि त्यतिकै महत्वपूर्ण, रोचक र उर्वर अवस्थामा रहेको देखिन्छ ।

**आज रमिता छ** उपन्यासमा पनि यसप्रकारको क्रिया विचलनको प्रयोग पाइन्छ जसका केही उदाहरण यसप्रकार छन :

(क) "अघि नै कैले एक खेप आएको थिए छु ।" (पृ.५४)

(ख) “निश्चय नै आएका थिएछौँ ।” (पृ.५४)

(ग) “सिनेमा असाध्य लामो थिएछ ।” (पृ.८६)

उदाहरण (क), (ख) र (ग) मा आएका ‘थिए छु’, ‘थिएछौँ’ र ‘थिए छ’ क्रिया मानक नेपाली भाषामा प्रयोग हुँदैनन् । यी विचलन युक्त नौला भूत र वर्तमान काल बुझाउँने क्रियाले एकै वाक्यमा दुई कालका दुई वाक्यको भाव समेटेको देखिन्छ । जस्तै :

(क) आएको थिए । (भूत)

(ख) आएको छु । (वर्तमान)

“आएको थिए छु ।” (उदाहरण (क) को वाक्य)

(क) आएका थियौ । (भूत)

(ख) आएका छौँ । (वर्तमान)

“अएका थिए छौँ ।” (उदाहरण (ख) को वाक्य)

(क) सिनेमा असाध्य लामो थियो । (भूत)

(ख) सिनेमा असाध्य लामो छ । (वर्तमान)

“सिनेमा असाध्य लामो थिएछ ।” (उदाहरण (ग) को वाक्य)

यी क्रिया मानक नेपाली भाषामा पाइँदैनन् । भूत र वर्तमानकाल बुझाउने क्रियाले एकै वाक्यमा दुई कालका दुई वाक्यको भाव पाइन्छ; त्यसैले यी उदाहरणका क्रियामा विचलन पाइन्छ ।

**(ङ) आदर विचलन**

नेपाली व्याकरणमा अनादर, आदर, उच्च आदर र अतिउच्च आदर गरी आदरको वर्गिकरण गरिएको पाइन्छ । कुनै पनि व्यक्तिले आफू भन्दा उच्च व्यक्तिलाई आदर गर्नुपर्दछ र गरिन्छ पनि । यदि आफुले आदर गर्नुपर्ने कुनै व्यक्तिलाई कसैले अनादर गर्दछ भने त्यसलाई आदर विचलन भनिन्छ । **आज रमिता छ** उपन्यासमा पनि त्यस नियमको पालन भए तापनि कहीँ कतै आदरमा पनि विचलन देख्न सकिन्छ । आदर विचलनको दृष्टान्तलाई यस प्रकार देखाइन्छ :

(क) “जनकबाबु अचेल एकदमै बदलेको छ ।” (पृ.६३)

(ख) “बदलोस ।” (पृ.६३)

(ग) “तैँले नालिस गरिस् होइन ? मेरो लोग्ने मर्छ भन्ने डरले गरेको नालिस तैँले ?” (पृ.११९)

माथिको उदाहरण (क) र (ख) मा एम्.के. र रवि बीचको संवादमा आदरको विचलन भएको छ । त्यस्तै उदाहरण (ग) मा आफ्नै पतिको व्यापारिक साझेदारी व्यक्तिले आदर गरिरहेकै अवस्थामा जनककी श्रीमती सीताले आवेशमा आएर जयविलासलाई अनदर गरेर ‘तैले नालिस गरिस होइन’ भनेकी छ जसले गर्दा यस उपन्यासम आदरमा विचलन आएको देखिन्छ ।

### ४.२.९.१.३ आर्थी विचलन

अर्थका दृष्टिले हुने विचलनलाई आर्थी विचलन भनिन्छ । आर्थी विचलन हुँदा वाक्यको सामान्य वा वाच्यार्थमा सङ्गति नमिलेर अन्य विशिष्ट अर्थ आएको पाइन्छ । भाषाको अभिधेयर्थ वा कोशीय अर्थमा देखापर्ने विचलनलाई आर्थी विचलन भनिन्छ ।[६३] उपन्यासमा प्रयुक्त शब्द र पदावलिहरूको बिशेष सन्दर्भमा प्रचलित कोशीय वा मानक अर्थको अतिक्रमण गरेर प्रतीकात्मक, बिम्बात्मक, लाक्षणिक, व्यञ्जनात्मक र मिथकीय रूपमा विशिष्ट अर्थलाई अभिव्यञ्जित गर्छन् । शब्दले दिने सामन्य अभिधात्मक अर्थले साहित्यको विशिष्ट अर्थलाई अभिव्यक्ति गर्न नसक्ने भएकाले कथ्यलाई विशिष्ट र प्रभावपूर्ण बनाउँन आर्थी विचलनको प्रयोग गरिन्छ ।

कतिपय वाक्य व्याकरणिक दृष्टिले ठीक भए पनि तिनीहरू वाच्यार्थका दृष्टिले विचलन भएका हुन्छन् । शब्दले दिने सामन्यार्थ वा वाच्यार्थ विचलन गरी विशिष्ट अर्थ व्यञ्जन गर्नु आर्थी विचलनको उद्देश्य रहेको पाइन्छ । विशिष्ट किसिमको अर्थ प्रदान गर्ने हुँदा आर्थी विचलन अन्य विचलन भन्दा बढी महत्वपूर्ण मानिन्छ । विवेच्य उपन्यासमा यस्ता किसिमका वाक्य प्रशस्त प्रयोग भएको पाइन्छ । आर्थी विचलनका दृष्टान्तलाई यसप्रकार प्रस्तुत गरिन्छ :

(क) "पुरातन शालवृक्षले सडक बीच शरीर तेर्स्याएर सत्याग्रह गर्छ ।" (पृ.१)

(ख) "दास हो यो दस हजारमा किनेको ।" (पृ.२)

(ग) "ट्रक समाजको श्रमिक हो ।" (पृ.१)

(घ) "... डिलम उभिएर बैसको रूखले आफ्नो मिहिन केशको मुठा पानीमा भिजाउन लागेको होला ।" (पृ.४८)

(ङ) "केही परतिर खडा भएको बूढो वृक्षले आफ्नो देहका सय आँखाद्वारा यो सौन्दर्यलाई बिहान-बेलुकीको स्वर्णिम क्षणमा तरूणहृदय लिएर हेर्दछ ।" (पृ.४८)

(च) "घोडा, चौँरी, सिंह, मयूर सारा वनका पशु मानिसको हर्षमा हर्षित भई नाचिरहेका थिए ।" ( पृ.९३)

(छ) "खाद्यनियन्त्रणकालको दुर्भिक्ष महासागरमा पनि कतिपय परिवार सुरक्षित द्वीप थिए ।" (पृ.५)

(ज) "हरि भूदेवको माइक त हो ।" (पृ.८८)

(झ) "भावर गर्मी ... बजार काटेर बल्लतल्ल पुल पुग्दा यमुना पाकिसकेकी थिइन् ।" (पृ.९६)

माथि प्रस्तुत गरिएको उदाहरण (क) मा सजीव मानवले गर्ने काम निर्जीव वृक्षले गरेको देखाईएको हुँदा आर्थी विचलन हो । वर्षाको समयमा बूढा रूखहरू पानी र पहिरोले गर्दा सडक बीच ढल्ने कार्यलाई सडकमा शरीर तेर्स्याएर सत्याग्रह गरेको भन्ने मानवीय भाव आरोपित गरिएको छ । यसरी अमानवमा मानवको भाव आरोपित गर्ने प्रकृयालाई मानवीकरण भनिन्छ । यस्तो मानवीकरण माथिका उदाहरण (क) देखि (च) सम्मका वाक्यमा भएको पाइन्छ । उदाहरण

[६३] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ६७ ।

(ख) मा निरन्तर कार्य गरिरहने भएको हुँदा निर्जीव ट्रकलाई सजीव मानवको भाव आरोपित गरी दास भनिएको छ । दास पनि मालिकले चाहेअनुरूप सधै खटिरहन्छ, ट्रक पनि मालिकले चाहे अनुरूप कार्यरत रहिरहन्छ । दासको पनि घरबासको ठेगाना हुन्न त्यस्तै ट्रकको पनि । दुवैको धेरै कुरामा समानता छ यही सादृश्यता भएर ट्रकलाई दास भनिएको छ । उदाहरण (ग) मा ट्रकलाई श्रमिक भनिएको छ । ट्रक अमानवमा श्रमिकको मानवीय भाव आरोपित गरिएको छ । समाजका विभिन्न श्रमजन्य क्रियाकलाप ट्रकले गर्ने हुँदा श्रमिकको मानवीय भाव उसलाई दिइएको हो । यस्तै उदाहरण (घ) र (ङ) मा उदाहरण (क) मा जस्तै अमानव वृत्तमा मानवीय भाव आरोपित गरिएको छ । उदाहरण (घ) मा पोखरीका डिलमा रहेको वृक्षका हाँगा बिगाहरू तल पानीमा देखिनुलाई वृक्षले आफ्ना मसिनु केशको मुठा पानीमा भिजाउन लागेको भन्ने मानवीय भाव आरोपित गरिएको छ । उदाहरण (ङ) मा अमानव वृक्षले विहान वेलुकाको स्वर्णिम क्षणमा तरूण हृदय लिएर देहका सयौँ आँखाबाट सौन्दर्य पान गर्ने मानवीय भावको आरोप गरिएको छ । उदाहरण (च) मा अमानवीय वन्य पशुले मानिसको सुख-दुःखको अनुभव गरेको देखाएर मानवीय भाव आरोपित गरिएको छ । यसैबाट मानवदेखि पशु जगत्मा समेत वातावरण रमाईलो थियो भन्ने आशय उपन्यासकारले प्रकट गर्न खोजेको देखिन्छ ।

उदाहरण (छ) मा सजिव मानवीय परिवारलाई निर्जीव द्वीपको रूपमा देखाईएको हुँदा आर्थि विचलन भएको छ । मानवलाई अमानवको भाव आरोपित गर्दा यहाँ अमानवीकरण भएको छ । त्यस्तै उदाहरण (ज) मा भूदेवले जे जे भन्छ सो सो गर्दै हिड्ने हरिको प्रवृत्तिलाई जनाउन मानव हरिमा अमानव माइकको आरोप गरिएको छ । यो आर्थी विचलनबाट भूदेवको इशाारामा चल्ने हरिको प्रवृत्तिलाई स्पष्ट पारिएको छ । उदाहरण (झ) मा सजीव मानव यमुना निर्जीव अमानव वस्तुझैँ पाकेको देखाईएको छ । पाक्ने बस्तु अमानव भए पनि मानव यमुनामा सो भाव आरोपित गरिएको हुँदा यहाँ अमानवीकरण भएको छ । यसबाट यमुनाले प्रचण्ड गर्मी खप्न परेको थियो भन्ने कुरा व्यञ्जित भएको छ ।

यी प्रकृया भन्दा भिन्न किसिमले आर्थी विचलन भएका केही दृष्टान्त तल प्रस्तुत गरिन्छ :

(क) "जीवन मिनट मात्रै बताउने घडी भयो ।" (पृ.५८)

(ख) "जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ ।" (पृ.६८)

(ग) "न्याय हराए गोर्खा जानु तर न्याय नपाउनु हो भने गोर्खाराजमै बसिरहनु ..... ।" (पृ.८)

(घ) "मेरो न्यायमा सबलाई बरबरी पार्नु एकदम अन्याए हो ।" (पृ.३७)

(ङ) "तीसभन्दा उँभो उमेरकी यमुनाले आफूलाई 'दाजु' भन्दा रविलाई एकसाथ डर, घृणा, लाज, हर्ष लाग्यो ।" (पृ.३९)

(च) "नेपालमा देशसेवा गर्न जानेहरूको यहाँ परिवार शहीद हुन्छन् !" (पृ.६०)

(छ) "रात वनमा भयावह हुँदैन, सहरमा हुँदो रहेछ जनकलाई मनमा लाग्यो ।" (पृ.८६)

(ज) "संसार सुन्दर छ, जीवन दःखमय छ ।" (पृ.९२)

(झ) "मसँग ताजमहल बनाइदिने पैसा छैन, प्रेम त म तिमीलाई शाहजाहाँले भन्दा ज्यादा गर्छु ।" (पृ.११३)

(ञ) "राति बाह्र बजेदेखि जब आधा पृथ्वी नै निद्रित र सुप्त थियो मूक्त क्षणहरू बित्न लागे ।" (पृ.३)

(ट) "प्लेटहरू झ्यालबाट उडेर गए ।" (पृ.५)

(ठ) "काउन्टरमा बसेर हामी तर दार्जिलिङको आन्द्राभूँडी देख्छौँ ।" (पृ.१८)

(ड) "बजारका दोकान र घरहरू केही परिवर्तनका तरखरमा छन् ।" (पृ.२१)

माथि आएको उदहरण (क) रविको कथन हो । यसमा मानवीय जीवनलाई अमानवीय घडीका रूपमा देखाईएको छ । वाच्यार्थका दृष्टिले हेर्दा जीवनको घडीसँग कुनै सम्बन्ध नभएको हुँदा आर्थी विचलन भएको छ । आर्थी विचलनका तहमा गएर हेर्दा यहाँ जीवनलाई मिनेट मात्र बताउने घडीको सादृश्यका रूपमा लिइएको देखिन्छ । जसरी मिनेट मात्र जनाउने घडीबाट समयको कुनै ज्ञान हुँदैन मानिस सधै समयको अन्धकारमा परिरहन्छ त्यसरी नै रविले पनि आफ्नो जीवनको वास्तविकता बुझ्न नसकेर जीवन अन्धकारपूर्ण देखेको छ । घण्टा नजनाउने मूल्यहीन घडी जस्तै ठानेको छ । यसरी मिनेट मात्र बताउने घडीलाई जीवनको प्रतीकको रूपमा प्रस्तुत गरीएको हुँदा यस्ता वाक्यलाई प्रतीकात्मक वाक्य भन्न सकिन्छ । यस्तै उदाहरण (ख) जनकको कथन हो । यसमा जीवनलाई खोलाको पानीमा बग्ने हरियो पात भनिएको छ, तर वाच्यार्थका तहमा मानवीय जीवन र अमानवीय वस्तु पातमा कुनै मेल देखिदैंन । त्यसैले आर्थी विचलन भएको छ । आर्थी विचलन अनुसार खोलाको पानीमा बग्ने पातमा जीवनको सादृश्य प्रस्तुत भएको छ । जसरी खोलामा बग्ने पानीसँग पात बग्छ त्यसरी नै मानिसको जीवन पनि विभिन्न सामाजिक परिस्थिति अनुसार चल्दै जान्छ । विभिन्न विवशतामा अल्झेर मानिसहरू जीवनको गतिलाई आफूले चाहेअनुरूप मोड्न तथा गतिशील बनाउँन पातलेजस्तै सक्नेरहेनछ भन्ने सादृश्य जनकको यो कथनमा आएको छ । जीवनलाई खोलाको पानीमा बग्ने हरियो पातको प्रतीकको रूपमा प्रस्तुत गरिएको हुँदा यसलाई प्रतीकात्मक वाक्य भन्न सकिन्छ ।

उदाहरण (ग) मा 'न्याय हराए गोर्खा जानु' भन्ने उखान चलेको गोर्खा (नेपाल) राज्यमा न्याय नपाइने कुरो जनाइएको छ । अर्थका दृष्टिले यी दुई कुरा विरोधपूर्ण छन् । त्यसैले आर्थी विचलन भएको छ । आर्थी विचलनबाट विशिष्ट अर्थ के आएको छ भने राम शाह कालीन नेपालमा न्याय व्यवस्था थियो तर राणाकालीन समयमा नेपालमा न्याय पाइन छाड्यो । त्यसकारण गोर्खा राज्यमा बस्नु भनेको न्याय नपाउनु हो । यसरी एक वाक्यमा दुई विरोधी कुरा भनेर आर्थी विचलन गरी विशिष्ट अर्थ दिनुलाई विरोधाभाष भनिन्छ । यो विरोधा भाषको प्रकृया माथी आएका (ग) बाट (झ) सम्मका उदहरणमा पाइन्छ । उदाहरण (घ) मा सबलाई बराबरी पार्नु न्याय नभई अन्याय हो भन्ने दुई विरोधी कुरा एक वाक्यमा आएको हुँदा आर्थी विचलन भएको छ । यसबाट बराबर पार्छु भन्नेले नै शोषण गर्छ, त्यसैले व्यक्तिले आफ्नो काम गर्ने खुबीअनुसार स्वतन्त्र भएर काम गर्न पाउनु पर्छ भन्ने विशिष्ट अर्थ व्यञ्जित भएको छ ।

उदाहरण (ङ) मा डर, घृणा, लाज, हर्ष जस्ता विरोधी भाव एकसाथ प्रस्तुत गरिएको हुँदा आर्थी विचलन भएको छ । यसबाट रविको मनोभाव उजिल्याइएको छ । उदहरण (च) मा देश सेवा गर्न जाने व्यक्ति शहीद नभई उसका परिवार शहीद हुन्छन् भन्नु विरोधपूर्ण कुरा हो । यसबाट आर्थी विचलन भएको छ । यो विचलनबाट न्याय नपाईने नेपालमा राष्ट्र सेवकले आफ्नो श्रमको मूल्य पाउनुको सट्टा अपमानपूर्वक ज्यान गुमाउनु पर्छ र यसले गर्दा उसका बाल-बच्चा खाना नपाई मर्दछन् भन्ने विशिष्ट अर्थ व्यञ्जन भएको छ । त्यस्तै उदाहरण (छ) मा वन्य जनावरले गर्दा रात वनमा भयाबह हुनुपर्ने हो तर रातमा वन भयावह नभई सहर भयावह हुन्छ भनिएको हुँदा भनाई विरोधपूर्ण भएर वाच्यार्थ विचलन भएको छ । विचलनबाट साम्य हुँदै गएको मानवमा देखिएका विकृतिलाई व्यङ्ग्य गरिएको छ अर्थात विलासिताका लागि राती बरालिएर हिड्ने यमुना र जाँड-रक्सी खाएर राती हल्ला गर्दै हिंड्ने दार्जिलिङका नेतालाई देखेर जनकले मनमा यस्तो ठानेको छ ।

उदाहरण (ज) मा संसार सुन्दर भए पनि जीवनलाई दुःखमय ठानिएको छ । संसारलाई सुन्दर देख्ने जीवनलाई दुःखमय देख्नु विरोधाभाष हो त्यसैले आर्थी विचलन भएको छ । यसबाट संसार केही समय केही व्यक्तिका लागि सुन्दर भए पनि सदा सबैका लागि सुन्दर छैन, जीवन सदैव दुःखमय छ र मानिसहरूले जीवनको दुःख बिर्सन विभिन्न हर्ष दिवस रचेर संसारलाई केही समय सुन्दर बनाउँछन् भन्ने विशिष्ट अर्थ आएको छ । उदाहरण (झ) मा प्रेम भने शाहजहाँले भन्दा बढी गर्ने तर ताजमहल बनाउने खुबी भने नभएको भन्ने कुरा विरोधपूर्ण भएको हुँदा आर्थी विचलनबाट एम्.के. को हो; यस वाक्यमा भएको आर्थी विचलनबाट एम्.के. आर्थीक दृष्टिले गरिव भए पनि प्रेम, अनुराग जस्ता भावनाको ऊ प्रशस्त धनी छ भन्ने विशिष्ट अर्थ उद्भाषित् भएको छ ।

उदाहरण (ञ) मा निर्जीव पृथ्वीमा सजीवको निद्रा भाव आरोप गरिएको हुँदा आर्थी विचलन भएको छ । यो विचलनबाट पृथ्वीका सजीव मानव आदि निद्रित अवस्थामा थिए भन्ने विशिष्ट अर्थबोध हुन्छ । निर्जीवमा मानवीय भाव आरोपित गर्दा मानवीकरण भएझैं यस्ता निर्जीव वस्तुमा सजीवको आरोपित गरिएका वाक्यलाई सजीवीकरण गरिएका वाक्य भन्न सकिन्छ । अगि आएका उदाहरण (ञ) देखि (ड) सम्मका वाक्यमा सजीवीकरण गरिएको छ । उदाहरण (ट) मा निर्जीव प्लेटमा सजीव पँक्षीको उड्ने भाव आरोपित गरिएको हुँदा आर्थी विचलन भएको छ । प्लेट झ्यालबाट हुत्याउँदा चरा उडे जस्तै त्यसको गति देखिएको विशिष्ट भाव यहाँ आएको छ । उदाहरण (ठ) मा निर्जीव ठाउँको नाउँ दार्जिलिङलाई सजीवको जस्तो पेट आन्द्राभूँडी भएको देखाइएको हुँदा आर्थी विचलन भएको छ । विचलनबाट दार्जिलिङमा बसोबास गर्ने मानिसको मुख्य कुरो थाहा हुन्छ भन्ने विशिष्ट अर्थ प्रस्तुत भएको छ । उदाहरण (ड) मा निर्जीव दोकान र घरहरूमा सजीवको जस्तो परिवर्तनको तरखर गर्न लागेको कुरा आरोपित गरिएको हुँदा आर्थी विचलन भएको छ । यो परिवर्तनको तरखर घाम डुब्न लागेको भएर देखिएको हो । आर्थी विचलनबाट यहाँ साँझपर्न थालेको हुँदा परिवर्तनको तरखर घर, दोकानमा नभई घर, दोकानका मानिसमा देखिन्छ भन्ने विशिष्ट अर्थ आएको छ ।

यस्तै अरू किसिमले भएको आर्थी विचलनका केही दृष्टान्तहरू यसप्रकार छन् :

(क) "आँखा वीरमानका धमिला भए ।" (पृ.१३),

(ख) "एम्.के. को अनुहार खस्यो ।" (पृ.५२),

(ग) "रविको हृदयमा हाहाकार मच्चिन्छ ।" (पृ.५६),

(घ) "... जनकले आकाशमा आँखा गाडे ।" (पृ.८५),

(ङ) "बतासेको नित्य स्थायी ठण्डीले तिनको दुवै कन्चटलाई सेक्यो ।" (पृ.८५)

(च) "मुरलीका छिद्रबाट छुटेका स्वर-प्रवाहले हृदयमा बत्ती बालेर उज्यालो पार्न खाज्यो...।" (पृ.९२)

(छ) "भोटका एकान्त बाटाहरू, निर्जन रूखा डाँडा त्यस स्वर-लहरमा उत्रन्थे ।" (पृ.९२)

(ज) "भोटका नाङ्गा टारमा निरन्तर उडिरहेको हावा त्यस मुरलीमा बच्छ ।" (पृ.९२)

(झ) "त्यो उडाउँदै छु शब्द भित्र बसिरहेको रविलाई ठस्स गनायो ।" (पृ.९४)

(ञ) "सहसा नयाँ घाम लागेर उनीहरूको दुनियाँ नै अर्कै भइगयो ।" (पृ.९९)

मथिको उदाहरण (क) मा वीरमानका आँखा धमिला भएको जनाइएको छ । सामान्यतः पानी धमिलिन्छ तर आँखा धमिलिदैनन् । यो असम्भव कार्य भएको हुँदा वाच्यार्थ विचलन भएको छ । जनकसँग विदावारी भएर हिड्न लाग्ने समयमा वीरमानका आँखा आँसुबाट धमिलिएका हुँदा वीरमानले आत्मीय जनकको बिछोडमा दुःखको अनुभूति गर्दैछ भन्ने विशिष्ट अर्थ यहाँ व्यञ्जित भएको छ । यसरी नै माथिका सबै उदाहरणमा सामान्यतः हुन नसक्ने कुरा भएको देखाएर आर्थी विचलन गरी विशिष्ट अर्थ प्रदान गरिएको छ । उदाहरण (ख) मा सिङ्गो शरीरबाट अनुहार मात्रै खस्न सक्ने सम्भावना नभए पनि अनुहार खसेको जनाइएको हुँदा आर्थी विचलन भएको छ । पत्नी बाबुनीले आफू गर्भवती भएको जनाउँदा एम्.के. को अनुहार खस्नुबाट आफ्नो भावी सन्तति र पत्नी प्रति एम्.के. को उपेक्षा प्रकट भएको छ । अर्थात् उसले नचाहेको कुरा भएको छ भन्ने विशिष्ट अर्थ व्यक्त भएको छ । बाह्य वातावरणमा हाहाकार मच्चिन्छ तर उदाहरण (ग) मा रविको हृदयमा हाहाकार मच्चिएको जनाइएको हुँदा आर्थी विचलन भएको छ । यसबाट जनक र यमुनाको एकान्तको व्यवहार देखेको रविको मनमा क्रोध, ग्लनी, अधैर्य जस्ता भावनाले एकै चोटी आक्रमण गरेर हृदयमा हाहाकार मच्चाएको भन्ने विशिष्ट अर्थ बुझिन्छ । उदाहरण (घ) मा आएको गाड्ने क्रिया सामन्यतः पृथ्वीमा हुन्छ तर यहाँ आकाशमा गाडे भनिएको हुँदा आर्थी विचलन भएको छ । यसबाट जनकले आकाशमा गहिरिएर हेरे भन्ने विशिष्ट अर्थ बुझिन्छ । उदाहरण (ङ) मा आएको सेक्यो क्रिया आगोसँग मिल्ने हो तर यहाँ ठण्डीले सेक्यो भनिएको हुँदा आर्थी विचलन भएको छ । यसबाट आगोले सेक्ता तातो भएझैं ठण्डीले सेकेर जनकका दुवै कन्चट चिसो तुल्याइदियो भन्ने विशिष्ट अर्थ आएको छ ।

उदाहरण (च) मा मुरलीको स्वरप्रवाहले हृदयमा बत्ति बालेर उज्यालो पार्न खोजेको जनाइएको छ । हृदयमा बत्तिबाल्नु असम्भव क्रिया भएको हुँदा यहाँ वाच्यार्थ विचलन भएको छ । यसबाट मुरलीको मनोरम स्वरले हृदयाल्हादित तुल्यायो भन्ने अर्थ आएको छ । यस्तै (छ) र (ज) उदाहरणमा पनि मुरलीको स्वर विशिष्ट छ भन्न आर्थी विचलन गरिएको छ । उदाहरण (झ) मा

शब्दको कुनै गन्ध नहुने भए पनि शब्द गह्नायो भन्दा आर्थी विचलन भएको छ । यसबाट यमुनाले म आफ्नै पैसा उडाउँदैछु भनेको कुरा रविलाई मन नपरेको बुझिन्छ । अर्थात् विरामी लोग्नेलाई छोडी दिनहुँ आफ्नो पैसा छ भनेर उडाउँदै हिड्ने स्वेच्छाचारी चरित्र, यमुनाको घमण्ड युक्त उक्त वचन रविलाई मन नपरेको भन्ने अर्थ आएको छ । उदाहरण (ञ) मा सहसा नयाँ घाम लाग्यो भन्ने सम्भावना भन्दा बाहिरको कुरा भनिएको हुँदा वाच्यार्थ विचलन भएको छ । यसबाट एम्.के. ले जागिर पाएको हर्षको खबर सुनेर उसका परिवार खुसी भएको विशिष्ट अर्थ बुझिन्छ । यस्ता किसिमका विचलन उपन्यासमा प्रशस्तै पाइन्छन् जसले गर्दा उपन्यासमा भाषिक विसङ्गति यत्रतत्र भेटिन्छ ।

### ४.२.९.१.४ भाषिकागत विचलन

साहित्य लेखनमा सामान्यतया भाषाको मानक रूपको प्रयोग गरिन्छ र यो सिर्जनात्मक लेखनको विशेषता पनि हो । उपन्यास पनि सिर्जनात्मक लेखन भएकाले यसमा पनि भाषाको मानक रूपकै प्रयोग हुन्छ तापनि कतिपय सन्दर्भमा उपन्यासकारले विभिन्न प्रयोजनका लागि मानक भन्दा भिन्न भाषिकरूपको प्रयोग गरेको हुन्छ । "भाषाको मानक रूपको प्रयोग हुनुपर्नेमा भाषिकाका विविध रूपको प्रयोग हुँदा भाषिकागत विचलन आउँछ ।"[84] "भाषिकागत विचलन प्रायः निश्चित प्रयोजनका लागि गरिएको हुन्छ । सामाजिक वा क्षेत्रीय भाषिकाका कतिपय अभिलक्षणहरूको प्रायोग गरी भाषाको मानकरूपबाट विचलन पैदा गराउँनुलाई भाषिकागत विचलन भनिन्छ ।"[85] **आज रमिता छ** उपन्यासमा केही मात्रामा भाषिकागत विचलनको प्रयोग पाइन्छ जसका केही उदाहरण यसप्रकार छन् :

(क) "अघि नै कैले एक खेप आएको थिएछु ।" (पृ.५४)

(ख) "निश्चय नै आएका थिएछौं ।" (पृ.५४)

(ग) "सिनेमा असाध्य लामो थिएछ ।" (पृ.८६)

(घ) "घरमा पो भाउज्यूले ल्याउन दिदैंन ।" (पृ.१०)

(ङ) "बैनीले बडा दुःख गर्दै छ ।" (पृ.६७)

(च) "यो सब त मैले जितेका कपहरू हो ।" (पृ.५१)

(छ) "चराहरूले एकसाथ बसेर सिक्रो रूखको कालो हाँगालाई जम्मै छोप्यो । " (पृ.४५)

माथिका उदाहरण (क), (ख) र (ग) मा क्रमशः 'रहेछु', 'रहेछौ' र 'रहेछ' हुनुपर्ने ठाउँमा क्रमशः 'थिएछु', 'थिएछौ' र 'थिएछ' क्रिया प्रयोग गरी क्रियाको भाषिकागत विचलन ल्याइएको छ । त्यस्तै उदाहरण (घ) र (ङ) मा नाम र क्रियामा मेल पाइँदैन । दार्जिलिङको कथ्य भाषामा मानव र मानवेत्तर सबैका लागि पुलिङ्गी क्रिया प्रयोग गरिन्छ । उपन्यासकार पनि दार्जिलिङकै भएकाले र त्यहाँको कथ्य भाषा उपन्यासमा प्रयोग गर्दा यस्तो भाषिकागत विचलन भएको हो ।

---

84= लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका** प्रवृत्ति, (काठमाडौँ : पैरवी प्रकाशन, २०६६), पृ. ५३८ ।
85= खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ६३ ।

त्यस्तै उदाहरण (च) र (छ) मा पनि नामपद बहुवचन र क्रियापद एकवचन छन् । यस प्रकारको विचलन दार्जिलिङको कथ्य भाषाको प्रभावबाट भएको देखिन्छ जसले गर्दा उपन्यासमा भाषिकागत विचलन आएको छ ।

### ४.२.९.१.५ प्रयुक्ति विचलन

यस उपन्यासमा लेखक इन्द्रबहादुर राईले मानक नेपाली भाषाको उल्लङ्घन वा अतिक्रमण गरेका छन् तर उनले गरेका सबै उल्लङ्घनलाई विचलन भन्न मिल्दैन । मानक भाषामाथि सार्थक अतिक्रमण भएको लाई विचलन भनिन्छ भने निरर्थक अतिक्रमणलाई भाषिक त्रुटिका रूपमा लिइन्छ । यस उपन्यासमा प्रयुक्ति विचलनलाई शैली वैज्ञानिक अध्ययनअनुसार वाक्यस्तरमा हेरिएको छ ।

एउटै कथनमा भिन्न भिन्न भाषिक क्षेत्रमा प्रयोग हुने शब्दहरू प्रयोग भएको देखिए त्यसलाई प्रयुक्ति विचलन भनिन्छ, जस्तै :

१) 'पाउँछ । **स्टचाण्डिङ अडर एक्टको सेक्शन १३ (सी.)** अनुसार त्यसो गर्न पाउँछ ।' भने प्रेमकृष्णले - '**सेसन जज**कोमा **फौज्दारी** मामला थियो - **म्यानेजर**लाई धुरिएर कुटेर मार्न खोजेको थियो वा थिएन यो सात जनाले भन्ने । अब **कोर्ट अफ इन्क्वायरी**ले चाहिँ **इनेरू इन्डिसिप्लिन्ड** र **इन्सबोर्डिनेट** छ कि छैन भन्ने भित्रिया जाँच गर्छ । **सेसन कोर्ट**को **जजमेन्ट**ले रेश जुडिकाटा हुँदैन ।' (पृ. १३१)

यहाँ प्रयुक्त गाढा शब्दहरू भिन्न भिन्न भाषिक क्षेत्रका हुन् । स्टचाण्डिङ अडर एक्टको सेक्शन १३ (सी.), जज, फौजदारी, कोर्ट अफ इन्क्वायरी, इन्डिसिप्लिण्ड, इन्सबोर्डिनेट, जजमेण्ट जस्ता शब्द कानुनी क्षेत्रका हुन् । यिनै शब्दहरू शिक्षित समुदायका प्रयोक्ताको भाषिक प्रयोगको उदाहरण पनि हुन् । त्यसैगरी 'इनेरू' कथ्य भाषाको प्रयोग पनि गरिएको छ, जसको अर्थ 'यिनीहरू' भन्ने हुन्छ । त्यसैगरी 'सेशन' र 'म्यानेजर' प्रशासनिक क्षेत्रका शब्द हुन् । त्यसैले प्रस्तुत वाक्यमा प्रयुक्ति विचलन देखिएको छ ।

(२) '**मुसोलिनी**का **फासिष्ट**हरूले **ग्रीस**माथि आक्रमण गरेकै महिना जनकले **ब्याङ्क**को **नोकरी** र मासिक **१७३ रुपियाँ** छोडिदिए ।' (पृ.५)

प्रस्तुत वाक्यमा प्रयुक्त गाढा शब्दहरू राजनीति, व्यापार/वाणिज्य तथा प्रशासनिक क्षेत्रका हुन् । त्यसैले यहाँ प्रयुक्ति विचलन देखिएको छ ।

(३) '**हैदराबाद भारतीय संघ**मा समाविष्ट भएकै हप्तादेखि जनकले **कन्ट्रोल दोकान** चलाए ।' (पृ.५)

प्रस्तुत वाक्यमा आएका गाढा शब्द राजनीतिक र व्यापारिक प्रयोजनका हुन् । जसले उपन्यासमा प्रयुक्ति विचलन देखाएको छ ।

(४) 'एउटा **डाक्टर**, एक युवक **म्युनिसिपल कमिस्नर**, दुइ तीन **क्लर्क**हरू र एक **शिक्षक**को जुन एक **दल** छ त्यसमा समय-समय अन्य सज्जनहरू पनि सामेल हुन्छन् ।' (पृ. )

राजनीतिक क्षेत्रको भाषाको प्रतिनिधित्व गरेका छन्, जो वाक्यमा भएको प्रयुक्ति विचलनको उदाहरण हुन् ।

### ४.२.९.१.६ लेखिम विचलन

लिपिको परम्परित लेखन पद्धतिलाई अतिक्रमण गरी लेखिनुलाई लेखिम विचलन भनिन्छ । **आज रमिता छ** उपन्यासमा लिपिको परम्परित लेखन पद्धतिलाई कहीँ कतै अतिक्रमण गरिएको पाइन्छ जसलेगर्दा **आज रमिता छ** उपन्यासमा लेखिम विचलनको प्रयोग पाउन सकिन्छ । उपन्यासकार राईले शब्द लोप र वाक्यलोप गरेर यस प्रकारको विचलनको प्रयोग गरेका छन् । शब्द लोपका लागि (...) तीनवटा थोप्ला वाक्य लोपका (......) छवटा थोप्लाको प्रयोगले साङ्केतिक अभिव्यक्ति दिएको पाइन्छ । यस्तो प्रयोग उपन्यासमा प्रशस्तै पाउन सकिन्छ लेखिम विचलनका केही दृष्टान्त यसप्रकार छन् :

(क) "सुर्ताएर बाबुनी दुई दिन घरदेखि बाहिरै निस्किनन् ..."(पृ.४९)

(ख) "बिस्तार-बिस्तार रविले बाजेको कुरामा ध्यान लाएर सुन्न लागेको छ ... ।" (पृ.२७)

(ग) "दौराले दोहोरो छेलेर छाती र पेटलाई बाचाईराख्छ ...... ।" (पृ.२७)

(घ) "त्यसपछि ...... त्यसपछिको दङ्गा र हत्याकाण्ड डानियल स्मरण गर्न चाहँदैनन् ।" (पृ.३१)

उदाहरण (क) मा एम्.के. को जागिर खारेजको मिति आएपछि यी सन्दर्भमा प्रयुक्त लोप ... ले जीवनको विरक्ति भावलाई सङ्केत गरेको छ । उदाहरण (ख) मा ... लोपले रविले बाजेको कुरा सुनिरहेको छ भन्नेलाई सङ्केत गरेको छ । त्यसैगरी उदाहरण (ग) मा ...... लोपले दौराले छाति र पेटलाई बचाई राख्दछ त्यसकारण सर्ट नलगाएर दौरा लगाउँनु पर्दछ भनेको भावलाई सङ्केत गर्दछ । उदाहरण (घ) मा ......लोपले डानियल साथीहरूसित फोर्ट विलियमभित्र थिए र त्यसपछि घटेका घटनालाई सङ्केत गरेको छ ।

### ४.२.९.२ समानान्तरता

समान किसिमका भाषिक संरचनाहरूको आवृत्तिलाई समानान्तरता भनिन्छ । विचलनमा मानक भाषाका नियमहरूको पालना हुँदैनथ्यो भने यहाँ नियमहरूको बढी पालना हुन्छ । त्यसैले

समानन्तरता विचलनको विपरित तत्व हो । **आज रमिता छ** उपन्यासमा पनि उपन्यासकारले समानान्तरताको प्रयोग गरेका छन् । समानन्तरताका केही दृष्टान्तहरू यसप्रकार छन् :

(क) '**दास** हो यो, **दस** हजारमा किनेको ।' (पृ.२)

(ख) '**आमा**को **अ**विचलित मुद्रा र शान्त मूर्ति देखेर जनक चकित भए ।' (पृ.२)

(ग) '**सप्रेम सत्याग्रह** गर्नुपर्छ । **सत्य**मा टेक लिएर गरिएको **आग्रह**ले **अपराधी**को हृदयमा **आमू**ल परिवर्तन ल्याउने शक्ति राखेको हुन्छ ।' (पृ.३)

(घ) '**सीता सूती** वा भायलको **सिवाय** अरू **सारी** कहिल्यै लाउँदिनन् । गोलो मुहुडाकी, असाध्य गोरी, **सीताले सपक्क सम्याएर** इलामे लाछाले **कोरेको केशको** मध्यभाजकमा **रक्तरातो सिन्दूर**ले जुन **सौन्दर्य** दिएको छ अरू कुनै **श्रृङ्गार**ले दिन नसक्ला । **सिन्दूर बिहाको** । **समाजका सदस्यको स्वीकृतिपछि** विनत माथको **सिउँदो**मा हालेको **सिन्दूर** बिहाको ।' (पृ.६)

माथिको उदाहरण (क) मा 'दास' र 'दस' शब्दमा समान किसिमको आवृत्ति भएको पाइन्छ । त्यस्तै उदाहरण (ख) मा 'आमाको' 'अविचलित' दुई शब्दको आरम्भमा 'अ' ध्वनिको समानान्तरता भएको छ । त्यसैगरी उदाहरण (ग) मा 'सप्रेम' 'सत्याग्रह' र 'सत्यमा' यी शब्दहरूको आरम्भमा 'स' ध्वनि र 'आग्रहले' 'अपराधीको' र 'आमूल' शब्दको आरम्भकै 'अ' ध्वनिको पुनरावृत्ति पाइन्छ । उदाहरण (घ) मा 'स' ध्वनिको सोह्र पटक आवृत्ति भएको छ । त्यसैगरी 'आ' ध्वनि बीस पटक, 'ओ' ध्वनि पन्ध्र पटक, 'इ' ध्वनि पन्ध्र पटक, 'र' ध्वनि नौ पटक, 'ई' ध्वनि छ पटक आवृत्ति भएका छन् । यी मध्य 'स' र 'र' ध्वनि बढी नजिक नजिक आवृत्ति भएका छन् । यस्तै 'सीता' शब्द दुई पटक, 'सिन्दुर' शब्द तीन पटक आवृत्ति भएका छन् । 'सिन्दुर बिहाको' वाक्य पनि दुई पटक आवृत्ति भएको छ ।

पदावलीको तहमा समानान्तरता भएको उदाहरण हेरौं : 'आफ्नो जीवन एम्.के. ले व्याकरणका साधरण क्रिया र संज्ञाले बनाएको छ - **बिहान उठ्नु, भात खानु, अफिस जानु, घर आउनु, खानु, सुत्नु, औ मात्नु** ।' (पृ.१८)

माथि गाढा वाक्यमा नाम+क्रिया तीन पटक आवृत्ति भएको देखिन्छ ।

एकै किसिमका वाक्यको आवृत्तिबाट पनि उपन्यासकारले पात्रको महत्तवपूर्ण भनाईलाई अगाडि सारेका छन् । जस्तै :

'मरवारीलाई डाँकघर पैसा पठाउने ठाउँ **हो** वंगालीलाई डाँकघर तार गर्ने ठाउँ **हो**, नेपालीलाई डाँकघर चिठ्ठी पठाउनलाई मात्र **हो** ।' (पृ.१८)

यहाँ तीन पटक सरल वाक्यको आवृत्ति भएको छ ।

**आज रमिता छ** उपन्यासमा व्याकरणिक नियमको उलङ्घन गरिएको हुनाले यस उपन्यासमा विचलन र समानान्तरताको प्रयोग देखिन्छ । इन्द्रबहादुर राई आयामेली आन्दोलनको संस्थापकमध्ये एक भएकाले यस उपन्यासमा आयमेली चिन्तनको छाप परेकाले यो उपन्यास

भाषिक प्रयोगका दृष्टिले दुरूह र विसङ्गत देखिन्छ । अमूर्त भाषाका माध्यमबाट जीवनको गहिर्‍याई खोज्नका निमित्त राईले भाषा भाँच भूँच पारेका छन् ।

यस उपन्यासमा व्याकरणिक नियम अन्तर्गत भाषामा कर्ता, कर्म र क्रियाको क्रम नमिलाई कर्म, क्रिया, र कर्ताको क्रम उपन्यासमा प्रशस्तै पाइन्छ । त्यसै गरी लिङ्ग विचलन, पुरुष, आदर आदिको पदसङ्गति मिलेको छैन । नाम, सर्वनाम, आदिमा पनि कुनै सङ्गति छैन । चित्रात्मक भाषाको प्रयोग, भाषामा विसङ्गतिको प्रयोग, शब्दलोप, वाक्यलोप, आदिको प्रयोगबाट उपन्यासकारले उपन्यासमा प्रयुक्त भाषालाई क्लिष्ट, दुर्बोध्य बनाउनुका साथै विसङ्गत पनि बनाएका छन् । त्यसका साथै बिभिन्न भाषाका शब्दहरूको प्रयोग, झर्रा शब्दको प्रयोग र बिभिन्न क्षेत्रमा प्रचलित कथ्य भाषाको प्रयोगबाट पनि उपन्यासमा प्रयुक्त भाषामा विसङ्गतिको छेलोखेलो पाइन्छ जसलेगर्दा उपन्यास विसङ्गतै विसङ्गतिमा चुर्लुम्म डुबेको छ ।

## ४.३ निष्कर्ष

इन्द्रबहादुर राईद्वारा लिखित **आज रमिता छ** उपन्यास विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको पहिलो विसङ्गतिवादी उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले उपन्यासको समग्र पक्षमा विसङ्गतिको प्रयोग गरेका छन् । परम्परित उपन्यास लेखनको मान्यताप्रति विद्रोह गर्दै राईले यस उपन्यासलाई विसङ्गत बनाइदिएका छन् । उपन्यासको संरचनामै विसङ्गतिको प्रयोग गरेका राईले पात्र र पात्रगत संवादमा प्रयोग गरेको विसङ्गतिले उपन्यासको कथावस्तुलाई झनै विसङ्गत बनाएको छ । दार्जिलिङको विसङ्गत जन-परिवेशलाई मुख्य विषयवस्तुको रूपमा लिईएको यस उपन्यासको शीर्षक पनि विसङ्गत रहेको छ । भाषिक प्रयोगमा व्याकरणिक नियमको उलङ्घन गरेर राईले उपन्यासमा विसङ्गतिको छेलोखेलो प्रस्तुत गरेका छन् । विसङ्गतिवादी जीवनलाई यथार्थरूपमा प्रस्तुत गर्ने यस उपन्यासको प्रमुख प्राप्ति नै विसङ्गत जीवन दृष्टि हो ।

**आज रमिता छ** उपन्यासमा परम्परित सिद्धान्त अनुसारको सङ्गठित कथानक, केन्द्रीय चरित्र, निश्चित समय प्रवाह आदि रहेका छैनन् । यसमा पात्रगत केन्द्रीयता खण्डित रहेको छ । उपन्यासमा वर्णित घटनाको व्यतिरेकमा उपन्यासको नामकरण गरिएको छ । परम्परागत उपन्यास लेखनको मान्यतामा विद्रोह गरेर विसङ्गतिवादी उपन्यास लेखनको लक्ष्य अनुरूप लेखेर यस उपन्यासको संरचनालाई विसङ्गत बनाइएको छ अर्थात् विसङ्गतिवादी उपन्यास लेखनको लक्ष्य अनुरूप नै यस उपन्यासको संरचना विसङ्गत बनाइएको छ । यस उपन्यासको कथानक दार्जिलिङे नेपालीहरूको विशृङ्खलित दैनिकीको संयोजन बन्न पुगेको छ, यसकारण दिक्काल र परिवेशका सङ्गतिमा मानव चरित्रको अन्वितिको धर्म यस उपन्यासमा भएको छैन । तैपनि सूक्ष्म रूपले उपन्यासका कतिपय चरित्रहरू अर्काको चरित्रलाई प्रभाव पार्न पुगेका पनि देखिन्छन् तर यसका प्रायः चरित्रहरूका आ-आफ्नै स्वभाव, व्यवहार एवम् चिन्तन् छन्; झट्ट हेर्दा यिनबाट घटित घटनाहरूमा अन्विति नदेखिन सक्छ तर उपन्यास उत्कर्षमा पुगेपछि पाठकलाई उपन्यासका विशृङ्खल घटनाहरूको यही सूक्ष्म अन्वितिले उपन्यासलाई उत्कर्षसम्म पुर्‍याएको छ भन्ने लाग्छ । त्यसैले गर्दा विशृङ्खलताभित्र यो उपन्यास शृङ्खलित छ अनि फेरि शृङ्खलताभित्र विशृङ्खल देखिन पुग्छ ।

यस उपन्यासको संवाद पक्ष ज्यादै सबल छ । पात्रहरू बीचको आपसी संवादले उपन्यासको घटनालाई गति प्रदान गरेको छ । उपन्यासमा प्रयुक्त पात्रहरू बीचको संवादमा विसङ्गति देख्न सकिन्छ । उपन्यासभरी विसङ्गति नै विसङ्गति, दुःखै दुःख, निराशा छ तर यसका विपरीत उपन्यासको शीर्षक **आज रमिता छ** राखिएको छ; जुन विसङ्गतिमूलक भएको तथ्य प्रस्ट हुन्छ । उपन्यासमा विसङ्गत जीवनको यथार्थलाई प्रस्तुत गर्ने क्रममा मानव जीवनका निराशा, कुण्ठा, विवशता, तथा बाध्यता, असफलता जस्ता यावत कुराहरूलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको शीर्षक अनुरूप विषयवस्तु रहेको छैन । उपन्यासभित्र कुनै त्यस्तो रमाइलो क्षणको व्याख्या छैन । जीवन भोगाइका अफठ्यारा, विसङ्गति, विकृति जस्ता कुराहरूलाई उपन्यासले विषयवस्तुका रूपमा समेटेको छ । यस्ता विषयवस्तु ग्रहण गरेर यस उपन्यासको कथानक र शीर्षक बीचको सम्बन्ध सार्थकता नै नभएकाले उपन्यासको शीर्षक नै विसङ्गत रहेको छ ।

**आज रमिता छ** उपन्यासमा प्रयुक्त पात्रहरूको नामका आधारमा उनीहरूको कार्यव्यवहारमा मेल खादैँन अर्थात् नाम अनुसारको काम छैन । प्रत्येक पात्रका नामले एकातर्फ अर्थ प्रदान गरेको छ भने उनीहरूको कार्यव्यवहार अर्कोतर्फ रहेको छ । यस उपन्यासको पात्रविधानमा व्यापक विसङ्गतिको प्रयोग गरिएको छ। यस उपन्यासले मान्छेको जीवन उपन्यासका पात्रले भोगेको जस्तै निष्सार, निरर्थक, शून्य, मृत्युन्मूखी प्रवृत्ति आदिले ग्रसित भएर विसङ्गत हुन पुग्छ भन्ने सन्देश दिएको छ । उपन्यासको मूलपक्ष भन्नु नै विसङ्गतिलाई देखाउनु हो । पात्रका सबैजसो क्रियाकलाप विसङ्गतिको आहालमा डुबुल्की मार्न पुगेको छ।

यस उपन्यासमा व्याकरणिक नियमको उलङ्घन गरिएको हुनाले यस उपन्यासमा विचलन र समानान्तरताको प्रयोग देखिन्छ । इन्द्रबहादुर राई आयामेली आन्दोलनको संस्थापकमध्ये एक भएकाले यस उपन्यासमा आयमेली चिन्तनको छाप परेकाले यो उपन्यास भाषिक प्रयोगका दृष्टिले दुरूह र विसङ्गत देखिन्छ । अमूर्त भाषाका माध्यमबाट जीवनको गहिऱ्याई खोज्नका निमित्त राईले भाषा भाँच भूँच पारेका छन् । उपन्यासमा व्याकरणिक नियम अन्तर्गत भाषामा कर्ता, कर्म र क्रियाको क्रम नमिलाई कर्म, क्रिया, र कर्ताको क्रम उपन्यासमा प्रशस्तै पाइन्छ । त्यसैगरी लिङ्ग विचलन, पुरुष, आदर आदिको पदसङ्गति मिलेको छैन । नाम, सर्वनाम, आदिमा पनि कुनै सङ्गति छैन । चित्रात्मक भाषाको प्रयोग, भाषामा विसङ्गतिको प्रयोग, शब्दलोप, वाक्यलोप, आदिको प्रयोगबाट उपन्यासकारले उपन्यासमा प्रयुक्त भाषालाई क्लिष्ट, दुर्बोध्य बनाउनुका साथै विसङ्गत पनि बनाएका छन् । त्यसका साथै विभिन्न भाषाका शब्दहरूको प्रयोग, झर्रा शब्दको प्रयोग र विभिन्न क्षेत्रमा प्रचलित कथ्य भाषाको प्रयोगबाट पनि उपन्यासमा प्रयुक्त भाषामा विसङ्गतिको छेलोखेलो पाइन्छ जसले गर्दा उपन्यास विसङ्गतै विसङ्गतिमा चुर्लुम्म डुबेको छ ।

**आज रमिता छ**को विशिष्टता केही मात्रामा विसङ्गतिको स्थापना गर्नमा छ । भत्कोषहरूले भरिपूर्ण जीवन आफूले सोचे जस्तो, भने जस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ । यही सङ्गतिहीनताको अवस्थालाई लेखकले नामकरणदेखि देखाउन सुरु गरेका छन् । अभिधात्मक अर्थमा औपन्यासिक शीर्षकले रमिता देखाउन सफल छैन, यसले विशृङ्खलताको प्रतिनिधित्व गरेको छ । विसङ्गतिवादी जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्ने यस उपन्यासको प्रमुख

प्राप्ति नै विसङ्गत जीवनदृष्टि हो । व्यक्तिले जीवनमा भोग्नुपर्ने विवशता, वाध्यता र अर्थहीनतालाई प्रस्तुत गर्नु यस उपन्यास लेखनको लक्ष्य हो । यस उपन्यासमा जीवनको विसङ्गतिलाई विवशता, वाध्यता, अर्थहीनता, विकृति र वेमेल जस्ता विविध सन्दर्भ अनुरूप परिपुष्ट पारेर प्रस्तुत गरिएको छ ।

# परिच्छेद पाँच

# उपसंहार

नेपाली साहित्यको इतिहासमा आयामेली आन्दोलन, लीलालेखन अर्न्तगत परम्परामुक्त कथा संरचना र रूपविन्यास स्थापित गर्ने इन्द्रबहादुर राईको जन्म वि.सं. १९८४ माघ १७ गते भारतको दार्जिलिङमा भएको हो । नेपाली मूलका भारतीय साहित्यकार इन्द्रबहादुर राईले कविता इतर प्रायः सबै विधामा कलम चलाएका छन् । दार्जिलिङका प्रमुख साहित्यकारहरूको नाम लिने क्रममा राईको नाम अग्रस्थानमा आउछ । दार्जिलिङको साहित्य राईभन्दा अगिदेखि नै यथार्थवादी आधारमा रूमल्लिरहेको ले त्यस परिवेशबाट उनको सहित्य यात्रा पनि अछुतो रहन सकेन । फलतः राईले २०१६ सालमा **रातभरि हुरी चल्यो** शीर्षकको सामाजिक यथार्थवादी कथा प्रकाशित गरेर आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् ।

मुख्यतः कथा, समालोचनाका क्षेत्रमा कलम चलाएका राईले एकमात्र उपन्यास **आज रमिता छ** लेखेर नेपाली उपन्यास परम्परालाई नयाँ गोरेटोमा हिडाउने काम गरे । आदर्शवाद, यथार्थवाद, सामाजिक यथार्थवाद जस्ता प्रवृत्तिमा हिडिरहेको नेपाली उपन्यास परम्परालाई राईले **आज रमिता छ** उपन्यासका माध्यमबाट दोस्रो विश्वयुद्धपछि विकसित विसङ्गतिवादी उपन्यास लेखन परम्परातर्फ हिडाउने काम गर्दै नेपाली उपन्यासका क्षेत्रमा पहिलो विसङ्गतिवादी उपन्यासका रूपमा **आज रमिता छ** उपन्यासलाई स्थापित गराएका छन् ।

**आज रमिता छ** उपन्यास लेखेर परम्परागत उपन्यास लेखनप्रति विद्रोह जनाएका राईले नेपाली उपन्यास परम्परामा एउटा नवीन मान्यताको स्थापना गरेका छन् । **आज रमिता छ** उपन्यास यथार्थवादी धरातलमा उभिएको छ तर यो यथार्थ पूर्णतः विसङ्गत छ । दार्जिलिङे जन परिवेशलाई समेटेर लेखिएको यस उपन्यासले त्यहाँको जन जीवनको विसङ्गत पक्षलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । दार्जिलिङका मानिसहरूको जीवनको समग्र पक्ष समेटिएको यस उपन्यासमा राईले उनीहरूको जीवन भोगाईलाई जस्ताको तस्तै उतारेका छन् र उपन्यासलाई विसङ्गत बनाएका छन् ।

विश्व साहित्यको इतिहासमा बीसौं शताब्दीमा आएर विकसित भएका विभिन्न वादहरूमध्ये विसङ्गतिवाद एउटा प्रमुख वाद हो । दोस्रो विश्वयुद्धको विभीषिकाबाट जन्मेको एउटा आन्दोलन हो विसङ्गतिवाद । दोस्रो विश्वयुद्ध पश्चात परम्परागत संस्कृति र साहित्य सम्बन्धी आस्था एवम् मूल्य मान्यताको विरोध स्वरूप देखापरेको विसङ्गतिवादको प्रेरणा स्रोतका रूपमा सोपेन हावरको जीवन जगत् प्रतिको दुःखदायी दृष्टि र नित्सेको निरीश्वरवादी एवम् अतिमानव सम्बन्धी धारणा उल्लेख्य छन् भने अर्कातिर अतियथार्थवादको भूमिका पनि स्मरणीय छ ।

जाँ पाल सार्त्रले प्रतिपादन गरेको विसङ्गतिवादको व्याख्या, विवेचना गरेर विस्तार गर्ने काम फ्रन्सेली चिन्तक अल्बर्ट कामुले गरे । कामुको **द मिथ अफ सिसिफस** नामक कृति प्रकाशित भएपछि विसङ्गतिवादको सैद्धान्तिक अवधारणाहरू अगाडि आए । ग्रिक पुराकथालाई आधार मानेर

वर्तमानको मान्छेले भोगिरहेको विसङ्गत स्थितिलाई प्रतिबिम्बन गर्ने महत्वपूर्ण कृति **द मिथ अफ सिसिफस** प्रकाशित भएपछि विसङ्गतिवादी चिन्तन झनै विकसित हुन पुग्यो । प्रथम र दोस्रो विश्वयुद्धमा भएको नरसंहार समेतको कारणले जीवनको मूल्यहीन र महत्वहीन अवस्थालाई विसङ्गतिवादले प्रस्तुत गरेको छ । बीसौँ शताब्दीको एउटा जबर्जस्त अभियान वा आन्दोलनको रूपमा साहित्य कलाका क्षेत्रमा देखापरेको विसङ्गतिवाद निहिलिज्म अर्थाथ शून्यवादको निकै नजिक देखापर्छ । शून्यवादले प्रचलित मान्यता, सिद्धान्तहरूको पूर्णरूपमा बहिष्कार गरे झैं विसङ्गतिवादले पनि परम्पराको विद्रोह गर्दछ । विसङ्गतिवादी दृष्टिमा जीवन कर्म सापेक्ष छ, तर प्रत्येक व्यक्तिलाई कर्मफल प्राप्त नहुने हुनाले मनुष्यको जीवन व्यर्थताले भरिएको छ ।

बीसौँ शताब्दीको एक सशक्त धाराको रूपमा विकसित विसङ्गतिवादले मान्छेको जीवन जस्तो छ त्यसलाई त्यस्तै प्रस्तुत गर्दछ । मान्छेको जीवन जस्तो रूपमा र जुन रूपमा चलेको छ, त्यही रूपमा व्याख्या गर्न विसङ्गतिवादको प्रारम्भ भएको हो । नित्सेको ईश्वर मृत्युको घोषणा, सार्त्रको मर्नैका लागि स्वतन्त्र छैन, दोस्तवस्किको ईश्वर छैन भने सबथोक सम्भब हुन्छ भन्ने जस्ता मान्यता यस वादका सम्बन्धमा त्यतिकै महत्वपूर्ण र विचारणीय छन् । जसको तात्पर्य मान्छे स्वयम्ले नै यस विसङ्गत परिवेशमा विसङ्गतिको अनुभूति गर्दछ । विसङ्गतिवादले जीवन जगत्को असङ्गति-विसङ्गति वा निस्सारताकै बीच मान्छेले आफ्नो जीवनलाई सार्थक र मूल्यवान बनाउँन सक्छ भन्छ । कुनै पनि सार वा सार्थकता तथा सीमा नभएको परिश्रमको यो मानव जीवन नितान्त असङ्गत-विसङ्गत छ भन्ने स्वतः स्पष्ट हुन्छ । विसङ्गति नै जीवन जगत्को मूलभूत कुरा हो भन्ने मान्यता, चिन्तन् वा सिद्धान्तलाई नै विसङ्गतिवाद भनिन्छ । मान्छेको जीवनमा मान्छेले जे चाहन्छ त्यो नहुनु र जे हुन्छ त्यो नचाहनु नै विसङ्गति हो ।

दोस्रो विश्वयुद्धपछि देखापरेको विसङ्गतिवादले मान्छेको जीवनलाई जस्ताको तस्तै प्रस्तुत गर्ने काम गऱ्यो । जे छ त्यो नहुनु र जे छैन त्यो हुनु नै विसङ्गति हो अर्थात् मान्छेले जीवन जीउँन जुन योजना बनाउँछ त्यो योजना अनुसार जीवन नचलेर योजना बिहीन योजनाबाट जीवन चल्दछ भने त्यो नै विसङ्गति हो । यस वादले जति ख्याति र उपलब्धि हासिल गऱ्यो त्यति नै विवादित भएर आलोचना पनि सहनु पऱ्यो । मान्छेको जीवनमा उसले भोगेको जीवनलाई जस्ताको तस्तै कत्ति पनि ढाकछोप नगरी जस्तो छ त्यस्तै साहित्यमा अभिव्यक्त गर्न सक्नु र वस्तु, शील्प, शैली आदि पक्षमा बिद्रोह गर्दै विसङ्गतिलाई प्रस्तुत गरेर यस वादले ख्याति प्राप्त गरेको देखिन्छ ।

मान्छेको जीवनको निराशा, व्यर्थथा, निरर्थकता असङ्गतिलाई मात्र प्रस्तुत गरेर मान्छेको जीवनका राम्रा पक्षलाई ओझेलमा पारेकाले यस वादले आलोचना पनि सहनु परेको छ । राम्रा पक्षलाई त्यसै छाडेर नराम्रा पक्षको मात्र चर्चा गरेका कारण यस वादले आलोचना सहनु परेको देखिन्छ । समग्रमा भन्नुपर्दा दोस्रो विश्वयुद्धपछि साहित्य कलाको क्षेत्रमा देखापरेर विश्वसामु निकै चर्चा बटुल्न पुगेको विसङ्गतिवादले मान्छेको जीवन भोगाइलाई जस्ताको तस्तै प्रस्तुत गर्दछ । मान्छेले जसरी यौटा योजनावद्ध रूपमा आफ्नो जीवन चलोस भन्छ तर त्यसको ठीक उल्टो योजना विहीन योजनाबाट जीवन चलेर उसलाई विसङ्गति हात लाग्छ । यही विसङ्गतिले नै दोस्रो

विश्वयुद्धपछि विकसित भएर एउटा साहित्यिक आन्दोलन वा वादको रूपमा विकसित हुने अवसर प्राप्त गऱ्यो र विश्व साहित्यमा आफ्नो प्रभाव छाड्न पुग्यो ।

पहिलो र दोस्रो विश्वयुद्धको नरसंहारपछि विश्व साहित्यमा देखापरेको विसङ्गतिवादले जसरी विश्व साहित्यमा प्रभाव पार्न पुग्यो त्यसरी नै नेपाली साहित्य जगत्मा पनि यस वादको प्रभाव पऱ्यो । आदर्शवाद, स्वच्छन्दतावाद, आदर्शोन्मुख यथार्थवाद हुँदै आएको नेपाली उपन्यास परम्परामा विसङ्गतिवादले इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासका माध्यमबाट आफ्नो उपस्थिति देखाउन पुग्यो । इन्द्रबहादुर राईले **आज रमिता छ** (२०२१) उपन्यास प्रकाशित गर्नुपूर्व विजयबहादुर मल्लले २०१८ सालमा प्रकाशित गरेको **अनुराधा** उपन्यासमा छिटफुट रूपमा विसङ्गतिवादको प्रयोग भएको पाइन्छ । मल्लले उक्त उपन्यासमा पात्रका संवादका माध्यमबाट विसङ्गतिको प्रस्तुति गरेका छन् । नेपाली साहित्य जगत्मा राईले **आज रमिता छ** उपन्यास प्रकाशित गरेपछि विसङ्गतिवादको स्पष्ट प्रयोग भएको हो । राईले मान्छेको जीवन जगत्मा रहेका सामाजिक, आर्थिक, सांस्कृतिक आदि विविध क्षेत्रमा देखापरेका विसङ्गत पक्षलाई साहित्यका माध्यमद्वारा प्रस्तुत गर्न पुगे; **आज रमिता छ** उपन्यासमा विसङ्गतिको स्वर प्रस्ट रूपमा घन्किएको छ ।

विश्व साहित्यमा दोस्रो विश्वयुद्ध छि देखापरेको विसङ्गतिवादि प्रवृत्ति नेपाली उपन्यास जगत्मा २०२१ साल पूर्वका उपन्यासमा छिटफुट रूपमा पाउँन सकिन्छ । लैनसिंह वाङ्देलका **मुलुक बाहिर** र **लङ्गडाको साथी**, विजय मल्लको **अनुराधा** उपन्यासमा यस चिन्तनको प्रयोग केही मात्रामा पाउन सकिन्छ । राईले **आज रमिता छ** उपन्यासमा उपन्यासको शीर्षकदेखि पात्रगत संवाद, विषयवस्तु, उपन्यासको संरचना लगायतका समग्र पक्षमा विसङ्गतिको स्वर टड्कारोसित ध्वनित गर्दै उपन्यासको कथ्य र शैली दुवैमा विसङ्गतिको प्रयोग गरेका छन् ।

परम्परित सिद्धान्त अनुसार उपन्यासमा एउटा सङ्गठित कथा हुन्छ; एउटा केन्द्रीय चरित्र हुन्छ । त्यसभित्र कथा र सहायक पात्र हुन्छन् । सिङ्गो संरचना सकारात्मक अथवा नकारात्मक तत्वलाई भरणपोषण गर्ने रूपमा स्थापित भएको हुन्छ तर यस उपन्यासमा पात्रगत केन्द्रीयता खण्डित छ । दार्जिलिङको चोक बजारमा चलिरहेको जनक र सीताको जीवनलाई मूलकथा बनाएर लेखिएको यस उपन्यासमा पात्रहरूको विसङ्गत जीवनलाई प्रस्तुत गरिएको छ । यस उपन्यासका सम्पूर्ण पात्रहरू विसङ्गतिमा रूमल्लिएका छन् । समय र परिस्थितिका प्रताडनाबाट पीडित अवस्थाको जीवन चर्यालाई उपन्यासले विषयवस्तुको रूपमा प्रस्तुत गरेको छ । राईले परम्परागत उपन्यास लेखनको मान्यतालाई पूर्ण रूपमा बहिष्कृत गरेर यस उपन्यासको लेखनकार्य सम्पन्न गरेका छन् ।

'भत्कोषहरूले भरिपूर्ण जीवन आफूले सोचे जस्तो, भने जस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ ।' यही सङ्गतिहीनताको अवस्थालाई लेखकले शीर्षकदेखि नै देखाउँन सुरु गरेका छन् । धेरैका सङ्गत, असङ्गत धारणा, भोगाई, व्यवहार र चिन्तनको थलो भएर दार्जिलिङे जीवनले देखाएको त्रासद रमिता उपन्यासमा गम्भीर प्रकृतिले आएको छ । परम्परित उपन्यासका तुलनामा भन्दा भिन्न तरिकाले पृथक जीवन मूल्यलाई बोकेर आएको यो उपन्यास कार्यकारण

शृङ्खलामा व्यवस्थित छैन । अगिल्ला उपन्यासको जस्तो यस उपन्यासको कथानकमा सङ्गति पाइँदैन । **आज रमिता छ** उपन्यास धेरैवटा जीवनको कथा हो; त्यसैले यसको कथानक परम्परागत उपन्यासको जस्तै शृङ्खलाबद्ध भएर एउटै नायक/नयिकाको विषयवस्तुमा उनिएको छैन तर सबै जीवनकथाको समुच्चय शृङ्खलाबद्धताले एउटा समाजको एउटा परिवेशको र एउटा समयको कथा भन्ने सामर्थ्य यस उपन्यासले बोकेको छ ।

सामाजिक यथार्थताको उत्तर प्राप्ति र आयामिक विसङ्गतिको पूर्वाभासको रूपमा रहेको छ **आज रमिता छ** उपन्यास । सङ्गतिहीन जीवनलाई सङ्गतिमा बाध्ने तथा भूत र भविताका बीचमा बाँधिएको जीवनलाई मूल्य दिने प्रयासमा एउटा जीवनवृत्त तयार भएको छ । प्रस्तुत उपन्यासमा कथानक र घटनाको सुव्यवस्थित भाव र प्रविधिको आधारमा साहित्य सिर्जना नगरी सृजित जीवनको वि ँङ्खलता आदि समेतको अवस्थालाई समीकरण गर्ने प्रयत्न गरेको देखिन्छ ।

विसङ्गतिवादी उपन्यास परम्पराको श्री गणेश गर्ने **आज रमिता छ** उपन्यासमा शीर्षकदेखि कथा योजनासम्म अनि पात्रहरूको चरित्र चित्रणदेखि तिनका संवाद र जीवन भोगाइसम्म सर्वत्र विसङ्गतिकै स्वर टड्कारोसित ध्वनित भएको छ । उपन्यास लेखनको परम्परागत सिद्धान्तका विरूद्ध लेखिएको यो उपन्यास विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको उत्कृष्ट र सफल उपन्यास हो । **आज रमिता छ** उपन्यासको उपस्थितिले नै नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी उपन्यास परम्पराको स्थापना गर्‍यो भन्न सकिन्छ ।

समग्रमा आधुनिक नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी प्रवृत्तिको पहिलो उपन्यास हो **आज रमिता छ** उपन्यास । **आज रमिता छ** उपन्यासका माध्यमबाट विसङ्गत मानव जीवन र त्यसका सम्पर्कमा रहेका अनेकानेक प्रतिक्रिया समेतको अर्थ उद्‌बोधन गर्न चाहेका छन् उपन्यासकार इन्द्रबहादुर राईले । भाषा र शिल्पको असैद्धान्तिक सङ्गठनमा निर्मित प्रस्तुत उपन्यास आफैँमा एउटा विसङ्गति बनेको छ । विसङ्गतिपूर्ण जीवन बाँचेका यस उपन्यासका पात्रको चरित्र चित्रण उपन्यासद्वारा प्रवाहित दर्शनका आधारमा विसङ्गत पाराले गरिएको छ । पात्रको स्वभावमा गतिशिलता भए पनि उपन्यासकारका चिन्तनमा गतिशिलता उम्रिन सकेका छैनन् । चेतन प्रवाहको सन्दर्भ आभास हुने **आज रमिता छ** उपन्यास प्रस्तुतिका दृष्टिले एउटा रमिताको आयोजना ठहरेको छ र विसङ्गतिवादी नेपाली उपन्यास परम्पराको पहिलो विसङ्गत उपन्याको स्थान प्राप्त गर्न सफल भएको छ ।

दार्जिलिङे नेपाली जनहरूले भोगेको जीवनको विसङ्गत पक्षलाई प्रस्ट रूपमा यस उपन्यासमा देखाईएको छ । भत्कोषहरूले भरिपूर्ण जीवन आफूले सोचे जस्तो, भने जस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ भन्ने यही सङ्गतिहीन अवस्थालाई उपन्यासकार राईले उपन्यासको शीर्षकदेखि नै देखाउन सुरु गरेका छन् । धेरैका सङ्गत असङ्गत धारणा, भोगाई, व्यवहार र चिन्तनको थलो भएर दार्जिलिङे जीवनले देखाएको त्रासद रमिता उपन्यासमा गम्भीर प्रकृतिले आएको छ । परम्परित अगिल्ला उपन्यासको जस्तो शृङ्खलित विन्यास यस उपन्यासमा पाइँदैन ।

नेपाली उपन्यास परम्परामा विसङ्गतिवादको श्री गणेश गर्न सफल **आज रमिता छ** उपन्यासमा उपन्यासको शीर्षकदेखि कथा योजनासम्म, पात्रको चरित्रदेखि तिनको संवाद र जीवन भोगाईसम्म सर्वत्र विसङ्गतिको प्रयोग भएको छ । **आज रमिता छ** उपन्यासको माध्यमबाट राईले दार्जिलिङ्गे नेपाली जन परिवेशको चित्रण गरेका छन् र उनीहरूले भोगेको जीवनलाई छर्लङ्ग पारेका छन् । यस उपन्यासमा सङ्गठित कथानक, केन्द्रीय चरित्र, निश्चित समय आदि कहीँ कतै पनि सङ्गति पाइँदैन । पात्रगत केन्द्रियता खण्डित रहेकाले उपन्यासको कथावस्तु र नामकरणमा सामञ्जस्य पाइँदैन । उपन्यासका पात्रहरू बीचको संवादमा पनि विसङ्गति भेट्न सकिन्छ । उपन्यासको समग्र पात्रहरूको संवादमा कहीँ कतै पनि रमाइलो कुराले स्थान पाएको छैन । उपन्यासका प्राय पात्रहरूको नाम र उनीहरूको कार्यव्यापारले कहीँ पनि सङ्गतिका सूत्रहरू फेलापार्न सकेको देखिदैँन । जनक, सीता, भूदेव, यमुना, रवि, धर्मप्रसाद, वीरमान आदि कसैको नामसँग उनीहरूको क्रियाकलापले मेल खादैँन । जनकको तात्पर्य उत्पादक हो तर यहाँ जनक अनुत्पादकको रूपमा रहेको छ । छोरा पाउन नसकेको जनकले रविलाई छोराको रूपमा पाल्नुले पनि उसको अनुत्पादकत्वलाई प्रस्ट पारेको छ ।

त्यस्तै रूढ अर्थमा 'सीता' जनककी पुत्री हुनुपर्ने तर उपन्यासकी सीता जनककी श्रीमतीका रूपमा उपस्थित रहेकी छ । यस उपन्यासकी सीता पौराणिक 'सीता' जस्ति नभएर विसङ्गत रहेकी छ । भूदेवको अर्थ पृथ्वीको देवता हुनुपर्ने तर यहाँ भूदेव पृथ्वीको राक्षसको रूपमा देखापरेको छ । स्वार्थी र अवसरवादी नेताको रूपमा रहेको भूदेवको व्यवहारबाट पनि उपन्यास विसङ्गत बनेको छ । रविको पनि नाम र काममा सामञ्जस्यता छैन । 'रवि' रवि जस्तै तेजिलो भएर समाजमा प्रकाश छर्दै हिड्नु पर्ने तर ऊ आफै अन्धकारमा रूमल्लिएको छ । यमुना 'यमुना' नदी जस्तै पवित्र भएर रहनु पर्नेमा उपन्यासकी यमुना विसङ्गत र विकृत स्वभावकी छ । यौन तुस्टिको लागि बिरामी लोग्नेलाई त्यसै छाडेर होटेल होटेलमा यौनको हाटबजार खोज्दै परपुरुषसँग लहसिन पुग्छे । धर्मप्रसाद आफ्नै भाञ्जिलाई विहे गरेर श्रीमतीको रूपमा स्वीकारेर पापको भारी बोकेर हिडेको छ र नाम अनुसारको काम गरेको छैन ।

उपन्यासको सबैभन्दा विसङ्गत पात्रको रूपमा त उपन्यासकार राईले एम्.के. लाई उभ्याएका छन् । जागिर नपाउन्जेल जागिरको खोजीमा रहेको एम्.के. जागिर पाएकै रात आत्महत्या गर्न पुग्छ । एम्.के. लाई उपन्यासकारले विसङ्गत पात्रको नमुनाको रूपमा प्रयोग गरेका छन् । पारिवारिक जीम्बेवारीबोध गर्न नसकेको एम्.के. बाबुनीको अभिभावकत्वमा जिउन विवश छ । श्रीमान्को मृत्युपछि प्रेमकृष्णसँग सल्केकी बाबुनीले पनि उपन्यासमा विसङ्गत व्यवहार प्रस्तुत गरेकी छ । एम्.के. को शून्यताबोधी भावनालाई उसले बाबुनीसँग गरेको संवादात्मक अभिव्यक्तिका माध्यमबाट अगि सारिएको छ । "हाम्रो यो कान्छी छोरी जन्मेपछि... त्यही मेरो ठूलो बाकसमा हालेर उँधै उँधो नालीदेखि बगाइदिन्छु" । (पृ.६९) जीवन भोगाइका क्रममा शून्यताबोध भएपछि पत्नीको गर्भमा रहेको बच्चालाई बाकसमा हालेर नालीदेखि बगाउने कुरा गर्ने नामर्दी बाबुको प्रतिनिधि पात्रका रूपमा एम्.के. देखिएको छ ।

शून्यताको बोधगर्ने अर्कोपात्र रवि हो, जो रवि किरण फैलाएर उज्यालो बनाउनतिर भन्दा जीवनलाई अन्धकारमय बनाएर जीवन भोग्न बाध्य रहेको छ । इशावेलसँग हल्का प्रेम अङ्कुरीत

भएको अनुभूति गर्ने रवि आफ्नो बाबु जनक र दा, नामग्येलकी पत्नी यमुनाका बीचको सम्बन्ध आफ्नै आँखाले देखेपछि भने झन् शून्यमय हृदय लिएर बाच्न विवश भएको छ । घरपरिवारका बीचमा पनि शून्यताको अनुभूति गर्नु शून्यबोधी धारणा हो । डानिएल बाबु आफ्नी पत्नीको मृत्युमा पत्नीको रिक्तताको अनुभुति गर्दछ भने इशाबेल आमा नहुनुको बोधलाई आफूभित्रै थिचेर राखेकी छ । आमा तथा पत्नीको मृत्युको पीडालाई सहेर बसे पनि उनीहरूले शून्यताको तीतो अनुभूति गरेका छन् । पत्नीको मृत्युबाट डानियलबाबु र आमाको मृत्युबाट इशावेलमा शून्यताको बोध भएको पाइन्छ । विधुरताको पीडा खेपेर एकाङ्गी जीवन बिताई रहेको डानियलले विसङ्गतिको बोध र आमाको मृत्युबाट इशावेलले शून्यताको बोध गरेको पाइन्छ ।

"म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानू है..." (पृ. ९९) । जस्ता शब्द आफ्नै श्रीमतीलाई भन्नुले एम्.के. लाई मृत्युन्मूखि प्रवृत्तिले गाँजेको देखिन्छ । एम्.के. मा मृत्युन्मूखी प्रवृत्ति प्रस्टसँग देखिन्छ । शून्यबोध गरेपश्चात मृत्युवरण गर्न पुगेको एम्.के. ले जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुगेको हुनाले शून्यतालाई मान्छेको जीवनमा गम्भीर रूपमा आक्रमण गर्ने सिकारीका रूपमा लिइन्छ र यसबाट बच्न नसकिने जाँ पाल सार्त्रको धारणा एम्.के. को मृत्युबाट सिद्ध भएको छ ।

विश्वसाहित्यमा कामुद्वारा स्थापित मान्यताको आधारमा विकसित विसङ्गतिवादले **आज रमिता छ** उपन्यासको समग्र पक्षमा आफ्नो उपस्थिति जनाएको छ । राईले यस उपन्यासको संरचना, शीर्षक, पात्र विधान, कथावस्तु, विषयवस्तु, भाषा र संवादका क्षेत्रमा विसङ्गतिको प्रयोग गरेका छन् । अगिल्ला **भ्रमर**, **मुलुकबाहिर**, **लङ्गडाको साथी** जस्ता उपन्यासमा स्थान समय र पात्रमा जुन अन्विति पाइन्छ **आज रमिता छ** उपन्यासमा त्यस्तो अन्वितिको प्रयोग पाइँदैन जसले गर्दा उपन्यास विसङ्गत बनेको छ । माथि उल्लिखित उपन्यासहरू अध्याय वा परिच्छेदमा बाढिएका छन् तर **आज रमिता छ** उपन्यासमा मान्छेको समग्र जीवनलाई देखाइएकोले उपन्यासलाई कुनै परिच्छेदमा बाढिएको पाइँदैन र उपन्यास पनि विसङ्गत बनेको पाइन्छ । उपन्यासमा प्रयोग गरिएका संवादहरू कुनै पनि संगतिमूलक छैनन् सबैले विसङ्गतिको स्वरलाई प्रस्तुत गरेको छन् ।

उपन्यासको शीर्षकलाई पनि राईले विसङ्गतिबाट अछुतो राखेको पाइँदैन । उपन्यासको शीर्षक र उपन्यासको विषयवस्तुमा कुनै तादात्म्य देखिदैँन । विषयवस्तु एकातिर छ र शीर्षक अर्कोतिर रहेको छ । उपन्यासमा कुनै रमिता वा रमाइलो पाइँदैन, सम्पूर्ण पात्रहरूले दुःख कष्ट भोग्न विवश छन् तर उपन्यासकार राईलाई के कुरामा रमिता लाग्छ र उपन्यासको शीर्षक **आज रमिता छ** जुराएका छन् जुन विसङ्गति नै रहेको छ ।

उपन्यासका पात्रमा पनि विसङ्गतिको प्रयोग गरेका छन् राईले । पात्रको नाम र उनिहरूको क्रियाकलापको बीचमा कुनै सामञ्जस्यता देखिदैँन पात्रका नाम एकातिर र उनीहरूको क्रियाकलाप अर्कातिर रहेको छ । जनक, भूदेव, रवि, यमुना, सीता लगायतका पात्रको नाम र काममा व्यतिरेक सम्बन्ध पाउन सकिन्छ । राईले उपन्यासमा आएका प्रत्येक पात्रलाई एउटा न एउटा विसङ्गतिको तक्मा भिराउँने काम गरेका छन् । उपन्यासको भाषिक पक्षमा पनि उपन्यासकार राईले विसङ्गतिको प्रयोग गरेका छन् । अमूर्त भाषाका माध्यमबाट जीवनको गहिऱ्याई

खोज्ने राईले उपन्यासमा भाषा भाँच भूँच पारेका छन् । उपन्यासमा प्रयुक्त भाषामा व्याकरणिक नियमको अनुशरण नगरेर भाषिक विसङ्गति प्रस्तुत गरेका छन्; त्यसका लागि राईले उपन्यासमा विचलनको प्रयोग व्यापक गरेका छन् भने कहीँ कतै समानन्तरताको प्रयोग पनि पाउन सकिन्छ । राईले उपन्यासमा कोशीय विचलन, व्याकरणिक विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन र लेखिम विचलनको प्रयोग गरेका छन् र उपन्यासलाई भाषाका माध्यमबाट पनि विसङ्गत बनाएका छन् ।

इन्द्रबहादुर राई आफू पनि स्वयम् दार्जिलिङकै भएकाले त्यहाँको जन-जीवनले भोगेको अवस्थालाई राम्रोसँग बुझेका छन् । उपन्यासका सम्पूर्ण पक्षमा राईले विसङ्गतिको प्रयोग गरेर दार्जिलिङे जन-जीवनको वास्तविकतालाई जस्ताको तस्तै उपन्यासमा प्रस्तुत गरेका छन् । विसङ्गतिवादले जसरी मान्छेको जीवनको वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्दछ त्यसै गरी नै यस उपन्यासले दार्जिलिङे जीवनको वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गरेको छ । जसकारण उपन्यास पूर्णतः विसङ्गत रहेको छ र विसङ्गत मानव जीवनलाई प्रस्तुत गर्न सफल रहेको छ ।

मान्छेको जीवनका वास्तविकतालाई जसरी विसङ्गतिवादले कत्ति पनि ढाकछोप नगरी जस्ताको तस्तै प्रस्तुत गर्दछ त्यसैगरी नै यस उपन्यासले दार्जिलिङे जन-जीवनको वास्तविकतालाई कत्ति पनि ढाकछोप नगरी जस्ताको तस्तै प्रस्तुत गरेको छ । विसङ्गतिवादको मान्यतालाई अनुशरण गरेर लेखिएको यो उपन्यास नेपाली उपन्यास परम्पराको पहिलो र उत्कृष्ट विसङ्गतिपरक उपन्यास हो ।

# सन्दर्भ सामग्री सूची


अब्राम्स, एम्. एच्. सन् २००९. **अ ग्लोसरी अफ लिटेररी टर्म्स** आठौँ संस्क., अमेरिका : थोमसन वर्डस्वर्थ ।

उपाध्याय, केशवप्रसाद. २०५५. **नाटक र रङ्गमञ्च,** काठमाडौँ : रूमु प्रकाशन ।

एस्लिन, मार्टिन. सन् १९६८. **द थियटर अफ एब्सर्ड**, इङ्ल्यान्ड : पेन्गुइन बुक्स ।

कपुर, मस्तराम. सन् १९७५. **अस्तित्ववादसे गान्धीवादतक**, दिल्ली : वाणी प्रकाशन ।

कड्न, जे.ए. सन् १९९२. **द पेन्गुइन डिक्सनरी अफ लिटेररी ट्रम्स एन्ड लिटेररी थेउरी**, इङ्ल्यान्ड : पेन्गुइन बुक्स ।

कँडेल, घनश्याम उपाध्याय. *आज रमिता छ : यथार्थ अङ्कनको विशिष्ट प्रयत्न,* **जूही** (वर्ष १ अङ्क ३, पुस-फागुन, २०३८), पृ. ८७-८९ ।

.................. . २०४०. **केही अन्वेषण : केही विश्लेषण**. काठमाडौँ : भिमशेन थापा ।

कुँवर, उत्तम. ३०३७. **स्रष्टा साहित्य**. तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

गुप्ता, लालचन्द्र. सन् १९७५. **अस्तित्ववाद और नयी कहानी**, दिल्ली : शोधप्रबन्ध प्रकाशन ।

गौतम, बीणा. २००१. **हिन्दी नाटक आजतक**, दिल्ली : शब्दसेतु प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद. २०६६. **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन ।

चेरीस, वालटिक. सन् १९९६. **अक्सफोर्ड कन्सिस डिक्सनरी अफ लिटेररी ट्रम्स**, लन्डन : अक्सफोर्ड युनिभर्सिटि प्रेस ।

जोशी, कुमारबहादुर. २०६६. **पाश्चात्य साहित्यका प्रमुख वाद**. पाँचौ संस्क., ललितपुर : साझा प्रकाशन ।

ढकाल, भूपति. २०५६. **वी.पी. कोइरालाका उपन्यासमा विचार पक्ष**, स्याङ्जा : अछरादेवि ढकाल ।

............... २०६७. **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण**, काठमाडौँ : एबीसी. पब्लिसर्स एन्ड डिस्टिव्युट्स प्रा.लि. ।

त्रिपाठी, वासुदेव. २०६५. **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग-२). पाँचौ संस्क., ललितपुर : साझा प्रकाशन ।

पराजुली, ठाकुर. (२०३२) *नेपाली उपन्यासको ऐतिहासीक विवेचना,* **ज्ञानविज्ञानको दिशा**. सम्पा., डिल्लीराम तिमसिना. वाराणसी : श्रीमती दुर्गा तिमसिना ।

पहाडी, सन्ध्या. २०६२. *इन्द्रबहादुर राईसँग वार्ता* **गरिमा**, (वर्ष २३, अङ्क ११, पूर्णाङ्क २७५, कार्तिक, २०६२), पृ. १२९-१३२ ।

पाण्डे, ज्ञानु. २०६०. **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, विद्यावारिद्धि शोधप्रबन्ध. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

पारिजात. २०५५. **शिरीषको फूल**. एघारौं संस्क., ललितपुर : साझा प्रकाशन ।

पोखेल, वालकृष्ण तथा अन्य. सम्पा. २०६७. **नेपाली बृहत् शब्दकोश**. सातौं संस्क., काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद. २०४४. **उपन्यासकार इन्द्रबहादुर राई**, अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

प्रधान, कृष्णचन्द्रसिहं. २०३७. **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर : साझा प्रकाशन ।

प्रधान, राजनारायन. २०३०. **केही कृति केही स्मृति**, दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

बराल, कृष्णहरी र नेत्र एटम. २०५८. **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास**. दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजय. २०५४. **अनुराधा**. आठौं संस्क., ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर. १९६६. **टिपेका टिप्पणीहरू**, दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

................. सन् १९७४. **उपन्यासका आधारहरू**, दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

................. २०६२. **आज रमिता छ**. पाँचौ संस्क., ललितपुर : साझा प्रकाशन ।

राई, सुजातारानी. सन् २००४. **इन्द्र सम्पूर्ण** ग्रन्थ-१, सिक्किम : निर्माण प्रकाशन ।

राय, नारायण. सन् १९८४. **नाट्य विमर्स**, दिल्ली : सन्मार्ग प्रकाशन ।

लामिछाने, यादवप्रकाश. २०६१. **आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध**, अप्रकाशित विद्यावारिद्धि शोधप्रबन्ध. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

लुइटेल, खगेन्द्रप्रसाद. २०६२. **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.................. २०६९. **नेपाली उपन्यासको इतिहास**, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

वर्चफल्ड, आर.डब्लु. सन् १९८९. **द अक्सफोर्ड इङ्लिस डिक्सनरी**, वासिङ्टन : अक्सफोर्ड विश्वविद्यालय ।

शर्मा, तारानाथ. *दार्जिलिङको रमिता,* **मधुपर्क,** (१:१२ ,२०२६, वैशाख) , पृ. ४५-५४ ।

.................. २०२७. **नेपाली साहित्यको इतिहास**, काठमाडौं : सहयोगी प्रकाशन ।

.................. २०२९. **नेपाली साहित्यको ऐतिहासिक परिचय**, काठमाडौं : सहयोगी प्रकाशन ।

................ *तेस्रो आयामका तीन व्यक्तित्व,* **नेपाली** (पूर्णङ्क), (वर्ष २३, पूर्णङ्क ५६, साउन-असोज, २०३०), पृ. ११-२० ।

शर्मा, मोहनराज. २०५५. **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

.................... २०५९. **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

.................... **फ्रेटागको पिरामिड र आगतको कथानक**, अप्रकाशित लेख ।

.................... . **आज रमिता छ** उपन्यास सम्बन्धी अप्रकाशित लेख ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. २०६३. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**. दोस्रो संस्क., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, शान्तिराज. २०२९. **दार्जिलिङ र सेरोफेरो**, दार्जिलिङ : उमेश गौतम ।

श्रेष्ठ, अविनाश. *भेटवार्ता इन्द्रबहादुर राईसँग,* **गरिमा**, (वर्ष ४, अङ्क ३, पूर्णाङ्क ३९, फागुन, २०४२), पृ. १२९-१३२ ।

श्रेष्ठ, दयाराम. २०४१. **नेपाली साहित्यको केही पृष्ठ**. दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार. २०५४. **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, ललितपुर : साझा प्रकाशन ।

सुब्बा, टी.वी. चन्द्र. २०६१. **श्री इन्द्रबहादुर राई व्यक्तित्व, कृति र कार्य**, गान्तोक (सिक्किम) : किनार प्रकाशन ।

सुब्बा, शङ्कर. २०३८. **साहित्यकार इन्द्रबहादुर राईको जीवनी व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, अभि. २०५५. **नेपाली साहित्यकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र. २०६४. **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**. दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र. २०३७. *कतिपयकोणबाट आज रमिता छ* उपन्यासको अध्ययन. **वाङ्मय**. (वर्ष १ अङ्क १), पृ. ५०-५५ ।

http : ∕∕ en : Wikipedia. org ∕ wiki ∕ Absurdism. April 20, 2011 .